
ISSN 2795-1839

# नेपाल
# Nepal

त्रैमासिक

वर्ष ५४ अङ्क ३ पूर्णाङ्क २४८ फागुन/चैत, २०८१/८२



## इतिहास विशेषांक

सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं

# नेपाल
द्वैमासिक

# Nepal
Bi-Monthly

वर्ष ५४ अङ्क ३ पूर्णाङ्क २४८ फागुन/चैत २०८१/०८२



**सम्पादक मण्डल**

प्रदीप परियार

पूर्णिमा उपाध्याय

मिनकुमार शर्मा

प्रवीण श्रेष्ठ

रमेश भण्डारी

टेक बहादुर वली

**भाषा सम्पादन**

डा. हरिदत्त पाण्डेय

**लेआउट**

खगेन्द्र कार्की

**आवरण**

प्रवीण श्रेष्ठ

**मुद्रक**

मुद्रण विभाग



**प्रकाशक**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोनः ०१-५९१९८९२

E-mail: photosuchana@gmail.com

Website: www.doib.gov.np

यस पुस्तकमा विषयसूची लेखकहरूको नामको अंग्रेजी वर्णानुक्रम बमोजिम राखिएको छ। यस प्रकाशनमा प्रकाशित लेखहरूमा समाविष्ट विचार लेखक स्वयम्‌का निजी हुन्। – सम्पादक मण्डल

# सम्पादकीय...✍

नेपालको इतिहास केवल कालक्रमिक घटनाक्रमहरूको संकलन मात्र होइन, यो राष्ट्रको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक र राजनीतिक विकासको सशक्त दस्तावेज पनि हो। हिमाल, पहाड र तराईको भौगोलिक विविधताजस्तै यहाँको जातीय, भाषिक, सांस्कृतिक तथा जीवनशैलीमा देखिने बहुलता पनि नेपालको ऐतिहासिक विकासक्रमको मूल आधार हो। यही विविधताले नेपाली समाजलाई सहिष्णुता, सहअस्तित्व र एकतामा बाँध्ने ऐतिहासिक चेतना निर्माण गरेको छ।

प्राचीन सभ्यता र सांस्कृतिक जरा भएका नगरहरू, धर्मदर्शनको अभ्यास, शासन प्रणालीको रूपान्तरण, सामाजिक आन्दोलनहरू र भाषिक तथा कलात्मक अभिव्यक्तिहरूले नेपालको इतिहासलाई गहिरो र बहुआयामिक बनाएका छन्। यस इतिहासले केवल विगतका तथ्यहरू नै नभई, वर्तमान समाज निर्माणका लागि मार्गदर्शन दिने सिद्धान्त, मूल्य र चिन्तन पनि प्रदान गर्दछ।

यिनै बहुआयामिक पक्षलाई समेट्दै, सूचना तथा प्रसारण विभागद्वारा प्रकाशित नेपाल द्वैमासिकको २४८औँ अंकमा नेपालका ऐतिहासिक पक्षहरूलाई समर्पित विशेष सामग्रीहरू समावेश गरिएको छ। यो प्रयास विशेष गरी इतिहास, संस्कृति, राजनीति र समाजका अन्तर्सम्बन्धहरूमा गहिरो चासो राख्ने प्राज्ञिक वर्ग, शोधकर्ताहरू, शिक्षक-विद्यार्थी र इतिहासप्रेमी पाठकहरूको लागि उपयोगी बन्ने विश्वास गरिएको छ।

यस विशेषाङ्कमा विविध दृष्टिकोणबाट इतिहासको पुनरावलोकन गर्ने लेख रचनाहरू उपलब्ध गराई सहयोग गर्ने त्रिभुवन विश्वविद्यालयको इतिहास विभागप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं। त्यस्तै, सामग्रीको संकलन, सम्पादन, समन्वय, भाषा परिमार्जन, लेआउट तथा मुद्रणका सबै चरणमा सक्रिय भूमिका निर्वाह गर्नुहुने सूचना तथा प्रसारण विभागका सम्पूर्ण सहकर्मीहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं। उहाँहरूको अथक परिश्रम र समर्पणबिना यो प्रकाशन सम्भव हुने थिएन।

यस प्रकाशनले नेपालप्रति बृहत् ऐतिहासिक दृष्टिकोण प्रस्तुत गर्दै, बहुल सांस्कृतिक विरासतप्रति सम्मान र संरक्षणको भावना अभिवृद्धि गर्नेछ भन्ने विश्वास छ। पाठकवर्गबाट प्राप्त हुने सुझाव र प्रतिक्रिया नै आगामी दिनमा प्रकाशनलाई अझ गुणस्तरीय र प्रासङ्गिक बनाउने प्रेरणाको स्रोत हुनेछन्।

**प्रदीप परियार**
**सम्पादक तथा महानिर्देशक**
**सूचना तथा प्रसारण विभाग**

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | संशोधनवाद र संशोधन मण्डलले चलाएको संशोधनवादी अभियान<br>डा. अच्युत अधिकारी | १ |
| २. | इतिहासको आवश्यकता र महत्त्व<br>प्रा.डा. बद्रीनारायण गौतम | १३ |
| ३. | उपत्यकाको मल्लकालीन नगर–बस्तीको वास्तुसंरचना<br>डा. बलराम कायस्थ | ३५ |
| ४. | जङ्गबहादुरको शासनकालमा भएका षडयन्त्र र हत्याका सृङ्खला<br>डा.डोलराज काफ्ले | ४७ |
| ५. | २००७ सालको सशस्त्र क्रान्तिमा महिलाहरू<br>डा. ज्योती उपाध्याय | ६३ |
| ६. | संवत् १९१४ सालको वही अंकित कागजात र श्री ५ दरवारको खर्च<br>कमल भण्डारी | ८१ |
| ७. | गोरखा राज्य स्थापनामा अर्यालको भूमिका<br>मनोजप्रसाद अर्याल | ९५ |
| ८. | शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभाव<br>रवीन्द्र रिजाल | १०३ |
| ९. | नेपाल एकीकरणको अपरिहार्यता<br>प्रा. डा. राजाराम सुवेदी | १२१ |
| १०. | नेपालमा मधेस केन्द्रित दलहरूको इतिहास<br>विसं २००७ देखि विसं २०६४ सम्म<br>डा. विजयप्रसाद मिश्र | १३५ |
| ११. | बुटवलका प्रमुख सम्पदा र त्यसका ऐतिहासिक आधारहरु<br>युबराज कंडेल | १४७ |

# संशोधनवाद र संशोधन मण्डलले चलाएको संशोधनवादी अभियान



✍ डा. अच्युत अधिकारी

**लेखसार**

जो खोज र अनुसन्धान गर्छन् वास्तवमा ती सबै संशोधनवादी हुन् । यदि इतिहास निरन्तर पुनरीक्षणबाट वा संशोधनवादबाट अगाडि नबढ्ने हो भने त एकचोटि लेखिएकै इतिहासले मात्रै सदैव काम चल्ने अवस्था आउँछ । आफैंलाई पुनरीक्षण गर्न, सुधार गर्न र ज्ञानको दायरा बढाउनको लागि संशोधनवाद आवश्यक छ । नेपालमा पनि संशोधन मण्डल नामक संस्थाका संशोधनवादीहरू नेपालको इतिहास संशोधन र लेखनमा एउटा अभियानकै रूपमा अगाडि आएको पाइएको छ । छिमेकी राष्ट्र भारतमा शिक्षा प्राप्त गरी नेपालमा फर्किएका पं. नयराज पन्तले प्राचीन भारतीय पद्धतीको पढाइप्रतिको आकर्षणका कारण संशोधन अभियानद्वारा इतिहासलेखन र अनुसन्धान गतिविधिलाई आफ्नै मौलिकपनमा अगाडि बढाए । विश्वव्यापी संशोधनवादी गतिविधिहरूबाट टाढै रहेर संशोधन अभियानले प्रशस्त ऐतिहासिक प्रमाणहरू सङ्कलन गर्ने, सङ्ग्रह गरिएका प्रमाणहरूको सत्य र तथ्यलाई वैधानिक छ कि छैन भनेर जाँच्ने कार्य गऱ्यो । यसै क्रममा सत्य र तथ्यगत इतिहासको निर्माण हुन पुग्यो जसलाई इतिहास संशोधन भनियो । नेपालका संशोधनवादी संशोधकहरूले उतार गरी ल्याएका नयाँ ऐतिहासिक तथ्य र प्रमाणहरूलाई लिपीको आधारमा व्याख्या र विश्लेषण गर्दा नयाँ घटनाहरू घट्न पुगे जसबाट नयाँ र तथ्यगत इतिहासको प्राप्ति भयो । यस क्रममा सान्दर्भिक र सजिलै प्राप्त हुन सक्ने सबुत र प्रमाणलाई समेत लुकाएर अथवा नखोजेरै हुँदै नभएको सबुत र प्रमाणलाई समेत अगाडि ल्याएको तथ्य प्राप्त भयो जसले नेपालको इतिहासलेखन प्रणालीमा नै प्रश्न चिन्ह नै खडा गरिदियो । विश्वव्यापी परिप्रेक्ष्यमा चलिआएको संशोधनवाद

---

✍ *उपप्राध्यापक, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर*

र नेपालमा संशोधन मण्डलले चलाएको संशोधनवादी अभियानको सूक्ष्म विश्लेषण यस लेखमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : संशोधनवाद, पुनर्निरीक्षणवाद, संशोधन, प्राच्यविद्या, अन्वेषण, तर्कसङ्गतीकरण, पुरातन ।

**विषय प्रवेश**

विश्वव्यापी परिवेशमा हेर्दा इतिहासकारहरूले आफ्नो दह्रो उपस्थिति देखाउन र अस्तित्व उठान गर्नका खातिर विरोधाभाषयुक्त इतिहासको पनि निर्माण गर्ने गरिएको पाइएको छ। खोजविन र अनुसन्धान गर्नेहरू सबै नै संशोधनवादीहरू हुन् । अनि, यस्तो कार्य सदैव इतिहासकारले मात्रै गर्दछन् । नेपालको परिप्रेक्ष्यमा संस्कृत विषयको पठनपाठनमा लागेका एकजना पं. नयराज पन्तले एक्कासी संशोधन मण्डल पाठशालामा संस्कृत पढ्न आएका विद्यार्थीहरूलाई आफ्नो रुचिको विषय इतिहासतिर फुर्सदको समयमा लगाई दिएर इतिहासको प्रमाणहरू सङ्कलन र पुनरीक्षण गरी प्रकाशन गर्ने तथा प्रमाणहरू सङ्ग्रह गर्ने कार्य ज्यादै अचम्मको प्रयोग बन्न पुगेको देखिन्छ। यस कार्यबाट पुरानो समयको इतिहासका प्रमाण र लिपीहरू तयार हुन पुग्यो । पुनरीक्षणबाद र संशोधनवादको विश्वव्यापी मान्यताबाट टाढै बसेर पनि यस्तो खालको गतिविधि र अभियान चल्नुलाई चाहिँ संयोग मात्रै मान्न सकिने देखिन्छ। इतिहासको खोजविन अध्ययन, व्याख्या र अनुसन्धान गर्दा अन्यले प्रकाशित गराएका ऐतिहासिक विषयवस्तुहरू माथि भिडाएर हेर्दा आनकोतान फरक परेपछि प्रमाणसहित ती कुराहरू पुरातन शैली र आक्रोशमा संशोधन मण्डलले अगाडि ल्यायो तर जुन कुरा नेपालका संशोधनवादीहरूले नेपालमा प्रश्नको रूपमा उठाए । अनि जुन जुन इतिहासहरूमा प्रमाणसहित व्याख्या र संशोधन दिए त्यसमा कोही र कसैले पनि प्रश्नचिन्ह नउठाइकन त्यसैलाई सुरुसुरु साभार गरी अगाडि बढेबाट चाहिँ नेपालमा संशोधनवादी अभियान चलाउने संशोधकहरू स्थापित हुन सकेको विषय प्राप्त हुन आएको छ। जाँगरिलो र मिहेनतपूर्वक संशोधकहरूले यथार्थको धरातलमा बसेर ऐतिहासिक तथ्य र प्रमाणहरूको जाँच गर्नु बुद्धिमानी ठहर्छ। तर्क गर्ने र आक्रोश पोख्ने कुराहरू आफ्नो ठाउँमा रहन्छन् तर असङ्गत तर्क गराई र हाइपोथेशिस चाहिँ सम्मत विषयवस्तु नहुन सक्दछन् । पुनर्परीक्षण गर्ने कुरा बहुत राम्रो हो जुन कुरा सत्यमा भएर गरिनु जरुरी हुन्छ तर राजनीतिक अथवा अरू नै उद्देश्य राखेर गरिने पुनर्परीक्षण चाहिँ महत्वपूर्ण मानिदैन र त्यसबाट आउने नतिजा समेत सहजगम्य हुँदैन । विश्वसनीय प्राज्ञिक लेखनसँग सम्बन्धित हुने संशोधनवादीहरू नै वास्तविक संशोधनवादी हुन्छन् । हाम्रो देशको इतिहास हिजो संस्मरण र वंशावलीमा प्राप्त हुन आएका थिए। कतिपय कुराहरू अन्दाज गरेर समेत लेखिएका र प्रकाशित

गरिएका थिए। यसै क्रममा धेरै कुराहरूको व्याख्या लिपी पढ्न नसकेर पनि बिग्रिएको थियो। यसबाट नेपालको इतिहासलेखनमा एक प्रकारको उल्झन प्राप्त भएको थियो जसबाट इतिहासको सिलसिलाहरू बिग्रिन पुगेको थियो  त्यस प्रकारको स्रोतमा किन हिजो गल्ती भयो होला भनेर खोज्ने कार्य संशोधन मण्डलले पहिलोचोटि नेपालमा गरेको देखिन्छ। त्यस खाले आकस्मिक घटनाहरूलाई संशोधनको पद्धतीबाट प्रमाणसहित व्याख्या गर्ने र सच्याउने जुन पद्धती संशोधन मण्डलले नेपालमा गऱ्यो त्यसले इतिहास तथ्य र प्रमाणमा आधारित भएर प्रामाणिक रूपमा मात्रै लेखिनु पर्ने प्रणाली अगाडि बढ्न पुग्यो। विश्वमा चलेको संशोधनवादी अवधारणाभित्र प्रवेश नै नगरी वा त्यसबाट प्रभावित हुँदै नभई आफ्नै विवेकद्वारा आफ्नै सिद्धान्त र प्रणाली प्रयोग गरेर मौलिक रूपमा नेपालमा संशोधन मण्डलले र त्यसका संशोधनवादीहरूले चलाएको इतिहास संशोधनवादी अभियान नै यस लेखको प्रमुख विषयवस्तु रहेको छ। प्राप्त भएका सम्पूर्ण जसो तथ्यगत स्रोतहरूमा आधारित रहेर यो लेख तयार गरिएको छ।

**ऐतिहासिक संशोधनवाद–** एकचोटि तयार भइसकेको ऐतिहासिक व्याख्यालाई पुनर्परिभाषित र पुनर्व्याख्या गर्ने कार्य नै ऐतिहासिक संशोधनवाद हो। संशोधन भनेको 'सफाइ' को अर्थात् 'सफा गर्नु' हो। खास गरी ऐतिहासिक अनुसन्धान र लेखनमा एकचोटि कुनै एक इतिहासकारले तयार गरेको इतिहासको व्याख्यालाई तत्कालीन परिवेशमा प्राप्त अन्य तथ्य र प्रमाणहरूले पुनःपरीक्षण गर्ने कला नै संशोधन हो। लेखकले यहाँ लेख्न खोजेको संशोधनवाद चाहिँ इतिहाससँग मात्र सम्बन्धित छ। वास्तवमा यो संशोधनवाद ज्यादै विवादपूर्ण र आलोचनात्मक प्रणाली हो। पहिले गरिएको ऐतिहासिक व्याख्यालाई समेत यो प्रणालीले ध्वस्त गरिदिन्छ। अनि यसले नयाँ ऐतिहासिक तथ्य, सत्य र प्रमाण तयार गर्दछ जसले इतिहासलाई ज्यादै सान्दर्भिक र पठनयोग्य तथा सत्यतायुक्त बनाई दिन्छ। जर्ज वर्नाड श ले भनेजस्तो "इतिहास सधैँ पुरानो हुन्छ" ("History is always out of date")।

ब्रिस्टोल विश्वविद्यालयका इतिहास विषयका एकजना प्रोफेसर रोनाल्ड एडमण्ड हट्टन (Ronald Edmund Hulton) ले "रिभिजनिजम इन ब्रिटेन (Revisionism in Britain) मा लेख्छन् : "केही इतिहासले चलनचल्तीको भन्दा फरक जोडबल लगाएर इतिहासकारका पेशाका सामान्य मानकलाई चुनौती दिन्छन् जसले गर्दा त्यसलाई बेवास्ता गर्न वा सामान्य कुरा भनेर त्यत्तिकै छाड्न सकिन्न। ती इतिहासलेखनमा क्रान्ति हुन्, क्रमिक विकास होइनन्। क्रान्तिका लागि दुई कुरा जिम्मेवार हुन्छन्- पहिलो पुरातात्विक सबुत प्रमाणको पत्तो लाग्नु, दोस्रो- पेशामा भर्खर लागेका इतिहासकारहरूले आफूलाई फरक देखाएर सीमित पदक प्राप्तिका

लागि प्रतिस्पर्धामा उम्दा बन्न गरेको प्रयास" ("Some histories challenge the normal standards of the historians profession with such 'Unusual Force' that they cannot go unremarked. They are revolutions in historiography, rather than revolutions two things account for these revolutions; first the discovery of archival evidence, and second, early career historians seeking to distinguish themselves in order to be competitive for a limited number of jobs" (Hutton, 1997: 377-78). रोनाल्ड एडमण्ड हट्टनले भनेजस्तै नेपालको परिप्रेक्ष्यमा त्यतिखेर संशोधन मण्डलको प्रयासमा वा सक्रियतामा भएको इतिहास संशोधन गतिविधिलाई ऐतिहासिक संशोधनवादको दृष्टिकोणबाट हेर्दा वास्तवमै नेपालको इतिहासमा संशोधन मण्डलले संशोधन गर्ने कार्यमा लाग्दा एक किसिमको क्रान्ति नै गरेको थियो। यो क्रान्ति बौद्धिक थियो अर्थात् इतिहासको क्षेत्रमा जानेर वा नजानेरै हुनपुगेका गल्तीपूर्ण लेखनहरूमा संशोधन सहित प्रमाण दिएर गरिएको सुधार वास्तवमै संशोधनवादको परिभाषाभित्र समेटिने नै देखिन्छ।

बारबारा क्रासनर (Barbara Krasner) ले न्यूयोर्कबाट प्रकाशित गरेको पुस्तक "हिस्टोरिकल रिभिजनिजम" मा ऐतिहासिक संशोधनवाद वा ऐतिहासिक पुनरीक्षणवादलाई अनुशासन भनेकी छन्। पहिले गरिएका र भएका गल्तीहरूलाई ऐतिहासिक संशोधनवाद वा पुनरीक्षणवादबाट अनुशासनमा ल्याउन सकिन्छ भन्ने निष्कर्ष क्रासनरले प्रस्तुत गरेबाट इतिहासकारहरूले यसलाई शुद्धीकरण अभियानकै रूपमा अगाडि ल्याए। यस्ता सुदृढीकरणले नयाँ अनुवाद, व्याख्या, नयाँ प्राथमिक स्रोतहरू जुन पहिले नै अस्तित्वमा रहेको र पछि पत्ता लगाइएको नयाँ नयाँ पुरातात्विक स्रोतहरूबाट हिस्टोरिकल रिभिजनिजम गर्ने गर्दछ। हिस्टोरिकल रिभिजनिजम (ऐतिहासिक संशोधनवादले) ले जहिले पनि नयाँ नयाँ प्रमाण र स्वच्छ प्रमाणको व्याख्या र पद्धतीलाई अनुशरण गर्दछ। अहिलेको समयमा सबैजसो इतिहासकार, अनुसन्धानकर्ता, विद्वान् र बौद्धिक कार्यमा संलग्न हुनेहरूका लागि "हिस्टोरिकल रिभिजनिजम" ले कैयन् विवादित विषयहरूलाई समाधान गर्ने कार्य गरेको छ।

हालको विश्वमा एक प्रकारले "रिभिजनिस्ट एप्रोच" सुरु भइसकेको छ। कतिपय समयमा अव्यवस्थित किसिमले इतिहासलाई तोरमरोड गरेर आफ्नो पक्षमा ल्याउन कैयन् विवादित घटनाहरू विश्वमा घटिरहेको समेत पाइएको छ जसको बढी प्रयोग दोस्रो विश्व युद्धमा भएको देखिएको छ। "संशोधनवाद ऐतिहासिक विद्वताको रक्तसञ्चार हो, इतिहास वर्तमान र विगत बिचको निरन्तर संवाद हो" (Revision is

the life blood of historical scholarship. History is a continuining dialogue between the present and the past" (Karsner, 2020: 41) ।

हामीले जे जति लेख्छौं ती कुराहरू बितेको समयमको प्रमाणमा आधारित भएर लेख्नु पर्दछ। यदि हामीले फरक प्रमाणहरू लिएर आयौं भने फरक मत अगाडि आउँछ तसर्थ इतिहासकारहरूले प्रमाणहरू संभव भएसम्म सङ्ग्रह गर्नु पर्दछ। विगतको वास्तविक चित्रमा बसेर इतिहासकारले इतिहास तयार गर्नु पर्दछ। विगतको सामाग्रीहरूमा गएर मात्रै इतिहासकारहरूले संशोधनवाद अन्तर्गत घटनावस्तुहरूको विवेचना र परीक्षण वा पुनःपरीक्षण गर्ने गर्दछन्। पहिले नै प्रस्तुत गरिएका ऐतिहासिक सिद्धान्तलाई विभिन्न प्रमाणहरूद्वारा र प्रामाणिक तथ्यहरूद्वारा आलोचनात्मक रूपमा परीक्षण गर्न सकिन्छ। यदि तिनीहरूले गरेको परिवर्तनहरू सर्वस्वीकार्य वा स्वीकार्य भयो भने त्यो इतिहास स्वीकारिएको इतिहास हुन्छ र यस्तो इतिहास अगाडि ल्याउनेहरूलाई रिभिजनिस्ट भनिन्छ।

संशोधन मण्डल र उसको संशोधनवादी अभियान : नेपालमा स्थापना भएको संशोधन मण्डल र त्यसले सुरु गरेको संशोधनवादी क्रियाकलाप नेपालको इतिहासलेखनको एउटा महत्वपूर्ण पाटो हो। प्रामाणिक अभिलेखहरू र शिलालेखहरू नै इतिहास निर्माण गर्न मुख्य आधारहरू हुन्। एक समयमा महत्वपूर्ण ठानेर प्रकाशित प्रमाणहरूका कारण संशोधन हुन पुग्ने विश्वव्यापी सिद्धान्त हो। यसै सिद्धान्तबाट फलित एउटा संशोधनवादी अभियान पहिलो चोटि सुरु गर्ने एउटा संस्था हो। संशोधन मण्डल अनि त्यसले पहिलो पटक सुरु गरेको इतिहास संशोधनको परिपाटी नै नेपालमा गरिएको सुरुवाती संशोधनवादी क्रियाकलाप थियो। संशोधन मण्डलको स्थापनाको उद्देश्यको विवरण माग्दा स्वयं लेखकसँग संशोधन मण्डलका एक संशोधक प्रा. दिनेशराज पन्तले दिनु भएको अन्तरवार्ता अनुसार "हाम्रो प्राचीन विद्यामा पछिल्लो कालमा आएका कमिकमजोरीहरूलाई हटाउने र प्राचीन विद्याको उन्नती गरेर दुनियाँको जीवनपद्धती चलाउनु सजिलो गर्ने भन्ने मुख्य लक्ष्य हो। यसैले संस्कृत विद्याका विभिन्न फाँटमा यसले काम गरेको छ। उदाहरणका रूपमा नेपालको इतिहास मात्र नभई नेपाली भाषा, संस्कृत भाषा, पञ्चाङ्ग, गणित, ज्योतिष आदिमा पनि यसले काम गरेको छ। नेपालीहरू र यतातिरका वासिन्दाहरू राम्रो चिकित्सा पाएर बाँचुन् भनी आयुर्वेदतिर पनि यसले काम गर्ने वा गराउने पद्धतीमा जोड दिएको पाइन्छ। यसो भए तापनि संशोधन मण्डलको शुद्ध रजिस्टर्ड नाम चाहिँ "संशोधन मण्डल" नै हो। संशोधन भन्दा धेरै मानिसलाई अरूको खण्डन गर्ने, अरूले बिगारेको कुरालाई सच्याउने भन्ने पर्छ। त्यो त्यसको एउटा पाटो मात्रै हो र कत्तिले संशोधन मण्डलको अङ्ग्रेजीमा अनुवाद गर्दा "Critic Circle" भनेर

पनि अनुवाद गरेका छन् तर हाम्रो संस्कृतको संशोधन भनेको अनुसन्धान हो। अङ्ग्रेजीमा भन्दा 'Research' हो। भारतको पुनामा मराठी वा अरू भाषामा 'वैदिक संशोधन मण्डल' र अङ्ग्रेजीमा 'वैदिक रिसर्च सेन्टर' भन्ने संस्था पनि कार्यरत छ। त्यसले संशोधन मण्डलको मूल लक्ष्य भनेको शुद्ध इतिहास तयार पारेर प्रकाश गर्ने नै हो। त्यसैको सामग्री सङ्कलन गर्दा भएको दोष परिमार्जनको क्रममा अरूको खण्डन पनि पर्न गएको हो (२०७४/०८/०७/०१ गते दिनेशराज पन्तसँग वहाँकै निवास धुम्वाराहीमा लिइएको अन्तर्वार्ताबाट)।

शिक्षामा रहेको कमजोरी र इतिहासमा रहेका असङ्ख्य त्रुटीहरूलाई नेपाल अनुकूलको शिक्षा र शुद्ध एवं वैज्ञानिक इतिहासलेखन परम्पराको थालनीमा लैजाने नै संशोधन मण्डलको उद्देश्य र कारण थियो (के.सी., २०६० : २४-२७)।

संस्कृत शिक्षा, लिपी र परम्परासम्बन्धी ज्ञानका अभावमा तत्सम्बन्धी उपकरणहरूको निरीक्षण परीक्षणद्वारा शुद्ध र मौलिक इतिहासको लेखनमा समस्या नआओस् भन्नाका खातिर सोही उद्देश्यले संशोधन मण्डल अभियान अगाडि ल्याएको देखिन्छ। देशको सम्पूर्ण इतिहास प्रामाणिक होउन् र विद्यार्थीहरूले पनि सोही अनुरूपको इतिहास लेखपढ गरुन् भन्ने विशिष्ट उद्देश्य नै संशोधन मण्डलको रहेको देखिन्छ। इतिहासको सदैव शुद्धीकरण गर्नु पर्दछ भन्ने मान्यता र उद्देश्य नै संशोधन मण्डलले राखेको देखिन्छ।

संशोधन मण्डलका प्रणेता पं. नयराज पन्त हुन्। इतिहासलेखनमा शुद्धता, निष्पक्षता र वैज्ञानिकताका लागि नयाराज पन्तले समेत प्रयास गरेको देखिन्छ। नयराज पन्तको भित्री इच्छा गहन अध्ययन-अध्यापनद्वारा संस्कृत भाषामा विशेष ज्ञान गराउने रहेको थियो। यसैले प्राच्य विद्यामा विशेष अध्ययन-अनुसन्धान गर्ने र पाठशाला खोल्ने उनको विचार थियो। ई.सं. १७८४ मै कलकत्तामा "एसियाटिक सोसाइटी" भन्ने अनुसन्धान संस्था खुलेको थियो। त्यसबाट अनुसन्धानात्मक लेख, अप्रकाशित अभिलेखहरू, प्राचीन ग्रन्थहरू प्रकाशित हुन्थे। नेपालको वीर लाइब्रेरीमा रहेका पुस्तकका पाण्डुलिपी पनि त्यहाँबाट प्रकाशित भएका थिए। भारत वर्षमा लोप भइसकेका, कतै नपाइएका पुस्तकहरू पनि यहाँबाट लगेर एसियाटिक सोसाइटीबाट छापिए। बुद्धचरित र अरू बौद्ध साहित्य पनि यहीँ प्राप्त भएका थिए। अनुसन्धान संस्था खोल्नु पर्छ, अनि ग्रन्थहरू प्रकाशित गर्नुपर्छ भन्ने प्रणाली त्यतिखेर विकसित भएको नै थिएन। जनस्तरमा पनि अनुसन्धान गर्नुपर्छ भन्ने भावना आइसकेकै थिएन। आए पनि राणाकालमा यो संभव पनि थिएन। नेपालमा यस्तो कुनै कुरा नभए तापनि विदेशी विद्वान्हरू आएर नेपालको इतिहास र संस्कृतिबारे कलम चलाइरहेका थिए। नेपालमा यस्तो प्राच्यविद्यामा इतिहास

र संस्कृतिमा रुची राख्नेमा पं. हेमराज शर्मा र बाबुराम आचार्य देखा परेका थिए (नेपाल, २०६२ : ४३-४६)।

यस संशोधन अभियानका आरम्भकर्ताहरू २१ जना रहेकामा यसको विधिवत् दर्ता र नामाकरणपछि भने यसका संस्थापक सदस्यहरू चाहिँ १० जना मात्र रहे। यस संस्थाका सचिव तथा प्रबन्धक धनवज्र वज्राचार्य थिए। साँचो कुरो सबैलाई थाहा होस् र स्वार्थीहरूले फैलाएको भ्रमसमेत हटोस् भन्ने उद्देश्य राखेर अगाडि बढेको संशोधन मण्डल केही समय नबित्दै केही व्यक्तिहरूमा सीमित रह्यो तैपनि संशोधन मण्डलले "पृथ्वीनारायण शाहको दिव्य उपदेश" (भाग-५) र "इतिहास संशोधनको प्रमाण-प्रमेय" तथा "अभिलेख सङ्ग्रह" (भाग-१२) प्रकाशमा ल्यायो। संशोधन मण्डलको प्रमुख उद्देश्य इतिहासमा रही आएका भ्रान्त धारणाहरूलाई प्रमाणका आधारमा शुद्धता दिनु थियो।

संशोधन मण्डलले प्रकाशित कृतिहरूमा पाइने त्रुटिहरूको परीक्षा गर्ने कार्यको अतिरिक्त "पञ्चाङ्ग संशोधन," "व्याकरण संशोधन," "विद्यारक्षा," "सावधान-पत्र" आदिका माध्यमबाट विद्यालाई जीवन्त राख्ने प्रयास गरेको देखिन्छ। यसका सदस्यहरूको (संशोधकहरूको) इतिहासभित्रका अशुद्धि नहटाई इतिहासलेखन परम्परा अघि बढाउनुको कुनै अर्थ छैन भन्ने दृढ मान्यता थियो। यसै मान्यताको फलस्वरूप संशोधन मण्डलले संशोधन परम्परा चलाएको थियो।

पं. नयराज पन्तको शब्दचित्रमा "आफ्नो जन्मभूमि नेपालको शुद्ध इतिहास जान्न आफ्ना विद्यार्थीहरूलाई पढाउन तथा प्रकाश गर्न मलाई धेरै वर्षदेखि इच्छा लागिरहेको र यस कामका लागि इतिहासका अन्वेषण विषयका पुस्तक-पुस्तिका निकाल्ने परम्परा बसाउनु आवश्यक छ भन्ने मैले सम्झेको र सो परम्परा बसाउन अनुकूल अवस्था नपर्दा मलाई साह्रै दुःख लागिरहेको थियो (वज्राचार्य, २०१९ : ३३)।

नयराज पन्तको कागजपत्रहरूलाई परीक्षा गरी पढ्ने बानी र इतिहासको विषयलाई प्रमाणसाथ परीक्षा गरी पढ्ने इच्छाले गर्दा नै संशोधन अभियान अगाडि आएको देखिन्छ। सङ्ग्रह भइसकेका विषयहरूलाई क्रम मिलाएर राख्नु, के कति सङ्गृहीत भए भनेर हिसाब राख्नु, नयाँ नयाँ थप विषयहरूको सङ्ग्रह गर्दै जानु, सङ्ग्रह भएका पदार्थबाट काम लिनु जस्ता थुप्रै कार्यहरूमा एक्लै लाग्दा सजिलो नभई कठिन हुने कुरा पन्तले अनुभव गरे। आफूले कडा परिश्रम गरी सङ्ग्रह गरेका विषयवस्तुहरू आफ्नो जीवनमै अलपत्र हुने कुराको चिन्ता पनि उनलाई भयो (पन्त, २०६१ : १७)।

वि.सं. १९९६ देखि नै इतिहास-संशोधन प्रकाश गर्न लाग्दा नयराज पन्त असफल

भए। वि.स. २००९ देखि इतिहास-संशोधन गराउन उनी सफल भए। इतिहास-संशोधन पत्रहरू साना पुस्तिकाका रूपमा निस्केका थिए। इतिहास-संशोधन निरन्तर चल्दै आयो। यसले एक समय आन्दोलनकै रूप लिन पुग्यो (पन्त, २०७१ : ७३)।

संशोधन अभियानबाट आफ्नो दोष देख्न नसक्ने केही भलाद्मीहरू रिसाए। संशोधन मण्डलसँग वादविवाद गर्न पनि अगाडि आए। संशोधन मण्डलको संशोधन अभियानको विरोधमा धेरैजना कस्सिएर अगाडि समेत बढे तर पछि सबैले असत्य र झुटो कुरा लेखि प्रकाश गर्न नहुने तथ्यलाई बुझे, भुललाई सच्याउनु नै उचित ठहर्ने कुराप्रति सबैजना क्रमशः लाग्दै गए (संशोधकहरू, २०११ : द)।

नेपालको प्रामाणिक सम्पूर्ण इतिहास तयार नभएकाले र नेपालको इतिहासलेखनमा प्रशस्त अप्रमाणिकताहरू पाइएकाले त्यस्ता विषयहरूको यथासक्दो अन्वेषण र अध्ययन गर्न जरुरी भएकोले संशोधन मण्डल अगाडि बढ्यो। नेपालको इतिहासको घटनाक्रमहरूको वर्णन, संवत्को गणना, लिपी र अङ्कको ज्ञान, भाषा र अन्वेषण गर्ने परम्पराको कमीको कारण थुप्रै विषयहरूमा अशुद्धि रहन गएको कारण देशको प्रामाणिक सम्पूर्ण इतिहास तयार गर्न निरन्तर अन्वेषण र अध्ययन गर्ने प्रवृत्ति आवश्यक छ भनी संशोधन प्रणालीको सुरुवात पं. नयराज पन्तले गरे। अन्वेषण र अध्ययन गरी शुद्ध इतिहास लेख्ने प्रवृत्तिले प्रगति नगरेपछि वाध्य भएर सबैलाई सचेत गराउनका लागि नै उनले इतिहास-संशोधनको परपम्परा चलाउने उद्योग गरे र इतिहास संशोधन जस्तो जटिल प्रक्रियामा लागे (वज्राचार्य, २०१९ : ५६-५६)।

संशोधन मण्डल निरन्तर आफ्नो बाटोमा अगाडि बढ्ने क्रममा थुप्रै व्यवधानहरू आए। संशोधन मण्डलले यस क्रममा थुप्रै इष्टमित्र र सहपाठीहरूलाई गुमायो र अन्ततोगत्वा संशोधन मण्डलबाट नै हुर्किएका धेरैजसो संशोधकहरूले समेत यसलाई लत्याएबाट मण्डल एक पारिवारिक सङ्गठन जस्तो देखिन पुग्यो। मण्डललाई नै टेकेर धेरैले विद्वता हासिल गरे तर अन्ततः त्यस सङ्गठनलाई नै तिनले परिहास गरी परित्याग गरेको देखिन्छ।

आफ्नो देशको इतिहास आफैले तयार गर्नु पर्दछ। अनि त्यस्ता स्रोतहरू नेपालभित्रैबाट लिइनु पर्छ। विदेशीहरूले तयार गरेको स्रोत सामग्रीहरूमा जानु भनेको दास मनोवृत्तिमा जानु हो र त्यसलाई ग्रहण गर्नु भनेको आत्मस्वाभिमान गुमाउनु हो र गलत इतिहास समेत लेखिनु हो भन्ने अवधारणा संशोधन मण्डलले निर्माण गऱ्यो। तसर्थ विश्वमा चलेका सम्पूर्णजसो संशोधनवादी र पुनरीक्षणवादी सिद्धान्तबाट संशोधन मण्डल अलग्ग बसेको देखिन्छ। जर्मन समाजशास्त्री म्याक्सवेबरले समाजमा हुने तीन खालका नेतृत्वबारे चर्चा गरेको पाइन्छ। परम्पराजनित नेतृत्व जसमा नेता को बन्छ ? र त्यसको अनुयायी को को बन्छन् भन्ने कुरा प्रचलित परम्पराबाट नै निर्धारित

हुन्छ। संशोधन मण्डलमा पनि परम्परावादी सोचमा नयराज पन्त आफू नेतृत्वमा रहे अनि प्राज्ञिक नेता बने। त्यसपछि उनले धनवज्र लगायत धेरैलाई आफ्नो अस्तित्वपछि नेतृत्व थाम्न सक्ने गरी अनुयायी तय गरे, आफूपछिको हर्ताकर्ता फरक व्यक्तिहरू खोजे र सोचे तर एउटा समय त्यस्तो आयो नयराज पन्तको महानताले कामै गरेन। नयराज पन्तको प्रतिभा विलक्षण देखियो। अनि उनले बनाएको सिद्धान्त अनुरूपको कामहरू पनि केही समय चामत्कारीक र परिवर्तनकारी नै बन्यो जुन वेबरको दोस्रो किसिमको नेतृत्व अमूकपात्रको व्यक्तित्वमा निहीत रहने जादुमय गौरवसँग सम्बन्धित थियो। सबैले मानेको नेतृत्वले प्रदान गरेको वा लागू गरेको दर्शन र आदर्शलाई सबै अनुयायीहरूले अक्षरशः पालना गर्दछन्। त्यस्तो नेतृत्वले समाजमा परिवर्तन ल्याउँदछ जुन नयराज पन्तको नेतृत्वमा फलित हुन पुग्यो। तेस्रो नेतृत्व हाँक्ने व्यक्तिको पनि निश्चित सीमा हुन्छ। अनि उसको मृत्युपछि त्यो आफैं सकिन्छ भनी वेबरले बनाएको तर्कसङ्गतीकरणको सामाजिक सिद्धान्त अनुरूप नयराज पन्तले चलाएको संशोधन मण्डल अगाडि बढेको देखिन्छ। वैज्ञानिक संशोधनवादी गतिविधि र आधुनिक सिद्धान्त भन्दा बाहिर रहेर प्राचीन भारतीय शिक्षण पद्धति र परम्परागत पद्धति भित्रै रहेर संशोधन मण्डलले निरन्तर आफ्नो संशोधनवादी र पुनःपरीक्षण वा निरीक्षणवादी गतिविधि चलाएको थियो। यसलाई परम्परावादी भनिनुमा संस्कृत विषय र पूर्वीय पद्धति बोक्नुले गर्दा नै हो (अधिकारी, २०८१ : ४३-४४)।

जहिले पनि आधुनिक विचारधारा र पुरातन विचारधाराको बिचमा टकराव हुने नै गर्दछ किनकि पुरानो र नयाँ पद्धतिको बिचमा विभिन्न स्वरूपहरू रहन्छन्। इतिहासलेखन गर्ने क्रममा विकसित भएका थुप्रै आधुनिक सिद्धान्तहरू समेत इतिहासलेखनको लागि मार्गदर्शन बन्नु आजको आवश्यकता हो। परम्परागत रूपमा इतिहासलेखन गर्ने क्रमममा पाश्चात्य मुलुकमा लेखिएका हिस्टोरिकल रिभिजनिजम थ्यौरी अन्तर्गतको संशोधनवाद वा पुनःरीक्षणवाद अनुसार अञ्जानमै कार्य चाहिँ हुन पुग्यो तर आधुनिक इतिहासलेखन विधिलाई चाहिँ संशोधन मण्डलले आत्मसात गरेन। यसले गर्दा संशोधनवाद अन्तर्गतको इतिहासलेखन प्रणालीमा केही समस्याहरू प्राप्त भए। स्रोतहरूको पर्याप्त खोजविन गर्ने, सङ्कलन गर्ने र प्रशोधन गरी प्रकाशित गर्ने कार्य चाहिँ निरन्तर अगाडि बढेर गयो तर सर्वस्वीकार्यता रहे तापनि केही बाधा र अड्चनहरू खडा हुन पुगे। एउटा समय त्यस्तो आयो जसले पढेका र नपढेका अर्थात् प्रमाणपत्र लिएका र नलिएका बिचको स्पष्ट खाडल देखा पर्न गयो। प्रमाणपत्रै नपाएकाहरूले इतिहास विधामा संशोधनवादबाट थुप्रै स्रोतहरूको सङ्कलन गरेर पढेलेखेकाहरूले प्रस्तुत गरेको कमजोरीलाई सच्याएर शुद्ध र प्रमाणगत आधारहरू खडा गर्ने प्रयास गर्दा यसबाट नेपालको इतिहासलेखनमा र इतिहासलाई प्रमाणीकरण गर्ने क्रममा दुईवटा इतिहासलेखन विधिहरू अगाडि आउन पुगे, ती

थिए संशोधन मण्डलको इतिहासलेखन विधि र आधुनिक इतिहासलेखन विधि (अधिकारी, २०८१ : ३९-४०)।

संशोधन मण्डलले प्राप्त भएका प्रमाणहरूलाई गहन र विस्तृत परीक्षण गरेर मात्रै लेख्ने कार्य गऱ्यो। निरीक्षण र परीक्षणविना कुनै पनि विषयमा संशोधन मण्डलले लेख्ने अभ्यास बसालेन। सन्दर्भ र प्रमाण दिएर मात्रै लेख्ने प्रणाली अवलम्बन गऱ्यो। ऐतिहासिक हिसाबले प्राप्त हुन आएका विषयवस्तुहरूलाई प्राप्त हुन आएको मूल प्रमाणसँग दाँजेर र भिडाएर मात्रै अगाडि प्रस्तुत गऱ्यो। केवल सत्य र तथ्य कुराहरूलाई मात्रै बाहिर ल्यायो। संशोधन मण्डलको संशोधनवादी गतिविधि अन्तर्गत उसले अरूको मात्रै दोष टिप्ने कार्य मात्रै नगरी आफ्नै दोषहरूलाई समेत टिप्ने र सच्याउने गऱ्यो। संशोधन मण्डलको मूल मन्त्र नै प्रमाणद्वारा आफ्नो र अरूको तथा गुरुको समेत दोष टिप्ने र सच्याउने मात्रै रह्यो। यी सबै क्रियाकलापहरू नै संशोधन मण्डलको संशोधनवादी अभियान थिए।

अध्ययनबाट के प्राप्त हुन आयो भने संशोधन मण्डलको आत्मगत कमजोरीहरू थिए। संशोधन मण्डलवादीहरू वा संशोधकहरूले आफ्नै विषयको मात्रै बढी चर्चा गर्ने गरेको पाइयो। संशोधकहरूले अन्य इतिहासकारहरूको कुरालाई पनि लिने र त्यसलाई प्रमाणित गर्ने कार्य गरेनन्। प्राप्त भएको कमजोरीहरू यी र यस्ता छन् भनेर कहिल्यै ल्याएनन्। कुनै पनि विवादजन्य विषयमा कहिल्यै पनि अन्य इतिहासकारहरूसँग संशोधन मण्डलले सल्लाह, छलफल र चर्चा नै गरेन। संशोधन मण्डल वृत्त एउटा घेरामा मात्रै बस्यो। संशोधकहरूले निष्पक्षता र पक्षता राखेको देखिँदैन। विवादमा मात्रै जकडिएकाले संशोधन मण्डल आफ्नो संशोधनवादी अभियान बोकेर निरन्तर दौडिन सकेन। आधुनिक शिक्षा पद्धति र इतिहासलेखन पद्धतिलाई संशोधन मण्डलले समेट्न सकेन। विश्वमा चलेका मान्यता, परिपाटी तथा व्यवहारहरूलाई संशोधन मण्डलले हेर्ने र लेख्ने काम कहिल्यै गरेको पाइएन। सदैव परम्परागत प्रणालीबाट मात्रै अगाडि बढ्यो। आधुनिक र पश्चिमा विधिहरूलाई समेत उसले अपनाएन। संशोधन मण्डल आफैं कुनै पनि विधिपूर्वक अगाडि नबढेकाले यसलाई कसैले पनि पछ्याउन सकेनन्। संशोधन मण्डलले आफ्नो लेखाइ र विचारलाई प्रस्तुत गर्दा अति कटु र गालीगलौजजन्य हिसाबमा मात्रै हिँडेको देखियो, विद्वत् देखिएन। आफूले गरेका गल्तीलाई तत्कालै नस्वीकार्ने बानी संशोधन मण्डलको रहेको पाइयो। संशोधन मण्डलमा अनुयायीहरूको कमी देखियो। नयराज पन्तको दर्शनलाई बुझ्न सक्ने खाले चेलाहरू र संशोधकहरूको समेत कमी देखियो। संशोधन मण्डलले प्रकाशित गर्ने गरेको "पूर्णिमा" पत्रिका सबैको लागि खुल्ला रहेन। "पूर्णिमा" पत्रिका अन्ततोगत्वा एकलौटी र पारिवारिक ढङ्गको देखिन पुग्यो।

## निष्कर्ष

इतिहासमा जानेर वा अन्जानमा भए गरिएका गल्तीहरू र दोषहरूलाई कुनै एक व्यक्तिले वा संस्थाले विनास्वीकृति आफ्नै बौद्धिक क्षमताको आधारमा पढेर (प्राप्त भएका प्रकाशित इतिहासकारहरूको पुस्तक र लेखहरूलाई) त्यस सन्दर्भमा सुरुवाती अवस्थामा विदेशीहरूबाट सुरु भएको लेखन र प्रकाशन अनि प्रजातन्त्रपछि नेपालभित्र पनि सुरु गरिएको इतिहासलेखन र प्रकाशनमा हेर्दा केही गल्तीहरू छन् भन्ने लागेपछि आफ्नो संस्थामा पढ्न आएका विद्यार्थीहरूलाई तत्कालीन परिवेशमा वरिपरि छरिएर रहेका इतिहासका विभिन्न स्रोतहरू खोज्न पठाएर तिनलाई उतार गरी प्रकाशन र व्याख्या गरी हेर्दा धेरै पाठ्यसामग्रीहरूमा थुप्रै गल्तीहरू भएको कुरालाई संशोधनद्वारा प्रमाणसहित शुद्ध गर्न चलाइएको एउटा संशोधनवादी अभियान वास्तवमै नयाँ र आवश्यक प्रयोग थियो। यसमा लाग्ने व्यक्तिहरू वैधानिक र राज्य सरकारले खटाएका चाहिँ थिएनन्। यो अभियान व्यक्तिगत सत्प्रयास थियो जसको कार्य पद्धति असजिलो र पम्परागत रहन गएबाट उसले राम्रो काम गर्दागर्दै पनि यो तुरुन्तै घमण्डको कारण अवसानतिर पुग्यो। जे जति टिकाटिप्पणी र आलोचनाहरू सतहमा आए त्यसलाई मात्रै हेरेर संशोधन मण्डललाई र उसले दिएको योगदानलाई चाहिँ नकार्न र कम आँक्न चाहिँ सकिँदैन। वास्तवमै नेपालमा निजी स्तरमा संशोधन मण्डलले आफ्नै मौलिकतामा परम्परागत रूपमै भए पनि शुद्धता, सत्यता र प्रामाणिकताको लागि जुन संशोधनवादी गतिविधि चलायो साथै प्रशस्त ऐतिहासिक कच्चा पदार्थहरू समेत सङ्कलन गरेर सुरक्षित बनायो। अनि त्यसको व्याख्या, पुनर्जाँच, प्रकाशन र अन्यले प्रकाशित गरेको तथ्यमा र विषयमा रहेको अशुद्धीको पुनपरीक्षण गर्ने जस्तो साहसिक र प्राज्ञिक कार्य (जुन स्वयं सरकारी तवरबाट नै हुनु पर्ने थियो)। गऱ्यो त्यसको सबैले मुक्त कण्ठले प्रशंसा गर्न त्यस्तै खाले संशोधनवादी गतिविधि चलाएर नेपालको इतिहासलेखनलाई उत्कृष्ट बनाउन हामी सबैले सक्दो कलम चलाउनु पर्ने देखिन्छ। विश्वमा चलेको वैज्ञानिक पद्धती र प्रणालीलाई पनि पछ्याएर सत्य, तथ्य र प्रमाणमा आधारित संशोधनवादी र पुनरीक्षणवादी अभियानले नै ऐतिहासिक संशोधनवादलाई जगैदेखि बलियो बनाउन सक्दछ भन्ने निष्कर्ष यो लेखले बोकेको छ।

## सन्दर्भ सूची

अधिकारी, अच्युत (२०८१), *नेपालको इतिहासलेखन परम्परामा संशोधन मण्डल,* त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानमा प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध।

के.सी., सुरेन्द्र (२०६०), *हाम्रो अभियान जारी रहेसम्म, प्रज्ञा मनिषी नयराज पन्त,* काठमाडौँ : ज्ञानगुन साहित्य प्रतिष्ठान, पृ. २४-२७ ।

नेपाल, मेदिनीप्रसाद शर्मा (२०६२), *"प्रज्ञा मनिषी नयराज पन्त : एक अध्ययन," ज्ञानगुनका कुरा* (भाग-९१), अङ्क १६, काठमाडौँ : ज्ञानगुन प्रकाशन, पृ. ४३-४६ ।

पन्त, नयराज (२०६१), *इतिहासको खोजीमा मेरो अनुभव*, काठमाडौँ : डा. ठाकुरनाथ पन्त स्मृती गुठी ।

पन्त, महेशराज (२०७१), को हुनू त नयराज पन्त ? ललितपुर : संशोधन मण्डल ।

वज्राचार्य, धनवज्र (२०१९), *इतिहास संशोधनको प्रमाण प्रमेय, इतिहास संशोधन,* काठमाडौँ : जगदम्बा प्रकाशन ।

संशोधकहरू (२०११ क), *इतिहास संशोधकहरूको अभिनन्दन ग्रन्थ* (पहिलो भाग), काठमाडौँ : जगदम्बा प्रेस ।

Hutton, R. (1997), *Revisionism in Britain in Micheel Bentley (ed.), Companion to Modern Historiography*, London: Routledge.

Krasner, B. (2020), Historical Revisionism,  New York: Green Haven Publishing.

✦✦✦

# इतिहासको आवश्यकता र महत्त्व



✍ **प्रा.डा. बद्रीनारायण गौतम**

**शोधसार**

मानव सभ्यता-समाज विकास रूपान्तरणको अध्ययन गर्ने विषय वा शास्त्र प्रमाणित भएको इतिहासले समाजका मूल्य मान्यता, आदर्श संस्कृति, परम्परा पहिचान आदिको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दछ । मानवीय क्रियाशीलताका सकारात्मक नकारात्मक पक्षहरूको ज्ञान दिएर वर्तमान समस्याहरूको समाधान खोज्न, राष्ट्रिय एकता निर्माण गर्न, उपयुक्त विकल्प चुनेर भविष्यका चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ । मात्र व्यक्तिको पहिचान निर्माणमा केन्द्रित नहुने इतिहास समाज, राष्ट्र र मानव मात्रको उन्नति प्रगतिका लागि मार्गदर्शन गर्ने विषय हो । इतिहास अध्ययनको आवश्यकता र महत्वमा केन्द्रित रहेको यस आलेखमा प्रस्तुत विषय सामग्रीले इतिहासको धारणा निर्माण गरेर वर्तमान समस्याहरूको निकास खोज्न, राष्ट्रिय एकता निर्माण गर्न र भावी चुनौतीहरू सामना गर्न सक्षम बनाउँछ । इतिहास बिना कुनै पनि राष्ट्र, समाज, समुदायले आफ्नो अस्तित्वको आधारभूत मर्मलाई बिर्सन सक्ने भएकोले इतिहास अध्ययन शैक्षिक विषय मात्र नभई सामूहिक र व्यक्तिगत पहिचानको आधार हो । फूलहरूमा पाइने पृथक् पृथक् सुगन्ध जस्तै विभिन्न मानव विचार सङ्ग्रहहरूमा समाविष्ट रहेको इतिहासलाई हेर्ने, ठिक बेठिक छुट्याउने र मानव मात्रको भलाइ हुने गरी ग्रहण प्रयोग गर्न आवश्यक ज्ञान दिने भएकाले महत्त्वपूर्ण शास्त्रको संज्ञा दिइएको हो ।

**शब्दकुञ्जी** : इतिहास दर्शन, सभ्यताको विकास रूपान्तरण, तुलनात्मक अध्ययन, युद्ध शान्तिका कथा ।

**परिचय**

अधिकांश लेखकहरूका धारणाका आधारमा विश्लेषण गर्दा मानव जगत्‌ले भोग्नु

✍ *प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर*

परेका समस्याहरूलाई विगतको ज्ञानको सहायताबाट कसरी समाधान गर्न सकिन्छ भन्ने ज्ञान दिने वा मार्गदर्शन गर्ने विषय नै इतिहास हो भन्न सकिन्छ। मानिसको उत्पत्तिदेखि विकाससम्मका चरणबद्ध एवं प्रक्रियागत घटनाक्रमहरूको यथार्थ विवरण प्रमाणित भएको इतिहासबाट प्राकृतिक शक्तिहरू माथिको विजय गाथा, कला, संस्कृति, सम्पदा, विज्ञान, धर्म, दर्शन, साहित्य, विकास एवं परिवर्तनका आयामहरू, समाज निर्माण रूपान्तरणका चरणहरू आदिको विश्लेषणात्मक प्रामाणिक ज्ञान प्राप्त गर्न सकिन्छ। मानव जीवनको सम्पूर्ण क्रियाकलापमाथि प्रकाश पार्ने शास्त्रको नाम पाएको इतिहासमा मानवीय कार्यहरूको पूर्ण विवरणसँगै उदय, विकास र पतनका शृङ्खलाहरू पाइन्छन् (सुमन र शर्मा, 2 July 2017)। मानिसबाट विगतमा सम्पादित क्रियाकलापहरूका सम्पूर्ण गुण दोषहरूको यथार्थ विवरण पाइने इतिहास विषयको अध्ययन विश्लेषण वर्तमान मानव जगत्कै लागि महत्वपूर्ण आवश्यकता हो। सम्पूर्ण मानवीय क्रियाकलापहरूलाई स्वतन्त्र निष्पक्ष विश्लेषण गरी क्रमबद्ध ढङ्गले प्रस्तुत गर्ने क्षमता रहेको इतिहासको थालनी वा उत्पत्ति ग्रिस वा युनानमा भएको मानिन्छ (वटरफिल्ड, सन् १९८१; श्रीवास्तव, सन् २०१५)। निर्धारित अध्ययन सकेर परीक्षा पूर्ण गरेपछि अन्वेषणको मान्यता प्राप्तिका क्रममा आयोजित छलफल, वादविवाद, अन्तर्क्रियाका क्रममा निष्कर्षका लागि जिम्मेवार विशेषज्ञद्वारा माग, अनुरोध वा प्रश्नका रूपमा इतिहास शब्दसहितको प्रश्न राखिएको थियो। योग्यता मापन गरेर परिणाम घोषणा गर्न सफल भएको उक्त युक्तिपछि शास्त्रार्थ कार्यक्रमलाई परिमाणात्मक बनाएर सफल पार्ने व्यक्तिलाई नै इतिहासकार भन्न थालिएको हो।

वर्तमान संसारमा व्यवस्थापनको इतिहास, बोटविरुवाको इतिहास, औद्योगिक इतिहास, गणितको इतिहास, भाषिक इतिहास, मानवीय इतिहास आदि शब्दको प्रयोग गरेर इतिहास विविध विधायुक्त विषय हो भन्ने स्वीकार गरिएको भए तापनि यसको थालनी पृथ्वीमा मानवको उत्पत्ति भएदेखि नै भएको हो। मानवीय विचार एवं कार्यहरूलाई सर्वप्रथम क्रमबद्ध रूप दिएर लेख्ने हेरोडोटस सर्वप्रथम इतिहास अर्थात् हिष्ट्रि शब्दको प्रयोग गर्ने व्यक्ति थिए। पर्सियन साम्राज्यको हालिकारनाकस भन्ने ठाउँमा जन्मिएका यिनले वैज्ञानिक पद्धतिको प्रयोग गरेर विश्लेषणात्मक इतिहास तयार पार्ने काम गरेका थिए। हेरोडोटसले इ.पू. ५०० मा मानिसका कार्य अर्थात् ऐतिहासिक घटनाहरूको विश्लेषणमा सर्वप्रथम वैज्ञानिक पद्धति लागु गरेर क्रमबद्ध विश्लेषण गरे। तर पनि कतिपय विश्लेषक एवं लेखकहरूले झुट्टा वा गलत कार्यका जनकको संज्ञा दिएर आलोचना गरिएका यिनलाई प्राचीन रोमन व्याख्याता वा दार्शनिक सिसेरोले इतिहासका पिताको उपाधि दिँदै वैज्ञानिक एवं

यथार्थपरक विश्लेषण केन्द्रित कार्य गर्ने व्यक्ति भएको ठहर गरेका हुन् (तुलसीराम वैद्य, अन्तर्वार्ता, २०७६ भाद्र १७)। मिश्र, अफ्रिका, एशिया माइनर लगायतमा गरेका धेरै यात्रा क्रममा प्रशस्तै ऐतिहासिक विषयवस्तुहरूको संकलन गरेका हेरोडोटसले त्यहाँको दैनिक जीवनयापनका विषयवस्तु एवं प्राचीन दुनियाका सात आश्चर्यहरूलाई आफ्ना यात्रा टिप्पणीहरूमा स्थान दिएका थिए। इशापूर्व ४९९-४७९ मा भएका फ्रान्स ग्रिस युद्ध एवं ग्रिको फारसी अर्थात् हखामनी साम्राज्य तथा युनानका नगर राज्यहरू बिच भएको युद्ध विवरण पृष्ठभूमिदेखि नै उल्लेख गरेर फारसी साम्राज्यको विकाससहितको सिलसिलेवार घटना विवरण प्रष्ट पारेर पुस्तकहरू लेखे। आफ्नो वर्णनात्मक कार्यलाई इतिहासको नाम दिएका हेरोडोटस नै घटनाहरूलाई कथाका रूपमा लेख्ने पहिलो व्यक्ति भएकाले कथात्मक इतिहासका जन्मदाता मानिएका छन्।

मानव जगत्का क्रियाकलापहरूको मन्थन गरेर कथात्मकशैलीले यथार्थ विवरण प्रस्तुत गरेका हेरोडोटस जनभावनाका विश्लेषक पनि हुन्। यायावर जीवन रोजेका यिनले मानवीय गतिशीलतालाई कर्मको आधारमा विश्लेषण गर्ने काम गरे। आफ्नो कर्मद्वारा महत्वपूर्ण प्रशिद्धि प्राप्त गरेका हेरोडोटसले युद्ध विवरणको निचोड दिने क्रममा शान्तिमा पुत्रले आफ्ना पिताको अन्तिम संस्कार गर्दछन् भने युद्धमा पिता आफ्ना पुत्रको अन्तिम संस्कार गर्न बाध्य हुन्छन्, आफ्नो कर्म र आत्मामा मनुष्यको भाग्य निहित हुन्छ, धेरै महत्त्वपूर्ण अवसरहरूमा सर्वोत्कृष्ट कर्म अनिष्टकारक वा सङ्कटपूर्ण हुन सक्दछन् आदि कालजयी सन्देशहरू दिएका छन् (तुलसीराम वैद्य, अन्तर्वार्ता, २०७६ भाद्र १७)। यस प्रकार प्राचीन सभ्यता संस्कृतिको केन्द्र मानिएको युनानमा उत्पत्ति वा प्रारम्भ भएको इतिहासको व्यापक विश्लेषण गर्ने, अर्थ लगाउने, प्रयोग गर्ने क्रममा व्यापक एवं संकीर्ण दृष्टिकोणको प्रयोग क्रम चल्दै र बढ्दै आएको पाइन्छ।

विगतका मानवीय क्रियाकलाप एवं सामाजिक सम्बन्धहरूलाई जान्ने बुझ्ने कोशिस नै इतिहास हो भन्ने धारणाका पक्षपातीहरूले मानव सभ्यताको जन्मपछि मानिसले समय वा ऋतुचक्र, अन्धकार र उज्यालोको चक्र अर्थात् दिन र रातको रूपमा मात्र हेर्न सिकेको मानेका छन्। मानव सभ्यताको उद्‌भवदेखि नै ब्रह्माण्ड थियो तर इतिहास थिएन भन्ने यो समूहले अधिकांश मानव समुदाय अर्काले सिकाएका क्रियाकलापहरूको अनुशरण गर्ने वा दोहोऱ्याउनेमै लागेको, आविष्कारका सट्टा पुनरावृत्ति नियम अनुशरण गरेको, दैवी शक्तिमा विश्वस्त भएर क्रियाशील भएकाले ऐतिहासिक समय वा घटना अर्थहिन भएको तर्क दिएर अतीत आफैमा इतिहास नभएको निचोड दिएका छन। विगतका आफू जस्तै मानिस र तिनका

क्रियाकलापहरूको अध्ययन गर्ने इतिहासकारहरूले मानिसका सामाजिक सम्बन्ध एवं क्रियाशीलताका लागि निर्मित संस्थाहरूको यथार्थ अध्ययनमा लागिपर्ने विगत इतिहास नभएको तर्कमा जोड दिएका हुन् । यस प्रकारका तर्क वितर्क हुँदै मानवीय क्रियाकलापलाई एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण गर्ने ज्ञानका रूपमा इतिहासलाई जोड्ने प्रवृत्तिसम्म पुगेपछि नयाँ किसिमले अर्थ लगाउने कार्य सुरु भयो । भारत वर्षको महाभारत, ग्रिकको इलियड र ओडिसी, रोमन कविको ऐनियड आदि महाकाव्यहरूलाई मौखिक लोककथाहरूलाई महाकाव्यको रूप दिएर लेखिएको मान्नेहरूले पौराणिक कथाहरू, मिथकहरू आदिद्वारा देवता एवं मनुष्यहरूको युद्ध वा प्रेममा सहभागिता देखाएर हाम्रो सामूहिक अचेतन मनलाई बचाइराख्दछ भनेका छन् ।

इतिहासलाई कथात्मक रूपले प्रयोग गर्ने हेरोडोटसको कार्यलाई केही परिमार्जन गरेका थ्युसिडाइडसले एथेंस र स्पार्टाका बिच भएको सङ्घर्षलाई लिपिबद्ध गरेर 'दि हिष्ट्रि अफ दि पेलोपोनिसियन वार ' नामक पुस्तक लेखेर इतिहास लेखनमा आधुनिक विधि प्रयोग गर्ने ज्ञान वा मार्ग दिए । इतिहास लेखनमा वैज्ञानिक विधि अर्थात् जागरुक गराउने, सचेत गराउने, सावधान गर्ने प्रबोधक इतिहासका जन्मदाता मानिएका यिनले देशको युद्धनीति बारे पहिलोपटक नैतिक र राजनैतिक विश्लेषण गरेका हुन् (कार्ल, सन् २०२१) । पौराणिक एवं ईश्वरीय कथा बिना आधुनिक विधिहरूको प्रयोग गरेर जानकारी जुटाएपछि सङ्घर्षका दुवै पक्षको प्रतिनिधित्व हुने गरी यथार्थपरक इतिहासको पुस्तक लेखेका यिनले स्पार्टा र एथेंस युद्धमा दुवैतर्फबाट जुटेका साक्षीहरूको बयान गराउने र व्यक्तिहरूको साक्षात्कार कार्यक्रम गरेर जानकारी बटुल्ने काम गरेका थिए । युद्धका घटनाक्रम, पक्ष प्रतिपक्षको विवरण, युद्धका लागि प्रयोग गरिएका प्रविधिदेखि समकालीन मानवीय जनजीवनको बारेमा प्रशस्तै जानकारी प्रदान गरिएका उनका कार्यबाट निष्पक्ष इतिहास लेखनको दस्तावेज तयार भएको हो जसबाट प्राचीन दुनिया बारे जान्न ठुलो सहयोग पुग्दछ ।

उल्लेखित अवधारणा हुँदै बढेको इतिहासलाई हेर्ने अर्थ्याउने प्रवृत्ति कार्यले समयक्रमसँगै परिवर्तन र विकासको मार्ग अवलम्बन गर्दै गयो । विगतका मानवीय क्रियाकलाप एवं घटनाक्रमहरूको यथार्थ विवरण प्रस्तुत गर्ने विषय इतिहास भएकोमा जोड दिनेदेखि विगतका उथलपुथलहरूमा अस्तव्यस्त भएका तथ्य एवं घटनाक्रमहरू जोड्ने प्रमाणहरूको संरक्षण प्रयोगद्वारा वस्तुनिष्ट अर्थात् यथार्थपरक हुन कोशीस गर्ने शास्त्र हो भन्ने धारणा अगाडि आयो (मजुमदार एण्ड श्रीवास्तव, १९७५) । प्रगतिको मार्ग खोज्दै र रोज्दै प्राप्तिका लागि क्रियाशील मानवीय चाहनामा आधारित शास्त्र मान्ने क्रम चलेपछि प्रगति अध्ययन खोजको विषय पनि बन्यो ।

१७औँ शताब्दीमा प्रारम्भ भएको प्रगति वा विकास १८औँ शताब्दीको अन्तसम्म पुग्दा भौतिक प्रगति, ज्ञानको प्रगति, मस्तिष्कको प्रगति एवं सामाजिक प्रगति जस्ता ४ घटकमा स्थापित भयो (पाण्डे, सन् २०१९) । विगत अध्ययन नै इतिहास हो भन्ने धारणाका पक्षपातीहरूले भविष्यमा लक्ष्यपूर्ण उपलब्धि हासिल गर्न वा प्रगति गर्नका लागि वर्तमान परिप्रेक्ष्यमा विगतको अध्ययन गरेर उचित मार्गदर्शन गर्नु पर्दछ भनेका हुन् । पुनर्जागरण कालमा पुगेपछि इतिहासलाई वंशावलीका रूपमा रहने विषय मानेर शासकहरूको सत्तालाई न्यायोचित ठहऱ्याउने पारिवारिक इतिहास, ईश्वर र सैतान एवं प्रकाश एवं अन्धकार बिचको सङ्घर्ष देखाउने शास्त्रको संज्ञा दिने काम भयो (चौवे, सन् २०१३) । इतिहास लेखनमा बुद्धि एवं विवेकको महत्वपूर्ण विषय हुने मान्यता राख्ने ग्रिकको युनानी परम्परा विपरीत इशाई इतिहास लेखनको परम्परामा धर्मलाई सर्वोपरि स्थान प्राप्त भयो ।

अन्य धर्मका लेखकहरूलाई विधर्मी मानेर तिनका कार्यलाई सैतानका कृतिको संज्ञा दिने इसाई इतिहासकारहरूले इतिहास लेखनमा पुरानो नियम (Old Testament) लाई उच्च स्थान प्रदान गरे । सजिलै जान्न बुझ्न नसकिने अर्थात् गुढ विषय प्रसङ्ग अर्थ्याउँदा धार्मिक साहित्यको सहयोग लिएका इसाई इतिहासकारहरूले पाश्चात्य इतिहास लेखनमा ऐतिहासिक दस्तावेजहरूलाई धार्मिक (पवित्र) एवं धर्म निरपेक्ष (अपवित्र) जस्ता दुई खण्डमा बाािडेर धार्मिक दस्तावेजहरूलाई विशिष्ट महत्व दिँदै दैवीय घटनाहरूलाई सर्वोपरि स्थान दिए (चतुर्वेदी, सन् २०२२) । यहुदीहरूका पवित्र ग्रन्थहरूलाई सरकारी दस्तावेजका रूपमा ग्रहण गरेको यो समूहले मानिसलाई इतिहासका माध्यमबाट नै परमसत्य प्राप्त हुने मान्यता राख्दै त्यसमा ईश्वरले आफ्नो सृष्टिका लागि आत्म प्रकाशन गर्दछ भनेका छन् ।

समयक्रमसँगै परिवर्तन हुँदै गएको दृष्टिकोण अनुसार इस्लामी इतिहास लेखनमा इस्लामी सभ्यताको राजनीतिक, सामाजिक, आर्थिक, सैन्य र सांस्कृतिक विकाससँग सम्बन्धित गराउने क्रम चल्यो । अल्लाहमा समर्पण अर्थात् आफैलाई अल्लाहमा समर्पण गरेको व्यक्तिमात्र मुसलमान हो भन्ने अर्थ लाग्ने इस्लाम एकेश्वरवादी धर्म हो । सच्चा मुसलमान हुन इस्लाम धर्मका नियम अनुसार क्रियाशील हुनै पर्ने मान्यता राख्ने इस्लाम धर्म अल्लाहलाई सर्वशक्तिमान एकमात्र ईश्वर र जगत्को पालनकर्ताका रूपमा स्वीकारेको आधारभूत सिद्धान्त अन्तर्गत हजरत मुहम्मदलाई उनको सन्देश वाहक वा पैगम्बर मान्ने नियमबद्ध छ (सिल्भास्टिन, सन् २०१०) । विगतको इस्लामिक विज्ञानसँग घनिष्ट र वस्तुगत सम्बन्धको उल्लेख गरेको इस्लामिक इतिहासमा मानिस सृष्टिको विशिष्ट रचना भएकाले उसलाई सत्मार्ग प्रदान गर्न ईश्वरले आफ्ना दूत पैगम्बरलाई पठाउँदछन् भन्ने मान्यता राख्दै समाजलाई

सर्वोपरि मानेर मुस्लिम समाजको सुरक्षा एवं सरियत (इस्लामिक कानून) अनुरूप सुचारु जीवन सञ्चालनको मार्ग प्रशस्त गर्नु नै राज्यको दायित्व मानिएको छ (जिरिन आदि, सन् २०१३; चतुर्वेदी, सन् २०२२)। स्वर्ग एवं नर्कको परिकल्पनाको प्रचलनसँगै यस लोकको कार्य सञ्चालनमा पारलौकिक जगत्को पनि ध्यान राखिने र पारलौकिक जगत्मा कल्याणको आशाले वर्तमानको इतिहासमा सहभागिता सुनिश्चित गर्दछ भन्ने अवधारणामा बढेको इस्लामिक इतिहास लेखनले परम्परामा यथासम्भव साक्षीहरूको आवरणमा बढेर यथार्थमा जोड दिएको पाइन्छ।

समयक्रमसँगै परिवर्तन हुँदै आएको दृष्टिकोण अनुरूप १९औँ शताब्दीमा पुगेपछि इतिहासलाई एक निश्चित समय अवधिमा हुने सुव्यवस्थित सामाजिक परिवर्तन, आर्थिक विकास-परिवर्तन, राजनीतिक परिवर्तन आदिको अध्ययन गर्ने विषय वा शास्त्रका रूपमा लिन थालिएको हो। ईश्वरीय विधान वा कार्यका सट्टा मानवीय गतिविधि एवं क्रियाकलापहरूलाई केन्द्रविन्दु बनाएर अर्थ्याउने क्रममा एकथरिले विज्ञानको संज्ञा दिई इतिहासलाई प्रत्यक्षवादी विषय ठहऱ्याएका छन् भने आदर्शवादसँग जोड्नेहरूले प्रमाणमा आधारित सत्यतथ्य विषय भन्दै कलाको संज्ञा दिएका छन् (जैसवाल, सन् २०१८; सिंह, सन् २०१७)। यस प्रकार प्राचीन युरोपबाट सुरुआत भएको मानिने इतिहास लेखनले नेपालमा भने २००७ सालको परिवर्तन पछिमात्र तीव्रता लिन पाएको हो। २०१७ सालको शाही कदमले अवरोध पुऱ्याएपछि स्वतन्त्र रूपले लेखने पढ्ने वातावरण बन्न नसके पनि नियन्त्रित परिस्थितिमा शासकहरूकै गुणगान शैलीबाट बढाउने काम भने भयो।

समग्रमा इतिहासको वर्णन मौखिक रूपमा हुने परिपाटी अन्तर्गत कथा, कविता, गीत मार्फत इतिहासका घटनाहरू सुनाउँदै पछिल्लो पुस्तालाई जानकारी दिने क्रमबाट सुरु भई पूर्ववर्ती घटनाहरूको सङ्ग्रहका रूपमा लेख्ने प्रवृत्ति, विश्लेषणात्मक इतिहास लेख्ने प्रवृत्ति, प्रबन्धनात्मक इतिहास लेख्ने प्रवृत्ति एवं वैज्ञानिक प्रवृत्ति जस्ता प्रवृत्ति इतिहास लेखनमा प्रयोग भइसकेका छन्। आफ्ना नागरिकहरूलाई विगतको तथ्यपरक ज्ञान दिएर वर्तमानलाई बुझेर क्रियाशील हुने र भविष्यको आँकलन गर्ने क्षमता विकास गराउने इतिहास समाज विज्ञानको महत्वपूर्ण विषय भएको स्पष्ट नै छ। आफ्नो विगत नजान्ने नबुझ्ने मानिसले आफूलाई नै चिन्न नसक्ने भएकाले जुनसुकै देशले पनि इतिहासलाई उच्च प्राथमिकता दिई विद्यालय तहदेखि नै अनिवार्य विषय बनाएर अध्ययन गराउने प्रबन्ध गर्नु पर्दछ।

मुलुकका विविध विकास रूपान्तरणका आयामहरूका लागि काम गर्नेदेखि सक्षम नागरिकको भूमिका निर्वाह गर्नेसम्मका क्षमता विकास गर्ने अनिवार्य विषय प्रमाणित भएको इतिहासको यथार्थबोध गराउन यस आलेखमा संक्षिप्त चिनारीसँगै इतिहास

अध्ययनको आवश्यकता र महत्व बारे समीक्षात्मक विश्लेषण प्रयास गरिएको छ।

**आवश्यकता र महत्व**

मानिस जाति, समाज, राष्ट्र आदिलाई जीवन्त, उन्नतिशील भइरहनका लागि नपढी नजानी नहुने भएकाले महत्वपूर्ण मानिएको इतिहास मनुष्य जगत्‌ सच्चा गुरु वा शिक्षक हो। मानव प्रकृतिका विभिन्न आयाम एवं पक्षहरूको ज्ञान दिएर यथार्थबोध गराउने इतिहासको अध्ययनबाट सभ्यताको क्रमिक विकासको ज्ञानसँगै मानव प्रवृत्तिको विकासात्मक प्रक्रिया जान्न सकिन्छ (पराजुली, २०७८; सिचेलर, सन्‌ १९२९)। सभ्यता विकासका विभिन्न चरणहरूको ज्ञान गरेर समाजले वर्तमान स्थितिमा आइपुग्न भोग्नु परेका अवस्था र स्थिति बुझेपछि मात्र वर्तमान समाजलाई जान्न सकिने भएकाले सभ्यताको ज्ञान दिने इतिहास महत्वपूर्ण विषय मानिएको हो। अतीत वा विगत सम्बन्धी ज्ञानको उत्कण्ठा वा चाहनाको फलस्वरूप उदय भएको इतिहास र थालनी भएको इतिहास चिन्तनले नै साक्षी प्रमाण, प्रत्यक्षदर्शी, दस्तावेज आदिको आलोकमा यथार्थ विगत प्रस्तुतीकरणको इच्छा जगाइदिएको हो (चौवे, सन्‌ २०१३)। मानव मात्रमा विद्यमान जिज्ञासाले गर्दा आफ्नो विगतकालप्रतिको आकर्षण बढाइदिएपछि थालेको खोजिनीतिले गर्दा विगतलाई चिहाउँदै वर्तमानसम्म पुग्ने माध्यमका रूपमा उत्पत्ति भएको इतिहासको अध्ययनबाट हामीलाई आफ्नो प्राचीनता, पहिचान, विगत, वंशलताक्रम थाहा पाउन ठूलो सहयोग पुग्दछ (नारायण, सन्‌ २०२४)। देशकाल क्रम अनुसार निरन्तर परिवर्तन हुँदै आएको इतिहासको अध्ययन बिना समाज विज्ञानको अध्ययनका लागि उचित मार्ग प्राप्त गर्न नसकिने र मानवीय परम्परागत ज्ञानको सानिध्यबाट सदैव वन्चित रहनु पर्ने हुन्छ। त्यसैले इतिहास मानव जगत्‌कै लागि अत्यन्त महत्वपूर्ण विषय हो।

सामाजिक विज्ञानको जननीको दर्जा पाएको इतिहास वर्तमान समाज, राजनीति, धर्म, सामाजिक संरचना किन र कसरी स्थापित, परिस्कृत एवं प्रचलित भएको हो भन्ने तथ्यबोध गराउने विषय वा शास्त्र हो। यसले मानिसलाई प्रशासनिक क्षेत्र, सैन्य क्षेत्र, पत्रकारिता, विकास रूपान्तरणका विषयवस्तुसँगै द्वन्द्व, शान्ति आदि समाज विज्ञानका सम्पूर्ण पक्षहरूको ज्ञान दिएर नैतिकता बढाउन मद्दत गर्दछ। मानवीय परम्पराहरू, भाषा, संस्कार, सम्पदा, सभ्यता आदिको महत्वबोध गरी संरक्षण गर्न सहयोग पुऱ्याउने इतिहासले विगतका घटनाहरूको यथार्थ जानकारी दिएर वर्तमानलाई राम्रोसँग बोध गर्न सक्षम बनाउँदै भविष्यको मार्ग निर्धारण गर्न पनि महत्वपूर्ण सहयोग पुऱ्याउँदछ। सभ्यता विकासका विभिन्न कालखण्डका सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, साहित्य, कला, विज्ञान आदि विभिन्न पक्षहरूको अध्ययन गराउने भएकाले विस्तृत ज्ञान दिने शास्त्र मानिएको इतिहास अन्तर्गत

ज्ञानका सम्पूर्ण पक्षहरू आउँदछन् (नौटियाल, सन् २०२३) । ज्ञानलाई मात्र ज्ञानको रूपमा अध्ययन नगरी मानवीय उपलब्धिका रूपमा अध्ययन गर्ने इतिहासको अर्थ, स्वरूप तथा विषयवस्तु विकासशील प्रक्रियाबाट बढ्दछ । एक जटिल, गतिशील एवं विस्तृत प्राज्ञिक अनुशासन प्रमाणित भएको यो शास्त्रमा इतिहासकार एवं तथ्यहरूका बिच निरन्तर अन्तर्क्रियासँगै सदैव ऐतिहासिक तथ्यहरूमा चिन्तन, मनन, मन्थन चलिरहेकै छ । मानव जगत्लाई चलायमान बनाइरहेका घटनाहरूको भित्री तहमा प्रवेश गरी क्रियाकलापहरूको विश्लेषण गरेर मानवीय मन, चाहना, भावना बुझ्न लेख्न सफलता प्रदान गर्ने भएकाले कहीँ न कहीँ मानवीय जिज्ञासा अर्थात् अन्तर्मनका प्रश्नहरूको उत्तर जोडिएको विषय बन्न पुगेको इतिहास नपढी नजानी नहुने विषय बनेको हो ।

ज्ञान-विज्ञान, साहित्य-शिल्प, सभ्यता-संस्कृति, विषय वा शास्त्र आदि सबैको आधार अर्थात् जग मानिएको इतिहास मानव जातिलाई सभ्यताको वर्तमान शिखरमा पुऱ्याउने विषय हो । इतिहासकै धरातलमा उभिने, टेक्ने र बढ्ने गरेका ज्ञान एवं नीतिशास्त्रहरूले हुर्कने, फैलिने क्रमसँगै मानव जातिलाई आफ्नो देश, समाज, समुदाय, विश्व मानवीय जगत्, सम्पदा, सभ्यताका आयामहरू आदिसँग जोडिएका विषयवस्तुहरूको जानकारी दिई पूर्वजहरूका कार्य अनुभव समेत रुबरु गराएर व्यक्तित्वशाली अर्थात् व्यक्तित्वपूर्ण व्यक्ति बन्ने मार्गदर्शन गर्दछ। समयको प्रवाहसँगै परिस्करणको नीतिमा बढेको मानिसलाई परिवर्तित संसारमा मानवीय अस्तित्व रहँदासम्म अझै बढी सभ्य एवं सुसंस्कृत हुन प्रेरित गरिरहेकाले इतिहास अध्ययन गर्नै पर्ने महत्वपूर्ण विषय हो (अमात्य, २०७५ पौष २९) । एक नागरिकका रूपमा जिम्मेवारी बोध गर्न सिकाउने इतिहास मानिसले मानिसलाई चिन्ने आँखिझ्याल हो । मानव जगत्को उद्भव, क्रियाशीलता, रूपान्तरण, परिवर्तनका लागि गरेका सङ्घर्ष एवं भोगेका हण्डरहरू, प्राकृतिक विपत्तिदेखि महामारीसम्मका प्रकोपहरूबाट बच्न, जोगिन र भावी पिँढीलाई जोगाउन गरेका कर्म, सङ्घर्ष एवं तिकडमहरू बोध गराउने विषय इतिहास मात्र हो ।

मानिसले कठोर सङ्घर्षबाट गुज्रदै वर्तमानसम्म आइपुग्दाका जीवनशैली, लवाइ खवाइ, बसोबास, आगो बाल्न सिकेका प्रसङ्ग एवं कथाहरू, यातायात प्रणालीका लागि काठका मुढामाथि खोला तलाउबाट थालेको यात्रा विशाल पानी जहाजबाट समुन्द्र छिचोल्ने चरणसम्म पुगेकादेखि स्थल यातायात प्रणालीमा अत्यावश्यक सिद्ध भएको पाङ्ग्राको खोज आविष्कार कहिले कसरी र कति समयमा पूरा भयो ? आदि महत्वपूर्ण तथ्यहरू बोध इतिहास बिना सम्भव हुँदैन (पराजुली, २०७८; नौटियाल, सन् २०१६) । सर्वोत्कृष्ट चेतनशील प्राणीको दर्जा पाएको मानिसले वर्तमानको

स्रोत सिद्ध हुने विगतमा चाख राखेर बढ्ने भएकाले जिज्ञासालाई खोजको मूल आधार बनाएर बढ्दछ। मानवीय जिज्ञासाहरू अर्थकारी एवं अनर्थकारी दुवै किसिमका हुने भएकाले इतिहासले विगतमा भएका कार्य अनुभवबाट ज्ञान दिई अर्थकारी जिज्ञासा अनुरूप बढ्न बाटो देखाउँछ। विकास रूपान्तरणको लामो कालखण्ड पार गरेर मानव जगत्लाई वर्तमानमा ल्याउनमा महत्त्वपूर्ण कारकको भूमिका निर्वाह गर्ने मानवीय जिज्ञासालाई उचित मार्गदर्शन गर्ने इतिहास मानवीय विगतको स्मृति दर्पण हो (श्रीवास्तव, सन् २०२१)। विगत घटनाहरूको क्रमबद्ध अध्ययन गराउनुका साथै अर्थकारी जिज्ञासा लिएर बढ्न सिकाउने इतिहास कुनै पनि सीमामा बाँध्न वा सीमित गर्न नसकिने ज्ञान शास्त्र भएकोले यसलाई महत्वपूर्ण विषयका रूपमा प्रस्ट्याउन सकिन्छ।

विगतलाई सकेसम्म पारदर्शी बनाएर प्रस्तुत गर्ने विषय मानेर गरेको अध्ययनका आधारमा विकसित मुलुकहरूले पाएका उपलब्धि वा गरेको विकासलाई पनि आलोचनात्मक वा समालोचनात्मक रूपमा हेर्दछन्। घटनाहरू मात्र नभएर घटनाहरूको लेखाजोखा गर्ने कार्य नै इतिहास भएको धारणाको पक्षमा उभिने उनीहरू इतिहासले तयार पारेको आधार वा जगमा उभिएर वर्तमानको निर्माण र भविष्यको योजना तयार पार्ने गर्नाले त्यस्तो योजना पूर्ण रूपले सफलताको केन्द्रमा पुग्ने मान्दछन् (शोर्टवेल, सन् २००७)। प्राचीन कालदेखि नै मानिसका लागि उपयोगी विषयको स्थान पाएको इतिहासको प्रकृति एवं उपयोगिता (महत्व)मा समय क्रमसँगै गुणात्मक-सङ्ख्यात्मक परिवर्तन भएको छ। मूलतः गतिशील विषयको स्थान पाएको इतिहासको उपयोगितामा वृद्धि हुँदै गएको भए तापनि प्राकृतिक विज्ञानलाई झैँ गरेर मान्यता दिने र उपयोगी विषय ठान्ने प्रवृत्ति भने पाइँदैन। प्राकृतिक विज्ञानका विषयहरूको उपयोगिता व्यापक रूपमा देखिने भएकोले रोजगारदेखि अविष्कार उपलब्धिलगायतको चाहना राखेर महत्व दिने र पढ्ने विद्यार्थीहरू अत्यधिक हुने अवस्था विपरीत इतिहास पढ्ने सबै विद्यार्थीहरू इतिहासकार बन्न सक्दैनन् (नुट्टाल, सन् २०२१; नौटियाल, सन् २०२३)। प्राकृतिक विज्ञानका विद्यार्थीहरूको इन्जिनियर, डाक्टर बन्ने अवस्था प्रायः सुनिश्चित हुने तर इतिहास पढ्ने सबै इतिहासकार नबन्ने अवस्था भए तापनि प्राचीन कालदेखि नै मानिसलाई ज्ञानशील, कर्मशील, सामाजिक प्राणी बनाउने विषयको स्थान दिएर इतिहासको अध्ययन अध्यापन गर्नै पर्ने व्यवस्था गरिएको यथार्थ वैदिक साहित्य चाणक्य नीति आदिमै उल्लेख पाइन्छ। शतपथ ब्राह्मण लगायतका ग्रन्थलाई आर्य सभ्यताको प्राचीनतम ग्रन्थ वेदको एक भाग भएको किटानै गरेर जुन मानिसले दिनका दिन इतिहास पढ्ने पढाउने काम गर्दछ त्यसले देवतालाई दुध, भात र मासुभात चढाएको फल पाउँदछ भन्ने शतपथ ब्राह्मण ग्रन्थमा उल्लेखित प्रसङ्ग

प्रस्तुत गरी वैदिक कालदेखि नै इतिहासको पठनपाठन भएको स्पष्ट पारिएको छ (पन्त, २०७७ असोज ५) । त्यसैले केवल रोजगार प्राप्त गर्न र समाजमा स्थापित ओहदा उपाधि पाउनका लागि मात्र पढ्नु पर्दछ भन्ने प्रवृत्ति विपरीत इतिहास राज्य सञ्चालनदेखि लोकव्यवहारसम्मकै कार्य कुशलताको विकासमा योगदान पुऱ्याउने शिक्षा प्रधान विषय हो भन्ने धेरै इतिहासकारदेखि समाजविज्ञान विज्ञसम्मले नै स्वीकार गरेका छन् । मानिसलाई मानव जगत्को यथार्थ बोध गराएर राष्ट्रको उत्थान विकासमा योगदान दिनुलाई कर्तव्य ठान्ने नागरिकमा रूपान्तरण गर्नेदेखि जीवनको सत्यतथ्य बोध गराएर समाजमुखी बन्न प्रेरणा दिने भएकाले मानव मात्रका लागि इतिहास अध्ययन अत्यावश्यक र महत्वपूर्ण मानिन्छ ।

इतिहास मानव मात्रले सामूहिक जीवनयापनमा प्रवेश गरेकै समयदेखि प्रेरणाप्रद विषयका रूपमा स्वीकार गरी अध्ययन अध्यापन गर्न थालिएको विषय हो । भारत वर्षमा राजनीति र कुटनीतिका ज्ञाताको स्थान पाएका आचार्य, दार्शनिक एवं महान सम्राट चन्द्रगुप्त मौर्यका सल्लाहकार चाणक्यले इतिहास देश र समाजलाई चिन्ने आँखा भएको प्रष्ट पारेका छन् । विज्ञानमा जसरी सुनिश्चित सिद्धान्तहरूको खोजी गरी पटकपटक गरिएका प्रयोगहरूबाट प्राप्त एकै किसिमका निष्कर्षहरूका आधारमा ती सिद्धान्तहरूको पुष्टि गरिन्छ त्यसै गरी मानव मात्रलाई कर्मशील मानवमा परिणत गरी विगतबाट पाठ सिकेर मानव कल्याणमा अग्रसर हुन सिकाउने शास्त्र इतिहासलाई विज्ञान नै मानेका चाणक्यले इतिहासको ज्ञानबाट मानिसले सर्वज्ञ विगत, वर्तमान र भविष्यको विश्लेषण गर्ने क्षमता प्राप्त गर्नेभनी पष्ट्याएका छन् (शर्मा, सन् २०१३) । आफ्ना महत्वपूर्ण कृति अर्थशास्त्र, नीतिशास्त्र आदिमा इतिहासलाई महत्वपूर्ण विषयको संज्ञा दिएका चाणक्यले पुराण, इतिवृत, आख्यायिका, उदाहरण, धर्मशास्त्र, अर्थशास्त्र, नीतिशास्त्र, कुटनीति आदि सर्वपक्षीय ज्ञान दिने विषय उल्लेख गरेका छन् । राज्य सञ्चालकको भूमिकाका लागि समय-नियति आदिले छानेका अर्थात् खास गरेर राजकुमारहरूलाई भविष्यमा सवल राज्य सञ्चालक बनी राष्ट्र एवं जनताका पक्षमा काम गर्ने क्षमता विकास गर्न इतिहासको अध्ययन ज्यादै उपयोगी हुने मान्यता अनुरूप यसको शिक्षा अनिवार्य गरिएको थियो । राज्य सञ्चालकदेखि कुटनैतिक भूमिकामा लानेदेखि जानेहरूका लागि दिनको पहिलो भागमा हात्ती, घोडा, रथ चढ्न, अस्त्र शस्त्र चलाउने, मर्मत सम्भार गर्ने तालिममूलक शिक्षा दिने र दोस्रो भागमा इतिहास पढाएर कुटनैतिक क्षमतासहितको सर्वज्ञ व्यक्तित्व बनाउनु पर्दछ भनिएको प्राचीन भारतमा इतिहासलाई ज्ञान एवं कर्मप्रधान विषयको स्थान दिइएको थियो (नेपाल, २०७८ माघ २३) । इतिहासलाई फगत एक विषयका रूपमा मात्र नलिई मानिसलाई अस्तित्व बोध गराउने ज्ञानका रूपमा ग्रहण गर्नु पर्ने धारणाका पक्षपातीहरूले इतिहास चिन्तनको

सत्य नै इतिहास बोध भएकाले इतिहास बोध नगरिकन कुनै पनि ज्ञान परिपूर्ण नहुने प्रष्ट्याएका छन् (पराजुली, २०७८; सिंह, सन् २००५) । मानिसलाई समस्याहरूको पहिचान गरेर समाधान गर्न र सर्वोत्तम निर्णय लिनमा मद्दत पुऱ्याउने इतिहासले क्रमिक परिवर्तनको ज्ञान दिई आफू र अर्को बिचको भिन्नता थाहा पाउन सक्ने बनाउने भएकाले शासन प्रशासनका अधिकारीदेखि कुटनीतिज्ञसम्मलाई महत्वपूर्ण प्रमाणित भएको हो ।

विशाल ब्रह्माण्डमा इतिहाससँग सम्बन्ध नभएको कुनै पनि विषय नरहेको परिप्रेक्ष्यका आधारमा इतिहासलाई कुनै पनि सीमामा बाँध्न वा सीमित गर्न सकिँदैन । इतिहासको अध्ययनबाट मानिसमा जीवन जगत्को भलाइका लागि आवश्यक पर्ने गुढ रहस्यहरूको ज्ञान प्राप्त भई सर्वज्ञको स्थान पाउने आधार तयार हुन्छ जसबाट दुनियाको उत्पत्ति, विकासक्रम लगायतका सर्वपक्षीय जानकारी प्राप्त भई मानवीय चिन्तनलाई बलियो बनाउने, अन्य विषयहरू बारे जान्न बुझ्न सहयोग पुगी तर्क एवं प्रमाणिकता पक्ष बलियो हुने अवस्थाको विकास हुन्छ। आधुनिक राजनैतिक सामाजिक समस्याहरू जान्न बुझ्न मद्दत पुऱ्याउँदै मानिस एवं समाजको व्यवहार बुझ्न सहयोग पुऱ्याउने भएकाले इतिहास परिवर्तन प्रक्रिया विश्लेषणमा सहयोग गर्ने विषय बनेको हो (शरण, सन् २०१९) । मानिसलाई विश्लेषण, विवेचना, अनुमान गर्ने क्षमता, सीप विकसित गराउने, मानवीय अनुभव बारे बुझ्ने र दुनिया कसरी गतिशील हुन्छ आदि बारे वास्तविकतामा आधारित ज्ञान दिने भएकाले इतिहास महत्वपूर्ण विषय हो। मानवीय क्रियाकलाप, उद्भव, विकास आदि बारे यथार्थ जानकारी दिएर आफ्ना पूर्वजहरूका कार्य अनुभव बोध गराई मानिसलाई व्यक्तित्वपूर्ण बनाउन मद्दत गर्ने इतिहासले नै विवेकशील प्राणीको स्थानमा रही विचार पुऱ्याएर काम गर्ने क्षमता जगाउँदछ। आफ्नो बारेमा जान्न जरुरी छैन तर मेरो अध्ययनबाट पाठ सिकेर बढेका खण्डमा सवल सफल नागरिक बन्दछौ भन्ने तत्वबोध गराउने इतिहास मानव जगत्लाई अस्तित्व बोध गराउने विषय हो (घोष, सन् २०१९) । विगतका घटनाक्रमहरूको अध्ययनबाट व्यक्तित्व विकास गर्ने क्रममा विगतमा भए गरेका गल्तीहरूबाट पाठ सिकेर वर्तमान स्थितिमा उत्पन्न परिस्थितिमा गर्नु पर्ने व्यवहार निक्यौल गर्न र भविष्यमा के कस्ता गल्तीहरू गर्नु हुँदैन भन्ने ज्ञान प्रदान गर्ने विषय इतिहास मात्र हो ।

यो ब्रह्माण्डमा आजसम्म भइसकेका वा भइरहेका सबै विषयवस्तुहरूलाई समेटेको वा सबैको प्रतिनिधित्व गर्ने भएकाले इतिहासलाई विज्ञान एवं कला दुवै मानिन्छ। व्यक्ति, समाज, समुदाय, साहित्य, विज्ञान, परम्परादेखि वस्तुहरू सबैको आफ्नो इतिहास हुन्छ भन्ने तत्व बोध गरिएपछि इतिहासलाई राजारानी, दरबार, भारदार,

प्रशासक, व्यक्ति विशेष हुँदै युद्ध-शान्तिका कथा घटनाक्रमसम्म सीमित नरही मानवीय सभ्यता, समाज, संस्कृतिका हरेक पक्षहरूको अध्ययन विश्लेषण गर्ने विषयका रूपमा लिन थालिएको हो (श्रीवास्तव, सन् २०२१)। कतिपय अवस्थामा इतिहासलाई विगतको स्मृतिका रूपमा लिएर समसामयिक अभिरुचि एवं आवश्यकताहरूका अनुसार विगतका घटनाहरूको अन्वेषण विश्लेषण गर्न सकिने विषयका रूपमा अर्थ्याइएको छ। जब कुनै पनि व्यक्तिले वैज्ञानिक अध्ययनका माध्यमबाट विगतको स्मृतिलाई संयोजन, व्यवस्थित एवं लिपिबद्ध गर्दछ तब मात्र इतिहासले जन्म लिन्छ भन्ने एक लेखकले अतीतलाई पुनः रचना गर्ने विषय भनेका छन् (सांकृत्यायन, सन् १९५६)। मानवीय प्रवृत्तिको समग्र स्वरूप नै विगतको स्मृति भएकाले इतिहासलाई मानव प्रवृत्तिका विभिन्न आयाम एवं शृङ्खलाहरूको पक्षगत ज्ञान दिई सभ्यताको क्रमिक विकास जान्न बुझ्न सिकाउने शास्त्रका रूपमा लिनु पर्दछ।

समाजलाई भविष्यमा उचित गतिशीलताको मार्ग चयनका लागि मार्गदर्शन गर्ने सच्चा शिक्षकको स्थान दिइएको इतिहास कुनै पनि देश, समाज र जातिलाई गतिशील, उन्नतिशील र सजीव रहिरहनका लागि अध्ययन अध्यापन गर्नै पर्ने विषय हो। आत्म ज्ञानको महत्त्वपूर्ण साधन प्रमाणित भएको इतिहासले मानिसलाई आफूले के गरेको थिएँ भन्ने यथार्थ बोध गरी त्यसकै माध्यमबाट मानव जातिको विगत पत्ता लगाउँदै ऐतिहासिक घटनाहरूको कारण जानेर यथार्थ मूल्याङ्कन गर्ने क्षमताको विकास गराउँदछ (माथुर एवं त्रिपाठी, सन् २०१७)। सत्य एवं मौलिकतामा क्षयीकरण नभएको मानवीय अनुभवहरूको विवरण समेटिएको इतिहासमा इतिहासकारहरूको व्यक्ति निष्ठा हावी हुनु हुँदैन। मानव सभ्यताका विभिन्न कालखण्डमा घटेका र समाजमा स्थायित्व पाउने कुनै चिह्न छाड्न नसकेका अनेकौँ विचार, घटना, व्यक्ति, कार्य आदिको तथ्य पत्ता लगाएर भाबी पिँढीलाई थाहा दिने साधन इतिहास मात्र हो। एक विषयका रूपमा मात्र सीमित गर्न नसकिने इतिहास शताब्दीयौँदेखि एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै आएको हाम्रो अमूल्य धरोहर, परम्परा एवं संस्कृति पनि हो (राजाराम सुवेदी, अन्तर्वार्ता, २०८० चैत्र २४)। मानवीय सभ्यताको महत्वपूर्ण विकासक्रमसँग जोडिएका लिखित अलिखित ज्ञान अनुभवहरू सत्यतापूर्ण अवस्थामा सुरक्षित राख्दै हस्तान्तरण गर्नका लागि हरेक मानिसले इतिहास पढ्नु र बुझ्नु पर्दछ। आफ्नो गौरवशाली सभ्यता, संस्कृति, परम्परा, क्रियाशीलता आदिको रक्षा एवं सम्मानको जिम्मेवारी पूरा गर्न इतिहासको ज्ञान बिना सम्भव नै हुँदैन। इतिहासको अध्ययन एवं मनन बिना मानिस आफूले आफैलाई राम्रोसँग जान्न बुझ्न पनि नसक्ने भएकाले यो एक अत्यन्त महत्वपूर्ण विषय हो।

मानव मात्रलाई वर्तमान एवं भूतकालबारे जान्न, बुझ्न र विश्लेषण गर्न मद्दत पुऱ्याउने, अन्य विषयहरूलाई बुझ्न सहयोग गर्ने, आधुनिक राजनीतिक सामाजिक समस्याहरू बारे जानकार हुन सघाउने विषय भएकाले राजनेता, योजनाविद्, कुटनीतिज्ञ, सुरक्षाविद् लगायतले इतिहासको अध्ययन गर्नु अत्यावश्यक छ। आफ्नो देशको सर्वपक्षीय ज्ञान अर्थात् सामाजिक, भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक अवस्था स्थिति र प्रवृत्तिसँगै उतारचढाव, आवश्यकता, स्रोत साधन आदि बारे जानकारी हासिल गर्न नसकेको व्यक्तिलाई देशप्रतिको लगाव, माया हुन नसक्ने भएकाले आवश्यकता बुझेर प्राथमिकता निर्धारण गर्ने र उचित प्रतिनिधित्वपूर्ण भूमिका निर्वाह गर्ने कार्यमा सफलता प्राप्त हुँदैन। मानव जगत्को गौरवशाली सर्वोत्कृष्ट संस्कृति-परम्पराप्रति स्वाभिमान जगाएर मुलुकको विगतदेखिका क्रमिक घटना एवं परिवर्तनको वास्तविक अवस्थाका बारेमा बोध गराई यथार्थमा आधारित भएर काम गर्न मार्गदर्शन गर्ने काम इतिहासले गर्ने भएकाले राजनेता एवं राष्ट्र सेवकसम्मले नपढी हुँदैन (खुराना र वंशल, सन् २०२०)। आफ्नो देशको इतिहास, सभ्यता, संस्कृति, जनजीवन, स्रोत साधन आदिको ज्ञान नभएको, अध्ययन अनुभव नगरेको र समाजको विकासक्रमलगायत नबुझेको मानिसमा देशको सार्वभौमिकता एवं राष्ट्रियताप्रति संवेदनशीलताको अभाव हुन्छ।

इतिहासको अर्थ-महत्व बुझेर संवेदनशीलता-मर्म बारे तत्वबोध गर्न नसक्ने मानिस जतिसुकै ठूला ओहदा, पद एवं नीति निर्माण तहमा पुगे तापनि उसका निर्णय, कार्य र तयार पारेका योजना-नीति बदलिँदो परिस्थिति अनुकूल नहुने हुन्छन्। कुनै पनि देशको विकास रूपान्तरणका लागि त्यहाँका स्रोत साधन, हावापानी, आवश्यकता, सम्भाव्यता बुझेर बनाएका योजनाहरूले मात्र आशा जगाउन सक्दछन्। देश समाजका रैथाने स्रोत साधनको संरक्षण, रैथाने सीप प्रविधिको संरक्षण, परिमार्जन, स्तरीकरण, बजारीकरण नगर्दासम्म दिगो विकास योजनाले मूर्त रूप लिन सक्दैन। मुलुकले विगतमा लिएको नीति र त्यसका परिणामहरू, विगतदेखिका विकास गति र चरणगत ज्ञान रैथाने कृषिदेखि संस्कृति, परम्परा र सीपहरू आदि बारे यथार्थ जानकारी हासिल नगरेको मानिसले मुलुकको धरातलीय यथार्थ आवश्यकताको मर्म बुझ्न नसक्ने भएकाले प्राप्त जिम्मेवारीप्रति न्याय गर्नै सक्दैन।

इतिहास मानव मात्रलाई आफ्नो गौरवशाली, श्रेष्ठ संस्कृति एवं परम्पराप्रति स्वाभिमानको जागरण गराउने विषय हो। इतिहासको अध्ययनबाट मानिसले आफ्नो विकासक्रम, जीवन यात्राको ज्ञानसँगै विश्व संस्कृति परम्पराको जानकारी हासिल गरी आफ्नो देश समाजको संस्कृति, परम्परासँग तुलना गर्ने सही दृष्टि एवं आलोक प्राप्त गर्दछ (त्रिरत्न मानन्धर, अन्तर्वार्ता, २०८० चैत्र २०)। व्यष्टि र समष्टिका

लागि समान रूपले इतिहास बोध आवश्यक पर्ने यथार्थ स्थितिमा मानिसलाई आफ्नो अस्मिता प्रतिष्ठित गर्ने तथ्यहरू पत्ता लगाउन इतिहासको ज्ञान नभइहुँदैन (पांचाल, सन् १९९७) । आफ्नो समाज, समुदाय, सभ्यता, परम्परा, सामाजिक मूल्य मान्यता आदर्शहरू, परम्परागत संस्कृतिका आयामहरू आदिलाई अन्त: स्करणमा राखेर र अनुभव अवलोकन गरेर हुर्किएको मानिसलाई समय प्रवाहले जता कता पुऱ्याए पनि ती सबैलाई बिर्सेर बाँच्न सक्दैन । अन्त: स्करणमा सुसुप्त अवस्थामा रहेका जीवन भोगाइका अनुभवजन्य ज्ञानहरूले मानिसलाई आफ्नो इतिहास संस्कृति सभ्यताबाट टाढा पुगे तापनि झस्काइरहने र झक्झकाइरहने गर्दछन् ।

अतीत एवं वर्तमान बिच निरन्तरता कायम राखी राख्ने प्रभावकारी माध्यम बन्ने क्षमता भएको इतिहासले मानिसलाई आफ्नो विगत वा अतीतमा पुगेर तत्वबोध गरी आजको अवस्था वा वर्तमान कसरी भयो भन्ने तत्वबोध गर्न मद्दत गर्दछ (सिंह, सन् २००५) । उदाहरणका लागि नेपालको पहाडी क्षेत्रमा हुर्किएको र यहाँका रैथाने कृषि परम्परा एवं जनजीवनको अनुभवजन्य ज्ञान हासिल गरेको मानिसले संसारको जुन कुनै कुनामा पुगेको भए तापनि पानीघट्टबाट गरेको पिसानी कार्य, पाखुरीको बलमा पाखा पखेरा हरियाली पारेर उब्जाएका खाद्यान्नहरूको स्वाद, नेपाली गेडागुडी, पिडालु, तामाको स्वाद, नेपाली पाखा पखेरामा यत्रतत्र फल्ने सानो गोलभेडाको स्वाद, नेपाली श्रमजीवि चुँदाराहरूले हातले तयार पारेको गिठेदारका ठेका ठेकीहरूमा सँगालेर बनाएको गोरस, घिउ, दहिको स्वाद, आफ्ना बारीमा फलेका अँगालाभरिको काँक्रो टिपेर काटेपछि - बिऊ सहितको काँक्राको पानी घरको भित्तामा छ्यापेर बिऊ संरक्षण गरेपछि खाँदाको स्वर्णिम आनन्द आदि संसारका जुन मुलुकमा बसेको भए पनि बिर्सनै सक्दैन। त्यस बाहेक सांस्कृतिक अनेकता भित्रको सामाजिक एकतामा बाँधिएको नेपाली समाजको अतिथि देवो भवः संस्कारमा हुर्किएका नेपालीहरूले त्यसको मिठास-आनन्द कहिल्यै छाड्न सक्दैनन् । त्यस्तो श्रेष्ठ संस्कृति एवं परम्परागत ज्ञानयुक्त आत्मनिर्भर समाजका विशेषताहरू सहितको इतिहासलाई बङ्ग्याउने-खुम्च्याउने र विद्यालय महाविद्यालयहरूका पाठ्यक्रमबाट हटाउने कार्य जुनसुकै तह एवं क्षेत्रबाट गरिएकाले नै देश आजको भयावह अवस्थामा पुगेको हो । इतिहासको महत्वबोध गर्नुका सट्टा नेपाली समाजलाई छिन्न भिन्न पार्न चाहनेहरूको प्रभावमा परेर शिक्षा नीति बनाउँदै कारिन्दा तयार पार्ने शैलीको शिक्षालाई प्राथमिकता दिने र नेपाली समाजका बहुआयामिक रैथाने ज्ञान सीप सहितको इतिहास पाठ्यक्रमबाट हटाउने कार्य गरिएकाले नै हिजोको आत्मनिर्भर, समुन्नत सबल मुलुक आज परनिर्भर, कमजोर एवं युवा विहिन देशमा परिणत भई विदेशबाट खाद्यान्न आयात नगरी खान नपाउने अवस्थामा पुगेको हो । मुलुकको स्वाभिमानी विगतका यस्तै प्रकारका

यथार्थ बोध गराउने भएकाले इतिहास अत्यावश्यक र महत्वपूर्ण विषय हो ।

इतिहासलाई केवल शासक तथा योद्धाहरूका लागि काम लाग्ने विषय हो भन्ने अरबीहरूले मानिसहरूका लागि कविता र पसले, दोकानदार एवं व्यापारिहरूका लागि अङ्क गणित हो भन्ने जुन मान्यता स्थापित गर्न खोजेका थिए त्यसलाई अस्वीकार गरेर पूर्वीयहरूले इतिहासमा प्रत्यक्ष-अप्रत्यक्ष रूपले मानिसलाई प्रभाव पार्ने सबै कुरा वा विषयको चित्रण गरिने स्पष्ट गरे (जैसवाल, सन् २०१८)। अतीतको गर्भमा पुरिएको वा लुप्त भएको विषयवस्तु बाहिर निकाल्ने अरुचिपूर्ण एवं अनावश्यक विषयका रूपमा लिइने प्रवृत्ति व्यापक भएको अवस्थामा आएको पूर्वीय धारणाले विविध पक्षहरू समेटेर व्यापक क्षेत्र ओगटेको विषय मानिन थालेको इतिहास राष्ट्र, समाज, नागरिकको धरोहर मानिने क्रम बढ्यो। राष्ट्र एवं नागरिकले गरेका दुरगामी कार्य शृङ्खलादेखि परम्परागत सभ्यताको धरोहर मानिएको इतिहासमा पुर्ख्यौली ज्ञान, इमान, सीप, इलम, वीरगाथा समेटिएको हुन्छ। उदाहरणका लागि नेपालका थारू जातिमा विद्यमान कृषि उत्पादन सम्बन्धी विशेष ज्ञान सीपसँगै शिकारमा शोख राखेर काम गर्ने उत्कृष्टकला जस्तै सेर्पा, थकाली, गुरुङ, मगर जस्ता समुदायहरूमा तालिम प्राप्त वैद्यमा समेत नपाइने जडिबुटीजन्य औषधी निर्माण गर्ने कला रहेको तथ्यलाई लिन सकिन्छ। विगत एवं वर्तमान बिचको अनवरत परिसंवाद भन्न सकिने इतिहासमा मानवीय मस्तिष्कको भूमिका निर्णायक हुने भएकाले नागरिकहरूमा रहेका रैथाने ज्ञान, सीप, कला आदिलाई राष्ट्रले उजागर एवं संरक्षण गर्ने नीति बनाएर लोकसीप ज्ञानमा आधारित पाठ्यक्रम बनाएर पठनपाठन गर्ने प्रबन्ध गर्नु पर्दछ (चौवे, सन् २०१३) । राज्यले हेलचेक्र्याइँ गरेर इतिहासलाई बेवास्ता गर्ने सामुदायिक ज्ञानका विषयलाई नजर अन्दाज गर्ने प्रवृत्ति देखाएमा त्यस्ता अमूल्य ज्ञान सीप मर्दै हराउँदै लोप हुन पुग्दछन्। सभ्यता एवं समुदायमा लुकेका यस्ता परम्परागत रैथाने ज्ञान सीपको महत्व बोध हुने गरी जानकारी दिने भएकाले इतिहास व्यापक क्षेत्र ओगटेको महत्वपूर्ण विषय हो ।

निश्चित रूपमा यस्तो भएको थियो भनी किटानै गरेर प्रमाणित गर्न सकिने विवरण प्रमाणित भएको इतिहास निर्णयात्मक रूपमा प्रमाणित गर्न सकिने अतीतका वृतान्तहरू पनि हुन्। यसले परिवर्तनशील विश्वमा मानिसले गरेका सङ्घर्ष, प्रगति, विनास, सुधार आदि उतार चढावहरूको अन्वेषणात्मक एवं विश्लेषणात्मक अध्ययन गर्ने भएकाले मानव सभ्यतासँग क्षेत्र जोडिएको छ (त्रिरत्न मानन्धर, अन्तर्वार्ता, २०८० चैत्र २०) मानिसलाई नैतिकताको जानकारी हासिल गर्ने क्षमताको विकाससँगै मानवीय व्यवहारमा आएका परिवर्तन बोध गरी विश्लेषण गर्ने र प्रमाणमा आधारित तथ्यहरू पत्ता लगाउने क्षमताको विकास गर्ने इतिहासले

विगतको अवलोकनबाट वर्तमानलाई प्रकाशित गरी उज्ज्वल भविष्यका लागि दिशा निर्देश गर्दछ (स्ट्रिन्स, सन् १९९८)। युवा पिँढीलाई अतीत वर्तमानमै जीवित छ भन्ने विश्वास गराएर इतिहासको विषय नै जीवन जगत् भएको ज्ञान दिएर युद्ध, विजय, शान्ति सन्धीहरू पराजयबाट चुकाउनु परेको मूल्य, सामाजिक परिवर्तन, सांस्कृतिक विकास आदि तथ्यहरू बुझाएर सकारात्मक मार्गदर्शन गराउन इतिहासको अध्ययन जरुरी हुन्छ। मानिसलाई आफ्नो मुलुकको यथार्थ प्रतिनिधित्व गर्नेदेखि आवश्यकता र महत्व बुझेर योजना निर्माण, कार्यान्वयन, रक्षानीति निर्माणदेखि कुटनैतिक प्रतिनिधित्वसम्ममा सफल प्रस्तुतिका लागि दक्ष बनाउन आफ्नो देशको सर्वपक्षीय इतिहासको ज्ञाता बनेर अन्य मुलुकहरूको ऐतिहासिक जानकारी राखेकै हुनुपर्दछ (तुलसीराम वैद्य, अन्तर्वार्ता, २०७६ भाद्र १७)।

वर्तमान समयलाई समग्रतामा बुझेर भविष्यको उत्तम तयारी गर्ने सबैभन्दा उत्तम विधि र उपाय प्रमाणित भएको विगतको ज्ञान इतिहासबाट मात्र पाइन्छ। युद्ध, शान्ति, परिवर्तनको यथार्थ बोध गराउनेदेखि आफू क्रियाशील रहेको समाज, राष्ट्र निर्माण, विकास र रूपान्तरणको चरणबद्ध विस्तृत ज्ञान दिने भएकाले इतिहास महत्वपूर्ण विषय प्रमाणित भएको छ (वर्डाइन, सन् २०१३ अगस्ट २४)। राष्ट्र निर्माण प्रक्रिया एवं मानव सभ्यताको सर्वपक्षीय ज्ञान दिने भएकाले सबल, सक्षम, आत्मनिर्भर नागरिक बन्ने मार्ग प्रशस्त गर्ने र हरेक क्षेत्रमा गहकिलो प्रतिनिधित्व गर्न सक्ने बनाउन अत्यावश्यक हुने इतिहासको ज्ञानले मानवीय दृष्टिकोण समेत फराकिलो पार्दछ। हरेक देशको राष्ट्रिय एवं कुटनैतिक इतिहासका महत्वपूर्ण आधार प्रमाणित हुने सरकारी एवं विश्वासिला संस्थाका अभिलेखहरूको संरक्षण, सूचीकरण, अभिलेखीकरण, सम्पादन जिम्मेवार भएर गर्नका लागि इतिहासको महत्व बोध गरेको र इतिहास अध्ययन गरेकै व्यक्ति हुनुपर्दछ (अमात्य, २०७५ पौष २९)। देशको उतारचढावका गाथादेखि सभ्यता संस्कृति चिहाउने दस्तावेजसम्मको दुर्लभ सामग्री प्रमाणित हुने त्यस्ता अभिलेखहरूको महत्व बोध गरी संरक्षण सम्बर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्नेदेखि तालिकीकरण, अध्ययन, विश्लेषणद्वारा अनुसन्धानात्मक विवरण तयार पारेर राष्ट्रिय यथार्थ प्रस्ट्याउने, मुलुकलाई सबल बनाउने मार्गदर्शन गर्न पनि इतिहासको ज्ञान बिना सम्भव हुँदैन।

राजा महाराजादेखि जनसाधारणसम्मको जानकारी दिने, मानव विकासका चरणबद्ध अवस्थादेखि सभ्यता संस्कृतिको पहिचान गराउने, उन्नति-अवन्नतिका चरणहरूको बोध गराएर विकास योजना, सुधार योजना निर्माणका आधार प्रदान गर्ने इतिहास राष्ट्रिय संस्थागत क्रियाकलापको आँखिझ्याल पनि हो। इतिहासको अध्ययन प्रदान गरेको व्येक्ति हरेको पक्षहरूको अध्ययन विश्लेषण गरेर राजनैतिक सामाजिक

परिवर्तनको तथ्यबोध गर्न सक्षम हुन्छ ( जोशी, सन् २०१८ बुद्ध प्रकाश, सन् १९६२) ।

मानिसले एकपछि अर्को विचारहरू ग्रहण गर्दै छाड्दै गरेर क्रियाशील भई वर्तमानसँग जोड्ने भएकाले मानिसलाई समयसँग जोडिएको र गतिशील भएको सर्वोत्कृष्ट प्राणी मानिन्छ। इतिहासका विचार र प्रमाणहरूमा पहुँच प्राप्त गरी शिक्षाको सामान्य अङ्ग बनाउन सकेको हुँदा नै मानिसले अतीतको गुढ अध्ययन गरेर मानवीय इतिहास सभ्यता पत्ता लगाएको हो (पिनिलोप, सन् २००७)। मानवीय प्रयासको फलस्वरूप तयार पारिएका कालक्रम सम्बन्धी जानकारीको संरक्षण, परिमार्जन, विश्लेषण गर्न थालिएपछि अभिलेखहरूको महत्त्व बढ्न गयो। अभिलेखहरू पनि इतिहास निर्माण एवं आर्थिक उपार्जनका साधन बन्ने अवस्था भएकाले सुविधा, स्रोत साधन सम्पन्न मुलुकहरूले आफ्नो सबलीकरण, विकास निर्माणको सोच अनुरूप सरकारी एवं गैरसरकारी अभिलेखहरूको संरक्षण, सुरक्षा, सूचीकरण, सम्पादन, अध्ययन विश्लेषण गरी राज्य प्रशासनलाई सहयोग पुऱ्याउने काम थालिसकेका छन् ।

निरन्तरको मानवीय क्रियाशीलता मानवकै निरन्तर विकासमा परिणत हुँदै गएको वर्तमान जटिल संसारमा झगडा, द्वन्द्व, विग्रह, विनास, षड्यन्त्रका खेलहरू सदैव विकासका अवरोध वा प्रतिपक्षका रूपमा रहिरहने गरेको पाइन्छ। मानिस सदासर्वदा सकारात्मक सोच अनुरूप क्रियाशील हुँदा पनि नकारात्मक सोचको दबावमा पर्नु पर्ने स्थिति सामना गर्न बाध्य हुने भएकाले इतिहासको ज्ञानले त्यसबाट मुक्तिको मार्ग देखाउँदछ। विश्वमा भएका प्रमाणित संस्कृतिहरू चिन्ने बोध गर्ने अनुमति दिई दैनिक जीवनमा अवलम्बन गर्ने आधार प्रदान गर्ने इतिहासले बुद्धिमानीपूर्वक विचार पुऱ्याएर अवसर एवं मौका छनौटको अवसर दिई प्रगतिशील, अग्रगामी निर्णय गर्न समर्थ बनाउँछ। विश्व प्राणी जगत्, समाज बुझ्ने बलियो आधार प्रदान गर्ने इतिहास मानिसलाई नैतिकवान, सभ्य सुसंस्कृत नागरिक बन्न प्रेरणा दिने विषय हो। मानिसलाई व्यक्तित्व विकासका बहुआयामिक क्षेत्रमा पहुँच बढाउन आवश्यक क्षमता विकास गर्ने आधारहरू प्रदान गर्ने इतिहास शास्त्र, ज्ञान विज्ञान, साहित्य, शिल्प, संस्कृति, परम्परा आदिको समग्र आधार वा जग हो। आफ्नो देश समाजको बारेमा विस्तृत जानकारी नराख्ने मानिसले मुलुक बाहिर हुँदा देशको यथार्थ जानकारी दिन नसक्नेदेखि देशभित्र रहँदा, बस्दा र काम गर्दा यथार्थमा आधारित भूमिका निर्वाह गर्न नसक्नेसम्मको परिस्थिति सामना गरी लाजमर्दो स्थिति भोग्नु पर्दछ। त्यसैले आफू, आफ्नो समाज, देश हुँदै विश्व चिहाउने आँखिझ्याल प्रमाणित भएको इतिहास अत्यावश्यक र महत्त्वपूर्ण विषय हो।

## निष्कर्ष

आफ्नो अतीतप्रतिको स्वाभाविक लगावले गर्दा जान्न बुझ्न चाहने मानवीय प्रवृत्ति, क्रियाशीलताले सुरु भएको बौद्धिक विकासले जन्माएको इतिहास, पुराण जस्ता विधाहरू लामो समयसम्म एक पिँढीबाट अर्को पिँढीमा मौखिक रूपले हस्तान्तरण हुँदै गएपछि आविष्कार भएको लेखनकलाले लिपिबद्ध गराएको हो। मानव सभ्यताको आँखिझ्यालको संज्ञा पाएको इतिहासले अतीतका घटनाहरू अध्ययन विश्लेषण गरेर वर्तमानलाई बुझ्न र भविष्यका लागि मार्गदर्शन गर्न सहयोग गर्दछ। मानवीय सफलता विफलताका घटनाक्रमहरूबाट पाठ सिक्ने मौका दिने इतिहास पहिचान, परम्परा, संस्कृति जोगाउन सिकाउने मौलिकता र निरन्तरताको प्रमाण मानिन्छ। मानव मात्रलाई सचेत बन्न प्रेरित गरी राष्ट्रिय एकता आत्मसम्मान बलियो बनाउने इतिहास राष्ट्र एवं समाजका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक परिवर्तन रूपान्तरणका कारण, प्रभाव बुझ्न नभई नहुने विषय हो। केवल विगतको कथाहरूको सङ्ग्रह मात्र हो भन्नै नमिल्ने इतिहासले मानव जगत्लाई समग्र प्रगतिको बाटोमा बढ्न सिकाउनेदेखि नागरिकहरूमा राष्ट्रप्रेमको भावना जगाएर राष्ट्रिय स्रोत साधन, आवश्यकता बुझेर क्रियाशील हुन सिकाउँदछ। समग्रमा वर्तमान मानव जगत् एवं समाजलाई बुझी योगदान गर्न र जीवन सार्थक बनाउन मद्दत गर्ने विषय भएकाले इतिहास अत्यावश्यक र महत्वपूर्ण विषय हो।

## सन्दर्भ सामग्रीहरू


अमात्य, साफल्य (२०७५ पौष २९). *इतिहासको महत्व र मतलव.* नागरिक दैनिक।

*इतिहास लेखन, अवधारणाएँ, प्रविधियाँ एवं उपकरण* (मिति अनुल्लि.). दुरस्थ शिक्षा निर्देशनालय महर्षि दयानन्द विश्वविद्यालय।

कार्ल, जेसपर्स (सन् २०२१). *दि ओरिजन एण्ड गोल अफ हिष्ट्रि.* रौटलेज।

खुराना, के.एल. र वंशल, आर.के. (सन् २०२०). *इतिहास लेखन धारणाएँ तथा पद्धतियाँ.* लक्ष्मीनारायण अग्रवाल।

घोष, सुमन्त (सन् २०१९). *एन इन्ट्रोडक्सन अफ हिष्ट्रि.* इजरायल आइएसएसएन

(ओ). भो. ५. इश्यु ४. पृ. १२२-१३१ ।
चतुर्वेदी, ए.के. (सन् २०२२). *इतिहास.* एस.बि.पि.डी. पब्लिकेसन्स ।
चौवे, झारखण्ड (सन् २०१३). *इतिहास दर्शन.* विश्वविद्यालय प्रकाशन ।
जिरिन, फडिला आदि (सन् २०१३). *इस्लामिक हिष्ट्रोरिकल राइटिङ्ग : ए क्रिटिकल एनलाइसिस.* मिडिल इष्ट जर्नल अफ साइन्टिफिक रिसर्च १३(३). पृ. ३०३-३१३ ।
जैसवाल, रमा (सन् २०१८). "इतिहास अर्थ, महत्त्व एवं प्रकृति". मदनमोहन जोशी (सम्पा.). *इतिहास लेखन.* उत्तराखण्ड मुक्त विश्वविद्यालय. पृ. १-१४ ।
जोशी, मदनमोहन (सम्पा.) (सन् २०१८). *इतिहास लेखन.* उत्तराखण्ड मुक्त विश्वविद्यालय ।
ट्वेनवी, आरनोल्ड (सन् १९६१). *अ स्टडी अफ हिष्ट्रि.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।
नारायण, हृदय (सन् २०२४). *इतिहास दर्शन एक अध्ययन.* मोतिलाल बनारसीदास पब्लिकेसन ।
नुट्टाल, डि. (सन् २०२१). "ह्वाट इज दि परपोज अफ स्टडिङ्ग हिष्ट्रि ? डेभलपिङ्ग स्टुटेन्टस, प्रस्पेक्टिभ अन दि पर्पोज एण्ड भ्यालु अफ हिष्ट्रि एजुकेशन. *हिष्ट्रि एजुकेशन रिसर्च जर्नल.* १८(१). पृ. ८९-१०८ ।
नेपाल, ज्ञानमणि (२०७८ माघ २३). "यस्तो छ नेपालमा इतिहास लेखनको १५०० वर्षे यात्रा". *हिमाल खबर.* (https://www.himalkhabar.com.news) ।
नौटियाल, विकास (सन् २०१६). *इतिहास दृष्टि.* लिटरेरी सर्कल ।
पन्त, नयराज (२०७७ असोज ५). "पृथ्वीनारायण शाह बाहेक कुनै राजनीतिज्ञले पनि इतिहासमा अभिरुचि देखाएको थाहा छैन". *हिमाल खबर.* (https://www. himalkhabar.com.news) .
पराजुली, जगतप्रसाद (२०७८). *इतिहास दर्शन.* शब्दार्थ प्रकाशन ।
पाण्डे, गोविन्दचन्द (सन् २०१९). *इतिहास स्वरूप एवं सिद्धान्त.* राजस्थान हिन्दी ग्रन्थ अकादमी ।
पाण्डेय, ललितप्रसाद (सन् १९९७). *भारतीय इतिहास दर्शन.* अक्षयवट प्रकाशन ।
पांचाल, एच.सी. (सन् १९९७). *इतिहासके सिद्धान्त एवं पद्धतियाँ.* रिसर्च पब्लिकेशन एच.एस. बघेला ।

पिनिलोप, जे. कोरफिल्ड (सन् २००७). *टाइम एण्ड द सेप अफ हिष्ट्रि.* एल युनिभर्सिटी प्रेस ।

बुद्धप्रकाश (सन् १९६२). *इतिहास दर्शन.* हिन्दी समिति सूचना विभाग ।

मजुमदार, आर.के. एण्ड श्रीवास्तव, ए.एन. (सन् १९७५). *हिस्टोरियोग्राफी.* सुरजित बुक डिपो ।

माथुर, एस.के. एवं त्रिपाठी, डि.सी. (सन् २०१७). *इतिहास लेखन कि अवधारणा एवं आधुनिक विचारधाराएँ.* रिचर्स पब्लिकेसन्स ।

वटरफिल्ड, हर्वट (सन् १९८१). *दि ओरिजन्स अफ हिष्ट्रि.* वेसिक बुक्स ।

वर्डाइन, माइकल (सन् २०१३ अगस्ट २४). *दि इम्पोर्टेन्स अपन हिष्ट्रि.* सी.एम.सी. पेपर्स नं. ७. पेपर फर क्याम्ब्रिज मुस्लिम कलेज ग्राजुएसन ।

शर्मा, विश्वामित्र (सन् २०१३). "सम्पूर्ण चाणक्य नीति". *चाणक्य सूत्र और जीवनगाथा.* मनोज पक्लिकेसन्स ।

शरण, शंकर (सन् २०१९). *भारतीय इतिहास दृष्टि और मार्क्सवादी लेखन.* प्रतिश्रुती प्रकाशन ।

शास्त्री, ज्ञानप्रकाश (सन् २००३). *आचार्य दुर्ग कि निरुक्तवृत्ति.* परिमल पब्लिकेशन प्रा.लि. ।

शोर्टवेल, जेम्स टी. (सन् २००७). *एन इन्ट्रोडक्सन टु दि हिष्ट्रि अफ हिष्ट्रि.* किसिंजर पब्लिकेसन्स ।

श्रीवास्तव, वि.के. (सन् २०१५). *इतिहास लेखन : अवधारणा, विधाएँ एवं साधन.* एस.वि.पि.डी. पब्लिकेसन्स ।

श्रीवास्तव, ब्रिजेशकुमार (सन् २०२१). *इतिहास लेखन : अवधारणा, विधि एवं साधन.* एरबिपिडी पब्लिेकसन्स ।

सिल्भरस्टिन, एडम (सन् २०१०). *इस्लामिक हिष्ट्रि अ भेरी सर्ट इन्ट्रोडक्सन.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

सिचेलर, एफ.सी.एस. (सन् १९२९). *लजिक फर इयुज.* जि. वेल एन्ड सन्स ।

सिंह, परमानन्द (सन् २००५). *इतिहास दर्शन.* मोतीलाल बनारसी दास पब्लिसर्स ।

सिंह, परमानन्द (सन् २०१७). *इतिहास दर्शन.* मोतीलाल बनारसी दास ।

स्ट्रिन्स, पिटर एन. (सन् १९९८). *ह्वाट इज हिष्ट्रि.* अ पेपर फर अमेरिकन हिष्ट्रोरिकल एशोसिएसन ।

सुमन, गौरव र शर्मा, रमाकान्त (२ जुलाई २०१७). *इतिहास : अर्थ, अवधारणा,*

*महत्त्व एवं उपादेयता : एक विस्तृत अध्ययन.* राजस्थान जर्नल अफ एडभान्सेस एण्ड स्कलर्ली रिसर्च इन एलाइड एजुकेशन. १३(२). पृ. ७२३-७२८ ।

सांकृत्यायन, राहुल (सन् १९५६). *अतीत से वर्तमान.* विद्यामन्दिर प्रेस (प्राइवेट) लि. ।

✦✦✦

# उपत्यकाको मल्लकालीन नगर–बस्तीको वास्तुसंरचना



✍ डा. बलराम कायस्थ

**लेखसार**

मानव जीवनका लागि आवश्यक सबै सुविधाले युक्त उपत्यकाको मल्लकालीन नेवार वस्तीहरू व्यवस्थित मात्र छैनन् वास्तुसंरचनाका दृष्टिले सुन्दर र उत्कृष्ट समेत मानिन्छन् । बाह्य शत्रुको हमला, चोर, डाँका लुटेरालगायत हिंस्रक जंगली प्राणीहरूबाट बच्न तत्कालीन परिस्थितिमा सुरक्षा सम्वेदनशीलतालाई विशेष ध्यान दिई बसाइएकाले यी बस्तीहरू सामान्यतः एउटा उच्च भूस्थलको निश्चित् भौगोलिक घेराभित्र गुचमुच्च भइबसेका देखिन्छन् । बस्ती वरिपरी ठाउँ-ठाउँमा बनाइएका द्वारहरू बन्द गरेपछि बस्तीभित्र छिर्न असम्भव जस्तै हुने भएकाले यी बस्तीहरू प्रायः एक किसिमको सुरक्षा गढका रुपमा रहेका थिए भन्ने बुझिन्छ । त्यसमाथि संगठित उपत्यका राज्य टुक्रिएपछि मल्लराजाहरूबीच मेल नहुँदा एकआपसमा आक्रमण, प्रत्याक्रमण र आन्तरिक संघर्षहरू हुन थालेपछि मूल नगरबस्तीलाई खाइ र पर्खाल आदिले घेर्न लगाई गढबस्तीको रुप दिइयो । राजदरबार मजबुत गढका रुपमा परिणत भए । अनेक टोलबस्ती क्वाठ(किल्ला)का रुपमा देखापरे । साधारण नगरवासीका घर निर्माणमा समेत सुरक्षा व्यवस्थाले विशेष महत्व पायो, खुल्ला ठाउँमा घर बनाएर बस्नुभन्दा घरसित अर्को घर जोडेर गुचमुच्च भएर बस्ने प्रवृत्ति बढ्न गयो । सुरक्षाको प्रवन्ध व्यवस्थित हुँदै आएपछि वास्तुसंचनामा कलात्मकताले पनि विशेष स्थान पायो । उपत्यकाका मल्लकालीन पुराना बस्तीका अवशेषहरूलाई दृष्टिगत गर्दा यी भनाइहरू तथ्यसंगत देखिन्छन् ।

---

✍ *सहप्राध्यापक, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर*

**शव्दाकुञ्जिः डबली, सत्तल, तिकी झ्याः, सँझ्याः, सगः, छिंडी, क्वाठ।**

**विषय प्रवेश**

नेपाल उपत्यकाका प्रमुख नगर वा सहायक बस्तीहरूमा बस्ने मुख्य बासिन्दा नेवारहरूका आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा हुनुको साथै तिनको स्वभावगत चरित्र पनि आफ्नै किसिमको हुन्थ्यो। प्रसिद्ध फ्रेन्च विद्वान सिल्भाँ लेभीका अनुसार नेवारहरू पेरिसका मानिसहरू जस्तै धेरै मानिस भएको, धेरै तला भएका घरहरूमा, हल्लाखलासहितको साँगुरो ठाउँमा बस्न चाहन्छन्। गाउँ होस् वा शहर सबै ठाउँमा यिनीहरू गुचमुच्च भएरै रहन्थे। यिनीहरू एक्लिएर बस्नुभन्दा समाजका सबैसंग घुलमिल गरी बस्न बढी रुचाउँछन् (लेभी, २००५ः १५७-५८)। पुराना नगरबस्तीका नेवारहरू आफ्नै सजातीय समूहसंग मात्र नजिक भइबसेकाले बाहिरियासंग खुल्न सक्तैनथे। तर यिनमा सामाजिक सद्भाव र आफ्नो सभ्यता संस्कृतिप्रति भने अगाध आस्था प्रबल रुपमा रहेको हुन्थ्यो (आचार्य, २०६०ः ७५)। यसर्थ यी शहरबस्तीको निर्माणमा यहाँको आफ्नै परम्परागत मौलिक शिप, शैली र शिल्प विद्यमान रहेको पाइन्छ। सामान्यतः नेवार बस्तीमा ढुंगा छापेको बाटो, इँटा छापेको चोक, गल्ली, इँटाले नै बनेका तीन, चार तलासम्मका अग्ला घरहरू, घरहरू पनि संगै जोडेर बनाइएका हुन्थे। कुनै कुनै अपवाद बाहेक नेवार बस्तीमा एकतले घर हतपत हुँदैनथ्यो (शर्मा, २०७७ः ३०१)। यातायातको असुविधाले गर्दा वास्तु निर्माणमा स्थानीय स्रोत साधन नै अधिकत्तम उपयोग गरिन्थ्यो। यसैले यहाँका प्रायःजसो दरबार, घर, पाटी, पौवा, सत्तल आदि काँचो र पाको ईट, माटो, काठ आदिले बनेको पाइन्छ (वैद्य र श्रेष्ठ, २००२ः ४६)। छाना झिंगटी वा टायलले छाएका हुन्थे।

स्थानीयवासीका घर जस्तै मठमन्दिरहरू पनि प्रायःगरेर तीन, चार तलाकै हुन्थे। शहरबस्तीभित्र हरेक ५०, ६० कदमको दूरीमा खुल्ला चोक, डबली, ढुंगेधारा, इनार, पोखरी, सत्तल पाटी, मठ, मन्दिर, बौद्ध विहार, चैत्यहरू रहेको तथ्य आज पनि देख्न सकिन्छ। मल्लकालमा धर्मप्रचारका लागि यहाँ आएका इसाई पादरीहरूले शहरभित्र पाटी, पौवा, धारा, पोखरी आदिको प्रशस्त व्यवस्था गरिएको तर सरसफाइको भने कमी रहेको तथ्य उल्लेख गरेका छन् (चालिसे, २०४८ः ४७२)। वास्तवमा यहाँको परम्परागत मौलिक वास्तुसंरचनाको अध्ययन गर्दा यसभित्र अनेक राम्रा पक्ष रहे पनि एउटा कमजोर पक्ष सरसफाइको व्यवस्थापन नहुनु देखिन्छ। हुन पनि त्यतिखेर आजको जस्तो घरैपिच्छे व्यवस्थित शौचालय र त्यसको निकासको समुचित प्रवन्ध थिएन। हरेक घरको पछाडि चोकको एक कुनामा 'साःगाः' (रछ्यान) बनाइएको हुन्थ्यो, जहाँ मानिसका दिशा पिसाबदेखि सबै किसिमका

फोहोर थुपारिन्थ्यो र पछिबाट त्यसलाई मलको रुपमा खेतबारीमा प्रयोग गर्न लगिन्थ्यो । तर त्यसो भए पनि त्यसले घरबस्तीको वातावरणलाई निश्चय नै दुर्गन्धित पार्दथ्यो भन्ने बुझिन्छ। अर्को कुरा, त्यसबेला बस्तीभन्दा बाहिर खोलाछेउ वा खुल्ला स्थानमा र बस्तीभित्रै पनि 'मलाः' भनेर छुट्याइएका निर्दिष्ट स्थानमा खुल्ला रुपमै दिशापिसाब गर्ने चलन थियो। यो चलन केही दशक अघिसम्म पनि थियो (स्थलगत अध्ययनबाट प्राप्त जानकारी) । तर निकासको उचित प्रबन्ध नहुने हुनाले यस्ता खुल्ला शौचालयले शहरबस्तीलाई सदैव प्रदूषित पार्नुका साथै नगरवासीमा हैजा महामारी जस्ता रोगव्याधि फैलाउन सघाउ पुर्याउँदथ्यो। यसरी त्यतिखेर यहाँका परम्परागत नगरबस्तीको वास्तुसंरचनाका सबै पक्ष उत्कृष्ट रहदाँरहँदै पनि शौचालयसम्बन्धी अवधारणा भने ठीक नभएको तथ्यलाई स्वीकार्नु पर्दछ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई प्रामाणिक र विश्वसनीय बनाउने क्रममा प्राथमिक र सहायक स्रोतसामग्रीहरू उपयोग गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत स्थलगत अध्ययन, प्रत्यक्ष अवलोकन, सम्बद्ध व्यक्तिहरूसंगको भलाकुसारी अनि सहायक स्रोतअन्तर्गत प्रकाशित ग्रन्थ, पुस्तक, लेखरचनाहरू छन्। यसरी प्राप्त भएका स्रोतसामग्रीलाई अध्ययन गर्नका लागि विश्लेषणात्मक, वर्णनात्मक तुलनात्मक विधिहरू उपयोग गरिएको छ। यो अध्ययन ए.पी.ए.अनुसन्धान पद्धतिमा आधारित रहेको छ।

## ऐतिहासिक पृष्ठभूमि

मध्यकालमा नेपालमण्डल भनिने वर्तमान काठमाडौं उपत्यकामा सभ्यताको आरम्भदेखि नै मानव बस्ती विकास हुँदै आएको पाइन्छ। यद्यपि प्रारम्भमा यो जलमग्न तलाउका रुपमा रहे पनि कालान्तरमा पानी बगेर बाहिर गएपछि यो ठाउँ बस्तीयोग्य देखेर चारै दिशाबाट मानिसहरू यहाँ आई बसोबास गर्न थाले। वंशावली अनुसार यहाँ बस्ती आबाद गर्ने पहिलो समूह नीप जातिका गोपालहरू थिए (नेपाल, २०४०: १८)। तथापि पुरातात्विक अनुसन्धानबाट भने यहाँ प्रागऐतिहासिक कालदेखि नै मानव अस्तित्व रहेको तथ्य थाहा हुन्छ (बनर्जी र शर्मा, १९६९: ५३-५८)।

वस्तुतः मानव बस्तीको विकासमा विविध प्राकृतिक पूर्वाधारहरू जस्तो– ओभानो जलवायु, स्वस्थकर हावापानी, पर्याप्त सूर्यको किरण, स्वच्छ प्राकृतिक वनस्पति, मलिलो माटो आदि कुरा आवश्यक पर्ने र ती सबै सुविधा प्रारम्भदेखि नै काठमाडौं उपत्यकामा विद्यमान रहेकोले अन्यत्रका मानिसहरू यहाँ बसोबास गर्न आकर्षित भए (डेभिस, १९४९: ३१९)। यसरी मानव बस्तीका लागि आवश्यक सबै पूर्वाधार विद्यमान रहेकाले यहाँ क्रमिकरुपमा बस्ती विस्तार हुँदै गयो। लिच्छविकालमा

आइपुग्दा काठमाडौं उपत्यकाभित्र गोपाल, महिषपाल, किराँत, शाक्य, कोली बृज्जिक, कोली, लिच्छवि, मल्ल आदि अनेक जातिका मानिसहरूको बस्ती बसिसकेको थियो । अहिलेका कतिपय बस्तीहरू त्यतिबेलै अस्तित्वमा आइसकेको थियो । बस्ती बसिसकेपछि सभ्यताको विकासक्रम अगाडि बढ्दै जाँदा आफ्नो बस्ती वा नगरलाई सुन्दरता प्रदान गर्न अनेकौं कला र वास्तुकलाको विकासमा समेत विशेष जोड दिइयो ।

पूर्वमध्यकालमा आइपुग्दा उपत्यकाभित्रका प्राचीन बस्तीहरूलाई ठुला नगरको रुपमा विस्तार गर्दा तान्त्रिक प्रवाहका कारण खासगरी तीन कुरामा विशेष ध्यान दिइएको देखिन्छ, जस्तो- १) प्रत्येक बस्तीको चारैतिर अष्टमातृकागण स्थापना गर्नु, २) सुरक्षा व्यवस्थालाई दृष्टिगत गरी नगरको मध्यभागमा राजदरबार निर्माण गरी त्यसको वरपर रक्षात्मक देवताहरू प्रतिस्था पन गर्नु, र ३) बस्तीको केन्द्र नजिक एकआपसमा जोडेर चारैतिर घरहरू निर्माण गर्नु । यसरी तत्कालीन बस्तीका यी तीन प्रमुख विशेषताहरू थिए (टोफिन, १९९६ः ६६) । साना बस्तीहरूमा प्रशासनिक अधिकारीका रुपमा स्थानीय सामन्तहरू मात्र रहने भए पनि तिनको आवास बस्तीको केन्द्रमा हुन्थ्यो । तान्त्रिक शक्तिको प्रभावका कारण बस्ती विकास गर्दा कालान्तरमा कुनै संकट उत्पन्न नहोस् भनेर नगर वरिपरी शक्तिशाली देवताहरू स्थापना गरिए, जस्तोकि राजा गुणकामदेवले कान्तिपुर शहर निर्माण गर्दा चारैतिर अष्टमातृका पीठहरू स्थापना गरेको कुरा वंशावलीमा उल्लेख छ (लम्साल, २०२३ः २३-२४) । त्यसरी नै राजा आनन्ददेवले प्राचीन खोपृङ्ग बस्ती (भक्तपुर) लाई आफ्नो राजधानी नगरको रुपमा विकास गर्दा त्यसको आठै दिशामा अष्टमातृकागणका पीठहरू स्थापना गरेका थिए (योगी, २०१३ः १०४) । अर्को कुरा, यी सबैजसो बस्तीहरू उच्च भू-भागमा बसेको र सामरिक दृष्टिले गढको रुप दिइएको हुन्थ्यो । साथै, पानी बिना जीवन सम्भव नभएकाले संसारका अन्य सभ्यताहरू जस्तै यहाँ पनि प्रायः सबै बस्तीहरू नदी किनारमै बसेको देखिन्छ । प्राचीन तथा मध्यकालमा विकास भएका यी प्रत्येक बस्तीहरूमा किल्ला, द्वार, मन्दिर, दरबार, आवासगृह, पाटी, पौवा, पोखरी, ढुंगेधारा, इनार, डबली आदि वास्तुकलाका यी नमूनाहरू सुन्दर र कलात्मक ढङ्गले निर्माण गरिएको हुन्थ्यो । मल्लकालको अन्तिम समयतिर यहाँ केही वर्ष बसेर गएका फादर जिसेप्पेले यहाँका साना ठुला सबै बस्तीहरू राम्रो तरिकाबाट निर्माण भएको उल्लेख गरेका छन् (रेग्मी, १९६६ः बी ५४०, डेसिडेरी एपेन्डिक्स १) । यहाँका ऐतिहासिक बस्तीहरूमा मन्दिर, पोखरी, ढुंगेधारा पाटी, पौवा नभएका शायदै होलान् । त्यस्ता पुरातात्विक वस्तुहरूले एकातिर आफ्नो बस्तीको सुन्दरतालाई बढाएको हुन्छ भने अर्कोतिर धार्मिक भावनाको यथोचित विकास गर्न मद्धत पुर्‍याएको देखिन्छ ।

**बस्तीको स्वरुप**

नेवारहरूको घरको प्रत्येक तलालाई त्यसको उपयोगका आधारमा मौलिक नाम दिइएको पाइन्छ । जस्तो– भुँईतलालाई (छदी) छिंडी, पहिलो तलालाई (मातं) मातन, दोस्रो तलालाई (च्वतं) च्वता (बैठक) सबभन्दा माथिल्लो तलालाई (बजिगल) बुइगल भनिन्छ। सबभन्दा माथिको तलालाई भान्सा र पूजाकोठाको रुपमा प्रयोग गरिएको हुन्छ। सबैभन्दा स्वच्छ र अग्लो ठाउँ भएकोले भान्साघरलाई सबैभन्दा पवित्र मानिन्छ (शर्मा, २०७७ः ३०२) । त्यसभन्दा मुनिको तलामा पाहुनापासाको जमघट, परिवारका सदस्यहरूबीच भलाकुसारी वा छलफल गर्ने, भोज खाने प्रयोजनका लागि (फराकिलो किसिमको)बैठक कोठा बनाइएको हुन्छ। त्यसभन्दा मुनि मातन् तला विशेषगरेर परिवारका सदस्यहरूको शयन कक्ष (सुत्ने कोठा) को रुपमा उपयोग गरिन्छ। सबभन्दामुनिको तलामा कृषिपैदावारबाट आएका छ्वाली, पराल, दाउरा लगायत पालतु पशुपक्षी राखिन्थ्यो। झ्याल पनि तलैपिच्छे फरक हुन्छ। जस्तो– भुँइ तला र मातन तला विशेषगरेर भण्डार र शयनकक्ष हुने भएकोले त्यसमा तिकी झ्याः(आँखी झ्याल), त्यसभन्दामाथिको तल्ला बैठक कक्ष हुने भएकोले प्रशस्त प्रकाश छिरोस् भनेर त्यसमा सँझ्याः(सँझ्याल) हालिएको हुन्छ। सर्वसाधारणका घरमा आँखीझ्याल लगाए पनि उच्च एवं धनीवर्गका मानिसहरूले भने आफ्नो घरमा ठुल्ठुला कलात्मक आँखीझ्याल, गाःझ्याल, विमान झ्याल, सूर्य झ्याल, संझ्याल लगाएको पाइन्छ (श्रेष्ठ, २०७०ः १२८) । सबभन्दा माथिको तलाको छाना झिंगटी वा टायलले छाएको हुन्छ। र यो सामान्यतः दुई पाखे हुन्छ। यो छाना भिरालो पारेर घरको गारोभन्दा २, ३ फूटजति बाहिर निकालिएको पालिदार अर्थात् पेगोडा शैलीको हुन्छ। पालि अड्याउनका निम्ति अर्थात् छानाको भार थाम्नका लागि छानामुनि अगाडि पछाडि दुवैतिर गारोको बाहिरपट्टि त्वाकः राखी त्यसमाथि ४५ डिग्रीको कोणमा त्वानासी(टुँडाल)हरू ठड्याइएको हुन्छ। अगाडिको मोहडामा उज्यालोका लागि छानाको बीचमा झ्याल र पछाडिको मोहडामा भाँडावर्तन माझ्न, जाडोमा घाम ताप्न, लुगा वा बिस्कुनहरू सुकाउन ससानो कौशी निकालिएको हुन्छ। घरनिर्माणमा स्थानीय शिप र सामग्रीहरूको अत्यधिक रुपमा प्रयोग गरिन्छ। विशेषगरेर ढुंगा, माटो, ईटा, काठ आदिबाट घर बनाइन्छ। घरका ढोका, झ्याल, दलीन, खम्बा, निदाल, टुँडाल, त्वाकः, मुसिं, मुठलबाला, चुकुल, भऱ्याङ, बार्दली आदि सबै काठकै हुन्छ। झ्याल, ढोका, खम्बा, टुँडालहरूमा आकर्षक बुट्टा काटिएको हुन्छ। यसैले घर निर्माणमा काठको अत्यधिक प्रयोग गरिएको देखिन्छ। ढुंगाको प्रयोग विशेषगरेर भुइँतलामा गरिन्छ। जस्तो– जग निर्माण गर्दा, पेटी बनाउँदा, ढोकाको चौकोस, खम्बा आदिलाई टेवा

दिन चिल्लो चारपाते ढुंगा प्रयोग गरिन्छ। यसमा दक्ष जनशक्तिका रुपमा रहेका परम्परागत पेशाकर्मी अवाल, डकर्मी, सिकर्मी, लोहँकर्मी आदि उपयोग गरिन्छ। यसरी मौलिक शिप, शैली र स्थानीय सामग्रीहरू प्रयोग गरेर बनाइएका यस्ता घरहरू जाडो याममा न्यानो र गर्मी याममा शितल हुने गर्छन् । यताबाट यी मौलिक शैलीका परम्परागत नेवारबस्तीका घरहरू आजका वातानुकूलित आधुनिक घरहरूभन्दा कम छैनन् भन्ने बुझिन्छ ।

मल्लकालमा घर, पाटी, पौवा, मठ, मन्दिर दरबार आदि निर्माण गर्दा कला पक्षलाई यथेष्ट रुपमा महत्व प्रदान गरिएको हुन्थ्यो । कलामा धार्मिक भावनालाई संयोजन गरिएको हुन्थ्यो। कला क्षेत्रमा काम गर्ने दक्ष जनशक्ति यहीं उपलव्ध थिए। मल्लकालमा यो जुन तीन चार तले घरहरू बनेको उदाहरण पाइन्छ, त्यस आधारमा संभवतः प्राचीनकाल विशेषगरेर लिच्छविकालमा पनि प्रायः घरहरूको स्वरुप त्यस्तै रहेको अनुमान हुन्छ किनकि कुनै पनि कलाको विकास युगौंयुगको अनुभव र अभ्यासबाट हुने हुन्छ। तर ध्यान दिन योग्य कुरा के छ भने त्यसबेला न्यून जनसंख्या र व्यापार व्यवसायको विकास नभइसकेकाले बस्तीहरू पातलो र छरिएर रहेका हुन्थे भन्ने अनुमान गर्न सकिन्छ। तैपनि चोर, लुटेरा, जङ्गली जनावर आदिबाट बच्न तत्कालीन मानिसहरू बस्तीभित्रै बस्नुमा सुरक्षित ठान्थे। दक्षिण कोलीग्राम, यूपग्राम, खोपृङ्ग भनिने प्राचीन बस्तीहरू वर्तमान काठमाडौं, ललितपुर, भक्तपुर शहरका पूर्व रुप थिए (वज्राचार्य, २०२५ः ९१-९५) । मल्लकालमा यैं, यल, ख्वपः भनिने यी शहरलाई स्थानीयवासीहरू आज पनि सोही नामले सम्बोधन गर्दछन् ।

त्यसैगरेर मानिसको मृत्यु हुँदा हिन्दू परम्पराअनुसार अन्त्येष्टि संस्कार गर्न प्रत्येक शहरबस्तीदेखि बाहिर नदी किनारमा आवश्यक पर्ने पवित्र घाटहरू बनाइएका हुन्थे, जहाँ किरियापुत्री बस्नेदेखि लिएर पुराणवाचन, भजनकीर्तन आदिको प्रयोजनका निम्ति सत्तल, धर्मशाला, पाटीपौवाका अतिरिक्त देवदेवीका मठमन्दिरहरू पनि रहेका हुन्थे। व्यवस्थित ढंगले बनाइएका यस्ता प्राचीन घाटहरूको ठुलो धार्मिक र साँस्कृतिक महत्व रहिआएको छ। यसैले पौराणिककालदेखिका यी घाटहरू पवित्र तीर्थस्थलका रुपमा प्रख्यात रहेका छन् । जस्तो–पशुपति क्षेत्रको आर्यघाट, भक्तपुरको हनुमानघाट, मङ्गलतीर्थ, ललितपुरको शङ्खमूलघाट आदिको महिमाबारे स्कन्दपुराणको हिमवत्खण्ड, पशुपति पुराण, नेपाल महात्म्य, वंशावली आदिमा वर्णन गरिएको पाइन्छ (पौडेल, २०२०ः ११ र १७) । तर जनसंख्याको अत्यधिक चाप, प्रदूषण, ढलको फोहर नदीमा ल्याएर मिसाउने जस्ता कुकृत्यहरूले गर्दा हालका दिनमा यी नदी र त्यस छेउछाउका पवित्र घाटहरू दुर्गन्धित र प्रदूषित

बन्न पुगेका छन् जबकि मल्लकालमा तिनै नदीहरूमा निर्मल र स्वच्छ जलप्रवाह हुने गर्थे। यसैले नदीछेउको घाटमै गएर तत्कालीन मानिसहरू स्नान, दान, धर्म, पुण्य, पितृ श्राद्ध जस्ता पवित्र कार्य गर्थे।

**बस्ती निर्माणमा सामाजिक र धार्मिक पक्षको प्रभाव**

यहाँको नगरीय संरचनामा जातीय उँचनीचको प्रभाव पनि प्रष्ट रुपमा परेको पाइन्छ, जस्तोकि नगरको मध्यभागमा लायकू (राजकुल) रहेको हुन्छ, जहाँ प्रशासन प्रमुखका रुपमा राजा, राजपरिवार, राजाका आफन्तहरू, त्यसवरपर गुरु पुरोहित, भारदारवर्ग, त्यसपछि विभिन्न ब्यवसाय गर्ने बैश्य वर्ग, किसान वर्ग र अन्त्यमा नगर सीमामा कसाही र नगरबाहिर पोडे, च्यामे जस्ता जातिको बसोबास रहेको पाइन्छ। उदाहरणका रुपमा प्राचीन नगर भक्तपुरलाई लिन सकिन्छ, जहाँ जातीय उच्चताको प्रभाव यहाँको नगरीय संरचनामा स्पष्टरुपले परेको पाइन्छ, जस्तै– नगरको केन्द्रमा राजदरबार, राजदरबारको दक्षिणतिर राजपुरोहित ब्राम्हणहरू, दक्षिण पश्चिम, दक्षिणपूर्व, उत्तरपूर्व र पूर्वतिर राजपरिवारका नातेदारहरू, राजपरिवारसंग सम्बन्धित हाडा, मल्ल, प्रधानाङ्ग, जोशी, धौभडेल जस्ता छ थरिया नेवारहरूको बसोबास अद्यावधि रहेको छ। त्यस्तै भक्तपुर शहरको केन्द्रबिन्दुको रुपमा रहेको तौमढीटोलले पनि भक्तपुर शहरको सामाजिक वर्गीकरणलाई प्रतिविम्वित गर्दछ। जस्तो–पाँचतले मन्दिरबाट तल झर्दा क्रमशः छ थरिया नेवारहरूको बसोबास, त्यसपछि पाँच थरियाहरू, त्यसपछि ज्यापूहरू र आखिरमा खोलाको तीरैतीर पोडे बस्ती आउँछ (गुत्शो र कोल्वर, १९७५ः १० र ५६)। यसरी शहरबस्ती निर्माणमा सामाजिक प्रभाव परेको थाहा हुन्छ। त्यस्तै पहिले समाजका सबै वर्गले सबै किसिमका घरहरू बनाउन पाइँदैनथ्यो। खासगरेर पोडे, कसाही र कुल्लु(चर्मकार)लाई झिंगटीको छाना हाल्न निषेध गरिएको थियो (लम्साल, २०२२ः ३८)। शुद्र सहितका चार वर्णका मानिसले घर बनाउँदा वास्तु प्रकरणको र अष्ट–वर्गका नियमहरू मान्नु पर्दथ्यो। ब्राम्हण, क्षत्रियले घरको जग राख्दा ब्राम्हणलाई बोलाई पूजा गराउँथे भने वैश्य र शुद्रले दैवज्ञबाट पूजा गराउनु पर्थ्यो (लेभी, २००५ः १५०)।

त्यसैगरेर शहरबस्तीको संरचनामा धार्मिक पक्षको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ। स्थानीय रुपमा प्रख्यात देवदेवीलाई आ-आफ्नो नगर संरक्षक देवताका रुपमा मान्ने प्रचलन यहाँ आमरुपमा देख्न सकिन्छ। जस्तो– भक्तपुरमा नवदुर्गा र भैरव, काठमाडौंमा कुमारी, ललितपुरमा मच्छेन्द्रनाथ, बनेपामा चन्द्रेश्वरी, साँखुमा वज्रयोगिनी, थिमीमा बालकुमारी आदिलाई आफ्नो स्थानको शक्तिशाली देवताका रुपमा मान्ने परम्परा स्थानीयवासीमा आजसम्म पनि रहँदै आएको पाइन्छ (स्थलगत अध्ययनबाट प्राप्त जानकारी)। प्राकृतिक प्रकोप, दैवी विपत्ति, अनिकाल, महामारी,

बाह्य आक्रमण जस्ता अनिष्ट र दुर्भिक्षबाट मुक्त रहन प्रायःजसो नगरबस्ती वरिपरी शक्तिशाली देवीदेवता प्रतिष्ठापन गरिएका हुन्थे। जस्तो– उदाहरणका रुपमा भक्तपुरलाई राजधानी शहरको रुपमा निर्माण गर्दा राजा आनन्ददेव (वि.सं. १२०४–१२२४)ले तान्त्रिक रुपमा यसको सुरक्षाका लागि शहरको बाहिरी घेरामा अष्टकोण मण्डलाकार बनाई अष्टमातृका देवीहरूको शक्तिपीठ स्थापना गरी केन्द्रमा त्रिपुरासुन्दरी प्रतिस्थापित गरेका थिए। यसैले भक्तपुरवासीहरूमा आज पनि नवदुर्गालाई नगर संरक्षिका देवीको रुपमा श्रद्धापूर्वक पुज्ने परम्परा रहेको पाइन्छ। त्यस्तै, अपार शक्तिको स्रोत देवता भएकाले देवमन्दिरहरू मानिस बस्ने घर भन्दा अग्लो हुनुपर्छ भन्ने धार्मिक मान्यताले गर्दा यहाँ अनेक ठुल्ठुला मन्दिरहरू बने।

**आत्मरक्षात्मक शैलीको वास्तुरचना**

नेपाल उपत्यकाको नेवारबस्तीबारे अध्ययन गर्दा के देखिन्छ भने लिच्छविकालको भन्दा मल्लकालको बस्तीको स्वरुपमा केही अन्तर आएको देखिन्छ किनकि अब बस्तीहरू पहिले जस्तै छरिएर बस्नुको सट्टा एक्कै ठाउँमा गुचमुच्च भएर बस्ने क्रम शुरु भएको देखिन्छ। मल्लकालमा नेवार शहरबस्तीहरू गुचमुच्च पर्नु र घरहरू संगै जोडेर बनाइनु अर्थात् गढ रुपको बस्ती विकास हुनुको पछाडि मुख्य कारण आत्मसुरक्षा देखिन्छ किनकि मध्यकालमा आक्रमण, प्रत्याक्रमणका घटनाहरू बरोबर भइरहने गर्दथ्यो। जस्तोकि पश्चिम कर्णाली प्रदेशको खसमल्ल शक्ति, दक्षिणको डोय शक्तिले यहाँ बरोबर आक्रमण गरिहन्थे, एकपल्ट बंगालका सुल्तानले समेत यहाँ भयङ्कर ठुलो आक्रमण गरेका थिए, जसको वर्णन गोपालराज वंशावलीको ठाउँ-ठाउँमा गरिएको छ (वज्राचार्य र मल्ल, १९८५ः ३३, ४८, ५२(क) पत्र)। पूर्वमध्यकालमा अन्य नगरबस्तीका साथै राजधानी भक्तपुरले समेत अनेकपल्ट बाह्य आक्रमणको सामना गर्नु परेको थियो। यो क्रम पछिल्लो मल्लकालमा आएर अझ वृद्धि भयो। (वैद्य र श्रेष्ठ, २००२ः ३८)। यस्ता बारम्बार भइरहने बाह्य आक्रमणबाट सुरक्षित रहन यस किसिमको वास्तुविधि अपनाइएको थाहा हुन्छ। यसैकारण भक्तपुर, कीर्तिपुर लगायतका यहाँका प्राचीन नगरबस्तीहरू गोर्खाली फौजले आफ्नो राज्यविस्तार अभियानका क्रममा अथक प्रयास र ठुलो संघर्ष पश्चात् मात्र विजय गर्न सकेका उदाहरणबाट पनि यस तथ्यलाई पुष्टि गर्दछ।

वास्तवमा मल्लकालमा आएर व्यापार व्यवसायको क्षेत्रमा देखापरेको उन्नतिका कारण प्रायः साना ठुला सबै बस्तीहरूले शहरी रुप लिएकाले बस्ती बसाइमा पहिलेको तुलनामा केही अन्तर आयो। पहिलेका खोपृङ्ग, युपग्राम, कोलीग्राम जस्ता व्यापारिक केन्द्रहरू अब भक्तपुर, कान्तिपुर, ललितपुर आदि ठुला शहरका रुपमा विकास भए। अब छरिएर खुल्ला ठाउँमा बस्ने प्रथा छुट्दै गयो। बस्ती

शहरहरू झनझन बाक्लो हुँदै गुचमुच्च पर्न गए । यसरी त्यसबेला गुचमुच्च भई एकै ठाउँमा मिलेर बस्नुमा व्यापारिक कारोबार भन्दा आत्मरक्षा प्रमुख कारण बन्न गएको थियो । यस सन्दर्भमा नेपालभित्रै उदाएका अनेकन राजनैतिक शक्तिबीच आपसमा लडाइ भिडाइ भइरहने, बाह्य क्षेत्रबाट पनि बराबर आक्रमण भइरहने हुनाले शहरहरू ठुल्ठुला गढका रुपमा परिणत हुन थाले । अनि अलि ठुला बस्तीलाई पनि किल्लाका रुपमा परिणत गर्ने प्रयास गरिन्थ्यो । जस्तो–राजा यक्षमल्लले बाह्य खतराबाट सुरक्षित रहन तत्कालीन राजधानी शहर भक्तपुरलाई सारा जनताको सहायता लिई सामरिक दृष्टिले एउटा बलियो गढको रुपमा परिणत गरिदिएका थिए (रेग्मी, भाग ३, १९६६: ७३-७६) । छरिएर बस्दा निरन्तरको युद्ध र बराबर लुट खसोट हुने त्यस समयमा गढ, किल्ला रुप दिइएका बस्ती बाहिर बस्दा जिउधनको सुरक्षा नहुने हुनाले मानिसहरू प्रायःगरी यस्तै सुरक्षित गढ वा किल्लारुपका बस्तीभित्र बस्न रुचाउनु स्वाभाविकै पनि थियो ।

**भौतिक सुविधा**

मानवजीवनको आधारभूत आवश्यकतामध्ये पानी एक निर्विकल्प तत्व हो । पानी बिना जीवन असम्भव भएकाले यहाँका मल्ल शासकहरूले पानीको सर्वसुलभ आपूर्तिका लागि अनेक प्रबन्ध मिलाएर गएका थिए । जस्तैः पोखरी, ढुंगेधारा, कुवा, इनार, राजकुलो आदिको निर्माण गरे । यसमा विशेष गरेर कुलोको पानी खेतीको सिंचाइका लागि, पोखरीको पानी समस्त तिर्खाएका पशुपन्छी, जीवजन्तुको प्यास मेट्नुका अतिरिक्त शहर बस्तीभित्र आगोलागी हुँदा अग्नी समन गर्न एवं धारा एवं इनारको पानी पिउनका लागि उपयोग गरिन्थ्यो । ढुंगेधारा, कुवा, इनारहरू शहरका प्रत्येक टोल, बस्तीहरूमा खनिएका हुन्थे भने ठुल्ठुला पोखरीहरू नगरबाहिर खुल्ला ठाउँमा बनाइएका हुन्थे । त्यस्तै टाढादेखि हिंडेर आउने बटुवाहरूले सुस्ताउने, थकाइ मार्ने, प्रसाद वा भोज खाने, भजनकीर्तन गर्ने, बिश्राम गर्ने आदि उद्देश्यले ठाउँ-ठाउँमा पाटी, पौवा, सत्तल, धर्मशालाहरू बनाइएका हुन्थे (दर्नाल, २०७८: १३७) । कुनै काम पर्दा भेला हुनको निम्ति खुल्ला चोक, डबलीहरू निर्माण गरिएका हुन्थे । दैवी विपत्ति, प्राकृतिक प्रकोप, आगोलागी, हैजा महामारी जस्ता घटनाहरू हुँदा पीडितलाई राहत प्रदान गर्न शहरबाहिर ठुल्ठुला चौर वा टुँडिखेल बनाइएको आज पनि देख्न सकिन्छ । बाटो-घाटोको कुरा गर्दा त्यसबेला अहिलेको जस्तो फराकिला बाटाहरू थिएनन्, गोरुगाडा चल्न सक्नेसम्मको फराक बाटो थियो, जसलाई हस्तिमार्ग भनिन्थ्यो, त्यसपछि घोडेटो बाटो, गोरेटो बाटो । यसरी शहरबस्तीभित्र ढुंगा छापेका चौडा बाटो भए पनि बस्ती बाहिर अर्थात् एउटा बस्तीदेखि अर्को बस्ती आउजाउ गर्ने मूलबाटाहरू धुलाबाटा हुन्थे, जुन बाटोमा

राजा महाराजाले घोडा दगुराउनेदेखि लिएर सर्वसाधारणहरू पैदल हिंड्ने गर्थे। यस्तो बाटोको छेउछाउमा सुस्ताएका बटुवाको तिर्खा मेट्न र विश्रामका लागि ठाउँ-ठाउँमा ढुंगेधारा, पाटीपौवाहरू बनाइएका हुन्थे। ओझेलमा परेका मल्लकालीन परम्परागत बाटोका छेउछाउमा यस्ता ढुंगेधारा र त्यससंगै पाटीपौवाका अवशेषहरू आज पनि ठाउँ-ठाउँमा देख्न सकिन्छ।

**निष्कर्ष**

यस आलेखमा उल्लिखित दृष्टान्तहरूबाट के कुरा थाहा लाग्दछ भने मल्लकालीन यी नगरबस्तीहरू अहिलेका अव्यवस्थित ढंगका शहरीकरणभन्दा धेरै हदसम्म व्यवस्थित ढंगले बसाइएका देखिन्छन्। पानीदेखि लिएर जीवन निर्वाहका लागि नभै नहुने यावत कुराहरू सरल ढंगबाट व्यवस्था गरिएको हुन्थ्यो। यद्यपि त्यसबेलाका मानिसका आवश्यकताहरू ज्यादै सीमित थिए। आफ्ना सीमित आवश्यकता आफैले बनाएर पुरा गरिन्थ्यो। जनसंख्याको चाप ज्यादै न्यून थियो। शहरबस्ती वरिपरी खेतैखेत हुन्थ्यो। डाँडापाखा सबै बाक्लो जंगलले भरिएका थिए। अझ महत्त्वपूर्ण कुरा के छ भने यहाँका प्राचीन शहरबस्तीहरू जुन छन्, तिनलाई गहिरिएर अध्ययन गरेमा ती प्रायशः समथर भूमिमा भन्दा उच्च भू-भाग अर्थात् डाँडोमा बसेको देखिन्छ। यसको मुख्य कारण बाह्य आक्रमणबाट बच्न, प्राकृतिक विपत्ति र हिंस्रक जीवजन्तुहरूबाट जोगिन, यसभन्दा पनि महत्त्वपूर्ण पक्ष समथल भूमि खेतीका लागि उपयुक्त हुने भएकोले उच्च भू-स्थलमा बस्ती बसाइएको अनुमान हुन्छ। भक्तपुर, कीर्तिपुर, थिमी, साँखु लगायत काठमाडौं उपत्यकाका प्राचीन बस्तीहरू यसका ज्वलन्त उदाहरणहरू हुन्।

**सन्दर्भ सामग्री**


आचार्य, बाबुराम.(२०६० वि.सं.).*प्राचीनकालको नेपाल.* काठमाडौंः श्रीकृष्ण आचार्य।

गुत्सो, नील र कोल्बर, वर्नहार्ड. (१९७५ ई.सं.).*भक्तपुर.* वेसवडेनः कमीसन्ज भर्लाज फ्रान्ज स्टेनर।

चालिसे, पुष्पराज.(२०४८ वि.सं.).*नेपालको पुरानो इतिहास र सभ्यता.* काठमाडौंः

रत्न पुस्तक भण्डार।

टोफिन, जेराल्ड.(१९९६ ई.सं.).'दि मनिटरी सिस्टम अफ द नेवार्स'.*कन्ट्रिब्युसन्स*

*टु नेपलिज स्टडिज.* भोलुम २३. नं. १ ।

डेभिस, किङ्स्ले.(१९४९ ई.सं.).*ह्युमन सोसाइटी.* न्यूयोर्कः दि म्याकमिलन ।

दर्नाल, प्रकाश.(२०७८ वि.सं.).*नेपालमण्डलका सांस्कृतिक सम्पदाहरू.* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

नेपाल, ज्ञानमणि.(२०४० वि.सं.). *नेपाल निरुक्त.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नयनाथ.(२०२० वि.सं.). *भाषा वंशावली.* भाग १. काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय ।

बनर्जी, एन.आर. र शर्मा, जनकलाल.(१९६९ ई.सं.).'न्युओलोथिक टुल्स फ्रम नेपाल'.*एनसिएन्ट नेपाल.* नं. ९. काठमाडौंः डिपार्टमेन्ट अफ आर्काइलोजी ।

योगी, नरहरिनाथ.(सं.).(२०१३ वि.सं.).*देवमाला वंशावली.* मृगस्थलीः श्री पीरमहन्त क्षिपानाथयोगीराज ।

रेग्मी, डि.आर.(१९६६ ई.सं.बी).*मेडियभल नेपाल.* भाग २. कलकत्ताः के. एल. मुखोपाध्याय ।

...., (१९६६ ई.सं.).*मेडियभल नेपाल. भाग ३.* कलकत्ताः के.एल. मुखोपाध्याय ।

लम्साल, देवीप्रसाद(सं.).(२०२३ वि.सं.) *भाषा वंशावली.* भाग २. काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय ।

लेभी, सिल्भाँ (अनु. डिल्लीराज उप्रेति).(२००५ ई.सं.).*नेपाल.* भाग १, ललितपुरः हिमाल किताब ।

वज्राचार्य, धनवज्र.(२०२५ वि.सं.)"लिच्छविकालीक बस्ती" *पूर्णिमा.* पूर्णाङ्क १८ ।

वज्राचार्य, धनवज्र र मल्ल, के.पी.(सं.).(१९८५ ई.सं.).*दि गोपालराज वंशावली.* काठमाडौंः नेपाल रिसर्च सेन्टर ।

वैद्य, तुल्सीराम र श्रेष्ठ, पुरुषोत्तमलोचन.(२००२ ई.सं.).*भक्तपुर राजदरबार.* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

शर्मा, जनकलाल.(२०७७ वि.सं.). *हाम्रो समाजः एक अध्ययन.* काठमाडौंः साझा प्रकाशन ।

श्रेष्ठ, कल्पना.(२०७० वि.सं.). *भक्तपुरका कलात्मक काष्ठ झ्यालहरू.* काठमाडौंः गोपाल धौबन्जार ।

# जङ्गबहादुरको शासनकालमा भएका षडयन्त्र र हत्याका सृङ्खला



✍ डा.डोलराज काफ्ले

**सारसङ्क्षेप**

नेपालमा १९औं शताब्दीमा राजनीतिक अस्थिरताबाट शासन व्यवस्था गुज्रिरहेको अवस्थामा एकजना चतुर, निडर राजनीतिज्ञ जङ्गबहादुरले देशको शक्ति आफ्नो हातमा लिएका थिए। त्यो समयमा देशको राजनीतिक शक्ति लिन चाहने उनका प्रतिस्पर्धीहरू पनि थिए। तर अधिकांश प्रतिस्पर्धीहरू कोत तथा भण्डारखाल जस्ता हत्याकाण्डमा मारिएपछि उनीमात्र एक यस्ता चतुर राजनीतिज्ञ बाँकी थिए जसले गर्दा उनका विरुद्धमा भएका कुनै पनि षडयन्त्रले उनको शक्तिलाई कमजोर बनाउन र उनको हत्या गर्न समेत सकेनन्। यस लेखमा जङ्गबहादुर राणाको शासनकालमा भएका राजनीतिक षडयन्त्र र उनलाई शक्तिच्युत गर्ने वा हत्या गर्नका लागि गरिएका प्रयासहरूको वर्णन गरिएको छ। आवथ्य स्रोतहरू वा विभिन्न प्रमाणहरू समेत पेस गर्ने प्रयास गरिएको हुँदा लेख अनुसन्धानमूलक बन्न पुगेको अपेक्षा गरिएको छ।

**मुख्यशब्दावली** : षडयन्त्र, पर्दाफास, गुप्तचर, हत्याकाण्ड, भारदारीसभा

**परिचय**

नेपालमा राणा शासनको उदय तथा जङ्गबहादुरको उदय विभिन्न हत्या, षडयन्त्र र जालझेलका आधारमा भएको थियो। उनको उदय हुनुभन्दा अगाडिको समयमा नेपालमा लामो समयसम्म राजनीतिक अस्थिरता, गुटबन्दी र षडयन्त्रले जरा गाड्ने अवसर पाएको थियो। भीमसेन थापाको मुख्तियारी कालसम्म त्यस्ता षडयन्त्र र जालझेलकारीहरूले टाउको उठाउन सकेका थिएनन्। तर उनको पतनसँगै देशमा शक्तिशाली राजनीतिज्ञको अभाव भएका कारण शासनसत्ता हत्याउने खेलमा धेरै

✍ *सह प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर*

व्यक्तिहरू लागेका थिए। तीमध्ये कुनै व्यक्ति पनि तत्कालीन बिग्रँदो राजनीतिक अवस्थालाई नेतृत्व दिई सम्हाल्ने क्षमता भएका थिएनन्। त्यसमा पनि राजा राजेन्द्र विक्रम शाह जस्ता कमजोर व्यक्ति राजगद्दीमा रहेको हुँदा राजनीतिमा चासो राख्ने धेरै मानिसहरू त्यसमा खेल्न सफल भएका थिए। आफूले देशको शासनसत्ता राम्रोसँग परिचालन गर्न नसकेपछि राजा राजेन्द्र विक्रम शाहले आफ्ना अधिकारहरू कान्छी महारानी लक्ष्मीदेवीलाई नायवीमा नियुक्त गरी हस्तान्तरण गरिदिएका थिए। महारानी लक्ष्मीदेवीले अधिकार पाएपछि मनमा पाप पलाउँदा युवराज सुरेन्द्रको हत्या गरी आफ्ना छोरा रणेन्द्र विक्रम शाहलाई राजा बनाउने खेलमा लाग्न थालिन्। त्यस्तो अवस्थामा उनलाई झुट्टा आश्वासन देखाएर देशको राजनीतिक शक्ति आफ्नो हातमा लिन चाहने महत्वाकांक्षी व्यक्तिका लागि त्यो एउटा अवसर र अनुकूल अवस्था बन्न पुगेको थियो (थापा, २०३० : १७)। त्यो अवसरको फाइदा उठाएर जङ्गबहादुर कुँवर जस्ता अवसरवादी व्यक्ति देशको शासनसत्ता आफ्नो हातमा लिन सफल भएका थिए।

जङ्गबहादुर राणाको शानसकाल (सन् १८४६-१८७७) मा उनी र उनको परिवारका विरुद्ध धेरै षडयन्त्रहरू र हत्याका प्रयासहरू भएका थिए किनकि उनको राजनीतिक सत्तारोहण पनि कोत र भण्डारखाल जस्ता हत्याकाण्ड र राजनीतिक षडयन्त्रका माध्यमबाट भएको थियो। त्यस्ता षडयन्त्रहरू मुख्य रुपमा कोत, भण्डारखाल जस्ता हत्याकाण्डबाट आफ्नो शक्ति गुमाएका, देशका पुराना उच्च पदस्थ र राजनीतिमा सङ्लग्न रहँदै आएका व्यक्तिहरू तथा आफ्नै भाइभतिजाहरूबाट समेत भएका थिए (दाहाल, २०५३ : २३२-२३३)। पाँडे, बस्न्यात र थापा जस्ता तत्कालीन प्रभावशाली उच्च मानिएका घराना परिवारका सदस्यहरू राणा वंशको बर्चश्वलाई स्वीकार गर्न तयार थिएनन्। त्यस्ता असन्तुष्ट समूहहरूले जङ्गबहादुर र राणा शासन विरुद्ध समेत गोप्य रुपमा गठबन्धन निर्माण गरी आफ्नो गुमेको शक्ति पुनः प्राप्त गर्न चाहन्थे। तर जङ्गबहादुरले अत्यन्त प्रभावकारी गुप्तचर प्रणाली स्थापना गरेको हुँदा ती अधिकांश षड्यन्त्रहरू कार्यान्वयन हुनुभन्दा अगाडि नै पर्दाफास हुने र षड्यन्त्रकारीहरू कडा दण्ड भोग्न बाध्य हुने गरेका थिए।

महारानी लक्ष्मीदेवीको कलुषित अभिलाषा पुरागर्नेतर्फ जङ्गबहादुर अग्रसर नदेखिएपछि उनका विरोधीहरूलाई उचालेर रानीले भण्डारखालमा उनलाई मार्ने प्रयास गरिन् तर चतुर जङ्गबहादुरले गुप्तचरको माध्यमबाट सबै कुरा पहिले नै जानकारी पाएपछि रानीले नै देश छोडेर विदेश पलायन हुन वाध्य हुनुपरेको थियो (मिश्र, २०६० : ९०)। महारानीसँगै बनारस गएर बस्दा भारतीय भूमिमा निर्वासित जस्तै भएका राजा राजेन्द्र विक्रम शाहलाई कोत र भण्डारखालमा उम्कन सफल

भई विदेशिएका केही व्यक्तिहरूले उक्साएको भरमा अलौ काण्ड घटाए जसको माध्यमबाट जङ्गबहादुर अझै शक्तिशाली भए। सन् १८५१ मा बेलायतको यात्राबाट फर्केको लगत्तै केही भाइहरूले उनका विरुद्ध गरेको षड्यन्त्र पनि पर्दाफास हुँदा उल्टै षडयन्त्रकारीको बिल्लिबास भयो। त्यो षड्यन्त्रमा राजा सुरेन्द्रका केही निकट सदस्यहरू पनि संलग्न भएको मानिएको थियो जसले जङ्गबहादुरलाई आफ्नो शक्तिको लागि खतरा ठानेका थिए (राणा, २०७४ : ६२)। तर ती षडयन्त्रहरू पनि कार्यान्वयनको चरणमा पुग्नु अगावै जङ्गबहादुरले जानकारी पाइसक्ने गर्दा कुनै पनि षडयन्त्रहरू सफल हुन सकेका थिएनन्। सन् १८५३ मा केही अवकाशप्राप्त सैनिक अधिकारीहरू जङ्गबहादुरको निरङ्कुश शसनका विरुद्ध उत्रने प्रयास गरेका थिए तर गुप्तचरहरूले त्यो षड्यन्त्रलाई पनि असफल पारिदिए। जङ्बहादुरका विरुद्ध जति पनि षडयन्त्रहरू भए ती सबैजसो निष्क्रिय हुन पुगे।

जङ्गबहादुरका विरुद्ध जति पनि षड्यन्त्रहरू हुन्थे त्यसबाट पाठ सिकेर उनी अझै शक्तिशाली बन्दै जाने गरेका थिए। नयाँ नयाँ हत्याका प्रयास र षड्यन्त्रका बाबजुद जङ्गबहादुर राणाले आफ्नो रणनीतिक बुद्धिमत्ता र कठोर दमन नीतिबाट सत्ता जोगाइराख्न सफल भएका थिए (यादव, २०५७ : १७४)। उनले अफूले प्राप्त गरेको नेपालको राजसत्ता आफ्नो परिवारभित्रै सिमित राख्नका लागि कठोर प्रशासनिक प्रणाली लागु गरेका थिए। राज्यको उच्च पदहरूमा आफ्नै भाइभतिजा, परिवारका सदस्यहरू र विश्वासिला नातेदारहरूलाई नियुक्त गर्ने गरेका थिए। यसले गर्दा शाहवंशीय राजालाई औपचारिक भूमिकामा मात्र सिमित तुल्याई दिए (ल्याण्डन, सन् १९७६ : १५९)। यसका साथै उनले भारत स्थित ब्रिटिश इस्ट इन्डिया कम्पनीसंग सुमधुर कूटनीतिक सम्बन्ध कायम गरी आफ्नो शासनलाई बाह्य रुपबाट समेत समर्थन दिलाउन सक्षम भएका थिए। यसरी बाह्य र आन्तरिक रुपमा आफ्नो शक्ति विस्तार गरेका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरका विरुद्ध निरन्तर रुपमा भएका षडयन्त्र र हत्याका प्रयासहरूले उनको शासनको जग हल्लाउन सकेनन् (गुप्ता, सन् १९६४ : १४)। उल्टो तिनीहरूले जङ्गबहादुरलाई अझै शक्तिशाली र सचेत तुल्याउने अवसर प्रदान गरे। प्रतिस्पर्धीहरूलाई निर्ममतापूर्वक दमन गर्दै उनले कठोर अनुशासन र बफादारीको संस्कार निर्माण गरी शासन व्यवस्थालाई आफू केन्द्रीत बनाउन सफल भएका थिए। यसले गर्दा नेपालमा १०४ वर्षसम्म जहानीया राणा शासन कायम रहन सम्भव भएको थियो।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धानमूलक लेख गुणात्मक विधिमा आधारित भएर लेखिएको छ। त्यसैले यस लेखमा कुनै तालिका तथा चार्टको प्रयोग गरिएको छैन। गुणात्मक

विधिमा आधारित स्रोतहरू पुस्तकालयीय विधिमा आधारित भएर सङ्कलन गरिएको छ। लेखमा नेपालको इतिहासमा केन्द्रित रहेका विश्वासयोग्य पुस्तकहरूलाई आधार बनाइएको छ। प्राप्त स्रोतहरूका आधारमा लेख तयार पार्दा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ।

**विषयवस्तुको विश्लेषण**

पृथ्वीनारायण शाहकै समयदेखि गोरखाबाट उपत्यका पसेका गोरखाली कुँवरहरूमध्ये रामकृष्ण कुँवरले धेरै स्थानमा सेनापति भएर नेपालको एकीकरण अभियान चलाएका थिए। नेपालका शाहवंशीय राजाहरू जस्तै गरी कुँवरहरू पनि भारतको चित्तौरगढबाट नेपाल पसेको भन्ने तर पूर्ण विश्वासिलो मान्न नसकिने वंशावली तयार पारेको पाइन्छ। कस्तो वंशावली तयार पारिएको थियो भन्ने उत्सुकता हुनसक्ने ठानी काल्पनिक नै हो भने पनि त्यसको विवरण यसप्रकार रहेको पाइन्छ। उक्त उपलब्ध विवरण अनुसार तत्कालीन चित्तौरगढ राज्यका उच्च पदस्थ भारदारीमा रहेका तक्ता राणाका भतिजा फकतसिंह राणाका छोरा रामसिंह राणा चित्तौरगढमा मुस्लिम आक्रमण भई त्यो राज्यको पतन भएपछि चारजना साथीहरूका साथ पहाड पसेका थिए। चित्तौरगढमा राजपरिवारसँग निकट रहेका रामसिंह राणा पहाडी राजाको निकटमा पुगे। पहाडी राजाले उनलाई स्वागत सत्कार गरी आश्रय दिए। केही समयपछि राजाको आग्रहमा उनले विनातिका बगाले क्षेत्री राजाकी छोरीसँग विवाह गरे। उनीबाट छ भाइ छोरा जन्मिए। केही समय पछि ती पहाडी राजाको सतानकोटका राजासँग युद्ध भयो। त्यो युद्धमा रामसिंह राणाका छ भाई छोराहरूले ठूलो वीरताका साथ सघाएकाले पहाडी राजाले उनीहरूलाई कुँवर खँड्काको उपाधी दिए (शर्मा, २०३३ : ३१५)। राजाले ती छ भाइहरूमध्ये एकभाइ राउत कुँवरलाई आफ्नो फौजको अधिकारीमा नियुक्त गरे। ती अधिकारी राउत कुँवरका छोरा अहिराम कुँवर थिए। ती अहिराम कुँवरलाई कास्कीका राजाले आफ्नो राज्यमा डाकेर भारदारमा नियुक्त गरे। पछि कास्कीका राजासँग उनको विवाद भएपछि उनी त्यहाँबाट सपरिवार गोरखामा आएर बसे। त्यसको केही समयपछि गोरखाका राजा पृथ्वीनारायण शाहले अहिराम कुँवरलाई जागिर दिए। ती अहिराम कुँवरका रामकृष्ण कुँवर र जयकृष्ण कुँवर नामका दुईभाई छोरा भए। तिनै रामकृष्ण कुँवरका नाति रणजित कुँवरका छोरा बालनरसिंह कुँवर राजप्रसाद सेवामा जागिरे भई रणबहादुर शाहका अङ्गरक्षक भएका थिए (प्रधान, सन् २०१२ : १९३)। २४ अप्रिल १८०६ मा रणबहादुर शाहमाथि उनकै भाइ शेरबहादुर शाहले साङ्घातिक आक्रमण गरी हत्या गरेपछि बालनरसिंह कुँवरले हत्याराको तत्काल ज्यान लिएका थिए। त्यही समयदेखि कुँवरहरू राजदरवारका बढी नै विश्वासिला

व्यक्ति सावित हुन पुगेका थिए। बालनरसिंह कुँवरको त्यो साहसिलो कार्यको प्रोत्साहन स्वरुप उनलाई पदोन्नति गरी काजी पदमा नियुक्त गरिएको थियो। तिनै बालनरसिंह कुँवरकी द्वितीय पत्नी गणेश कुमारीको गर्भबाट १८ जुन १८१७ मा वीरनरसिंह कुँवरको जन्म भएको थियो। पछि तिनै वीरनरसिंह कुँवर जङ्गबहादुरका नामले परिचित हुन पुगेका थिए। गणेश कुमारी माथवरसिंह थापाकी बहिनी थिइन्।

तत्कालीन समयको बालविवाह गर्ने प्रचलन अनुसार ११ वर्षको उमेरमा वीरनरसिंह कुँवरको विवाह प्रसादलक्ष्मीसँग १ मे १८२८ मा भएको थियो। सन् १८३३ मा १६ वर्षको उमेरमा उनी नेपाली सेनाको सुवेदार पदमा नियुक्त भई जागिरे भएका थिए। सन् १८३५ मा पदोन्नति भएर उनी सेकेण्ड लप्टन भए। तर सन् १८३७ मा भीमसेन थापाको पतनसँगै थापा र थापा परिवारसँग नाता जोडिएका ज्वाइँचेला, भान्जाभान्जीहरूको समेत जागिर खोसियो। त्यही क्रममा बाबुछोरा बालनरसिंह र वीरनरसिंह कुँवर दुवैको जागीर जानाको साथै सर्वश्वहरण भयो। जागीर र सम्पत्ती दुवै गुमेपछि विचल्लीमा परेका वीरनरसिंह कुँवर जागीर खोज्दै भारतको बनारस पुगे तर त्यहाँ पनि भनेजस्तो जागीर पाउन नसकेपछि उनी नेपालको तराई क्षेत्रमा आएर जङ्गली हात्ती पक्रेर विक्रीवितरण गरी जीवन निर्वाह गर्न थाले। यसबाट पनि खास आम्दानी हुन नसकेपछि उनी जनवरी १८३९ मा काठमाडौं फर्किए। उपत्यकामा फर्केपछि यहाँका केही पुराना भारदारहरूसँग उनको सम्पर्क बढ्दै गयो।

सन् १८४० मा राजा राजेन्द्र विक्रम शाह हात्ती खेदा गर्न तराईतर्फ गए। त्यो सवारी दलमा भाग्यबस वीरनरसिंह कुँवर पनि सामेल हुन पाए। हात्ती खेदा गर्ने क्रममा उनले अत्यन्त कुशलतापूर्वक बहादुरी प्रदर्शन गर्दा राजा राजेन्द्र विक्रम शाह उनीबाट ज्यादै प्रभावित भएर क्याम्पमा नै उनलाई कप्तानको जागीर दिए। उपत्यका फर्केपछि राजेन्द्र विक्रम शाहले वीरनरसिंह कुँवरलाई युवराज सुरेन्द्र विक्रम शाहको अङ्गरक्षक दलमा खटाइदिए। त्यो समयमा पनि उनले आफ्नो योग्यता कुशलतापूर्वक प्रदर्शन गर्दै युवराजलाई निकै रिझाए। त्यसको केही समयपछि उनलाई त्यहाँबाट सरुवा गरी राजाकै गारतमा खटाइयो। त्यहाँ उनलाई काजी पद दिएर निजामती तर्फ कुमारीचोक अड्डाको हाकिम बनाइयो। त्यो समयमा उनले देशको राजश्व, आम्दानी, खर्चको सबै हिसावकिताव बुझ्ने अवसर पाए।

आधुनिक नेपालको इतिहासमा पृथ्वीनारायण शाहको देहावसानपछि शुरुभएको राजनीतिक अस्थिरताको परिणाम स्वरुप जहानीया राणा शासनको उदय भएको थियो। कलिलो उमेरका युवराज गद्दिनशीन हुने र नजिकका नातेदारले नायवी चलाउने गर्दा राजनीतिक अस्थिरता बढ्दै गएको अवस्थामा राजेन्द्र विक्रम शाह जस्ता कमजोर व्यक्ति राजगद्दीमा रहेका र उनकी कान्छी महारानी लक्ष्मीदेवीले

राजाको अधिकार आफ्नो हातमा लिएको अवसर पारेर दरवारकै निकटमा रहेका वीरनरसिंह कुवरले कोतपर्वमार्फत देशको राजनीतिक शक्ति आफ्नो हातमा लिन सफल भएका थिए। पछि जङ्गबहादुर राणाको नामले परिचित ती वीरनरसिंह कुँवरले कोतपर्वको नरसंहारबाट प्राप्त शक्तिलाई सुदृढ बनाउँदै गरेको समयमा देशको शानससत्ता आफ्नो हातमा आएपछि राजा राजेन्द्र विक्रम शाहकी कान्छी महारानी लक्ष्मीदेवीले वीरनरसिंह कुँवर वा जङ्गबहादुरलाई युवराज सुरेन्द्र विक्रम शाह र उनका भाइ उपेन्द्र विक्रम शाहको तत्काल हत्या गरी आफ्ना छोरा रणेन्द्र विक्रम शाहलाई राजा बनाउन पत्र पठाइन्। त्यो समयसम्म जङ्गबहादुर कुँवर शक्तिशाली भइसकेका कारण उनले रानी लक्ष्मीदेवीको आदेशलाई नैतिक, धार्मिक र मानवीय दृष्टिबाट साह्रै अनुचित हुने भन्ने भाकाको पत्र लेखी रानीको आदेश पालन गर्नुको सट्टा युवराजको हत्या गर्ने जस्तो अनैतिक, अमानवीय, जघन्य अपराध र देशद्रोही कार्य गर्ने प्रयत्न गरेको आरोपमा रानीलाई तत्काल कैद गरी देशको कानुन बमोजिम दण्ड गर्नुपर्ने चेतावनी दिए (ल्याण्डन, १९७६ : १२६)। मामा माथवरसिंह थापाले जङ्गे भनी बोलाउने गर्दा जङ्गबहादुर नाम रहन गएका वीरनरसिंह कुवरको त्यस्तो जवाफ आएपछि रानी लक्ष्मीदेवी ज्यादै क्रोधित भई त्यसको बदला स्वरुप उनको हत्यागर्ने योजनामा लाग्न थालिन् (कर्माचार्य, सन् २००५ : १२१)। त्यस कार्यलाई पुरा गर्न उनले वीरध्वज बस्नेतलाई तामा, तुलसी, हरिवंश समाती टाउकोमा राख्न लगाई कसम खुवाइन् र जङ्गबहादुरको हत्या गर्ने जिम्मा लगाइन्। कोतपर्वको हत्याकाण्डपछि युवराज सुरेन्द्र र उनका भाइ उपेन्द्र विक्रम शाहलाई पनि नजरबन्दमा राखिएको थियो। वीरध्वज बस्नेतलाई जङ्गबहादुर कुँवरको हत्यागर्न सफल भएमा प्रधानमन्त्री पदमा नियुक्त गर्ने र त्यो पद उनकै सन्तान दरसन्तानले उपभोग गर्दै जान पाउने आश्वासन महारानी लक्ष्मीदेवीले दिएकी थिइन् (राणा, सन् १९०९ : ८८)।

भण्डारखाल मार्फत उनलाई मार्ने जिम्मेवारी पाएपछि वीरध्वज बस्नेतले जङ्गबहादुरलाई राजा राजेन्द्र विक्रम शाह वा युवराज सुरेन्द्र विक्रम शाहको कोठामा सुत्न लगाउने र त्यही रात राजा र युवराजको हत्या गरी त्यसको दोष जङ्गबहादुरलाई लगाएर यही अभियोगमा उनलाई र उनका सम्पूर्ण समर्थकहरूलाई सखाप पार्ने योजना बनाए (अधिकारी, २०७८ : ६१७)। यता जङ्गबहादुर रानी लक्ष्मीदेवीको व्यवहार र उनको कलुषित भावना पूरा गर्न नसके आफ्ना विरुद्ध षयडन्त्र हुनसक्छ भन्ने कुरामा शुरुदेखि नै सचेत थिए। त्यसका लागि उनले होसियार भएर परिस्थिति अनुरुप कार्य गर्ने प्रयत्न गरिरहेका थिए। जङ्गबहादुरलाई दरवारमा सुत्न लगाएर राजा र युवराजको हत्या गरी उनलाई त्यसको दोष लगाउने योजना अनुरुप कार्य सफल हुन नसके पछि दोस्रो विकल्पका रुपमा बजिरसिंहको

नेतृत्वमा भण्डारखालमा सैनिकहरू नदेखिने गरी तैनाथ गराउने र महारानीबाट नै जङ्गबहादुरलाई भण्डारखालको भोजमा निमन्त्रणा गर्ने, अनि त्यो भोजमा उपस्थित हुनासाथ उनलाई बजिरसिंहको इशारा अनुसार गोली हानेर हत्या गर्ने योजना बनाइयो ।

भण्डारखाल बगैंचामा भोजको आयोजना गरी सुरुमा सके जङ्गबहादुरलाई बिषपान गराएर हत्या गर्ने र बिषपान गराउन नसकेमा गोलीले उडाइदिने योजना बनाएका थिए । त्यो योजना पूरा गर्न ४०/४५ जवान सेना बन्दुक लिई भण्डारखालको छेउमा लुकेर बस्ने बन्दोबस्त गरिएको थियो । त्यो काममा दरवारका पण्डित विजयराज पाण्डेले पनि सघाउने र केही प्राप्ति गर्ने मनसाय राखी रानीको पछि लागेका थिए तर त्यस विषयमा रानीको त्यति चासो नदेखेपछि उनी निष्क्रिय बन्दै गएका थिए । त्यस्तो अवस्थामा चतुर जङ्गबहादुरले दरवारका गतिविधिको जानकारी दिनेलाई गुप्तचरका रुपमा काम गराउने र धनको प्रलोभन देखाउने योजना बनाएका थिए । यो कुरा थाहा पाएपछि पण्डित विजयराज जङ्गबहादुरपट्टि ढल्किन थाले । यस्तो आश्वासन पाएका विजयराज पाण्डे र कान्छी महारानी लक्ष्मीदेवीकी एकजना दासी पुतलीमैयाले दरवारमा जङ्गबहादुरका विरुद्ध भएको षडयन्त्र वा भण्डारखालमा जङ्गबहादुरलाई मार्ने योजनाको पोल खोलिदिएका थिए ।

कोतपर्वको समयदेखि नै जङ्गबहादुरले दरवारमा के कसो हुँदै छ भन्ने एक-एक कुरा बुझ्न त्यहीका विश्वासिला भनिएका व्यक्तिहरूलाई आफ्ना गुप्तचरहरूका रुपमा तयार पारेर राखेका थिए । तिनीहरूले दरवार भित्रका गोप्य कुराहरू बुझेर गुप्त रुपमा जङ्गबहादुरलाई बेलाबेलामा सूचना प्रवाह गर्दै आएका थिए । कान्छी महारानी लक्ष्मीदेवीकी एकजना पुतली नानीलाई जङ्गबहादुरले केही अगाडिदेखि नै मायाजालमा पारेर नजिकको मान्छे बनाउँदै आएका थिए । त्यसैगरी दरवारका भित्री पूजाकोठे विजयराज पाँडेलाई पनि उनका सन्तान दरसन्तालाई दरवारको भित्री पूजाकोठे पण्डित कायम गरिदिने प्रलोभन देखाएर गोप्य रुपमा आफ्ना विश्वासिला गुप्तचर तुल्याएका थिए (राणा, २०७० : ४३) । त्यही क्रममा जव दरवारमा जङ्गबहादुरलाई जस्तोसुकै परिस्थितिमा पनि हत्या गर्ने भन्ने कुरा बुझिएपछि पुतली नानीले त्यो कुरा विजयराज पाँडेलाई सुनाइन् र विजयराज पाँडे गोप्य रुपमा जङ्गबहादुरको निवास लगनटोलमा गएर आफूले जानकारी पाएका कुरा सविस्तार सुनाइदिए ।

आफ्ना विरुद्ध राजदरवारमा भएका सबै गोप्य कुरा थाहा पाई रिसले आगो भएर बसेका जङ्गबहादुरलाई महारानीबाट भण्डारखालको भोजमा छिटो आउनु भन्ने हुकुम भएको छ भनी बोलाउन शुरुमा राजदरवारका प्यादा जङ्गबहादुरको निवासमा

पुगेका थिए । म हाजिर भइहाल्छु तँ जाँदैगर भनी हुकुम स्वीकार गरी उसलाई दरवारतिर पठाएर आफूसँग भएका दुई कम्पनी जति आफ्ना विश्वासिला सैनिकहरूलाई हातहतियारले सुसज्जित गराएर साथमा लिई जङ्गबहादुर भण्डारखाल दरवारतिर जाने तयारी गरे । त्यही समयमा जङ्गबहादुरलाई छिटो हाजिर गराउन रानी लक्ष्मीदेवीले फेरी वीरध्वज बस्तेनलाई उनको निवासतर्फ पठाइन् । त्यो समयमा जङ्गबहादुर ६ पल्टन सशस्त्र सेना र भाइहरूकासाथ दलबलसहित जोरगणेश मन्दिरनिर पुगेको समयमा उताबाट बीरध्वज बस्नेत जङ्गबहादुरलाई ताकेता गर्न भनी आउँदै गर्दा बाटैमा भेट भयो । दुवैका बीचमा केहीबेर भनाभन भयो । त्यसपछि प्रधानमन्त्रीको हत्या गर्न खोजेको फल यही हो भन्दै रणमेहरलाई लगाएर तरवारले दुई टुक्रा पारिदिए । त्यसपछि उनीहरू छिटोछिटो भण्डारखालमा पुगे । भण्डारखाल बगैंचामा पुग्नासाथ उनले त्यहाँ तैनाथ सैनिकहरूलाई आत्मसमर्पण गर्न आदेश दिए । जतिजनाले आत्मसमर्पण गरे, तिनीहरूलाई तत्काल कैद गरे भने आत्मसमर्पण गर्न नमान्ने २३ जनालाई गोली हानी हत्या गरिदिए (शर्मा, २०५१ : १५९) । त्यहाँ तैनाथ रहेका सैनिकहरूमध्ये १७ जना पर्खाल नाघेर भाग्न सफल भएका थिए । यसरी भण्डारखालमा जङ्गबहादुरलाई मार्न तयार भएका केही षडयन्त्रकारीहरू आफै मारिन पुगेका थिए । भोलिपल्ट यो काण्डमा मुछिएका सबैको सर्वश्वहरण गरियो ।

भण्डारखाल हत्याकाण्ड भएको दिन ३१ अक्टोवर १८४६ को साँझ प्रधानमन्त्री जङ्गबहादुरले राजा राजेन्द्र विक्रम शाहको नामबाट विशेष भारदारी सभा बोलाए । त्यो भारदारी सभामा जङ्गबहादुरका भाइहरू बमबहादुर, बद्रीनरसिंह, कृष्णबहादुर, राणेद्दीपसिंह, जगतशमशेर र धीरशमसेर पनि उपस्थित थिए । त्यो भारदारी सभाबाट महारानी लक्ष्मीदेवीले युवराजाधिराज र प्रधानमन्त्रीको समेत हत्या गर्न खोजेको आरोपमा महारानीलाई दिइएका सबै अधिकार फिर्ता लिई उनलाई नजरबन्द गर्ने आदेश राजाबाट गराए । यसका अतिरिक्त महारानीलाई देशका होना-हार १०० जनाभन्दा बढी राजनीतिज्ञहरूको हत्या गराएको, देशमा अशान्ति ल्याएको जस्ता अन्य दोषहरू पनि लगाइयो । त्यो भारदारी सभाले महारानी लक्ष्मीदेवी नेपालमा रहुन्जेल धनजनको सुरक्षा नहुने हुनाले उनलाई बनारस पठाउनु उचित हुन्छ भन्ने निर्णय पनि गरेको थियो (राणा, सन् १९०९ : ८८) । यस्तो निर्णय सुनेपछि महारानी लक्ष्मीदेवीले पनि नेपालमा नजरबन्दको जीवन विताउनुभन्दा आफ्ना दुई भाइ छोराहरू रणेन्द्र विक्रम शाह र वीरेन्द्र विक्रम शाहलाई साथमा लिएर बनारस जाने निर्णय गरिन् । त्यो कुरा सुनेपछि राजा राजेन्द्र विक्रम शाहले पनि बनारसमा तीर्थ गर्न जाने इच्छा जङ्गबहादुरलाई सुनाए । त्यो कुरा सुनेपछि जङ्गबहादुर मनमनै ज्यादै

खुशी भए। योजना अनुसार २३ नोवेम्बर १८४६ का दिन राजा राजेन्द्र विक्रम शाह र महारानी लक्ष्मीदेवी उनका दुई भाइ छोरा र अन्य सुसारे तथा अङ्गरक्षकहरूका साथ ३१ लाख नगद र १५ लाख बराबरको ज्वाहरत लिई बनारसतर्फ लागे। यसका अतिरिक्त महारानी लक्ष्मीदेवीले आफ्नो साथमा रहेको १३ लाख नगद र अन्य प्रशस्त गरगहनाहरू पनि साथमा लगेकी थिइन् (राणा, सन् १९०९ : ८९)। यसरी जङ्गबहादुरका विरुद्ध भएका क्रमबद्ध षडयन्त्रहरूको पर्दाफास गर्न सफल हुँदा उनी अझै शक्तिशाली बन्दै गएका थिए।

**राजेन्द्र विक्रम शाहको षडयन्त्र**

राजा राजेन्द्र विक्रम शाहलाई स्वदेश फर्कन जङ्गबहादुरले खवर पठाएका थिए तर उनी फर्केनन्। यसरी राजा नफर्केपछि जङ्ग बहादुरले युवराज सुरेन्द्रलाई १२ मे १८४७ को राती राज्याभिषेक गराए। त्यसको भोलिपल्ट जंगी र निजामती दुवैतर्फका ३७० जना अफिसरहरूबाट त्यस कार्यलाई अनुमोदन गराए (शर्मा, २०३३ : ३१८)। त्यही समयमा उता नेपालका विभिन्न हत्याकाण्डहरूमा ज्यान जोगाएर भागी बनारस पुगेका केही व्यक्तिहरू गुरुप्रसाद शाह, रंगनाथ पौड्याल, जगतबम पाँडे आदिले राजेन्द्र विक्रम शाहलाई जङ्गबहादुरको हातबाट शक्ति खोसेर लिन सुझाव दिए। यसका लागि उनीहरूले राजालाई स्वयमसेवक दल गठन गर्न सुझाव दिए। यसका साथै राजा राजेन्द्र विक्रम शाहले जङ्गबहादुरको हत्या गर्न भनी दुई पटकसम्म केही मानिसहरू नेपाल पठाएका थिए तर जङ्गबहादुरका गुप्तचरहरूले यो कुरा पत्ता लगाई उनीहरूको हत्या गरिदिएका थिए। यसरी हत्याको प्रयास असफल भएपछि राजा राजेन्द्र विक्रम शाहले नेपाली सेनालाई जङ्गबहादुरका विरुद्ध बिद्रोह गर भन्दै गोप्य रुपमा पत्र पठाएका थिए (शर्मा, २०५१ : १५९)। तर विदेशमा रहेका राजाको आदेश सेनाले पालन गरेनन्। यसरी जङ्गबहादुरका विरुद्धका षडयन्त्रहरू सफल हुन नसकेपछि राजाले ३० लाख नगद दिएर गुरुप्रसाद शाहलाई स्वयमसेवक दल खडा गर्न पठाए (राणा, सन् १९०९ : ९१)। त्यही समयमा राजेन्द्र विक्रम शाहले भारतस्थित कम्पनी सरकारसँग सहयोग लिएर जङ्गबहादुरसँग मुकाविला गर्ने योजना पनि बनाएका थिए तर इस्ट इण्डिया कम्पनी सरकारले सहयोग गर्नुको सट्टा राजा राजेन्द्र विक्रम शाहलाई भारतीय भूमिमा बसेर जङ्गबहादुरका विरुद्ध षडयन्त्र गर्न प्रतिबन्ध लगायो (शर्मा, २०५१ : १६०)। त्यसपछि नेपाली जनताकै सहयोग लिएर जङ्गबहादुरसँग लड्ने निर्णय गरी ४ रेजिमेन्ट स्वयमसेवक दललाई साथमा लिएर वीरगञ्ज नजिकै अलौ भन्ने स्थानमा आई किल्ला बाँधेर बसे। उनका स्वयमसेवक दलका प्रत्येक रेजिमेन्टमा ५०० जवान थिए। राजा राजेन्द्र विक्रम शाहले नेपालमा आक्रमण गर्दा नेपाली सेनाले आफूलाई साथ दिने अनुमान

गरेका थिए। यसरी राजाले अलौमा आक्रमण गरेको सूचना पाएपछि जङ्गबहादुरले सनकसिंह टण्डन र बलभद्र माझीको नेतृत्वमा एक पल्टन गोरखनाथ फौज त्यसतर्फ पठाए। त्यसको लगत्तै फेरी भाइ बमबहादुरको नेतृत्वमा तीनपल्टन जति थप सेना वीरगञ्ज पठाए। २७ जुलाई १८४७ मा काठमाडौंबाट गएका सेनाले राजेन्द्र विक्रम शाहको स्वयमसेवक सेनामाथि एक्कासी आक्रमण गर्दा २०० जति स्वयमसेवक दलका सेना मारिए। यसरी एक्कासी आक्रमण भएपछि ती स्वयमसेवक सेनाको भागाभाग भयो। राजेन्द्र विक्रम शाह पनि हात्तीमा चढेर भाग्दै गरेको अवस्थामा काठमाडौंबाट गएका नेपाली सेनाबाट उनी समातिए। उनलाई युद्धबन्दीका रुपमा उपत्यकामा ल्याएर शुरुमा भक्तपुर दरवारमा र पछि हनुमानढोका दरवारमा बन्दी बनाएर राखियो। पछि सन् १८८१ मा बन्दी अवस्थामा नै उनको मृत्यु भयो।

**गुरुप्रसाद शाहको षडयन्त्र**

अलौ पर्वको घटनाबाट भाग्न सफल भएका गुरुप्रसाद शाहले अर्को कुनै तरिका अपनाएर भए पनि जङ्गबहादुरको हत्या गर्नु पर्ने भनी योजना बनाए। त्यो योजना अनुसार उनले दरवारकी एक दासीमार्फत जङ्गबहादुरको खानामा बिष हालेर हत्या गर्ने तयरी गरेका थिए। तर त्यो कुरा जङ्गबहादुरले दरवारकै कुनै गुप्तचरबाट जानकारी पाए (शर्मा, २०३३ : ३२८)। यसरी जङ्गबहादुरको हत्या गर्ने गुरुप्रसाद शाहको योजना पनि असफल भयो। उनले सन् १८५१ मा जङ्गबहादुर समक्ष आत्मसमर्पण गरेका थिए।

**कप्तान भोटुसिंह बस्नेतको षडयन्त्र**

कप्तान भोटुसिंह बस्नेतले सन् १८५२ को नोभेम्बर महिनामा जङ्गबहादुर र उनका भाइहरूको हत्या गर्ने योजना बनाएका थिए। यसको पनि भेद खुलेका कारण भारदारी बोलाएर यसका नाइकेहरूलाई मृत्यदण्ड दिने निर्णय गराएका थिए। तर पछि मृत्युदण्डको सजायलाई आजीवन काराबासमा राख्ने भनी निर्णयमा परिवर्तन गराएका थिए।

**लखन थापाको षडयन्त्र**

सन् १८५७ को मार्च महिनामा गोरखाको बुंकोट निवासी मोक्षमण्डलीका सन्त लखन थापा मगरले पनि जङ्गबहादुर राणाका विरुद्धमा षडयन्त्र गरेका थिए। उनले आफूलाई कथामा उल्लेखित सन्त लखन थापाको अवतार घोषित गरी मनकामना भगवतीले आफूलाई जङ्गबहादुरको हत्या गरी नेपालको शसन गर्नु भन्ने निर्देशन भएको छ भनी हल्ला मच्चाए (शर्मा, २०३३ : ३१४)। त्यसपछि उनले जङ्गबहादुरका विरुद्धमा सङ्गठन गर्न सुरु गरे। उनको सङ्गठनमा केही

भूतपूर्व सैनिक र गाउँघरका केही सोझासिधा धर्मभिरु मानिसहरू समावेश हुँदै गए। आफ्ना विरुद्ध लखन थापाले षडयन्त्र गरेको र मानिसहरू एकत्रित गर्दै गएको कुरा जङ्गबहादुरले गुप्तचरमार्फत थाहा पाए। त्यसपछि उनले आठपहरिया सिपाही दललाई गोरखा पठाएका थिए। त्यो सैन्य दलले गोर्खा पुगेर लखन थापाको मठमा छापा मार्‍यो। त्यो समयमा लखन थापासहित ८ जना मानिसहरू गोप्य रुपमा बैठक बसिरहेका थिए। त्यसैले उनीहरू एकैसाथ पक्राउ परे। मठमा सिपाहीले खानतलासी गर्दा ६० थान बन्दुक र केही अन्य हातहतियार फेला परेकाले त्यो पनि कब्जामा लिए। ती सिपाहीहरूले लखन थापा, उनका सहयोगी र प्राप्त हातहतियार समेत जङ्गबहादुर समक्ष पेश गरे। जङ्गबहादुरले त्यो सङ्गठनलाई जरैदेखि निर्मूल पार्न उनीहरू सबैलाई मृत्युदण्डको फैसला सुनाए। त्यो फैसला सुनाएको निकै समयपछि लखन थापालाई आफ्नै मठमा र अन्य ७ जनालाई मनकामना माईको मन्दिर अगाडि झुण्ड्याएर मृत्युदण्ड दिए। उनका अन्य केही सहयोगीहरूलाई समेत कठोर काराबासको सजाय दिइयो (शर्मा, २०२० : ९१)। त्यसरी कठोर काराबासको सजाय पाउने मानिसहरू १२ जना थिए (जोशी र रोज, सन् १९६६ : ४३)। यसलाई नेपालको इतिहासमा जङ्गबहादुर विरुद्धको पहिलो विद्रोह पनि भन्ने गरिन्छ (गौतम, २०४६ : २४)। लखन थापाको विद्रोहलाई नेपालको इतिहासमा हास्यास्पद विद्रोहको संज्ञा पनि दिने गरेको पाइन्छ।

**जङ्गबहादुरका भाइहरूको षडयन्त्र**

जनवरी २९, १८५१ का दिन जङ्गबहादुर करिव १ वर्षको युरोप भ्रमणपछि नेपालको सरहदमा छिरेका थिए। ताराईमा केही दिन शिकारमा व्यस्त रही उनी ६ फेब्रुअरीका दिन काठमाडौं आइपुगे। जङ्गबहादुर युरोप भ्रमणमा गएका बेला देशको दैनिक प्रशासन हेर्ने जिम्मा उनले आफ्ना भाइहरूलाई दिएका थिए। नेपाल फर्केपछि उनले आफ्ना भाइहरूसँग आफू नभएको समयमा भएको खर्चको हिसाव-किताव माग गरे। त्यो कुरा थाहा पाएपछि उनका भाइहरूलाई खपिसक्नु भएन। जङ्गबहादुरको अनुपस्थितिमा राज्यको हालिमुहाली गर्न पाएका र त्यसको स्वाद चाख्न पाएका उनका भाइहरूले दाजु आएपछि एकाएक उनको शक्ति बढेको देखेर डाहले भुतुक्कै भए (शर्मा, २०५१ : १६६)। त्यसैले भाइ बद्रीनरसिंह, काकाका छोरा जयबहादुर, करवीर खत्री, बमबहादुर आदिले जङ्ग बहादुर समुद्रपार गएको हुनाले उनको जात गएको वा जातिच्युत भइसकेको भन्ने प्रचार गरी उनलाई पदच्युत गरी हत्या गर्ने सडयन्त्र तयार पारे (शर्मा, २०३३ : ३३०)। उक्त षडयन्त्रको योजना अनुसार १७ फेब्रुअरी १९५१ का दिन जङ्गबहादुरको हत्या गर्ने, सुरेन्द्र विक्रम शाहको स्थानमा उपेन्द्र विक्रम शाहलाई राजा बनाउने, बमबहादुरलाई प्रधानमन्त्री

बनाउने र बद्रीनरसिंह राणा कमाण्डर-इन-चिफ हुने व्यवस्था गरिएको थियो (राणा, २०७० : ३१) । नेपाल फर्केको केही समय जङ्गबहादुरले काठमाडौंको तत्कालीन अवस्था बुझ्दै गरेको समयमा १६ फेब्रुअरी १८५१ को राती एकाएक स्वाँ स्वाँ गर्दै रुँदै, कराउँदै जङ्गबहादुरका भाइ बमबहादुर थापाथली दरवारमा आइपुगे। दाजु जङ्गबहादुरलाई देख्नासाथ अझै कराउँदै बलिन्द्र धारा आँसु बगाउँदै रुन कराउन लागे। जङ्गबहादुरले किन यस्तो रोएको ? के भयो ? भनी सोध्दा बमबहादुरले यसरी जवाफ दिए :

"भोलि बसन्तपुर जाने समयमा त्यहाँ बाटामा ढुकेर बसेका हत्याराहरूले गोलीहानी हजुरको हत्यागर्ने योजना भाइ बद्रीनरसिंह र जयबहादुरले ठीक पारेका छन्। हजुर बेलायत गएका बेला लामो पुच्छर भएको भेडाको मासु र अन्य निषेधित खाना खानुभई त्यहाँका मिम नर्तकीहरूसँग लसपस गरी मध्यपान समेत गर्नुभएको भनी हजुरलाई हटाउन लागेका हुन्। हजुरको सवारीसाथ बेलायत गएका करवीर खत्रीले आफ्नै आँखाले हजुरले यसरी जथाभावी खानुभएको देखेको हुँ भनी सही थाप्दै आफू भने शुद्ध रहेको वा केही नखाएको भनिरहेको छ। यो षडयन्त्र सफल भएमा सुरेन्द्रलाई हटाएर उपेन्द्रलाई गद्दीमा राख्ने, बद्रीनरसिंह कमाण्डर-इन-चिफ हुने र म बमबहादुरलाई मिनिष्टर बनाउने यिनीहरूको योजना छ। तर यो काममा मेरो सङ्लग्नता छैन, भएको र सुनेको कुरा समयमा नै जाहेर गर्न आएको हुँ" (राणा, २०७० : ५९-६०)।

यति कुरा भनेपछि बमबहादुर जङ्गबहादुरको खुट्टा समातेर फेरी रुन कराउन थाले। आफ्ना विश्वासिला भनिएका आफ्नै भाइहरूले आफूलाई मार्ने भनी षडयन्त्र गरेको कुरा सुन्दा जङ्गबहादुरलाई केही बेर विश्वास नै भएन। तर विश्वास गर्नै पर्ने भयो भनी आश्चर्य मान्दै तत्कालै गरद, जङ्गी परेठ र पल्टन समेतलाई तुरुन्त तयार रहन आदेश दिए। जाहेरी भएका षडयन्त्रकारीहरूलाई पक्राउ गर्न रणोद्दिपसिंह, जगतशमेर र रणमेहर अधिकारीको नेतृत्वमा छुट्टाछुट्टै सैनिक दल खडा गरी उनीहरूका घर-घरमा छापा मार्न पठाए। ती सैनिक टोलीहरूले राति नै अभियुक्तहरूलाई पक्रेर पाता कसी जङ्गबहादुरको निवास थापाथली दरवारमा उपस्थित गराए। उनीहरूलाई रातभर त्यहीँ चिसो छिडीमा थुनेर राखे। त्यसको भोलिपल्ट विशेष भारदारी सभा बोलाइयो। त्यो सभामा पूर्वराजा राजेन्द्र विक्रम शाह र राजा सुरेन्द्र विक्रम शाहलाई पनि उपस्थित गराइयो। सभा शुरु हुने वित्तिकै जङ्गबहादुरले एक जना सिपाहीलाई करवीर खत्रीको मुखमा पिसाव फेर्न लगाए। सिपाहीले पनि ढिला नगरी फटाफट खत्रीको मुखमा पिसाव फेरिदियो। करवीर खत्री रुँदै कराउँदै माफ पाउँ भनी कराए, चिच्याए तर उनीप्रति कसैले पनि

दयाभावले समेत हेरेनन् (शर्मा, २०५१ : १६६)। त्यो सभामा उपस्थित सबैले जङ्गबहादुरले अब के उपद्रो गर्ने हुन् भनी हेरिमात्र रहे।

भारदारी सभामा शुरुदेखि नै बद्रीनरसिंहले मेरो कुनै दोष छैन, मैले कुनै विराम गरेको छैन भन्दै डाँको छोडेर रोइरहेका थिए। त्यस्तैमा सभाबाट जुरुक्क उठेर जङ्गबहादुरले बद्रीनरसिंहको मुखमा जुत्ताले हिर्काए। जङ्गबहादुरको आशय बुझ्भेपछि सभासद्हरूले पनि यी सबै दोषी हुन् र सबैलाई कडा दण्ड दिनुपर्छ भनी एकस्वरमा कराए। त्यसपछि सभासदहरू कसैले दोषीलाई मृत्युदण्ड दिनुपर्छ भन्ने राय व्यक्त गरे भने कसैले फ्भिर तताएर रातो फ्भिरले आँखामा घोची फुटाएर आजीवन अन्धा बनाइदिनुपर्छ भन्ने राय प्रस्तुत गरे। पूर्वराजा राजेन्द विक्रम शाह र राजा सुरेन्द्र विक्रम शाह भने एक शब्द पनि नबोली हेरेको हेर्‍यै भए। त्यस्तैमा जङ्गबहादुरले यस्तो कडा सजाय दिएँ भने बेलायतको “टाइम्स” अखवारले मलाई के भन्ला ? त्यसैले त्यस्तो कडा सजाय दिनहुन्न भने। अन्त्यमा राजाका भाइ उपेन्द्र विक्रम शाह, बद्रीनरसिंह र जयबहादुरलाई भारतस्थित कम्पनी सरकारसँग सहयोग लिई भारतमा नै कैदमा राख्ने र करवीर खत्रीलाई उपत्यकाबाट चारभञ्ज्याङको डाँडा कटाएर उपत्यका छिर्न प्रतिबन्ध लगाउने भन्ने प्रस्ताव जङ्गबहादुरले भारदारी समक्ष राखे। त्यो प्रस्तावलाई भारदारी सभाले अनुमोदन गर्दै जङ्गबहादुरको जय भनी चिच्च्याएको थियो।

भारदारी सभाबाट तीनजनालाई भारतमा कैद गर्ने भनी फैसला भएपछि नेपाल सरकारले कलकत्तास्थित कम्पनी सरकारलाई नेपालका तीनजना अपराधीलाई भारतको सरहदमा कैद गर्न सहयोग गर्नु भन्ने आशयको अनुरोध पत्र पठायो। शुरुमा केही दिन उनीहरू पनि अलमल्लमा परे र हामीसँग किन यस्तो सामान्य काममा सहयोग मागेको भनी प्रश्न उठाए। तर नेपाल सरकारले फेरी ताकेता गरी पत्र लेखेपछि कम्पनी सरकारका प्रतिनिधिले कैदीको खानपिन र गार्डको खर्च समेत नेपाल सरकारले उपलब्ध गराउने भएमात्र इलाहाबादको एक पुरानो किल्लामा नजरबन्द गरेर राखिदिने जानकारी पठाए। नेपालले पनि शर्त स्वीकार गरी तीनैजना युद्धबन्दीलाई सुरक्षागर्डसहित इलाहाबाद पुर्‍याए। कठोर यातनाका साथ कैदीहरूले त्यो बन्दीगृहको किल्लामा तीन वर्ष विताए। इलाहाबाद जेलको दूषित वातावरण, खराव खानाको कारणले गर्दा सेप्टेम्बर १९५३ मा जयबहादुरको जेलमा नै मृत्यु भयो। त्यो खवर पाएपछि कम्पनी सरकारले तपाईहरूका कैदीहरू आफ्नै देशमा लैजानुहोस् भनी नेपाल सरकारलाई दवावमूलक पत्र पठायो। जङ्गबहादुरलाई पनि उनका परिवार र आमाले समेत कैदीलाई माफी दिन अनुरोध गरिरहेका कारण उनीहरूलाई नेपाल ल्याउन जङ्गबहादुर राजी भए। नेपाल ल्याएपछि उपेन्द्र विक्रम

शाहलाई करिव १ वर्षजति भक्तपुरमा नजरबन्द गरेर राखे भने बद्री नरसिंहलाई उनका १४ वर्षका छोरा केदारनरसिंहसहित पाल्पा पठाए । यसरी आफ्ना विरुद्धमा षडयन्त्र गरेको भनी बद्रीनरसिंहको नाम प्रधानमन्त्रीको रोलक्रमबाट हटाइदिए । त्यसको केही समयपछि मायाँ लागेर जङ्गबहादुरले बद्रीनरसिंहलाई पश्चिमतर्फका कमाण्डर-इन-चिफ पदमा नियुक्त गरिदिए । उपत्यकाबाट जात खोसुवा गरी निष्काशन गरिएका करवीर खत्रीलाई पनि उपत्यका छिरेर प्रधानमन्त्रीको ढोकासम्म आउन पाउने इजाजत दिए (राणा, २०७० : ६०) । यसरी जङ्गबहादुरका विरुद्ध भएका सबैजसो षडयन्त्रहरूको बेलैमा पर्दाफास हुनु उनी आफैमा चलाक राजनीतिज्ञ र गुप्तचरीमा निपूर्ण थिए भन्ने देखिन्छ ।

**निष्कर्ष**

नेपालमा राजा पृथ्वीनारायण शाहको शासनकालपछि शुरु भएको राजनीतिक अस्थिरताकै परिणाम स्वरुप नेपालको शासनसत्तामा एक निडर र जस्तोसुकै परिस्थितिलाई पनि आफ्नो कावुमा राख्न सक्ने जङ्गबहादुर जस्ता व्यक्तिको उदय भएको थियो । तत्कालीन समयका कमजोर राजा राजेन्द्र विक्रम शाह, आफ्नो अधिकार कान्छी महारानी लक्ष्मीदेवीलाई सुम्पेर शक्तिहिन भएको अवस्था र वास्तविक युवराजलाई पन्छाएर अफ्ना छोरालाई राजा बनाउने कलुषित मानसिकता बोकेर अगाडि बढेकी महारानी लक्ष्मीदेवीको भावना राम्ररी बुझेका जङ्गबहादुर कुँवरले कुटनीतिक चालका माध्यमबाट रानीको विश्वास जित्दै गएर कोतको हत्याकाण्डपछि सेनापति र प्रधान्मन्त्री बनी उल्टै रानीलाई देशनिकाला जस्तो कठोर दण्ड गर्ने निर्णय भारदारीबाट गराउन सफल हुनु जङ्गबहादुरको शाहसिक कार्य थियो । रानीसँगै राजा राजेन्द्र विक्रम शाह पनि विदेशिएपछि जङ्गबहादुर आफैले युवराज सुरेन्द्रलाई राजगद्दीमा राखी देशको शासन शक्ति आफ्नो हातमा लिदै गए । आफूले राजगद्दीमा आसीन गराएका राजा सुरेन्द्रले जङ्गबहादुरका सबै आदेश र आग्रह स्वीकार गर्दै जाँदा उनी देशको शर्वशक्तिवान शासक बन्न पुगेका थिए । जङ्गबहादुरका पूर्खा गोर्खाका कुँवर क्षेत्री परिवारका भएको र पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने क्रममा उपत्यका छिरेकोमा विस्तारै दरवारका विश्वासपात्र बन्दै जाँदा उनले राजपरिवारसँग निकट हुने अवसर पाएका थिए । पछि उनी शक्तिशाली भएपछि एक वंशावली तयार पारेर आफूलाई राणा ठकुरी कहलाउन सफल भए र शाहवंशीय राजपरिवारसँग वैवाहिक सम्बन्ध विस्तार गरी आफ्नो कुलवंशलाई पुरानो ठकुरी खलक कहलाउन सफल भए । नेपालको इतिहासमा हत्या र षडयन्त्रको सहारा लिएर देशको शासनसत्ता आफ्नो हातमा लिन सफल भएका व्यक्तिका रुपमा दर्ज भएका जङ्गबहादुरको शासनकालमा उनका विरुद्ध

पनि प्रशस्त षड्यन्त्र र हत्याका प्रयास भएका थिए तर उनकै चत्युऱ्याइँले गर्दा ती सबै षडयन्त्रहरू निरर्थक सावित हुन पुगे। यसरी हत्या र षडयन्त्रको प्रयास हुनुको कारण उनी आफै त्यही धरातलबाट शक्तिमा उदाउनु र ती प्रयास असफल हुनुमा उनको अद्‌भूत गुप्तचरी र कुटनीतिक क्षमता हुनु रहेको देखिन्छ।

**सन्दर्भ सामग्री**


अधिकारी, बमबहादुर (२०७८). *नेपालको वृहत् इतिहास.* काठमाडौं : पदम कुमारी पौडेल।

कर्माचार्य, गंगा (सन् २००५). *क्वीन इन नेपलिज पोल्टिक्सः एन एकाउण्ट अफ रोल्स अफ नेपलिज क्वीन इन स्टेट अफियर्स (१९७५-१८४६).* काठमाडौं : एजुकेशनल पब्लिसिङ्ग हाउस।

https://books.google.com.np/books?id=6G5uAAAAMAAJ&redir_esc=y

गुप्ता, अनिरुद्ध (सन् १९६४). *पोलिटिक्स इन नेपाल.* बम्बई : एलाइट पब्लिसर्स प्रा.लि.।

गौतम, राजेश (२०४६). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषदको भूमिका.* काठमाडौं .............।

जोशी, भुवन लाल र रोज, लियो ई. (सन् १९६६). *डेमोक्रेटिक इन्नोभेसन इन नेपाल.* वर्कले : युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस।

थापा, रमेशजंग (सम्पा.) (२०३०). नेपाल देशको इतिहास. *प्राचीन नेपाल.* सङ्ख्या २५. काठमाडौं : पुरातत्व विभाग।

दाहाल, पेशल (२०५३). *नेपालको इतिहास.* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स।

प्रधान, के.एल. (सन् २०१२). *थापा पोलिटिक्स इन नेपालः वीथ स्पेसियल रेफरेन्स टु भीमसेन थापा, १८०६-१८३९.* नयाँ दिल्ली : कन्सेप्ट पब्लिसिङ कम्पनी प्रा.लि.।

मिश्र, तीर्थप्रसाद (२०६०). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स।

यादव, पीताम्बर लाल (२०५७). *नेपालको राजनैतिक इतिहास.* विहार :

विजयकुमार ।

रत्नपुस्तक भण्डार ।

राणा, पद्मजङ (सन् १९०९). *लाइफ अफ महाराजा सर जङ्गबहादुर अफ नेपाल* । https://www.amazon.com/Life-Maharaja-Jung-Bahadur-Nepal/dp/9937331331

राणा, पुण्यप्रताप (२०७४). *पृथीनारायण शाहदेखि राजा ज्ञानेन्द्रसम्मको नेपालको राजनीतिक इतिहासः एक झलक.* काठमाडौं : मधुबन प्रकाशन ।

राणा, प्रमोद शमशेर (२०७०). *राणा शासनको वृतान्त.* काठमाडौं : पैरवी बुक हाउस ।

ल्याण्डन, पर्सिवल (सन् १९७६). *नेपाल.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, जनकलाल (२०२०). *जोशमनी सन्त परम्परा र साहित्य.* काठमाडौं : रोयल नेपाल एकेडेमी ।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रुपरेखा.* वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, देवीप्रसाद (२०५१). *आधुनिक नेपालको इतिहस.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

+++

# २००७ सालको सशस्त्र क्रान्तिमा महिलाहरू



✍ डा. ज्योती उपाध्याय

**शोधसार**

राणाकालीन निरङ्कुशता विरुद्धका गतिविधिहरूमा साथ सहयोग पुऱ्याउँदै आएका महिलाहरूले २००७ सालको सशस्त्र क्रान्तिमा पनि महत्वपूर्ण र प्रेरणादायी भूमिका निर्वाह गरेका थिए। गोप्य सूचना आदान प्रदानदेखि हतियार ओसारपसारसम्म निडरता साथ काम गरेका महिलाहरूले सहरी क्षेत्रमा जुलुस प्रदर्शन, नारावाजी आदिमा सरिक भई जनसाधारणमा क्रान्ति चेत फैलाए भने ग्रामीण क्षेत्रमा मुक्तिसेनाको खानपानदेखि क्रान्तिकारीहरूको सुरक्षासम्ममै सहायता पुऱ्याए। महिलाहरूलाई आफ्नो सामर्थ्य, क्षमताको पहिचान दिलाउँदै समाजमा महत्त्वपूर्ण स्थान निर्माण गर्ने प्रेरणा प्रदान गरेको २००७ सालको क्रान्तिमा नेपाली महिलाहरूको कार्य विश्लेषणमा केन्द्रित यो लेख अन्तर्वार्ता एवं अनुसन्धानमूलक पुस्तक आदिको प्रयोगबाट तयार पारिएको हो। महिलाहरूको क्षमता, साहसका विविध पक्षहरू समेटेको यस आलेखमा उनीहरूको साहस र त्यागले क्रान्तिमात्र नभई महिला हक, अधिकार र समानताको अभियानमा पनि मार्ग प्रशस्त गरेको दृष्टान्त भेट्न सकिन्छ।

**शब्दकुञ्जी** : सशस्त्र क्रान्ति, जीवन्त साहस, बलिदानी भावना, निरङ्कुश राणा शासन, जनजागरण र क्रान्तिमा संलग्नता।

**परिचय**

नेपाल प्राचीन स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न हिमाली राज्यको रूपमा चिनिदै आएको सानो मुलुक हो। प्राग् ऐतिहासिक कालदेखि नै यो देशको अस्तित्व रहँदै

✍ *उपप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर*

आएको पाइन्छ। विविध जाति, धर्म, भाषा भएको यो देशको राजनैतिक जागरणको इतिहास भने धेरै पुरानो छैन। करिब ५४ वटा साना साना राज्यमा विभाजित नेपालका भूभागलाई एकीकरण अभियानको प्रारम्भ गरी एक सूत्रमा बाध्ने कामको थालनी पृथ्वीनारायण शाहले गरेका थिए। पृथ्वीनारायण शाहले राजा र जनताको मेलमिलापबाट मात्र राष्ट्र सफल हुन सक्दछ भन्ने मान्यता स्थापित गरेका थिए। गोरखाका खस, ब्राह्मण, ठकुरी, मगर, गुरुङ आदि विभिन्न जातजातिलाई भेदभाव नगरी सेनामा लिने अन्य साना जातलाई हैसियत अनुसार पेशा अपनाउनु भनी राष्ट्र निर्माणमा प्रजाको सहभागिताको वातावरण बनाएका थिए। त्यसले नेपाल राज्यको निर्माण एवं एकीकरणलाई सम्भव बनाएको थियो।

कालान्तरमा उनको नीति र परम्परालाई उनका उत्तराधिकारीहरूले निरन्तरता दिने काम गरेनन्। उत्तराधिकारीहरू योग्य हुन नसक्दा शासकवर्गमा जनताको इच्छा, चाहना, राष्ट्रको आवश्यकतालाई उपेक्षा गर्ने प्रवृत्ति जन्मिएर पारिवारिक गुटबन्दी सुरु भयो। समयक्रममा गएर यो गुटबन्दीले राजपरिवारका सदस्यहरूको महत्वाकांक्षा बढ्दै गयो र नेपालको दरबारभित्र सत्तामा पुग्नका लागि सङ्घर्षहरू हुन थाले। राज्यका लागि हित चिताउने भारदारहरूले ज्यान गुमाउनु पर्ने, जेल बस्नु पर्ने घटनाहरूसँगै देशभक्तहरू काटिने मारिने भए। कति स्वाभिमानी भारदारहरू प्राण त्याग्न बाध्य हुनु परेको थियो। यही भारदारी गुटबन्दीको चरम अवस्थाले गर्दा जंगबहादुरको उदय नहुँदासम्म नेपालका कुनै प्रधानमन्त्रीले कालगतिले मर्न पाएनन्। कोतपर्वको घटनाबाट उदय भएपछि भण्डारखाल पर्व (बस्नेत पर्व पनि भनिन्छ)ले जंगबहादुरलाई दुस्मनहरू मार्ने अवसर प्राप्त भयो (प्रधान, २०४७)। त्यसपछि घटेको अलौ पर्वले जंगबहादुरको शासन पारिवारिक राणा शासनमा परिवर्तन भई राणहरू सर्वेसर्वा हुने अवस्थाले स्थायित्व पायो।

यसरी सत्तामा पुग्न सफल भएका जंगबहादुरले कमजोर प्रवृत्तिका राजा श्री ५ सुरेन्द्रलाई प्रभावमा पारी राणाजीको उपाधि प्राप्त गरी राजपरिवारसँग वैवाहिक सम्बन्ध कायम गरे। राणा परिवारभित्रका मानिसले जस्तोसुकै अपराध गरे पनि मृत्युदण्ड, जातिच्युत र सर्वश्वहरण जस्ता कठोर दण्ड नपाउने अधिकार पनि राजाबाट प्राप्त गरे। वि.सं. १९१३ मा अर्को लालमोहर प्राप्त गरी श्री ३ महाराजाको पदवी पनि हात पारे। यसरी जंगबहादुरले स्थापना गरेको राणा शासन उनीपछि उनका भाइहरूले परिमार्जित गर्दै एकाधीकरण गर्दै लगे र यो राणा शासन १०४ वर्षसम्म चलेको थियो। १०४ वर्षसम्म चलेको राणा शासनमा जनताको अधिकार अपहरण गरी प्रशासन यन्त्रमा पजनी प्रथा एवं केन्द्रीकरण अपनाइयो। राज्यका साधन स्रोतमा श्री ३ को अधिकार कायम भएकाले नेपाली जनताहरू दास

जस्तो बनेका थिए। त्यसैले इतिहासकारहरूले राणा शासनकाललाई जर्मनीको हिटलर र फ्रान्सको नेपोलियनको भन्दा बढी अधिनायकवादी शासनकाल थियो भनेको पाइन्छ (रेग्मी, सन् १९५८)। राणा प्रधानमन्त्री नेपाल र नेपालीका बन्दनीय हुन् भन्ने मान्यता स्थापना गरिएको राणा शासनमा समर्थन र प्रशंसा बाहेक अरू गुनासासम्मको अवसर पनि थिएन।

राणा एवं राणा शासनको विरोध गर्नु, कुनै सङ्घ संगठन खोल्नु ठूलो अपराध मानिन्थ्यो। शिक्षामाथि राणाहरूको नियन्त्रण थियो। पत्रपत्रिकाहरू प्रतिबन्धित थिए। यस किसिमको अवस्था भए तापनि समयको परिवर्तनले जनतामा चेतनाका लहरहरू प्रवेश गर्न थाल्यो। त्यसको प्रमुख कारण प्रथम तथा द्वितीय विश्वयुद्धमा भाग लिन गएर फर्किएका नेपालीहरूले राणा शासनको विरोध गरेकाले विद्रोही ठहरिई भारतमा शरण लिई बस्न बाध्य भएकाहरू थिए। राणा विरोधी भावना विकास भएकाले यो वर्ग परिवर्तन गर्न अग्रसर भई नेपाली समाजमा चेतना जगाउन सफल भयो।

नेपालीहरूले कहिल्यै पराधीनता स्वीकार गर्नु परेको थिएन। तर पनि आफ्नै देशमा राणा शासनकालमा भने जनताले स्वतन्त्रता गुमाएर पराधीन जस्तै भएर बाँच्नु परेको थियो। राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक स्वतन्त्रताबाट बन्चित भएर बाँच्नु परेको थियो। यस किसिमको अवस्थाबाट नेपाली जनताहरूलाई मुक्त गराउनु पर्ने आवश्यकता महसुस गरेका चेतनशील युवाहरूले पहिले असंगठित विद्रोह गरेका थिए। त्यसलाई राणाहरूले दमन गरे। त्यसपछि संगठित विद्रोहका प्रयासहरू सुरु भयो।

त्यसै क्रममा नेपाल प्रजा परिषद्को स्थापना गरेर थालिएको विद्रोह प्रयास नराम्रोसँग दमन गरिएपछि देशभित्रबाटै विद्रोह गर्न नसकिने भयो। त्यसैले भारतीय भूभागमा आधारित भएर सुरु गरेको अभियानको फलस्वरूप नेपाली राष्ट्रिय कांग्रेस, नेपाल प्रजातन्त्र कांग्रेस हुँदै नेपाली कांग्रेसको स्थापना गर्ने कार्य सफल भयो (राणा, सन् २०१७)। नेपालबाट राणा शासन समाप्त गरेर राजाको वैधानिक नायकत्वमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने लक्ष्य अनुरूप स्थापित नेपाली कांग्रेसले लक्ष्य प्राप्तिका लागि भारत केन्द्रित सशस्त्र सङ्घर्ष गर्ने नीति लियो। सुवर्ण समशेर एवं महाविर समशेरको आर्थिक व्यवस्थापनमा सशस्त्र सङ्घर्षको बाटोमा बढेको यो दललाई भारतीय सरकारले पनि साथ सहयोगको आश्वासन दिएको थियो। राणा शासन फाल्न अग्रसर तरुणहरूबाट पनि जनमुक्ति सेनामा सहभागिता जनाउनेदेखि सङ्घर्षलाई क्रान्ति बनाउन महत्वपूर्ण भूमिकाका लागि तत्पर भई लागि पर्ने अवस्था भयो। नेपाल प्रजा परिषद्को दमनपछि आफ्ना लोग्ने, दाजुभाइ

गुमाउनेदेखि आजीवन कारावासको सजाय पाउने स्थिति सामना गर्न बाध्य भएका महिलाहरू आफन्तहरूबाटै देशद्रोही, राजद्रोहीको परिवार भन्दै बहिष्कृत हुन, परेपछि आक्रोश भित्रको पीडामा बाँच्न बाध्य थिए (फिसर, २०५७)। विभेदको त्यो कहाली लाग्दो अवस्थामा पनि क्रियाशील भई जेल परेका आफन्तलाई सहयोग गर्न लागिपरेका महिलाहरू नै क्रान्तिकारी भूमिकामा अग्रसर भएर इतिहास रच्ने आधार बनाउन सफल भएका हुन्। जसबारे एउटै लेखमा अध्ययन विश्लेषण सम्भव नहुने भएकाले यस आलेखलाई 'सशस्त्र क्रान्ति २००७ मा महिलाहरूले निर्वाह गरेको भूमिका विश्लेषण' केन्द्रित गर्ने प्रयास गरिएको छ।

**२००७ सालको क्रान्तिमा महिलाहरू**

नेपाली कांग्रेसको स्थापनापछि महिलाहरूलाई पनि क्रान्तिका लागि विभिन्न किसिमको जिम्मेवारी दिने काम भएको थियो। सामान्य व्यक्तिले गर्न नसक्ने जिम्मेवारीका कामहरू त्यसबेलामा महिलाहरूले गरेको पाइन्छ। महिलाहरूलाई घरबाट निस्कनै पनि विभिन्न बन्धनहरू रहेका तत्कालिन नेपाली समाजमा सामन्जस्यता कायम गरेर बढेका महिलाहरूले नेपाली कांग्रेस पार्टीका समर्थक भएर महत्वपूर्ण काम गरे। पार्टीको नीति कार्यक्रम कार्यकर्ताहरूलाई सिकाउने, क्रान्तिमा समावेश गर्ने, संगठन विस्तार गर्ने, सशक्त भूमिका निर्वाह गरी नेपाली कांग्रेसको क्रान्तिकारी (सेना) जनमुक्ति सेनालाई साथ सहयोग दिने काम गरे। त्यसै गरी सेना (राणाका सेना) माथि प्रभाव विस्तार गरी सैनिक विद्रोह गराउने जस्ता काममा पनि महिलाहरू सरिक भएका थिए (उदास, २०५२)। त्यस जमानामा यसरी महिलाहरू स्वयं क्रान्ति तयारीमा क्रियाशील हुनु भनेको समाजलाई चुनौती दिएर अघि बढ्नु थियो भन्न सकिन्छ।

नेपाली कांग्रेसले सशस्त्र क्रान्ति गरी राणा शासन समाप्त गर्ने उद्देश्य लिएर अघि बढेपछि आवश्यक हातहतियार जुटाउनमा ध्यान दियो। वर्माका समाजवादीहरूको सहयोगमा ल्याएर विहथ नामक हवाई अड्डामा झारेका ती हतियारलाई पटनाका कोजिनुकको एक कोठामा पुऱ्याएका वी.पी. ले सतर्कता साथ थन्काएर राखेका थिए (शर्मा, २०५५)। क्रान्ति अगाडि बढाउने निश्चय गरेको नेपाली कांग्रेसले राजालाई आफ्नो पक्षमा ल्याउन सकेमा राम्रो हुने कुरा महसुस गरेको थियो। त्यसैले राजा त्रिभुवनलाई क्रान्तिको समयमा काठमाडौँमा राख्नु भन्दा राणाहरूको पञ्जाबाट छुटाएर आफ्नो प्रभावमा ल्याउनु पर्छ भन्ने उद्देश्य लिएर अघि बढ्यो। राजालाई आफ्नो प्रभाव वा नियन्त्रण भएको ठाउँमा पुऱ्याई उनकै नामबाट क्रान्ति थाल्दा जनताको साथ समर्थन ज्यादै पाइने ठानेको नेपाली कांग्रेस योजना बनाउन लागिपऱ्यो (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत)। सुवर्ण शमशेरको

सल्लाहमा त्यसतर्फ अग्रसर भएका वी.पी. ले सतर्कता साथ काम थालेर कुटनैतिक गतिविधि सुरु गरे ।

राणा शासन समाप्त गरी राजाकै वैधानिक नायकत्वमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने लक्ष्य निर्धारण गरिसकेको नेपाली कांग्रेसले गर्न खोजेको क्रान्तिको पक्षमा रहेका राजा त्रिभुवन राणाहरूकै नियन्त्रण अर्थात् राजधानीमै रहेका खण्डमा राणाहरूले क्रान्तिको विरोधमा लाग्न बाध्य पार्ने यथार्थ कांग्रेसले बुझेको थियो । राजालाई राणाहरूको प्रभाव-नियन्त्रणबाट बचाउन पनि नाराणहिटी दरबारबाट बाहिर ल्याउनु जरुरी थियो । अर्कोतर्फ राजा त्रिभुवनको समर्थन पाएमा जनसमर्थन धेरै जुट्ने भएकोले क्रान्ति सफल हुन्छ भन्ने कुरामा नेपाली कांग्रेसका वी.पी. कोइराला, सुवर्णशमशेर र गणेशमान सिंहसँगै अन्य नेता तथा कार्यकर्ताहरूलाई विश्वास थियो। त्यसैले जसरी भए पनि राजालाई काठमाडौँबाट बाहिर लाने चाहना सबैमा पलाएको हो ।

नेपाली कांग्रेसले राजालाई भगाएर पाल्पा लैजाने पहिला योजना बनायो । त्यसपछि नेपाली सेनामा विद्रोह गराउने र हिंसात्मक आक्रमण गरी राणा प्रधानमन्त्रीलगायत सबै रोलवाला राणाहरूलाई एकै चिहान बनाएर मार्ने षड्यन्त्र पनि बनाइएको थियो । त्यस कामका लागि गणेशमान सिंह, सुन्दरराज चालिसेको नेतृत्वमा एउटा टोली काठमाडौँ आएको थियो (गौतम, जुलाई २०१२) । राणाहरूलाई एकै ठाउँमा जम्मा भएको बेला पारी सिध्याउन बनाइएको योजना अनुसार गणेशमानको टोलीले प्याक गरी ल्याएका हतियार, वायरलेस सेट र विस्फोटक पदार्थहरू सर्लाहीको बाटो हुँदै भरियालाई बोकाएर सिन्धुलीको दाप्चा हुँदै बनेपा ल्याइएको थियो (श्रेष्ठ, २०६६) । यसरी हतियारहरू ल्याउँदा त्यस समयमा राणाहरूको आँखा छल्नु त्यति सजिलो भने थिएन । तर पनि प्रजातन्त्रको स्थापनाका लागि आफ्नो ज्यान दिएर काम गर्न क्रान्तिकारीहरू लागि परेका थिए । यी हतियारहरूमा रिभल्वर, ब्रेनगनका ब्यारेल, मेगजिन, स्टेनगन, मेगजिन र तिनका पाटपुर्जाहरू तथा आकाशवाणीका सेटहरू थिए (तामाङ, २०६७ भाद्र) । सतर्कता साथ बनेपासम्म सुरक्षित पुऱ्याइएका हतियारहरू बनेपाबाट काठमाडौँ पुऱ्याउनु झन चुनौतिपूर्ण काम थियो। उक्त अभियान सफल पार्न प्राणको बाजी लगाएर आएका नेता गणेशमान सिंहले बनेपाका अनन्त प्रधान, उनकी छोरी गंगादेवी र ज्वाइँ इन्द्रमान जोशीलाई उक्त कार्यमा लगाएका थिए । पेशाले ड्राइभर समेत रहेका इन्द्रमान जोशी बनेपा निवाशी अनन्त प्रधानकी छोरी गंगादेवीका श्रीमान् भएको र श्रीमती लिन बनेपा आउने तारतम्य मिलेका बेला नेता गणेशमानको चाहना अनुसार अनन्त प्रधानले हतियार लाने व्यवस्था मिलाए । ज्वाइँ ससुराको कुरा मिलेपछि बनेपाबाट हतियार सजिलै

काठमाडौँ लाने व्यवस्था गरियो ।

आफ्नो एकजना साथीलाई पनि गाडी लिएर आउन भनेका इन्द्रमान जोशीले गाडी काठमाडौँतर्फ बढाए । इन्द्रमान जोशीकी श्रीमती गंगादेवीले पेस्तोल र त्यसका गोलीहरू कम्मरमा बाँधेर गर्भवती भएको बहाना पारिन र श्रीमान्को गाडीमा चढिन् । बाँकी हतियार गुण्टा बनाएर कपासले बेरी ससुरालीबाट छोरी ज्वाइँ घर जान लागेको बहाना बनाइएको थियो । यसरी हिँडेकाले बाटोमा प्रहरीहरूले सजिलै छिर्न दिएका थिए (सिंह, २०५०) । राणाहरूको कडा पहरा एवं चेकजाँचको अवस्थामा पनि गंगा देवीले हतियार कम्मरमा बाँधेर गर्भवतीको अभिनय गरेर नेपालमा प्रजातन्त्र स्थापनाका लागि ठूलो सहयोग पुऱ्याएकी थिइन् । इन्द्रजात्रामा विध्वंश मच्चाउने कार्यक्रम सफल हुन नसके पनि त्यस्तो खतरापूर्ण काम गरेकी गंगादेवी बन्दनीय छन् । उक्त कार्यक्रम सफल भएको भए नेपाली जनताले प्रजातन्त्रको उपभोग गर्न पाउँदथे । आफ्नो पतिको साथ सहयोग दिँदा गंगादेवीले देखाएको साहस नेपाली नारीहरूको भूमिका प्रष्ट्याउने प्रतिनिधित्वपूर्ण घटना थियो ।

यसरी काठमाडौँ पुऱ्याइएको हतियार सुवर्णशमशेरको बहिनी ज्वाइँको घरमा राखियो । त्यस समयमा राजा र कांग्रेसको बिचमा खबर पुऱ्याउने सम्पर्क सूत्रको काममा श्रीमती सुशिला देवीले महत्त्वपूर्ण कार्य गरेकी थिइन् (मन्जुश्री, २०५९) । आफुलाई पहाडीया महिलाको भेषमा परिणत गरेकी सुशिलादेवी चालिसे पैदलै हिँडेर काम गरी दयाराम भक्त माथेमा र कृष्णलाल चित्रकारको माध्यमबाट राजा एवं नेपाली कांग्रेस बिचमा सम्पर्क सूत्र बनेर खबर आदान प्रदान गर्ने काम गरी २००७ सालको सशस्त्र क्रान्तिको पूर्वाधार निर्माण प्रयासमा अहम् भूमिका निर्वाह गर्न सफल भइन् ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भई महत्वपूर्ण काम गर्नेहरूमा राणा दरबारमा राणाका आँखा कान हातगोडा भएर काम गरेर विश्वासपात्र बनेका भारदार परिवारका महिलाहरू नै पाइन्छन् । किनभने राणाहरूले लिएको नीति नरुचाएका नवयुवकहरू विश्वासपात्र भारदारहरूका सन्तान हुँदाहुँदै विभिन्न घटनाहरूमा दण्ड सजाय पाउने र अभियोग लागेर देश छाड्न बाध्य हुने भएका थिए। भारदारी परिवारहरूले नै राणा शासन खतम गर्ने योजना र प्रयासहरू गरेकाले दण्ड सजाय पाउने र भाग्ने अवस्था भयो । तिनै भारदारका श्रीमती, दिदी बहिनी, छोरी, बुहारीहरू आदि नै विविन्न प्रकारको पीडा भोगेर विद्रोहमा बढेका थिए । त्यसैले प्रजातान्त्रिक आन्दोलनमा सहभागी बन्ने बाटो रोजेका महिलाहरूले राणा शासन फाल्ने कार्यमा पुरुषहरूलाई ठूलो सहयोग पुऱ्याएको पाइन्छ ।

नेपाली कांग्रेसले राणा शासनको विरुद्धमा क्रान्ति गर्ने भएपछि राण शासनको

दमनमा परेको परिवारका नारीहरूले नै सर्वप्रथम कांग्रेसको नीति तथा कार्यक्रम जनता समक्ष पुऱ्याउने काम गरे (......, अन्तर्वार्ता, .....)। पर्चा पम्प्लेट आदान प्रदान गर्ने अर्थात् पार्टीबाट लिएर जनस्तरमा पुऱ्याउने, भारतबाट आएका कार्यकर्ता, हतियार आदिलाई व्यवस्थित तरिकाले लुकाउने काममा मंगलादेवी सिंह, कामाक्षदेवी बस्नेत, स्नेहलता, सिद्धिलक्ष्मी कारंजित आदिले ठूलो साहस देखाएका थिए (बस्नेत, २०५३)। यसैगरी प्रजा परिषद् काण्डमा जेल परेका क्रान्तिकारी परिवारका नारीहरूले पनि भूमिगत नेताहरूलाई लुकाउने, अन्य परिवारका नारीहरूलाई क्रान्ति गर्न अग्रसर तुल्याउने, सी.आई.डी. हरूको आँखा छलेर तारिख बोक्दै सहयोगजन्य काम गरेर क्रान्तिमा संलग्न भएका थिए (रिमाल, २०५७)। यसरी बाहिरबाट देखिने काममा नारीहरू संलग्न नभएका भए तापनि भित्रि रूपबाट गर्ने काममा महिलाहरूको सहयोग ठूलो देखिन आउँदछ। यस्ता कार्य एवं सहयोगले महिलाहरूलाई गृहकार्यका साधन सम्झने नेपाली समाजमा जागरणका किरणहरू फैलिएर जनक्रान्ति २००७ को वातावरण निर्माण समेतमा सघाउ पुगेको थियो।

२००७ सालको क्रान्तिलाई सहयोग गर्न महिला सङ्घमा आबद्ध भएका महिलाहरू जस्तै मंगलादेवी सिंह, चन्द्र कान्ता, मोती देवी, सुशिला देवी कोइराला, सुशिला देवी चालिसे आदिले महत्वपूर्ण काम गरेको पाइन्छ। नारी हकहितका साथै शिक्षाका कुराहरू उठाउने काम गर्दै बढेका उनीहरूले समाजमा जागरण ल्याउँदै महिलाहरूलाई राणा विरोधी आन्दोलनमा सहभागी बनाउने काम गरेका थिए। त्यस समयसम्म आउँदा नेपाली महिला सङ्घ प्रजातान्त्रिक आन्दोलनको एउटा अङ्ग बनिसकेको थियो (सिंह, २०५२)। यो महिला सङ्घले जनचेतनाको विकास गर्दै नेपाली कांग्रेसले सशस्त्र सङ्घर्ष गर्ने भएपछि काठमाडौंमा आन्दोलनको वातावरण बनाउन जुलुस निकाल्ने, आम सभा गर्ने, कोण सभाहरूको आयोजना गर्ने गरेर जनताका मनबाट डर हटाउने काम गऱ्यो। राणा शासन विरोधी कार्यक्रमहरू गर्ने र महिला संगठनका व्यक्तिहरू (सदस्यहरू), विद्यार्थीहरूलाई प्रतिनिधित्व गराउँदै बोल्न लगाउने गरेका नारीहरूले समाजलाई जागरुक बनाउँदै लगे। प्रतिनिधित्व गर्दै बोल्ने काम सहाना प्रधानलगायतले गरेको र आम जनतालाई निद्राबाट उठ्न आह्वान गरेको उल्लेख पाइन्छ (श्रेष्ठ, २०६०)। यसरी महिला संगठनले नेपाली कांग्रेसको क्रान्तिलाई सहयोग पुग्ने गरी जनस्तरमा क्रान्ति सन्देश पुऱ्याएर जागरणको आधार बनाएको हो।

सशस्त्र क्रान्ति २००७ मा महत्वपूर्ण सघाउ पुऱ्याउने अर्की साहसी महिला नोना कोइराला थिइन्। महिलामा चेतना नजाग्दासम्म परिवर्तन आशा गर्न सकिँदैन भन्ने

बुझेकी नोनाले “नारी जागृती” नामक संगठन स्थापना गरेर शिक्षा र संगठनका माध्यमबाट काम बढाएकी थिइन् (उमा शर्मा, अन्तर्वार्ता, २०६९ फागुन २१)। महिलाहरूलाई घर व्यवहारमा मात्र सीमित राख्ने परम्परा-प्रवृत्ति मन नपराउने नोना कोइरालाले शिक्षा दिएर व्यवहारिक बनाउनु पर्ने जनाउँदै महिला शिक्षित भएमा एउटा घर परिवार नै शिक्षित हुने र सामाजिक विकास परिवर्तनको अवस्था सहज हुने धारणा अनुरूप महिलाहरूलाई जागरण गराउने नीति लिनु पर्ने औँल्याएकी थिइन (तुम्बाहाङ्फे, २०५९)। राणाकालीन अवस्थादेखि नै महिला शिक्षा महिला जागरणतर्फ क्रियाशील भएकी नोना कोइरालाले आफ्नो परिवारभित्रकै शान्ता अधिकारी समेतको सहयोगमा जनतालाई सुसुचित गर्न लागिपर्ने र महिलाको क्षमता, शक्ति, सीप, कौशल उजागरतर्फ क्रियाशील हुन लगाएर क्रान्ति आधार तयार पार्दै बढिन् (शान्ता अधिकारी, अन्तर्वार्ता, २०६९ फागुन २१)। राणा शासन समाप्त गर्ने लक्ष्य अनुरूप नेपाली कांग्रेसले गर्न थालेको सशस्त्र सङ्घर्षलाई क्रान्तिमा परिणत गर्ने तयारीका क्रममा धेरै महिलाहरू प्रत्यक्ष सहभागी हुन सकेनन्। राणा शासनको दमनमा परेका काठमाडौँका केही परिवार एवं विराटनगरको कोइराला परिवार लगायतबाट जेजति महिलाहरू सहभागी भएर काम गरे त्यसबाट महिलाहरूमा राणा विरोधी भावनाको विकासमा ठूलो सहयोग पुऱ्याएको थियो।

नेपाली कांग्रेसको सङ्घर्ष घोषणा एवं क्रियाशीलताले नेपालको राजनीति प्रभावित भयो। क्रान्तिकारीहरूको खोजी गर्ने कार्यमा लागिपरेको सरकारी सेनाले जासुसहरूको अत्यधिक प्रयोग गरी घरघरमा तलासी लिने, शंका मात्र लागेमा पक्रने, यातना दिने, केरकार गर्ने गर्दै गयो। राणाहरूलाई इन्द्रजात्राका दिन एकचिहान बनाउने योजनाको पनि भेद खुलेकोले श्रीमती सुशिला चालिसेलाई गिरफ्तार गरेको प्रशासनले नाकाबन्दी नै लगायो (गौतम, २०५५)। उक्त कार्यक्रम फत्ते गर्न आएका नेता गणेशमान सिंह, सुन्दरराज चालिसे समेतलाई भूमिगत राख्ने, सहयोग गर्ने महिलाहरू पत्ता लगाएर हिरादेवी तुलाधर, सिद्धिलक्ष्मी कारंजित, अष्टमंगल बज्राचार्य, सीतादेवी शर्मा, श्रीमाया ज्यापुनी आदिलाई गिरफ्तार गरेर कठोर व्यवहार गरियो। चरम यातना, धम्कीबाट फाइदा नभएपछि पद पैसाको प्रलोभन दिँदा पनि भेद नखोलेर प्रजातन्त्रप्रतिको निष्ठासँगै गोपनीयता कायम राख्ने अभूतपूर्ण क्षमता रहेको प्रष्ट पारेका महिलाहरूले क्रान्ति मार्ग विस्तारमा प्रतिबद्ध रहेको सन्देश प्रवाह गरी क्रान्ति सफल हुने भविष्यवाणी नै गरे भन्न सकिन्छ।

राणा शासन समाप्त गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने उद्देश्य लिएर बढ्ने क्रममा क्रान्तिलाई साथ, सहयोग, जनभावना जुटाउन, राजालाई पक्षमा लिएर बढ्नु उपयुक्त हुने ठहर भयो। त्यसका लागि राजा त्रिभुवनलाई पाल्पा भगाएर लगेपछि

तुरुन्तै क्रान्ति सञ्चालन गर्ने नेपाली कांग्रेसको योजना थियो । त्यस कुरामा राजा पनि सहमत भएका थिए । तर यसै बिचमा राजाले एक्कासी बाथको रोगी भएकाले पहाडको बाटो हिँडेर जान नसक्ने जनाएर त्यसको सट्टामा एउटा हेलिकप्टरको व्यवस्था गर्न सकेमा नेपाली कांग्रेसले जहाँ भने पनि जान तयार भएको जानकारी पठाए भन्ने कुरा उल्लेख पाइन्छ (गौतम, जुलाई २०१२) । राजाबाट यस्तो सूचना पाएपछि नेपाली कांग्रेस के गर्ने ? कसो गर्ने ? भन्ने सोचाइमा परेर ठोस निर्णय गर्न नपाउँदै राजधानीमा व्यापक खैलाबैला भयो ।

काठमाडौँमा नेपाली कांग्रेसको क्रियाकलापमाथि कडा निगरानी गरेका राणाहरूले भारतीय राजदुतावासबाट चुहाइएको सूत्रबाट जानकारी पाएपछि धरपकडको क्रियाकलापहरू व्यापक बनाए । पहिल्यै पक्रिएका दिलमान सिंह थापा र सुन्दरराज चालिसे जस्ता खारिएका कार्यकर्तासँग बयान लिँदा नेपाली कांग्रेस र राजा त्रिभुवनका बिचमा सम्बन्ध रहेको कुरा पनि राणाहरूले अनुमान लगाइहाले (जोशी र रोज, सन् १९६६) । त्यसैले क्रान्तिकारीहरूमाथि झनै कठोर दण्ड सजाय गर्न राणाहरू क्रुद्ध भएर लागिपरेका बेला जनमानसको भावनाको कदर गर्दै क्रान्ति अघि बढाउनु आवश्यक ठहऱ्याएको नेपाली कांग्रेसले २००७ साल आश्विन १०/११ गते भारतको वैरगनियामा एउटा सम्मेलन बोलायो । त्यो सम्मेलनले नेपालबाट राणा शासन समाप्त नगरेसम्म जनताले प्रजातन्त्रको उपभोग गर्न पाउने छैनन् भनी सशस्त्र सङ्घर्ष गर्ने निर्णय गऱ्यो । पार्टीको सभापति मातृकाप्रसाद कोइरालालाई क्रान्तिकालको सर्वाधिकार अर्थात् अधिनायकको अधिकार दिने गरी अधिकार प्रदान गर्दै क्रान्ति सञ्चालन गर्ने सर्वाधिकारीको जिम्मेवारी पनि दिएको थियो (अधिकारी, २०५५) । यसरी मातृकाप्रसाद कोइराला क्रान्तिकालका सर्वाधिकार सम्पन्न कमाण्डरको जिम्मेवारीमा पुऱ्याइएका थिए ।

काठमाडौँमा इन्द्रजात्राको दिन सबै राणाहरूलाई एकै चिहान बनाएर मार्ने षड्यन्त्र असफल भएपछि उक्त कार्यमा खटिएका क्रान्तिकारीहरूलाई काठमाडौँमा भूमिगत रूपले बस्न कठिन अवस्था उत्पन्न भयो । बस्नै कठिन भएपछि हरिबहादुर श्रेष्ठ र टेकबहादुर श्रेष्ठलाई लिएर हिँडेका गणेशमान सिंह भारत जाने लक्ष्य अनुरूप बढे । कठिनतालाई छल्दै नेपाल भारत सीमानाको ठोरी बजारमा पुगेका उनीहरूलाई पक्राउ गरेको राणा शासनले कडा पहरामा काठमाडौँमा ल्याएको थियो (सिंह, २०५७) । राणाहरूले उनीहरूलाई बयान लिने, यातना दिने कामसँगै मुद्दा चलाएको नाटक गरी राजा त्रिभुवनसँग मृत्युदण्डको सजायँ तोकेर लालमोहर लगाउन खोजे । यो समयमा राजा त्रिभुवन र राणाहरूका बिचमा भनाभन पनि भयो (बस्नेत, २०६६) । राणाहरूले मृत्युदण्ड दिने फैसलामा लालमोहर लगाउन खोज्दा राजालाई अप्ठयारो स्थिति

उत्पन्न भयो। नेपाली कांग्रेसको योजनामा समर्थन गरी अघिबढेमा आफूसहित परिवार नै असुरक्षित हुने महसुस गरेका बेला भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको लोभ लाग्दो प्रस्ताव राजा समक्ष आयो। त्यसैलाई ठिक मानेका राजा त्रिभुवनले नेहरू योजना अनुसार २००७ साल कार्तिक २१ गते सपरिवार भारतीय दुतावासमा शरण लिने काम गरे। क्रान्ति घोषणा गरिसकेको कांग्रेसलाई धोका दिएर राजा भारत गएको भए तापनि राजाको यो कदमलाई नेपाली कांग्रेसले क्रान्तिकै पक्षमा उठाएको कदम भनी स्वागत गर्दै बढ्ने काम ग¥यो। क्रान्ति थाल्न अग्रसर भएका वी.पी. ले नेपाली कांग्रेसको आकस्मिक बैठक बोलाएर क्रान्ति प्रारम्भ गर्न सबै नेता कार्यकर्तासँगै जनमुक्ति सेनालाई परिचालन गरेका थिए।

राणा शासनको विरुद्धमा देशमा सबैतिर सशस्त्र क्रान्ति अघि बढ्यो। पढे लेखेका, चेतनशील र अर्काको भनाइमा लागेर भए पनि ठाउँ ठाउँमा महिलाहरू सक्रिय भएर लागेका थिए। त्यस बेलामा यहाँ यही ठाउँमा यति महिला सहभागी भएका थिए भन्ने यकिन विवरण थाहा पाउन नसकेको भए तापनि पुरुषलाई साथ सहयोग गर्ने धेरै महिलाहरू लागिपरेका थिए भन्न सकिन्छ। त्यसै क्रममा भारतको लखनउमा अध्ययन गर्न गएका साधना, सहना प्रधानहरू पनि नेपालको क्रान्तिमा भाग लिन आउने विचारले आफूले लगाएका कानका मुन्द्रि बेचेर बाटो खर्च जुठाएर नेपाल आएको उल्लेख पाइन्छ (बस्नेत, २०५३)। यसरी महिलाहरू क्रान्तिका लागि नेपाल आउनु पनि त्यसबेलाको अवस्थामा ज्यानलाई जोखिममा पार्नु थियो।

राजा त्रिभुवन सपरिवार भारतमा शरण लिन गएपछि राणाहरूलाई फेरी अर्को अप्ठ्यारो परिस्थिति उत्पन्न भयो। राजा भागे अब कसलाई राजा मान्ने ? उनीहरूको राणाहरूको बिचमा तुरुन्तै बैठक बस्यो। बैठकले राजा त्रिभुवनका माहिला नाति ज्ञानेन्द्रलाई नेपालको राजा बनाएर त्रिभुवनलाई गद्दी च्युत गरिएको घोषणा जारी गरे। अर्कोतर्फ नेपाली कांग्रेसले पनि राणाहरूको अत्याचार सहन नसकी राजाले गद्दी त्याग गर्नु परेको हो। यस्तो अत्याचारी राणा शासनलाई सबै नेपाली मिलेर फाल्नुपर्छ, त्यसका लागि सबैले क्रान्तिमा सहयोग गर्नुहोस् भन्ने कुराहरू जनता समक्ष पु¥याउँदै क्रान्ति अघि बढाएको थियो (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत १)। जनमुक्ति सेनाले देशको महत्वपूर्ण स्थानहरूमा कब्जा गर्दै गयो। राणाहरूले आफ्ना सेनालाई पनि सुरक्षा दिन सकेन।

राजा ज्ञानेन्द्रलाई राजा बनाएको कुरामा भारतले राणा प्रधानमन्त्री मोहनशमशेरलाई मान्यता दिएनन्। भारतले समर्थन नदिएकाले राणाहरूलाई अप्ठ्यारो स्थिति सिर्जना भयो भने अर्कोतर्फ क्रान्तिकारीहरूले हामीलाई हाम्रो राजा ज्ञानेन्द्र होइन त्रिभुवन नै चाहिन्छ, ज्ञानेन्द्रलाई हामी राजाको रूपमा स्वीकार गर्दैनौँ भन्ने नाराहरू

लगाउँदै काठमाडौँमा नेपाल महिला सङ्घले जुलुस प्रदर्शन गर्दै सडकमा राणा विरोधी भाषणहरू गर्ने र जनतालाई विद्रोहका लागि आह्वान गर्ने कार्य गर्दा सरकार अत्तालिएर कर्फ्यु लगायो (बस्नेत, २०५३)। तर कर्फ्यु लगाए तापनि स्थिति नियन्त्रण गर्न राणाहरूले सकेनन्। क्रान्तिकारीहरूले विरोध गरी नै रहेका थिए।

यसरी नेपाली कांग्रेसले थालेको क्रान्ति देशभरि फैलिदै गयो। क्रान्तिमा मुक्तिसेनाका योद्धाहरूलाई तिनका दिदी बहिनी, आमा र पत्नीहरूले आफन्त फर्कने हुन या होइनन् भन्दै आवश्यक परे अमर हुन नहिच्किचाउनु तर धोखा नदिनु भन्दै द्रवित हृदयले बिदा दिँदै अभिवादन गर्दै पठाए। यसप्रकार महिलाहरूबाट उक्त क्रान्तिमा तन, मन र धन सबै किसिमबाट सहयोग पुऱ्याएका थिए।

२००७ सालको क्रान्तिको नेतृत्व नेपाली कांग्रेसले गरेको भए तापनि यो क्रान्तिलाई साथ सहयोग गर्ने काम भने अन्य विचारधारा राख्ने राजनैतिक दलहरूले पनि क्रान्तिका विभिन्न मोर्चामा सहभागी भएर गरेका थिए। त्यसमा प्रमुख भूमिका निर्वाह गर्ने क्रान्तिकारी युवाहरूमा पूर्णबहादुर एम.ए., पूर्णबहादुर 'मानव', दयावीरसिंह कंसाकार, प्रेमबहादुर कंसाकार, श्रीमती रवेन्त कुमारी आचार्य, सीतादेवी शर्मा आदिले काठमाडौँमा जुलुस प्रदर्शन, आमसभा गरी राजबन्दिहरूको रिहाइको माग गर्दै टुँडिखेलमा धर्ना दिने, रातको समयमा राँके जुलुस निकाल्ने काम गरी राणाहरूले लगाएको कर्फ्युलाई प्रभावित गर्ने काम गरेका थिए (रिमाल, २०६२)। यसरी राणाहरूलाई परास्त गर्न पुरुषहरूसँगै महिलाहरूले आफूले सकेको जानेको जति सहयोग गरी क्रान्तिलाई उचाइमा लाने काम गरेको पाइन्छ।

नेपाली कांग्रेसका कार्यक्रममा साथ सहयोग गर्ने कतिपय महिलाहरूको नाम उल्लेख पाइँदैन। राजधानीका आन्दोलनमा नेपाली कांग्रेसलाई सहयोग पुऱ्याउन मंगलादेवी सिंह, पुण्य प्रभादेवी, सुशिला (थर थाहा नभएकी), सत्यलालका बहिनीहरू पनि थिए। यसबाहेक कम्युनिष्ट पार्टीबाट दुर्गादेवी श्रेष्ठ, प्रभा श्रेष्ठ, साधना प्रधान, सहाना प्रधान, कामाक्ष देवी, पुष्पलता श्रेष्ठ, शान्ता श्रेष्ठ आदि महिलाहरू पनि २००७ सालको क्रान्ति सफल पार्ने प्रयाससहित आन्दोलनमा सहभागी भएका थिए (रिमाल, २०६२)। यसका साथै प्रजा परिषद्का नेताहरू, नेपाल छात्र सङ्घ, अखिल नेपाल विद्यार्थी फेडरेसनका विद्यार्थीहरू सबै मिलेर प्रदर्शन गर्ने, आमसभा गर्ने कार्यलाई निरन्तरता दिए भने माथि उल्लेखित नारीहरूले चर्का नाराबाजीसँगै भाषण गर्ने गर्दा राणा शासकको सिंहासनलाई हल्लाउने काम भएको थियो भन्न सकिन्छ।

यो क्रान्तिमा राष्ट्रिय सेना र जनमुक्ति सेनाका बिच विभिन्न ठाउँहरूमा भिडन्तहरू भएका थिए। कति ठाउँमा जनमुक्ति सेनाले राष्ट्रिय सेनालाई हराएर आफ्नो

जनसरकार स्थापना पनि गरेको थियो । राष्ट्रिय सेनालाई पराजित गराउनका लागि धनकुटामा भएको युद्धमा राष्ट्रिय सेनाले जनमुक्ति सेनाको हतियार खोस्न खोजेपछि दुर्गादेवी दहालले स्थानीय जनतासँग मिलेर अनाजको भुसभित्र हतियार लुकाएर मुक्तिसेनालाई दिने काममा सहयोग गरेकी थिइन् (बस्नेत, २०५३) । यो त एउटा थाहा भएको घटना थियो । यस्ता थाहा नभएका नाम नआएका थुप्रै महिलाहरूले २००७ सालको क्रान्तिमा धेरै साथ सहयोग दिएकाले नै राणा शासन फाल्न सम्भव भएको थियो ।

राणाहरूले नेपाली जनतालाई दिएको यातना र गरेको शोषण दमनले गर्दा भएको नेपालीहरूको अवस्थाको बारेमा जानकारी गराउँदा राणा शासकहरूले कृष्णप्रसाद कोइरालालाई देशै छोडेर हिँड्नु पर्ने अवस्था सिर्जना गरेका थिए। कोइराला परिवारलाई सुरुदेखि नै राणा शासकहरूले दिएको दुःख, यातना र पीडाको बारेमा दिव्या कोइराला जानकार थिइन् । त्यसैले उनमा पनि राणा विरोधी भावना जाग्नु स्वाभाविक थियो । त्यसैले दिव्या कोइरालामा क्रान्तिकारी भावना जागेको थियो । क्रान्तिको समयमा नेपालका ती वीरंगना आमाहरूले पति, पिता, छोरा, आफ्ना दाजु भाइलाई युद्ध क्षेत्रमा पठाएर राणाहरूको मनोबल गिराउन ठूलो सहयोग पुऱ्याएका थिए । त्यसै क्रममा दिव्या कोइरालाले पनि आफ्ना परिवारका सबै सदस्यहरूलाई क्रान्तिमा जाने स्वीकृति दिएकी थिइन् (शान्ता अधिकारी, अन्तर्वार्ता, २०६९ फागुन २१) । युद्धको मोर्चामा को मर्ने को बाँच्ने कुनै निश्चित नभएको अवस्थामा देशभरि युद्धको बादल मडारिएको थियो । आफ्नो शासन जोगाउन राणाहरूले जे पनि गर्न सक्ने नीति लिएकाले विद्रोहीहरूको ज्यानै जान सक्ने अवस्था थियो । आफ्नो घरका पुरुषहरू क्रान्तिमा गएकाले विचलित भएका महिलाहरूलाई सम्झाउँदै आमा दिव्या कोइरालाले भनेकि थिइन्- मेरा पनि पाँच पाँच जना छोराहरू प्रजातन्त्र प्राप्तिका लागि युद्ध मैदानमा होमिएका छन्, ती सबै जीवित छन् वा छैनन् म कहाँ गएर कसलाई सोधौँ नेपाल आमाले बारम्बार मलाई कसैले बचाउन सक्छ भनी प्रश्न गरेको अवस्थामा मैले पनि तिमीहरू समक्ष त्यही प्रश्न गर्न चाहन्छु के तिमीहरूको घरमा गल्छी, छिनु, सङ्सी (सन्नासो), दाव, खुकुरी, कुल्हाडी, कोदालो, हसिया केही छैन ? यदि त्यो पनि नभए तिमीहरूसँग भएको सेप्टिपिन (कपालमा लाउने काटा) काटा त छ ? ... त्यसबाट भए पनि राणाहरूको प्रतिकार गर, मातृभूमिलाई स्वतन्त्र बनाऊ भन्दै क्रान्तिको मर्म सम्झाउँदै महिलाहरूलाई हौसला दिएकी थिइन् (रेणु,सन् ....) । यसरी महिलाहरूलाई क्रान्तिको बारेमा जानकारी दिँदै राणाहरू विरुद्धमा किन र कसरी क्रान्ति गर्ने भन्ने भावना भर्ने काम गरी दिव्या कोइरालाले महिलाहरूलाई क्रान्तिमा सहभागी बनाउन साहस बढाएकी थिइन् ।

राजा त्रिभुवन भारतमा शरण लिन गएपछि यता नाबालक युवराज ज्ञानेन्द्रलाई राणाहरूले राजाको रूपमा मान्यता दिने काम गरे। नेपाली कांग्रेसले ज्ञानेन्द्रलाई राजा नमानी क्रान्ति चर्काउँदै अन्तर्राष्ट्रिय जगत्ले पनि ज्ञानेन्द्रलाई राजाको रूपमा मान्यता नदियोस् भन्नाका लागि प्रयास गर्दै थियो। नेपालमा पनि राणाहरू र राणा समर्थकहरू साहु महाजन बाहेक बहुसङ्ख्यक जनताहरू शिक्षित वर्गहरू सबै राजा त्रिभुवन र नेपाली कांग्रेस समर्थक थिए। भारत पनि भरखरै प्रजातान्त्रिक देश भएकाले नेपालमा पनि जनता पक्षलाई नै समर्थन गर्न बाध्य भएको थियो। त्यसैले भारतले ज्ञानेन्द्रलाई राजाको मान्यता दिन सकेको थिएन (उदास, २०५३)। अर्कोतर्फ नयाँ राजालाई मान्यता दिनका लागि बेलायत तयार भएमा प्रजातन्त्र स्थापनाका लागि समस्या उत्पन्न हुने सम्भावना देखिएको थियो (त्रिरत्न मानन्धर, अन्तर्वार्ता, २०८१ पौष २)। राजा त्रिभुवनलाई भारतमा शरण दिएकाले भारत पनि बेलायतले नयाँ राजा बनेका ज्ञानेन्द्रलाई राजाको मान्यता नदियोस् भनेर प्रयासरत थियो। बेलायत राजा ज्ञानेन्द्रलाई मान्यता दिने पक्षमा छ भन्ने सुइँको पाएपछि भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले रोक्ने प्रयास गरी नेपाली जनताको चाहना, भावना नबुझी राणा शासकको सिफारिसमा मान्यता दिने काम नहोस् भन्ने सन्देश पठाए। त्यसबाट आफ्नो निर्णय पुनर्विचार गर्न बाध्य भएको बेलायत सरकारले निर्णय लिनुभन्दा अगाडि नेपालको स्थितिलाई बुझ्न सर डस्लर डेनिङ्गलाई नेपाल पठायो। अमेरिकाले पनि भारत स्थित दुतावासका मिनिस्टर काउन्सेलरलाई नेपाल पठाउने काम गऱ्यो (गौतम, २०५५)। यता नेपालभित्र राणाहरूले सामान्य स्थिति भएको, जनताहरू सबै राजा ज्ञानेन्द्रको पक्षमा सन्तुष्ट भएकाले उनलाई नै राजाको रूपमा स्वीकार गरेका छन् भन्ने प्रतिवेदन दिएकाले सकारात्मक वातावरण मिलाएर त्यसै अनुसारको प्रतिवेदन बनाउँदै ज्ञानेन्द्रलाई नै राजाको मान्यता दिलाउने प्रयत्नमा बेलायत अमेरिका लागेको तथ्य भारतले पनि बुझेको थियो। त्यसलाई असफल पार्न चाहेका नेहरूले आफ्नो नेपालमा भएको राजदुतलाई परिचालन गरी काठमाडौँका सक्रिय क्रान्तिकारीहरू समक्ष सन्देश पुऱ्याए। जसमा अंग्रेजको प्रतिनिधि मण्डल नेपाल आउँदा ठूलो जुलुस निकाली नेपाली जनता राजा त्रिभुवनको पक्षमा छन् भनी प्रमाणित गर्नु पर्दछ भन्ने जानकारी दिइएको थियो। यस किसिमको सूचना पाएपछि क्रान्तिको वातावरण झन चर्काउन चाहेका राजधानीका कार्यकर्ताहरूले तदारुकताका साथ व्यापक तयारी गर्न थाले। त्यस क्रममा नेपाल महिला सङ्घलाई पनि सशक्त प्रतिकार गर्नका लागि तयार गर्नु भन्ने सन्देश पठाए।

क्रान्तिमा लागेका केही क्रान्तिकारी परिवारका महिला बाहेक अन्य सामान्य महिलाहरूले जुलुस प्रदर्शनको पछाडिको लक्ष्यलाई राम्रोसँग नबुझे पनि राणा

शासनलाई झुकाएर राजा त्रिभुवनलाई भारतबाट फिर्ता ल्याउने भनेर व्यापक तयारी गर्न थाले । राजा ज्ञानेन्द्रलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउनु र त्रिभुवनलाई सत्ताच्यूत नै गराउने भित्री उद्देश्य लिएर आउन लागेको उक्त मिसनको अगाडि आफ्नो महिला सङ्घको झण्डा लिएर प्रदर्शन गर्ने कार्यक्रम बनाएर महिलाहरूले महिला सङ्घका दर्जनौं झण्डाहरू सिलाएर झण्डा सहित प्रदर्शन गर्ने योजना बनाएका थिए (सिंह, २०५२) । सीमित हातहतियार र गोलिगठ्ठाका भरमा सशस्त्र क्रान्ति बढाएको नेपाली कांग्रेसले आजाद हिन्द फौजमा काम गरेका नेपाली लडाकुहरू, भूतपूर्व सैनिकहरू, पेशेवर शिकारीहरू, सेनाको जागिर छाडेर आएका सैनिकहरू आदिलाई जोडेर बनाएको मुक्ति सेनाका भरमा क्रान्ति हाँकिरहेको अवस्थामा ब्रिटिश अमेरिकी मिसन सफल हुन दिनै नहुने अवस्था थियो (के.सी., २०७८) । त्यसका लागि आफ्ना कार्यकर्ताहरू पनि परिचालन गरेको कांग्रेसको मार्गदर्शनमा उत्रिएका महिलाहरू झण्डासहित उत्रन तयार भएपछि राजधानीको वातावरण एकाएक सल्बलायो ।

नेपालीहरू राजा त्रिभुवनलाई ल्याइछाड्ने निर्णायक प्रदर्शन गर्न तत्पर रहेकै बेला वि.सं. २००७ मार्ग १८ (सन् १९५० डिसेम्बर ३) मा ब्रिटिस प्रतिनिधि दिनको २ बजे भन्दा अगाडि नै विमान स्थलमा उत्रिँदा ठूलो जनसमूह त्यहाँ उपस्थित भएको थियो । उक्त प्रतिनिधि मण्डललाई विरोध जनाउन सघाउने-नारावाजी गर्ने कार्यमा नेपाली महिला सङ्घका पदाधिकारी र सक्रिय सदस्यहरू लागिपरेका थिए । जसमा श्री माया, मंगलादेवी सिंह, कामाक्ष देवी, श्रीमती तुलसी देवी, स्नेहलता मिठु (शारदा) देवी राणा, चम्पा वज्राचार्य, तुलसीदेवी सिंह, उषा सिंह, कृष्ण कुमारी मानन्धर, हिरादेवी श्रेष्ठ, चन्चला मानन्धर, आरती, धनमाया, रेणुका, गुलवदन, लक्ष्मीदेवी तुलाधर, लक्ष्मी तुलाधर, विन्दुवासिनी राम लक्ष्मी, रेवन्त कुमारी आचार्य, श्रीमती पूर्णदेवी, भाइ माँ आदि महिलाहरूसँगै शान्ति निकुञ्जका विद्यार्थी कोकिला वैद्यको नाम उल्लेख पाइन्छ (प्रधान, २०४७) । त्यसबेलामा गौचर विमान स्थलको खाली चौरको एउटा कुनामा (शान्ता) भगवती श्रेष्ठ र प्रभा नेपाली उभिएको ठाउँमा विजयवर प्रधान नजिकै पुगेर परिचय दिँदै अंग्रेजी नारा सिकाउन खोज्दा उनीहरूले आफूलाई थाहा भएको जनाएपछि तिनलाई राजा त्रिभुवनको फोटो ब्रिटिस प्रतिनिधिलाई दिनु भन्दै एउटा खामबन्दी पत्र पनि दिएका थिए (प्रधान, २०४१) । राणा शासनको त्यो समयमा त्यति सङ्ख्यामा नारीहरू विरोधका लागि उपस्थित हुने र नारीहरूलाई साथ सहयोग गर्ने पुरुषहरू तम्तयार हुनाले त्यस दिनको कार्यक्रमले सफलता पाएको होला भन्न सकिन्छ ।

ब्रिटिस प्रतिनिधि काठमाडौँको अवस्था बुझ्न आउने भएपछि पाटन, भक्तपुर, बनेपा, धुलिखेलदेखि मानिसहरू विमान स्थलमा जम्मा भएका थिए । विमान

उत्रिएपछि हातमा कालो झण्डा बोकेर जनमानसहरूले प्रतिनिधि मण्डल Go Back भन्दै नारा लगाए। राणा शासनका प्रशासक, प्रहरीलाई बेवास्ता गरी लगाएका नारावाजीबाट विमान स्थलको वातावरण अचम्मसँग प्रभावित भई राजा त्रिभुवनमय भयो। सुश्री शान्ता श्रेष्ठ, कोकिला वैद्य, कृष्ण कुमारी मानन्धरहरूले चर्का नारावाजी गरेर जनमानसलाई प्रभावित पार्ने ठूलो भूमिका निभाएकाले त्यो प्रदर्शनलाई (Aerodrum Demonstration) विमान स्थलको प्र्दर्शनको नामले चिनिन्छ (उपाध्याय, २०५४)। ब्रिटिस मिसनले कुरा बुझोस् भनी डाउन विथ्, लङ लिभ, वि वान्ट डेमोक्रेसी, वि वान्ट किङ त्रिभुवन भनी नाराहरू बनाएर राणाशाही मुर्दावाद, ब्रिटिस मिसन फर्किजाऊ भनी गौचर विमान स्थलमा उपस्थित जनसमूहले विरोध प्रदर्शन गऱ्यो (प्रधान, २०४७)। हातमा राजा त्रिभुवनको तस्विर र नारा लेखिएको प्लेकार्ड बोकेको भिडमाथि प्रहरीले लाठी बर्सायो। जसले मानिसहरू भुइँमा पल्टिने भए भने कोही भाग्न थाले (जोशी, २०४८)। प्रदर्शन एवं नारावाजीसँगै विमान स्थलमा मानिसहरूको भिड बढिरहेको थियो। प्रहरीले त्यसलाई रोक्न सकेको थिएन। रिसको झोकमा प्रहरीहरूबाट लाठी चार्जसँगै गोली पनि चलिरहेको थियो। त्यसै बेलामा शान्ता (भगवती) ले मानिसहरू भाग्न थालेको देखेपछि लाछिहरू! गोलीसँग डराउनेहरू! भन्दै गोली आएकोतिर छाति थाप्दै लौ हान... हान भन्दै जाँदा प्रहरीले गोली हान्न भने सकेन। भगवती राइफल समाउन पुगेकाले राइफल तानातान भयो। त्यसै समयमा सत्यनारायण र मंगलमान नामक व्यक्तिहरू दौडेर आएकाले सिपाही राइफल छोडी भाग्न बाध्य भएको थियो (प्रधान, २०४७)। त्यसपछि जनताको भिडले हवाइजहाज घेर्न जाँदा फेरी लाठी चार्ज भयो। धेरैजना ढले, त्यसै क्रममा दुई लाठी टाउकामा बज्रिएकाले भगवती मुर्छित भएकी थिइन्। टाउकोबाट रगत बगिरहेको थियो। नारा लागिरहेको थियो। सबै कुरा बुझेका ब्रिटिस प्रतिनिधिहरूको गाडी पनि बढ्न नसक्ने भएपछि त्यस दिन भएको राजधानीको यथार्थ विवरणमा जनताको विचार जस्तो छ त्यस्तै प्रतिवेदन दिल्लीमा पुऱ्याउने बचन दिएपछि बल्ल उनीहरूको मोटर छोडिदिएका थिए। यसरी प्रहरी हस्तक्षेपले गर्दा भागाभाग भए पनि उद्देश्य पूरा गरी छाड्ने प्रण लिएका किशोरीहरू स्नेहलता, कोहिला वैद्य, शान्ता श्रेष्ठले जोस देखाउँदै राजा त्रिभुवनको समर्थन गर्दै ब्रिटिस प्रतिनिधिहरूलाई तयार पारेको खामबन्दी पत्र र त्रिभुवनको तस्विर दिन सफल भएका थिए (उदास, २०५३)। जसबाट ब्रिटिस मिसनले नेपाली जनताको चाहना-भावना बोध गर्ने अवस्था भयो।

विमान स्थल प्रदर्शन क्रममा नारावाजी गर्ने, जनसमूहलाई मार्गदर्शन गर्ने, बहादुरी देखाएका महिला शान्ता श्रेष्ठलाई प्रहरीले पक्रन खोज्दा जनसमुदायले खोसेर भगाउने काम गरेका थिए भने कृष्ण कुमारी मानन्धर, सरोजनी नानी छोरी, कोकिला

तुलाधर (वैद्य) आदि नारीहरू गिरफ्तारमा परेका थिए (जोशी, २०४८) । अन्य कति नारीहरूको सहभागिता भएको भए तापनि उनीहरूको नाम उल्लेख पाइँदैन । नेतृत्व गर्नेहरूको नाम उल्लेख भएको र अन्य धेरै नारीहरूले उक्त प्रदर्शनमा भाग लिएको अनुमान लगाउन सकिन्छ । जसबाट व्रिटिस मिसनले पनि आफ्नो सरकारको चाहना अनुसार राणाहरूका पक्षमा हुने गरी प्रतिवेदन दिने अवस्था हुन पाएन ।

विमान स्थल प्रदर्शन-घेराउ कार्यक्रमको संयोजक मंगलादेवी सिंह नेपाल महिला सङ्घको सभापति थिइन् । उनीसँग सिद्धिलक्ष्मी कारजन्ति, चम्पा वज्राचार्य लगायत नाम थाहा नभएका धेरै महिलाहरूले साथ सहयोग पुऱ्याएको धारणा धेरै लेखकहरूको पाइन्छ । यसरी नेपालमा राणा शासन फाल्नका लागि नारीहरूले विमान स्थलमा गरेको प्रदर्शनले व्रिटिस प्रतिनिधिहरूको सोचाइमा पूर्ण परिवर्तन गर्ने काम गराइदियो । व्रिटिस प्रतिनिधिहरूले नेपाली जनताको भावना नेपालमा प्रजातन्त्र स्थापना हुनु पर्ने र राजा श्री ५ त्रिभुवन नै हुनु पर्ने भन्ने रहेछ भन्ने जानकारी बेलायत सरकारलाई दिए । यस घटनाले गर्दा राणाहरूलाई अप्ठ्यारो स्थिति सिर्जना भयो । नेपाली कांग्रेसले सशस्त्र क्रान्ति चलाएको अवस्थालाई यो घटनाले ठूलो सहयोग पुऱ्यायो । नेपालबाट राणा शासन फाल्ने निर्णायक परिस्थिति निर्माणमा यो घटनाबाट ठूलो सहयोग पुगेको थियो । सायद नारीहरूले त्यस दिन विमान स्थलमा त्यस किसिमको नाराबाजी प्रदर्शन गरेको, त्रिभुवन नै राजा चाहिन्छ भन्दै गरेको प्रदर्शन देखेर नै विदेशी प्रतिनिधि मण्डलले आफ्नो सोचाइमा परिवर्तन गरी नेपाली जनताको चाहना राजा त्रिभुवन नै रहेछन् भन्ने प्रतिवेदन तयार पारिदिएकाले नेपाली कांग्रेसको आन्दोलनले सफलता पाउन सकेको थियो भन्न सकिन्छ ।

## निष्कर्ष

राणाहरूको पारिवारिक शासन समाप्त पारी राजाको वैधानिक नायकत्वमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने मूल लक्ष्य अनुरूप नेपाली कांग्रेसले सञ्चालन गरेको २००७ सालको सशस्त्र क्रान्तिमा नेपाली महिलाहरूको उल्लेखित सहभागिता नेपालको राजनीतिक, सांस्कृतिक, सामाजिक परिवर्तनका लागि एक महत्वपूर्ण कोसेढुङ्गा थियो । घरको चुलो चौको सम्हाल्ने र गृहकार्यमा रमाउने मानिएका महिलाहरूलाई यो क्रान्तिले केवल घरपरिवारभित्र मात्र सीमित नराखी देश निर्माण एवं राजनीतिक परिवर्तनमा भूमिका निर्वाह गर्ने बनाएर अग्रपङ्क्तिमा ल्याएको थियो । हातहतियार ओसारपसार गर्ने, सन्देश वाहक बनेर महत्त्वपूर्ण काम गर्ने, आफन्त-सन्तानलाई क्रान्तिपथमा पठाएर गृहकार्यको जिम्मा लिने र समाजमा चेतना जगाउने, क्रान्तिकारीहरूलाई लुकाउने, सघाउने, नारावाजी, जुलुस प्रदर्शन, जहाज ग्राउण्ड, घेराउ आदि विभिन्न कार्यक्रमहरूमा जीवन्त भूमिका निर्वाह गरी

आफ्नो साहस, दृढता, नेतृत्व क्षमता प्रदर्शन गरेका महिलाहरूको कार्यले समाजमा लैङ्गिक समानता, महिला सशक्तीकरणको मार्ग प्रशस्त गऱ्यो। महिलाहरूको उक्त साहस, जोस, समर्पण देखेर नै कतिपय मानिसहरूले क्रान्ति मार्गमा बढेको स्वीकार गरेका छन् । क्रान्तिपछिको राजनीतिक प्रक्रियामा महिलाहरूले अपेक्षाकृत प्रतिनिधित्व नपाउने, योगदानको पूर्ण कदर नहुने स्थिति भएकै हो । तर पनि नेपाल र नेपालीलाई न्याय समानताको ज्ञान दिएर क्रियाशील हुन सिकाउने २००७ सालको सशस्त्र क्रान्तिमा महिलाहरूले निभाएको सशक्त भूमिकाले नै समतामूलक समाज निर्माणको दिशामा पुनर्विचार गर्ने वातावरण निर्माणका लागि प्रेरित गरेको हो ।

**सन्दर्भ सामग्रीहरू**


अधिकारी, सूर्यमणि (२०५५). *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास.* निराला पब्लिकेसन्स ।

अधिकारी, सूर्यमणि (२०५९). *नेपाली कांग्रेसको इतिहास.* भुँडीपुराण प्रकाशन ।

उपाध्याय, गोविन्दप्रसाद (२०५४). *नेपालको प्रजातान्त्रिक इतिहास सन्दर्भ.* रत्नपुस्तक भण्डार ।

उदास, गेहेन्द्रमान (२०५३). *नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन.* प्रताप सिंह राई नाछिरिङ ।

के.सी., अर्जुन नरसिंह (२०७८). *नेपाली कांग्रेसको संक्षिप्त इतिहास (सिद्धान्त तथा नीतिको परिचय सहित).* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन प्रा.लि. ।

गौतम, राजेश (२०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* श्रीराम श्रेष्ठ र कृष्णमुरारी अधिकारी ।

गौतम, बद्रीनारायण (जुलाई २०१२). राजा त्रिभुवन भारत पलायनको यथार्थ. *कन्ट्रिब्युसन्स टु नेपालीज स्टडिज.* ३९(२), पृ. २४३-२७६ ।

जोशी, रामहरि (२०४८). *नेपालको नोभेम्बर क्रान्ति.* अन्तर्राष्ट्रिय मञ्च ।

जोशी, भुवनलाल र रोज, लियोई (सन् १९६६). *डेमोक्रेटिक इनोभेशन इन नेपाल.* युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस ।

तामाङ, श्यामकुमार (२०५६). *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास.* एकता प्रकाशन ।

प्रधान, भुवनलाल (२०४७). *नेपालको जनक्रान्ति २००७.* रुमु प्रकाशन ।

फिसर, जेम्स (२०५७). *ज्युँदा शहिदहरू.* अनुवादक अरविन्द रिमाल. टंकप्रसाद

आचार्य स्मृति प्रतिष्ठान।

बस्नेत, मिरा (२०५३). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका.* मिरा बस्नेत।

राणा, सागर एस.जे. (सन् २०१७). *सिंहदरबार राइज एण्ड फल अफ द राणा रेजिम इन नेपाल.* रूपा पब्लिकेसन्स इण्डिया।

राणा, सागर एस.जे. (सन् २०२३). *किङ्डम लस्ट नेपाल्स ट्रायस्ट उइथ डेमोक्रेसी १९५१-२००८.* रूपा पब्लिकेसन्स इण्डिया।

रिमाल, अरबिन्द (२०६२). *१९९७ देखि २०१७ साल एक अवलोकन.* टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान।

रेग्मी, डि.आर. (सन् १९५८). *अ सेन्चुरी अफ फेमिलि अटोक्रेसी इन नेपाल.* के.एल. मुखोपाध्याय।

शर्मा, गणेशराज (संकलन) (२०५५). *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त.* जगदम्बा प्रकाशन।

सिंह, गणेशमान (२०५७). *मेरा कथाका पानाहरू.* खण्ड २. आयाम प्रकाशन।

सिंह, मंगलादेवी (२०५२). *नारी सङ्घर्षका पाइलाहरू.* पि.एल. सिंह।

श्रेष्ठ, सुशिला (२०६०). *स्मृतिका आँखिझ्यालबाट.* स्वप्नवाटिका प्रकाशन।

हरि, मन्जुश्री (२०५९). गुलाफि सासु. हरि मन्जुश्री आदि (सम्पा.). *सुशिला देवी चालिसे स्मृति ग्रन्थ.* सुन्दरराज चालिसे सुशिलादेवी चालिसे स्मृति प्रतिष्ठान, पृ. ८९-९१।

+++

# संवत् १९१४ सालको वही अंकित कागजात र श्री ५ दरवारको खर्च



✍ कमल भण्डारी

**शोधसार**

नेपालमा प्राचीनकालदेखि नै राजतन्त्रात्मक शासन व्यवस्था रहँदै आएको कुरा विभिन्न ऐतिहासिक स्रोतहरूले प्रमाणित गरिसेकेका छन्। यस किसिमको राजतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत राजा नै राज्यका सबै निकायका प्रमुख व्यक्तिको रुपमा रहने गरेका थिए। राजाको निर्देशनबाट राज्य व्यवस्था चल्दथ्यो। यस समयमा राज्य कोष र राजकोषमा भिन्नता थिएन। त्यस्तो कोषबाट नै राजाद्धारा आवश्यकता देखिएका श्रेत्रहरूमा खर्चका लागि निकासा गरिन्थ्यो। राजदरबारको आवश्यकता अनुसारको खर्च पूर्ति गर्नु राज्य तथा जनताको दायित्व हुन्थ्यो। यस प्रकारको राजतन्त्रात्मक व्यवस्था नेपालमा प्राचीनकालदेखि नै प्रारम्भ भई राणा शासन काल पूर्वसम्म रहन गएको थियो। मध्यकाल एवं मल्लकालमा पनि दरबारको खर्च निकै हुने गरेको थियो। शाहकालमा पनि राज्यकोषको सम्पती राजाकै नामबाट खर्च हुने गर्दथ्यो तर राणा शासनकालको प्रारम्भसंगै यस्तो स्थितीमा ठिक उल्टो हुन गयो। राज्यकोषमाथि राणा शासनको नियन्त्रण रहन पुग्यो। दरबारको खर्च राणा शासकले विनियोजित गरे अनुसार हुन गयो। यस्तो स्थितिमा दरबारको खर्चको प्रकृति कस्तो रहन गएको थियो त्यसमाथि अध्ययन गरी प्रकास पार्न यो अध्ययनको औचित्य रहेको छ। दरबारमा क-कसका लागि कुन कुन शीर्षकमा खर्च निकासा गरिन्थ्यो यस माथी अध्ययन गरिएको छ। यसरी अध्ययन गर्दा बिषेशत जंग बहादुर राणाकालिन वि.सं. १९१४ सालको वही अंकित ऐतिहासिक दस्तावेजलाई आधार मानिएको छ। साथ साथै अन्य सहायक

✍ *सहायक प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर*

स्रोतहरूको पनि प्रयोग गरिन्थ्यो भन्ने सम्बन्धमा घटना अध्ययन शैलीमा उक्त दस्तावेज माथि नै केन्द्रित भई अध्ययन गरिएको छ। यसरी अध्ययन गर्ने क्रममा प्राप्त सूचना बिच तुलनात्मक एवं विश्लेषणात्मक विधिवाट घटनाको अध्ययन गरी वर्णात्मक शैलीमा अध्ययन सम्पन्न गरिएको छ। राजाको हातवाट राणा शासकको हातमा राज्यकोषको बागडोर पुगिरहँदा दरवारको खर्चको प्रकृतिको अध्ययनले यस अध्ययनले जमर्को गरेको छ।

**शब्द कुञ्जी**

श्री ५, श्री ३, महाराज, महारानी, दरबार, खर्च, राज्यकोष, कौशीतोषाखाना, वकस, इनाम, राणा शासन

**परिचय**

नेपालमा प्रारम्भिक कालदेखि नै राजतन्त्रात्मक शासन व्यवस्था रहेको कुरा विभिन्न ऐतिहासिक श्रोतहरूले पुष्टी गरिसकेका छन। राजा नै राज्यका सबै निकायहरूमा प्रमुख व्यक्ति रहने वा उनको नै व्यक्तिगत शासन हुने खालको राजतन्त्रात्मक शासन पद्धतीको अभ्यास नेपालमा कायम हुँदै आएको थियो। त्यस समयमा राज्यकोष र राजकोषमा खासै भिन्नता पाइदैनथ्यो। त्यस्तो कोषलाई चलाउने काम राजावाट नै हुन्थ्यो। राजदरबारको आवश्यकता अनुसार खर्च पूर्ति गर्नु राज्य तथा जनताको दायित्व झै बुझिन्थ्यो। राज्यकोषवाट कुनै समय खर्च नपुगे राजाद्वारा नै सर्वसाधारण जनताबाट सार्वजनिक ऋण सापटी लिने गरेको देखिन्थ्यो। यस्तो सापटी बिशेषगरी विजय अभियान चलाउन, युद्ध गर्न र त्यस्तै महत्वपूर्ण काम गर्न लिइन्थ्यो।[1] यस्तो सापटी मध्य र मल्लकालमा मात्रै नभई आधुनिक कालमा पृथ्वीनारायण शाहद्धारा पनि लिएको देखिन्छ। अहिले जस्तो आय व्यायको राम्रो लेखाजोखा गरी खर्च अनुसार आम्दानीका श्रोत जुटाउने परिपाटी त्यस समयमा थिएन।

मध्यकालसम्ममा बिभिन्न किसिमका कर, भन्सार महसुल, दण्डकुण्ड, विजय पराजय, सामन्तहरूले तिर्ने सिर्तो, पर्ति जग्गा जमिनको आवादि र देशभित्रका उपलब्ध प्राकृतिक श्रोत परिचालनवाट प्राप्त आयस्तर आदि आम्दानीको मुख्य श्रोत थिए। झारा विष्टिलाई सरकारी आम्दानीकै रुपमा लिइन्थ्यो। मध्यकालमा जग्गा, जागीर र विर्ताको रुपमा पजनी गर्ने चलन अत्यधिक चलेको र पजनी गर्दा राजालाई दस्तुर दाम चढाउनु पर्ने हुँदा केही न केही आम्दानी राजकोषमा हुन्थ्यो। हिजोआज झैँ विकास निर्माण काममा धेरै खर्च पहिले हुदैनथ्यो तर पनि देशको सुरक्षा प्रशासन तथा लोक कल्याणकारी धार्मिक तथा सामाजिक कामहरूमा राजकोषवाट राम्रै

१ रमेश ढुङ्गेल, (बि.सं. २०५६),काठमाण्डौ उपत्यकाको मध्यकालोन इतिहास, काठमाण्डौ, नेपाल र एसियाली अनुसन्धान केन्द्र, पृ.नं.२७४।

खर्च हुन्थ्यो । मध्यकालमा राजकीय वा दरवारसम्बन्धी खर्चका लागि र दरवारमा सम्पन्न हुने ठुला ठुला यज्ञ याज्ञादी, पुराण, चुडाकर्म, उत्सव, मनोरञ्जन आदि कामका लागि देशको राजस्वको कुनै न कुनै रुपले खर्च हुन्थ्यो । त्यति खेर कतिपय खर्चहरू सोझै राज्यकोषवाट नगरी, झारा, विष्टी सेवाकुको रुपमा अनेक वस्तु वा श्रम सेवासमेत उठाउने गरेको पाइन्छ ।[२] मध्यकाल र मल्लकालमै खर्चको सबैभन्दा ठुलो हिस्सा धार्मिक मठमन्दिर तथा सामाजिक स्मारक निमार्ण र मर्मत संभारमा नै हुने गर्दथ्यो । मल्लकालमा दरवारसंग सम्बन्धित खर्चहरू विवाह, व्रतवन्ध, दिक्षा, चुडाकर्म, पूजापाठ, समारोह, मनोरञ्जन, राजाहरूको देश विदेश भ्रमण, तिर्थयात्रा आदि राज्यको खर्च अन्तर्गत पर्दथे ।[३] यस समयमा दरवारमा विलासिताका क्रम निकै बढेको देखिन्थ्यो । भारतीय मुगल शासकको प्रभाव निकै परेको थियो र यस्ता धेरै विलासिताका सामान दरवारमा निकै संग्रह गरिएको हुन्थो ।[४] वास्तवमा मध्यकाल र मल्लकालमा दरवारको खर्चले पनि राज्यको खर्च निकै बढाएको थियो । वास्तवमा दरवारको खर्चको प्रकृति र पद्धतीको यस्तै नै निरन्तरता आधुनिक कालमा राणाकाल पूर्व सम्म पनि देख्न सकिन्थ्यो । तर आधुनिककाल प्रारम्भ संगै राज्यको सवैभन्दा ठुलो खर्च सैनिक शासनतर्फ हुन गयो । पृथ्वीनारायण शाहले प्रारम्भ गरेका सैनिक अभियान सुगौली सन्धिसंगै अन्त्य भए पनि नेपालको अंग्रेज प्रति हेर्ने दृष्टिकोणमा राणकाल अगाडिसम्म खासै भिन्न नरहेकोले सैनिक सुदृढीकरणमा त्यसपछि पनि ठुलै खर्च भएको थियो । भीमसेन थापाको मृत्युपछि झन् झन् बढ्दै गएको चरम राजनैतिक अस्थिरताको परिणामले सृजित कोतपर्वपछि भने अव देशको सम्पूर्ण शासन अधिकार राजामा नरही १०४ बर्षसम्मका लागि राणापरिवारमा केन्द्रित हुन पुग्यो । यसरी राजाको सर्वोच्च शक्ति प्राप्त गर्न सफल भएका राणाहरूले राज्यकोष माथि नियन्त्रण गरिरहँदा राजाको दरवारको खर्चको अवस्था के कस्तो थियो त्यस सम्बन्धी छुटै अध्ययन भएको देखिदैन । यसै सन्दर्भमा प्रस्तुत लेखमा १९१४ सालको वहि अंकित कागजातमा प्राप्त भएका सूचना तथ्यहरूको आधारमा त्यस बर्षको दरवारको खर्चको बारेमा सूक्ष्म विवेचना गर्ने जमर्को गरिएको छ।  राणाकाल पूर्व राज्य वा सरकार प्रमुखका रुपमा राजाले नै व्यक्तिगत शासन चलाउने कुरा माथि नै उल्लेख गरिसकिएको छ। पृथ्वीनारायण शाहको समयदेखि नै कौशीतोषाखाना केन्द्रिय अड्डाले राज्यको सम्पर्ण आम्दानी जम्मा गर्ने र खर्च गर्ने काम गर्दथ्यो । यो अड्डालाई केन्द्रिय ढुकुटीको रुपमा लिन सकिन्थ्यो । त्यस समयमा पनि राजदरवार सम्बन्धी सबै खर्च (राजा, रानी, राजकुमारहरूका अतिरिक्त राजपरिवारका

२ ऐजन, पृ.नं.२७५।

३ ऐजन, पृ.नं.२६६ ।

४ ऐजन, पृ.नं. २७८ ।

अन्य सदस्यहरू र दरवारसंग सम्बन्धित सवै खर्च) यही कौशीतोषाखानामार्फत गरिन्थ्यो ।[५] देशको उच्च एंव निम्नस्तरसम्मका कर्मचारीहरूको पजनी र उनीहरूको पारिश्रमको लागि जमिन (जागीर) वा केही नगद व्यवस्था गरी निर्णय गर्ने काम समेत राजावाट हुन्थ्यो। राज्यको सम्पूर्ण सम्पती नै राजावाटै वा उनकै नामवाट खर्च हुन्थ्यो तर जंगबहादुर राणा (कुँवर) को उदयपछि भने स्थिति यसको ठिक उल्टो हुन गयो। अब राज्यको ढुकुटीमा प्रधानमन्त्रीको आधिपत्य रहन पुग्यो। उनले देशको सम्पूर्ण आम्दानी जम्मा गर्ने राष्ट्रिय ढुकुटीको रुपमा मुलुकी खाना अड्डाको स्थापना गरे र कौशीतोषाखानावाट भने खर्च सम्बन्धी जिम्मेवारी मात्रै दिए। कौशीतोषाखानावाट जंगी र निजामती कर्मचारीको तलबका अतिरिक्त अन्य आवश्यक खर्चका निम्ति साधारणतया बर्षको १ लाख रुपैंया मुलुकीखानावाट निकासा हुन्थ्यो ।[६] यसै सन्दर्भमा महेश चन्द्र रेग्मीले उल्लेख गरे अनुसार आदेश भए अनुसारको खर्च वितरण गर्न मुलुकी अड्डावाट कौशीतोषाखानाले एक पटकमा १ लाखसम्म रकम प्राप्त गर्दथ्यो ।[७] यसवाट के बुझ्न सकिन्छ भने राणा प्रधानमन्त्रीले आवश्यकता ठानी आदेश दिएमा यस्तो प्रकृतिको निकासा बढ्न पनि सक्थ्यो। सम्भवत राजा, राजपरिवार प्रधानमन्त्री र उनका परिवारवाट हुने छुटपुट भैपरि फर्मायिसी खर्च बक्स/इनामका लागि कौशीतोषाखानावाट विनियोजित खर्च यसै १ लाखव्याट हुन सक्ने देखिन्थ्यो। राणाकालमै पनि राजदरबारको सम्पूर्ण खर्चहरू राज्यारोहण, विवाह, ब्रतवन्ध, पाश्नी, मृत्यु संस्कार आदिको व्यवस्था गर्दै दैनिक खर्चको चाजोपाजो मिलाउनु समेत कौशीतोषाखानाको जिम्मेवारी थियो ।[८] वास्तवमा मुलुकीखानावाट धेरैजसो रकम खर्च नेपाली सेनाका लागि हुने गरे पनि राज परिवार र राणा परिवारको विवाह लगायतका अन्य कार्यहरूको लागि पनि प्रधानमन्त्रीको आदेशद्वारा रकम निकालिन्थ्यो। राज्यको सम्पूर्ण राजश्व नै प्रधानमन्त्रीको हातवाट खर्च हुन्थ्यो तर पनि राज्यको आम्दानी खर्चको अनुमान गर्ने, लेखा राख्ने प्रणाली भने थिएन। सरकारी कोष र महाराज प्रधानमन्त्रीको व्यक्तिगत कोषमा केही भिन्नता थिएन। सरकारी कोषवाट प्रधानमन्त्रीको मञ्जुरी वा आज्ञा विना १ पैसा पनि खर्च गर्न सकिदैन्थ्यो ।[९] राजस्व बढी भन्दाबढी संचित गरी व्यक्तिगत नाफा आर्जन गर्न राणा प्रधानमन्त्रीहरू राज्य संचालनका लागि

---

५ तुलसीराम वैद्य र त्रिरत्न मानन्धर,(बि.सं. २०५३),*आधुनिक नेपालको प्रशासनिक इतिहास,* काठमाडौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, पृ.नं. ३९

६ ऐजन, पृ.नं. १७२।

७ महेश चन्द्र रेग्मी,(१९८८) एन इकोनोमिक हिस्ट्री अफ नेपाल, वाराणशी, नाथ पब्लिसिङ्ग हाउस, , पृ.नं. ५३।

८ पूर्ववत, पाद टिप्पणी नम्बर ५, पृ.नं. १७३।

९ तुलसी नारायण श्रेष्ठ,(१९८९) *नेप्लिज एडमिनिस्ट्रेशन ए हिस्टोरिकल प्रस्पेक्टिभ,* काठमाण्डौ, रत्न पुस्तक भण्डार, पृ.नं. १८७।

संम्भव भएसम्म कमभन्दा कम खर्च गर्ने प्रयासमा उद्दत हुन्थे ।[10] त्यस समयमा जंगी र निजामती प्रशासनमा हुने खर्चपछिको ठुलो खर्च श्री ५ दरवारको नै हुन्थ्यो । त्यसैले यहा १९१४ सालको कौशीतोषाखानाको डकुमेण्टको अध्ययन गरी श्री ५ दरवारको कुल खर्चको अवस्थामाथि प्रकाश पारिएको छ ।

**अध्ययनको महत्व**

नेपालको अस्तित्व कालदेखि नै राजतन्त्रात्मक व्यवस्था कायम भई राज्यकोष एवं राज्यका सबै निकायहरूको नियन्त्रण एंव निर्देशन दिने व्यक्ति वा संस्थाको रुपमा स्थापित हुँदै आएको नेपालको राजतन्त्रात्मक व्यवस्था वा राजा राणा शासनकालको उदयसंगै राज्य संचालनको ती सवै अधिकारवाट करिव करिव वञ्चित हुन पुग्दा दरवारको खर्चको निकासा कोबाट के कति र कुन कुन शीर्षकमा हुने गरेको थियो त्यसमाथि खोज गरी प्रकाश पार्नु नै यस अध्ययनको महत्व हो ।

**अनुसन्धान बिधि**

यस समस्यामाथिको अध्ययन एक घटना बिधि(सानो साद्दण) मा आधारित अध्ययन हो । यस समस्या- माथि लेख तयार पारिरहँदा आवश्यक पर्ने तथ्य, सूचना,जानकारी आँकडा प्राप्त गर्ने क्रममा प्राथमिक स्रोतको रुपमा सूचना संकलन गर्न संवत १९१४ सालको वही अंकित कागजात वा ऐतिहासिक दस्तावेज नै मुख्य एवं प्राथमिक द्धितीय स्रोतको रुपमा तथ्य सूचना प्राप्त गर्न समस्यसंग सम्बन्धित पूर्व प्रकाशमा आएका अन्य पूर्व प्रकाशित कृतिहरूलाई प्रयोग गरिएको छ । श्रोतको रुपमा प्रयोग गरिएको छ। यस्ता संकलित स्रोतहरू संख्यात्मक र गुणात्मक प्रकृतिका रहेका छन । यसरी प्राप्त हुन आएका सूचना तथ्यांकहरूलाई तुलनात्मक र विश्लेषणात्मक शैलीमा अध्ययन गरी वर्णात्मक शैलीमा लेख तयार पारिएको छ। समग्रमा अनुसन्धान सम्पन्न गर्न ऐतिहासिक अध्ययन विधिका निर्दिष्ट एंव उपयुक्त विधिहरू अपनाई निष्कर्षलाई औचित्यपूर्ण तुल्याई लेख सम्पन्न गरिएको छ ।

**श्री ५ दरबारका परिवारिक एवं व्यक्तिगत खर्चको अवस्था**

यस अध्यायमा श्री ५ दरवारका परिवारको सदस्यहरूलाई कौषितोषानावाट निकासा गरिएको व्यक्तिगत विवरण प्राप्त खर्चहरू उल्लेख गरिने छ ।

**क) श्री ५ महाराजधिराजको खर्च – ३०७०९//२//**

श्री ५ महाराजधिराजको तर्फवाट हुने गरेको खर्चको प्रकृति हेर्दा यसलाई निम्न २ उप शीर्षकमा उल्लेख गर्न सकिन्छ ।

१) **नियमित खर्च**

१० पूर्ववत, पाद टिप्पणी नं. ७, पृ.नं. १० ।

२) **भैपरि आउने /फर्मायसी खर्च**

१) **नियमित खर्च ८२६३** [२]

श्री ५ महाराजधिराजका नियमित खर्चको, लागि १ बर्ष र १ अतिरिक्त मलेमास महिना जम्मा गरि १३ महिनाको प्रति महिना ६००।- का दरले यस बर्षको लागि फर्मायिसि खर्च मोह रु ७८००।- निकासा गरिएको देखिन्छ। यस्तै नियमित खर्चभित्र नै श्री ५ महाराजको मित्र खोपी खोपिमा काम गर्ने धाई, सुसाऱ्य, भान्साब्राह्मणी जम्मा १० को लागि ४५४/२ खर्चको निकास भएको देखिन्छ। वास्तवमा राणा शासन कालमा राजालाई राजनैतिक रुपमा सिमित वा निष्कृय राखे पनि उनीप्रति उच्च सामाजिक सम्मान गर्दथे र राजाले आवश्यक ठानेका वा माग गरेका खर्चको निकासा गर्न राणा प्रधानमन्त्री हरदम तयार देखिन्थे। श्री ५ महाराजधिराजको पूजा कोठाका पुजारी भान्से लगायत ४ जनाको खर्च ८।।।

२) **भैपरि आउने वा फर्मायसी खर्च**

राणाशासन अवधिमा पनि राजाको देशभित्र र बाहिरको सामाजिक सम्मानलाई बिशेष ध्यान दिइएको थियो। राजालाई मन लागेमा वा आवश्यक देखिएमा जस कसैलाई पनि वकस, इनाम, पुरस्कार प्रदान गर्न सक्ने थिए। यसको समय वा पात्र निश्चित हुदैन्थ्यो तर यस्ता कार्य निश्चित हुन्थे नै। यसमा पनि राजाले व्यक्तिगत प्रयोग गर्ने र वकस, इनाम प्रदान गर्ने खर्चहरू शीर्षकमा खर्च उल्लेख गरिएको छ।

(अ) **राजाको ब्यक्तिगत प्रयोग गर्ने खर्च** : ९५१//–//

श्री ५ महाराजधिराजका लागि १३ वटा हरियो पोशाक, कालो बेलायती मखमलको मुगलानी टोपी र श्री ५ का बुवालाई पनि त्यस्तै २ जोर कपडा टोपी गरी जम्मा १५ सेटको मोहरू ५१। तिरेको देखिन्छ। यस्तै कविरधनसंग मोहरू ५१ म सुनौलो गहुलीलैस मोहर ३ का दरले १७ तोला किनेको देखिन्छ। कलकोत्ताका गौरत जनरल क्येनिङ्ग साहेवलाई उपहार पठाँउदा अंग्रेज मलमल खरिद गर्दा १/¯// र कपडाकै लागि भनी सुनौला तास किन्न ४। उल्लेख। यस्तै श्री ५ सरकारवाट जंगी मेगजिनमा सिलाएको कपडा पाउपोसजोर १२ को ६३। यस्तै श्री ५ सरकारबाट लगाउन पाउपोस जोर ६ को ४७///-/ खर्च उल्लेख देखिन्छ। (१५६) यस्तै श्री ५ सरकारवाट लगाउन ५९। (१६१) खर्च देखिन्छ। श्री ५ लाई (राजा) लगाउ धोति र उपर्ना जम्मा १६ को खर्च पैसा ३९/श्री ५ महाराजधिराज र बुढामहाराजधिराजका चार मोहनको खर्च मोरु -११।२ श्री ५ वाट खजान्ची मार्फत ५ हातको बढी हात्तिनी - ६०० श्री ५ को राजहुन्या नासलचोकमा मर्मत सम्भार- २२।।२।।

(आ) **वकस/इनामद्धार फर्मायसी खर्च– २१४९५**

कुनै पनि व्यक्तिले देशको निमित्त रितपूर्व इमान्दारी साथ कुनै पनि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएमा राजा खुसी भए कदर स्वरुप विर्ता वा इनाम दिने गर्दथे। राणसासनकालमा राणाले पनि यस्ता थुप्रै विर्ता इनाम दिएका थिए।

यहा विर्ताको बिभिन्न किसिमहरूमध्ये रकम विर्ता [११] को उल्लेख छ। यहाँ बकस इनामबाट देखिने खर्चलाई पनि यसको प्रकृति हेरी व्यक्तिगत बकस/इनाम र धार्मिक साँस्कृतिक बकस/इनाम गरी दुई शीर्षक छुट्टाएर हेरिएको छ।

(इ) **धार्मिक साँस्कृतिक बकस/इनाम खर्चको अवस्था – ५४१६– २**

तत्कालीन समयमा राजावाट प्रदान गरिने बकस खर्चमा धर्ामिक सास्कृतिक बकस खर्च एक महत्वपूर्ण खर्च थियो। यस्ता बकसहरूमा क्रिया खर्च बकस, सति खर्च बकस, विवाह, ब्रतवन्ध खर्च बकस, पूजापाठ दान दक्षिणा खर्च बकस, नाच गान बकस खर्च आदि देखिन्छन्। प्राप्त डकुमेण्टमा देहायका बकस प्रदान गरेको देखिन्थ्यो।

| | |
|---|---|
| कप्तान रणधोज कार्कीको छोराको विवाह खर्च बकस | १०० |
| चौतारिया सम्शेर जंग शाहको विवाह खर्च बकस | १२०० |
| सरदार दलबहादुर पाण्डेका छोराको विवाह खर्च | रु.५० |
| सरदार दलबहादुर पाण्डेका छोराको विवाह खर्च वकस | रु. ५० |
| गृह कुमारीलाई विवाह खर्च बकस | ८०० |
| चौतारिया ववर जंग शाहका कान्छा छोराको ब्रतवन्ध खर्च वकस | ५० |
| कालिबहादुर पल्टनपट्टीका सिपाही सिहदल (गुरुङ्गम) मर्दा सति खर्च पैसा रु. २० | |
| काजी अक्टनसिंह थापाका काहिली कान्छी मुखियानी भुवन कुमारी खस्दा क्रिया खर्च बकस | ५०० |
| चौतारिया ववरजंग शाहका बुहारी खस्दा क्रिया खर्च बकस | ३० |
| श्री माहिला प्राईमिनिस्टरका बार्षिमा निजका रानी साहेव, वावु साहेवहरुलाई बकस (कपडा ) १८९०। २ | |
| करचिछोकरा (?) को नाच लाग्दा इनाम बकस ४ जनालाई मोह रु | १८० |
| श्री ५ साहेव ज्यू महाराजधिराजका गाथमा सन्चो नँहुदा दान दक्षिणा | १६। |
| गुरु पुरोहित अम्बर राजपण्डित मार्फत चिन्हा हेराई फर्मायसी दान | ५० |
| श्री ५ साहेव ज्यू महाराजधिराजका गाथमा (स्वास्थ्यमा) सन्चो नहुँदा | ३४ |
| श्री ५ (राजा) बाट बिभिन्न देवी मन्दिरमा पंचवलीसहित पूजा पाठको दक्षिणा १५० | |

(श्री गुहेश्वरी, श्री बज्रयोगिनी, श्री दक्षिणकाली, श्री लुमणी, श्री कंकेश्वरी, श्री दन्तदे

११ कृष्णा बहादुर थापा र अन्य,(बि.सं.२०५४) *आधुनिक नेपालको आर्थिक इतिहास,* काठमाण्डौ, नेपाल र एसियाली अनुसन्धान केन्द्र, पृ.नं. २५३।

वीमा पंचा वली पूजाको पाठ दक्षिणा )
नजिर पुतपुके पाउछुन्या नाच दाई नाच नामबक्स २०
श्री ३ का वावु साहेवको पाद्यनीमा कसबीहरुको नाच लाग्दा इनाम बकस १५५
घिन्तामनी नाच नाच्ने मोतिलड्की (?) के बक्स ५
कस्वी छोकराको फर्मायसी नाच लाग्दा इनाम बक्स मो. ११०
माद्यवदी ३ रोज ३ सप्ले खुवाउने (?) ३ वाडाहरुलाई सिरोपाउ बक्स ४।।।
श्री ५ महाराजधिराजको भान्सा ब्राह्मणीलाई जुठो पर्दा ....१

**(क) व्यक्तिगत बकस इनाम खर्चको अवस्था १६०७८//**

राजाबाट सहन्त्रानी राजा नरेन्द्रबहादुर शाहको विदाइमा खर्च बकस पैसा २००
श्री ३ महाराजका वावु साहेव र आमालाई पोसाक बक्स (सुनौला तास तोला) २।३।
रानिवनमा सिकार गर्न जादा बाघको खबर ल्याउने र मार्नेलाई इनाम खर्च बक्स (३+४) पैसा ७
श्री ३ जंगबहादुर राणाका नंया ल्याएका सुसाया २ को कपडा बकस १० ।
पिपा ज्यामदार भैरवसिंह बस्नेतको बकस मो रु. ५
श्री ३ महाराजका वावु साहेब र मैया साहेवलाई २ कापाल्मी बकस मो १०७ ।।।.१
श्री ५ साहेव ज्यूको दाँतमा किरा लागि आराम नहुँदा फुकाल्ने बकस को २।।३
धोवि नाईक्यामा रामनारानके १९१५ सालको निर्कल पुमोला बकस रु ५०
पाल्पावाट सवारीमा साथै आउने ईन्द्रकवललाई १ जोर पोसाक वकस ७।।.।।१
श्री ५ वाट श्री ३ मधेश सवारी हुँदा बिसौलियामा गडावैल ताकीती गर्न जाने ६ लाई बकस (पर्सा जिल्लाका १९१४ सालका आम्दानी मध्ये सापट मौजादा सापट मर्का) ४८०
राजाबाट सादार विर बहादुर कुँवर राणाजी पिएम खर्च बकस को मो. ५००
कर्नेल दल बहादुर पाण्डे बकस १०
श्री ५ बाट तपशिलका मानिसलाई बकस २५
श्री ५ बाट बिभिन्न मानिसलाई बकस २५।।
सन्तकुमारी र हेमवत कुमारीलाई बकस ७
लखनौका नवापलाई चिठि लिई जान्या तुलसीपुरका मानिसलाई वाटा खर्च बकस १५।
वेतीयाका राजादेखि यहाँसम्म आँप ल्याउने र हलकाराको बकस इनाम ४

कागवेनीबाट आउने लामा २ जनाको बकस १०

श्री नाथ ८ पट्टीका सिपाही लदासुर खत्री (?) ले येकनाल्याइनफी राईफल किनी लेफटन कमानासिह थापाको जिम्मा लगाउदा बकस मो. २५

श्री ५ बाट जना १० के बकस रु २७१०

सन्त कुमारी हेमवत कुमारीलाई सुनको नागोल बनाउन १४०९।।।२

श्री ५ वाट ५ जनालाई बकस

८२०।।३।।

खजान्ची शिव प्रसाद अर्यालका ब्राहमणी र छोरीलाई चोलो, फरिया, ढाका पछ्यौरा वापत नगद बकस पै. २५७ ।।

श्री ५ वाट ४ जनाको बकस ६४

श्री ३ महाराजका मुमा बिरामी हुँदा बिरामी खर्च बकस ५६१८।।।२।।।

श्री ३ महाराजके फर्मायिसी औषधी बनाउन को लागि बकस (बजारवाट खरिद भएको) रु. २९३२

सुदत सिंहकी वैनी गोडाकाटिएकी लाई बकस २००

श्री ३ महाराजका मैया महारानी बिरामी भएदेखि सुद्धशान्तिसम्मको खर्च बकस (अघि गएको ५९४४।३।३ ले नपुगी थप रु. ८०६।।।२

श्री ५ बाट श्री कमाण्डीङ्ग जनरल बुद्धिनरसिंश कुवर राणाजीले दर्शन गर्दा सिरोपाँउ बकस दाग भंजन खत्री ( ?) को आगमा वस्त्र नहुदा बकस १[२]।।।[३]

(ख) **श्री ५ बुढा महाराजधिराजको खर्च ५२६२** [२]

श्री ५ बुढामहाराज ( राजाको वावुको खर्चको अवस्था निम्नानुसार देखाउन सकिन्छ

श्री ५ बुढामहाराजधिराजका भित्र खोपी खोपीमा काम गर्ने धाई, सुसाया, भान्सा ब्राहमणीहरु ८ जना को बार्षिक खर्च- ३९० -देखिन्छ।

श्री ५ बुढामहाराजको पुजा कोठामा २।।२

श्री ५ बुढामहाराजको खोपीको झुल र उपर्नाको लागि २१

श्री ५ बुढामहाराजको भान्सामा भात पकाउने फलामको पोपरा (कुनै भाडा) चुहिदा (विड फेर्ने) १

भित्राणीहरुको महिनावारी खर्च ६०

श्री ५ बुढामहाराजधिराजको सदर खर्च १९।।

भित्रायनीहरुको मेनावारी पोसाक जोर १२ वापत १६८

श्री ५ बुढा महाराजको फर्मायिसी खर्च महिनाको २०० का दरले मलेमास पनि जो डिदा बर्षको २६००

जिम्दारानी (कस्मीरको रानी सरणमा दरवारमा १ बर्षको खर्च सदर मोरु.२०००

(ग) **श्री ५ बढामहिला महारानीको खर्च अवस्था ९८४९-÷÷२**

कौषितोषाखानाको प्राप्त यस डकुमेन्टमा उल्लेख भए अनुसार देहायको प्रकृतिका र रकमका खर्चहरुको निकासा त्यहाँवाट भएको पाइन्छ।

श्री ५ बढा महिला महारानीका लागि १५ साल बैशाखवदी एक रोज देखि बर्ष १ को मौन्हावारी खर्च, खानाको तित्रा, मोल, पोषाक मोल समेत मो रु.९८४९।।२

| | |
|---|---|
| मैहावारी खर्च ५०० का दरले बर्ष दिनको | ६००० |
| फर्मायसी पाठपुजारुको दान दक्षिणा | ५०० |
| खानाको तित्रोको मोल | ३६० |
| भैलो (तिहार ?) | ३०० |
| माथमा पहेर्न धागोको माल | १८० |
| पोषाक बापत नगद | २५०९ ।।२ |
| दशैं पोषाक | १०९०।।।२।। |
| फागु पोषाक | ५४५।३।१ |
| वर्षा पोषाक | ८७२।।३।।२ |

(घ) **श्री ५ बढासाहिला महारानीको खर्च १५५७३/**

प्राप्त कागजातमा प्राप्त खर्चको विवरण अनुसार श्री ५ बढा साहिला महारानीको खर्चको अवस्था देहायको देखिन्छ।

| | |
|---|---|
| श्री ५ बढा साहिली महारानीलाई पनि खाना, तित्रा र मैन्हवारी पोसाकको लागि खर्च रु | ९८४९।।२ |
| मैन्हावारी फर्यायसी खर्च महिनाको ५०० का दरले १ वर्षको | ६००० |
| फर्मायसी पाठपुजारुको दान दक्षिणा | ५०० |
| खानाको तित्रोको मोल | ३६० |
| माथमा पहेर्ने धागोको मोल | १८० |
| पोषाक बापत नगद | २५०९ ।।२ |
| दशै पोषाक | १०९०।।।२।। |
| फागु पोषाक | ५४५।३।१ |
| बर्षा पोषाक | ८७२।।३।।२ |
| भित्र खोपी खोपीमा ( माहारानीको कोठाको ) काम गर्न्या भान्सा, ब्राहमणी, सुसारे, धाई जम्मा १२२ जनाको लागि | ३७८७।२।।। |

| | |
|---|---|
| उनीवाट पहेर्न्या ठुलो छाता १ को | १९।। ।। |
| वेलायती गाई राख्ने गोठमा छाउनको लागि काठको मो. | २० |
| महारानीका फर्मायिसी दुहुनी भैसी २ पाल्ने गोठालालाई मो | ७।। |
| बेलायती गाई राख्ने गोठमा छाउनको लागि जम्मा | १५ |
| महारानीको थापाथलीमा सवार हुँदा | ५०० |
| फर्मायिसी दुहुनो भैसी २ पाल्ने ३ गोठाला | ७।। |
| श्री ५ वडा साहिला महारानीका हजुर श्री काँहा मिजाराहेनका खानाका तित्रा, पोसाक मोल समेत सदर | १३५८ ३।।।३ |

(ङ) **श्री ५ बढा कान्छा महारानीको खर्च १४३००१/-/**

कान्छि बढामहारानीको तर्फ खर्चको विवरण यस प्रकार छन ।

महारानीको दरवारको भित्र खोपी खोपीमा काम गर्न्या कामदारहरु र सुसारया, धाई, भान्सा ब्रहमणी आदि )जम्मा १२४ जनाको बार्षिक खर्च चप्वल कपडा समेत ३९०६ ।।। ।।

| | |
|---|---|
| कान्छा महारानीका थापाथली सवार हुँदा | ५०० |
| षजान्ची सिद्धमान सिंहराज भण्डारी मार्फत श्री ५ दुलही महारानीका लागि सामान (कपडा) नपुग्दा पहिलेकोमा थप मधुरादाससंग कोरासाल्म तोला ११ को दर ३ मो | ३३ |
| श्री ५ बढाकान्छि महारानीको बार्षिक खाना, तित्रो, पोसाक खर्च | ९८४९।।२ |
| ज्येठा मैयाको ज्यौनार, तित्रा, पोषक समेत | १३५८ ३।।। |
| खानाको तित्राको मोल | १८० |
| भैलो | १०० |
| माथमा पहेर्न धागोको गोला | ६० |
| पोषाक बापत नगद | १०८०३।।।३ |
| दशै पोषाक | ३६३।।३३ |
| फागु पोषाक | २१८२।।। |
| बर्षा पोषाक | ४३६ ।२ |

श्री ५ दुलही महारानीवाट भाईलाई भात खुवाई मुख पुछ्याउने २४ क्यारेल असर्फी थान (२) थान -२

**च) श्री ५ साहेव ज्यू महाराजधिराज तर्फ खर्च ४८५५//**[३]

उहाको दरवारको भित्र खोपी खोपीमा काम गर्ने धाई, सुसारे, भान्सा ब्राहमणीहरु १५२ जनाको वार्षिक खर्च ४७०१ ।।।

दातमा  किरा लाग्दा दात फुकाल्ने खर्च मो २।।३

श्री ५ साहेब ज्यूका महाराजको २ धाई धर्मशिला ब्राहमणीको रोजिन्दा खसिको मासु दिनको महिनाको पै. ३।।।२

श्री ५ साहेब ज्यूवाट पहेर्न बजारमा खरिद भै गएको रेशमी वलुवाल इजार १ के ११। दर वा को २।।

कलकत्तावाट अंग्रेजको डाकमा आएको चिठि अखवार महशुल १

श्री ५ साहवज्यूको पर्हेन र पोसाक मोरु १११

(चौबन्दी माडवारीसंग खरिद -२२ धोती -१११ एकसरो छोटो अलफी चौबन्दी -११ ४५

पाईजामा - २२ दोरी भोटो ११

**निष्कर्ष**

नेपालमा प्राचीन समयदेखि नै राजतन्त्रात्मक शासन व्यवस्था रहँदै आएको थियो। यस किसिमको व्यवस्थामा राज्यका सबै निकायका प्रमुखको हैसियतमा राजावाट नै सक्रिय संलग्नता र निर्देशनमा राज्य संचालन हुने गर्दथ्यो। राज्यको सम्पूर्ण आम्दानी र खर्चमाथि राजाको नियन्त्रण रहने गर्दथ्यो। राज परिवारको आवश्यक व्यक्तिगत खर्चहरू दान, दक्षिणा, भोज आदि लगायत राज्यवाट सामाजिक, सांस्कृतिक, धार्मिक, विकास निर्माण एवं सामरिक युद्ध जस्ता कार्यहरूका लागि नियमित एवं परिस्थितिजन्य अवस्थामा विभिन्न किसिमका खर्चहरू गर्ने सम्पूर्ण अधिकार राजामा नै निहित हुने गर्दथ्यो। विभिन्न किसिमका करहरू, भन्सार, दण्डकुण्ड, सिर्तो आदिवाट खर्च गर्न नपुग्ने भएमा व्यक्तिहरूबाट ऋण लिने गरिन्थ्यो। राजा नै राज्यकोषको प्रमुख हुने भएकाले राजा र राजपरिवारका सदस्यहरूका नियमित तथा अन्य किसिमका सबै खर्चहरू राज्यकोषबाट नै स्वभाविक रुपमा निकासा हुन्थ्यो। तर राणा शासनको उदयपश्चात भने राज्यकोषको नियन्त्रण श्री ३ प्रधानमन्त्रीको हातमा रहन पुग्यो। अब राजा र राजपरिवारका सदस्यहरूको खर्चको निकासा प्रधानमन्त्रीको जानकारी र निर्देशनबाट मात्रै हुन गयो। प्रधानमन्त्रीका इच्छा अनुसार खर्चहरू घट्न सक्ने भए। यसरी यस्तो परिवेशमा राजावाट प्रदान गरिएका बिभिन्न नामका वकस, इनाममध्ये अधिकांश हिस्सा राजपरिवार र राणा परिवारमा नै सिमित हुन पुगेको देखिन्थ्यो। यसका अतिरिक्त दरवारसंग सम्पर्कमा रहेका अन्य केही व्यक्तिहरू र बाँकी सानो हिस्सा मात्रै बकसवाट लाभान्वीत भएका थिए।

राजा र राजपरिवारका अन्य सदस्यहरूको दैनिक र आवश्यक सम्पूर्ण खर्चको लागि कौशीतोषाखानाबाट खर्चको निकासा हुन्थ्यो। त्यस्तो निकासामा राणा प्रधानमन्त्रीको मन्जुरी अनिवार्य थियो। यस डकुमेण्टमा उल्लेख राज परिवारको  जम्मा खर्च करिब ८०५५०/ देखिएको छ। जबकी १९औं शताब्दीको अन्त्यतिर अनुमानित राजश्व १

करोड २० लाख थियो। यद्यपि प्राप्त श्रोतहरूको अभावले यसमा केही प्रतिशत तल माथि पर्न सक्थ्यो।[१२] वास्तवमा आवश्यक सम्पूर्ण कागजातको वा लेखाजोखाको अभाव यस डकुमेण्टमा पनि देखिन्छ। प्राप्त डकुमेण्टमा उल्लेख दरवारको खर्चको व्यवस्थाकै आद्यारमा दरवारको खर्च किटान गर्न अझै श्रोत अभाव रहेको जस्तो देखिन्छ। जेहोस् यसवाट राजकोष संचालन गर्ने राजा राणाहरूले दिए अनुसार खटन पटनमा सिमिति हुन पुगेका थिए भन्न सकिन्छ।

**सन्दर्भ समाग्री सूची**


**अप्रकाशित कृति**

१. इतिहास केन्द्रिय विभाग, अभिलेख शाखा, बि.सं.१९१४ सालको वही अंकित कागजात, कीर्तिपुर।

**प्रकाशित कृतिहरू**

१. ढुङ्गेल, रमेश, काठमाण्डौ उपत्यकाको मध्यकालीन इतिहास, काठमाण्डौ, नेपाल र एसियाली अनुसन्धान केन्द्र, बि.सं. २०५६, पृ.सं.२८८।

२. थापा, कृष्ण बहादुर र अन्य आधुनिक नेपालको आर्थिक इतिहास , काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, पृ.सं. ५३३।

३. रेग्मी, महेश चन्द्र, एन इकोनोमिक हिस्ट्रि अफ नेपाल, १८४६-१९०१ सुरजकुण्ड, वाराणसी: नाथ पवलि - सिङ्ग हाउस ए.डि.१९८८, पृ.२८१।

४. वैद्य, तुलसीराम र मानन्धर, आधुनिक नेपालको प्रशासनिक इतिहास, काठमाण्डौ: नेपाल र एसियाली अनुसन्धान केन्द्र, बि.सं. २०५३, पृ.सं. २४८।

५. श्रेष्ठ, तुलसी नारायण, नेपलीज् एडमिनिस्ट्रेसन: ए हिस्टोरिकल पर्सपेक्टिभ, काठमाण्डौ: रत्न पुस्तक भण्डार, इ.सं.१९८९ पृ. २६४।


१२ पूर्ववत, पाद टिप्पणी नं. ७, पृ. नं. २५८

# गोरखा राज्य स्थापनामा अर्यालको भूमिका



✍ मनोजप्रसाद अर्याल

**शोधसार**

नेपालको इतिहासमा अत्यन्त महत्वपूर्ण घटना वा कार्य प्रमाणित भएको गोरखा राज्य स्थापनामा महत्त्वपूर्ण निर्वाह गर्नेहरूमा अर्यालहरूको स्थान अग्रपंक्तिमा छ। गोरखा राज्य निर्माणमा अर्यालहरूको भूमिका विश्लेषण गर्ने उद्देश्य अनुरूपको यो अध्ययन द्वितीयक स्रोतहरूमा आधारित छ। गोरखा राज्य स्थापनाको प्रारम्भिक चरणमा राजपुरोहित एवं सल्लाहकारको भूमिका निर्वाह गरेका अर्यालहरूले समयक्रममा राजनिर्णय समेतमा मार्ग दर्शन गरेका थिए। गोरखाको स्थापना, विकासमा आवश्यक रणनीतिक योजना, सैनिक संगठन, प्रशासनिक व्यवस्थापनमा संलग्न भएर काम गरेका अर्यालहरू गोरखाका संस्थापक एवं निर्माता नै हुन्। अर्यालहरूको सबल भूमिकाले गर्दा गोरखाको लिगलिग कोट कब्जा जमाउन सकेका द्रव्य शाहीले प्रशस्तै हातहतियार एवं सेना भएको गोरखा राज्यका खड्का थरका राजाको वध गर्न सकेका हुन्। गोरखाको राजा भएपछि तुरुन्तै सिद्धानचोक एवं अजिरगढलाई पनि गोरखामा मिलाउन लगाएका नारायण अर्यालकै कुटनीतिले गर्दा द्रव्य शाह आफ्ना दाजुसँगको सङ्घर्षमा पनि बच्न र गोरखाको स्वतन्त्र अस्तित्व राख्न सफल भएका हुन्। त्यस बाहेक नेपाल एकीकरणमा पनि अर्यालहरूले महत्त्वपूर्ण भूमिका निभाएका थिए।

**शब्दकुञ्जी** : गोरखा राज्य, ऐतिहासिक योगदान, धार्मिक अनुष्ठान, राज्य स्थापना।

**परिचय**

पाइएका ऐतिहासिक पुरातात्विक स्रोतहरूले प्राचीन भूभाग प्रमाणित भएको नेपालमा प्रागैतिहासिक मानव सभ्यता खोजी कार्यले पूर्णता पाउन सकेको छैन। यहाँका पहाडी भेग एवं तालतलैया वरिपरिका थुम्काहरूमा गुफा ओडारहरू प्रशस्तै

✍ *शोधार्थी*

पाइन्छन्। यस्तै गुफा, ओडार एवं कन्दराहरूमा बस्दै मांशाहारी एवं शाकाहारी भएर हुर्किएको वानर प्रजाति नै समय क्रममा पूर्ण मानव बनेको उल्लेख पाइन्छ (शर्मा, २०३९)। समय क्रममा हुर्किदैगएको यही मानव प्रजाति नै नाग वंश, गौंडा वंश आदिको पहिचान बनाउँदै समाज एवं राज्य निर्माण प्रक्रियामा बढेको हो। नाग जातिहरूद्वारा थालेको समाज निर्माण प्रक्रियालाई उत्तर एवं दक्षिणतिरबाट आउने यात्रीहरू, घुमन्तेहरू, व्यापारीहरू, तिर्थयात्रीहरू, शरणार्थीहरू, व्यवसायीहरू आदिले क्रमशः सुधार्दै र बलियो बनाउँदै लगेका थिए (गौतम, २०७६ श्रावण)। व्यवस्थित समाज बनाउन चाहेका नागहरूले समय क्रममा थालेको राज्य निर्माण प्रक्रियाले मूर्तरूप पाएकाले पहिलो राज वंशको स्थान पाएको हो।

पौराणिक इतिहासमा नाग वंशले नेपालमा राज्य व्यवस्थाको थालनी गरेको भने तापनि वंशावली लगायतका स्रोतहरूमा गोपाल वंशलाई पहिलो राजवंश मानिएको छ (वज्राचार्य र मल्ल, सन् १९८५)।

नेपालमा सभ्यताको विषय प्रवेश गराउने गोपालहरूले यो भूखण्डमा स्थायी बसोबासको थालनी एवं राज्य व्यवस्थाको सूत्रपात गराएको मानिन्छ (नेपाल, २०५४)। समय क्रममा नेपालका संस्थापक पनि मानिएका गोपालहरू पछि सत्तासिन भएका महिषपालहरूले यो भूखण्डमा शक्तिशाली राज्य नेपाल बनाएर गोपालहरूले बनाएका मूल्य मान्यताकै जगमा शासन गरे। यही वंशका भुवन सिंहको पालामा पूर्वबाट आएका किरातहरूले आक्रमण गरेर पराजित गरेपछि किरात वंशको थालनी गरेका हुन्। नेपाली भूभागमा किरात सभ्यताको विकाससँगै धर्मग्रन्थमा आधारित न्याय व्यवस्था थालनी गराउने किरातहरू शक्ति सम्पन्न वंशानुगत राजतन्त्रात्मक व्यवस्थाका संस्थापक एवं धार्मिक सहिष्णुताका पक्षपाति मानिन्छन् (सुवेदी, २०६१)। समय क्रममा किरातहरूको शासनबाट असन्तुष्ट भएका आर्यहरूले विरोधका आवाज उठाउन थाले। रिसाएका किरातहरूले दबाउन खोजेपछि पश्चिमतिरबाट आएका राजपुतहरूसँग मिलेर विद्रोह गर्ने नीति आर्यहरूले लिए। झन रिसाएका किरातहरूले आर्य जातिहरू माथि दुर्व्यवहार गर्ने, मार्ने र स्त्रीहरूसँग अनुचित व्यवहार गर्ने क्रियाकलाप बढाएपछि असन्तुष्ट भएका सर्वसाधारणहरू उग्र किरात विरोधी भए (के.सी., २०५८)। पूर्णरूपले संगठित भएका आर्यहरूले किरातहरूलाई लखेट्ने निर्णय गरेपछि सुरु भएको सङ्घर्षमा वैशालीमा गणराज्य परम्पराबाट अभ्यस्त भएर व्यवस्थित शासन सञ्चालन गरेको अवस्थामा भएको मुसलमानी आक्रमणले गर्दा भाग्न बाध्य भई नेपाल आएका लिच्छवीहरूले विद्रोही आर्यहरूलाई साथ सहयोग दिने र नेतृत्व गर्ने गरेर किरातहरूलाई भाग्न विवश गराए (क्षत्री र रायमाझी, २०६०)। त्यसपछि नेपालमा

लिच्छवी वंशको शासन सुरु भयो ।

नेपालमा व्यवस्थित राज्य व्यवस्था, प्रशासनिक व्यवस्था, वैदेशिक सम्बन्ध, भाषा साहित्य, कला, वास्तुकला आदिको प्रबन्ध मिलाएर शासन गरी प्रामाणिक इतिहास प्राप्तिका आधार तयार पार्ने लिच्छवीहरू सामाजिक रूपान्तरणका प्रवर्तक पनि हुन् (गौतम, सन् २०१९) । सूर्य वंशी क्षेत्रीका रूपमा चिनिने लिच्छवीहरूको शासन कालमै खस मल्ल राज्य, सिम्रौनगढ राज्य, नेपाल मण्डलको अस्तित्व बढ्दै गएको अवस्थाबाट नेपालमा ससाना राज्यहरू अस्तित्वमा आउने क्रम सुरु भयो । तिब्बतको खारी प्रदेशका नागराजाले इशाको बाह्रौँ शताब्दीको थालनीमै स्थापना गरेको कर्णाली प्रदेशको खस राज्य चौधौँ शताब्दीको अन्तसम्ममा विशाल साम्राज्य बनेर नेपाल उपत्यकालाई पनि आच्छु आच्छु पार्ने भएको थियो । युद्धकलामा पारङ्गत भएकाले प्रसिद्धि बढाएको खस राज्य अभय मल्लको शासन कालभन्दा पछाडि कमजोर हुँदै गएर विभिन्न भुरे टाकुरे राज्यहरूमा विभाजित हुँदै गयो (काफ्ले र सापकोटा, २०८०) । खस राज्यका शक्तिशाली महामात्य ईशो वर्माका सन्तानहरूमा विकास भएको महत्वाकांक्षाको परिणामस्वरूप कर्णाली प्रदेशमा बाइसे राज्यहरूको उदय भयो भने पन्ध्रौँ शताब्दीको प्रारम्भदेखि गण्डकी प्रदेशमा चौबिसे राज्यहरू जन्मिए । शक्तिका आधारमा स्थापित भएर विस्तार गर्ने प्रवृत्तिले गर्दा एक राज्यले अर्को राज्यमा आक्रमण गर्ने, उसको भूभागदेखि अस्तित्वसम्म कब्जा गर्ने कार्य हुँदै गयो । यस्तै प्रकारका उतार चढावहरूकै क्रममा चौबिसे राज्य समूहमा उदाएको विकट र विपन्न गोरखा राज्यले सम्पन्न र सबल राज्य बन्ने महत्वाकांक्षा लिएर बढेपछि एकीकृत नेपाल निर्माणको थालनी भएको हो। जसबारे एउटै लेखमा उल्लेख गर्न नसकिने भएकाले यो लेखलाई गोरखा राज्य र संस्थापक अर्यालहरूका केही पक्ष विश्लेषणमा केन्द्रित गरिएको छ।

**गोरखा राज्य र अर्यालहरू**

प्राचीनकालमा गोरखा राज्य लिच्छविहरूको अधीनमा रहेको कुरा चाँगुनारायणको अभिलेखमा छ। यो राज्य गोरखा लिच्छवी शासकको अधीनबाट लगभग वि.सं. ११३५ मा स्वतन्त्र भएको अनुमान गरिन्छ। राजा जयदेवले यसको इलाकालाई जनपद भनेका छन् । यो राज्य वि.सं. १३४४ तिर सिंजाका राजा जितारी मल्लको राज्य अन्तर्गत रहेको देखिन्छ। खस राज्य योगी गोरखनाथबाट रक्षित गोरखा पश्चिमका खस मल्लहरूको अधीनमा थियो भन्ने कुरा उनी आउनु भन्दा पूर्व यसको नाम स्वर्णकुट पर्वत थियो भन्ने भनाइबाट थाहा हुन्छ। गोरखाको अठारसय खोलामा रहेको लार्के हिमालको फेद सामागाउँको (तिब्बतको नाङजार) डिङ गाउँको तेग (तागवाई) गुम्बा रहेको आदित्य मल्लको वि.सं. १३७८ को नेपाली

भाषा र भोटे भाषाको अभिलेखबाट पनि स्पष्ट हुन्छ।

गोरखा भौगोलिक रूपमा अक्षांश २७° १५' उत्तरदेखि २८° ४५' उत्तरसम्म फैलिएको छ। देशान्तर ४८° २७' पूर्वदेखि ८४° ५८' पूर्वसम्म पर्दछ। ३६१० वर्ग कि.मी. मा फैलिएको गोरखाको उचाई भने २०८ मिटरदेखि ८१६३ मिटरसम्म छ। यसको अधिकतम तापक्रम २५° देखि ३०° सम्म हुन्छ भने न्यूनतम तापक्रम ५° सम्म हुन्छ। २०७२ सालको संविधान निर्माण पश्चात् गोरखा जिल्लामा निर्वाचन क्षेत्र २ प्रदेश सभा क्षेत्र-४, स्थानीय तह ११, नगरपालिका २ र गाउँपालिका ९ वटा छन्। गोरखा भरी ३५/३६ कोटहरू छन् र मूलकोट वज्र भैरवको पूजा गर्न लिच्छवी राजाहरूले अभिलेख उत्कीर्ण गराएका थिए।

गुल्मीको अमरभूमि निवासी च्यवन भट्टाचार्यका सन्तानमा श्रीपति भट्ट अर्ज्यालका माहिला सुपुत्रको रूपमा जन्मेका नारायण दास अर्ज्याल जो गोरखा राज्यमा शाह वंशीय परम्परा सुरुवात गराउनेमा प्रमुख भूमिका खेल्ने हुन्। गोरखा राज्यमा शाह राजा बनाउन लागेर आफ्नो प्रत्यक्ष संलग्नतामा अनेक कुटनैतिक चाल चल्दै युद्ध गराउँदै लागिपरेका यिनले गोरखा राज्य कब्जा गराउनमा श्री द्रव्य शाहलाई पूर्ण सहयोग गर्दै राजकुमारबाट राजा बनाएका थिए (पन्त, २०४१)। नारायण दास अर्ज्यालका पुस्ता पहिला भट्ट, भट्टचार्य थियो पछि यिनीहरूका सन्तानलाई जोशी पनि भनियो। गुल्मीकै अर्जै गाउँका बासिन्दा भएकाले भट्ट, भट्टचार्यबाट अर्ज्याल (हाल अर्याल) भएका हुन् (अर्याल, २०६९)। यो लेखमा अर्यालहरूको नालिबेली नभएर गोरखा राज्य निर्माणमा तिनीहरूको भूमिका खोज्ने प्रयास गरिएको छ।

अर्ज्याल वंशका आदिपुरुष उदय भट्टदेखि चावाराज भट्ट हुँदै उनका वंशमा सोह्रौं पुस्ताका प्रभाकर भट्ट राजा थिए। पछि गुल्मीका राजपुत्रलाई राज्य दिएर अर्जी भन्ने ठाउँमा विर्तालिई गुरुकुल बनाई बसेका थिए। नारायण दास अर्ज्यालका ६ भाइ छोरामध्ये साहिला छोरा विष्णु दासका सन्तान विहारे र जेठा छोरा उद्धव दासका सन्तान वगाले अर्ज्याल भनी प्रख्यात छन् (अर्याल, २०४७)। लमजुङका राजा यशोब्रह्म शाहको पुत्र ३ जना थिए। जेठा नरहरि शाह, माहिला द्रव्य शाह र कान्छा नरपति शाह। ती समयमा गोसाइस्थानको तिर्थ गर्न भनी नारायण दास अर्ज्याल अर्घाको खनदह निवासी सर्वेश्वर खनाललाई साथमा लिई स्याङजाको लिखुङ्ग हुँदै हिँडेका थिए। यही क्रममा उनी लमजुङमा आई बास बस्न हरिनिधि सापकोटाको घरमा पुगे। राती सापकोटाको घरमा बास बस्दा नारायण दास अर्ज्यालसँगको कुराकानीमा उनी प्रकाण्ड विद्वान् भएको थाहा पाएपछि भोलिपल्ट बिहानै हरिनिधि सापकोटा दरबार पुगी राजा यशोब्रह्मलाई खिलुङबाट आएका अर्ज्याल कुलमा जन्मेका गुण र ज्ञान चातुर्यले युक्त भएको नारायण पण्डित गोसाईस्थान

(गोसाइकुण्ड) तिर्थ गर्न भनी आएका हिजोदेखि मेरो घरमा बास बसेका छन्, यस्तो पुरुष विरलै पाइन्छ भन्ने विन्ती चढाएका छन्। आफ्ना राजकुमारहरूको भविष्य यिनैबाट हेर्नु र बुझ्नु पर्‍यो भनेर यशोब्रह्म शाहले उनको कुरा मानी बोलाएर नारायण दास अर्ज्याललाई आफ्ना छोराहरूको भविष्य कस्तो हुनेछ भनी सोध्न थाले। नारायण दास अर्ज्यालले जेठा राजकुमारको सबै राम्रो छ आफ्ना पुर्खाको राज्य थामेर खानेछन् भनी भने। माहिला छोराको भाग्य जेठाको भन्दा पनि राम्रो भएको जनाउँदै राजग्रह परेको जानकारी दिए। त्यसपछि कान्छो भने आफ्ना परिवार पाल्न सक्ने, खान लाउनलाई ज्यू त्यु गरी पुर्‍याउन सक्नेछन् भन्ने कुरा गरे। त्यसबाट राजा खुशी भएर रानीलाई सविस्तार सुनाउँदा रानीलाई एउटा लमजुङमा २ वटा छोरा राजा कसरी होलान भनेर ठूलो चिन्ता पर्‍यो (अर्याल, २०४७)। त्यसैले सबै बुझ्न भनी चाँडै मानिस पठाई नारायण दासलाई दरबारमा झिकाएर फेरी प्रश्नहरू गरिन थाल्यो।

त्यस पटक पनि पहिलाकै कुरा दोहोर्‍याएका नारायण दासले यसमा कुनै तिल जति पनि झुठो छैन जेठाले आफ्ना बाबुको राज्य थामेर खानेछन् तर माहिलो अर्कै राज्यको राजा हुनेछन् भनी ग्रह गोचरको विवरण बुझाइदिए। यति भनेपछि महारानीले सकल ब्राह्मणमा श्रेष्ठ भएको सकल विध्यविधामा पारङ्गत भएको र सबै सामर्थ्यले भरिपूर्ण हुनु भएको तपाईंलाई माहिलो छोरा दिएँ। यसलाई कुनै पनि उपायले दोस्रो राज्यको राजा बनाउनु तर दाजुको राज्यमा दागा नगरोस् भनी द्रव्य शाहलाई नारायण दास अर्ज्यालको जिम्मा लगाइदिइन (पन्त, २०४१)। नारायण दासले म घरबाट तिर्थ गर्न हिँडेको बाटोमा यस्तो कुरा पर्न गयो तसर्थ अहिले जान्छु तर म गोसाईस्थानबाट फर्केपछि राजकुमारको कल्याण निम्ति मैले गरेर हुन्छ भने म गरौँला भन्दै बिदा भए।

नारायण दास दरबारबाट बिदा मागी गोसाईस्थान जाने क्रममा दोस्रो दिन छोप्राकमा पोखेलको पिँढीमा बास बस्न पुगे। पाल्पाका राजा मुकुन्द सेनका समयका गणेश पाण्डे तिनै पोखेलको घरमा आई बसेको धेरै समय भएको रहेछ। राती खाना खाई सुत्ने बेलामा दुवै जनाको कुराकानी भएछ। कुराकानीमा गणेश पाण्डेले नारायण दास अर्ज्याल सकल वेदविद्या ज्ञान गुणले भरिपूर्ण पाएपछि आफूलाई चाहिने ज्ञान यिनीबाट लिनु पर्‍यो भनेर आफूलाई ज्ञान दिनलाई अनुरोध गरे। यही क्रममा ६-७ दिन नारायण दास अर्ज्याल छोप्राक गणेश पाण्डेसँग बसे। गणेश पाण्डेले आफूलाई विद्या दिएपछि त्यसको बदलामा केही जिन्सी र नगद दिएछन् तर नारायण दासले गणेश पाण्डेलाई म गुरु दक्षिणा तिमीसँग केही लिन्न तर मैले लमजुङमा राजखलकको ग्रह नक्षत्र हेरी माहिला राजकुमार द्रव्य शाह अर्कै देश (राज्य) को राजा हुनेछन् भनेर खुलासा गरी आएको छु, गोर्खाको खड्का राजाले आफ्ना

महाराजले खाने जाँड पानी गैह्र वस्तु तिमीहरू किन खाँदैनौ खानै पर्छ भनी भनेर दुःख दिइरहेको अवस्था प्रस्ट पारे । त्यसबाट ब्राह्मण, खस, गैह्र तागाधारी सबै पञ्चहरू राजादेखि रिसाएका छन् भनेर सुनेको छु। तसर्थ पञ्चहरूसँग सम्बन्ध विस्तार गरेर हातमा लिनु र म गोसाईस्थानबाट फर्केपछि तिनै माहिलालाई यसै राज्यमा सिंहासनमा नबसाली मलाई चैन हुने छैन भनी मनका कुरा खोले (दिनेशराज पन्त, अन्तर्वार्ता, २०७९ वैशाख ११) । यति कामको चाजोपाजो मिलायौ भने त्यसैलाई गुरु दक्षिणामा मान्छु भने पछि गणेश पाण्डेले तन मन धनले त्यो कुरा भरसक्य गर्छु भनी आस्वस्त पार्न खाजे । त्यसपछि प्रस्थान गरेका नारायण दास अर्ज्याल दशहराको मेला गोसाईस्थानमा गरी सकेर माहिला राजकुमारको निर्विघ्नपूर्वक कार्य होस् भनेर ४९ दिनसम्मको धार्मिक अनुष्ठान समेत गरी फर्केर गुह्येश्वरी र पशुपति लगायत उपत्यकाको सबै तिर्थ मन्दिर घुमेर मात्र गोरखा फर्के (पन्त, २०४१) । यही क्रममा गोर्खामा मुकुन्द सेनसँग आएका गणेश पाण्डेले नारायण दाससँगको वार्तालाप अनुसार क्षेत्रीय राजा कस्ता हुँदा रहेछन् भनी बुझ्न हेर्नका निम्ति लमजुङका पन्तकी छोरीसँग विवाह गरी आउ जाउ गर्दा विभिन्न ठाउँमा सम्पर्क बढाउने र कुरा बुझ्ने गरी सबै कुरा थाहा पाउने अवसर पाए ।

तिर्थहरू र विभिन्न ठाउँ घुमेर फर्केका नारायण दास अर्ज्याल लमजुङ पुगेर द्रव्य शाहलाई भेटेर आफ्ना योजना अनुरूप कार्य गर्न लगाए (जगमान गुरुङ, अन्तर्वार्ता, २०७९ वैशाख १०) । आफ्ना केही कार्य सकेर नारायण दास अर्ज्याल छोप्राकमा आई गणेश पाण्डेलाई भेटी गोर्खाको अवस्था बारे बुझे । उनले सबै जनालाई आफ्नो पक्षमा पारिसकेको कुरा सुनाए पछि ठिक ठानेका नारायण दास अर्ज्याललले उचित समय मिलाई गणेश पाण्डे, गंगाराम रानालाई सबै कुरा बेलि विस्तार लगाई चिह्नपत्र दिएर लमजुङ पठाए (नाथ, २००९) । ती सबै लमजुङ पुगेर राजा यशोब्रह्म शाहसँग राजकुमार (द्रव्य शाह) लाई राजा बनाउने हो भने हामीसँग पठाउनु भनेपछि राजा यशोब्रह्म शाहले द्रव्य शाहलाई छोप्राक पठाए। द्रव्य शाह रागिनासको बाटो हुँदै त्यतातिर लागे। नारायण दास अर्ज्याललाई गणेश पाण्डेले गोर्खाको पञ्च भलादमीहरूलाई हात त लिएकै छ तैपनि एकै चोटी गोर्खा लाग्नु भन्दा लिग लिग कोट पहिला हात पारेर शक्ति बढाउँदै अघि बढ्नु उचित हुने सल्लाह दिए। नारायण दास अर्ज्याललले द्रव्य शाहलाई त्यही अनुरूप मनाएपछि टिकाको दिन भाइ भारदार र सिपाहीहरूलाई घले राजा उपर आक्रमण गर्न द्रव्य शाहले अनुमति सहित आदेश दिए (दिनेशराज पन्त, अन्तर्वार्ता, २०७९ वैशाख ११) । त्यसपछि दुवै पक्षमा ठूलो हताहत भयो र अन्तमा द्रव्य शाहको सेनाले (फौज) घलेको सामान (सर सामान) चिजहरू लुटेर त्यो लिग लिग आफ्नो पक्षमा हात पार्न सफल भए ।

लिग लिग आफ्नो कब्जामा परेपछि द्रव्य शाहले गोर्खामा खड्का राजा उपर आक्रमण गर्न आफ्ना फौजलाई पठाए, द्रव्य शाहको फौज गोर्खामा आक्रमण गर्न पठाएको देखेपछि गोर्खाका खड्का राजाले पनि आफ्ना सिपाही प्रति आक्रमणमा पठाए (वैद्य, २०३९) । दुवै पक्ष बिच तरबार, खुडा, खुकुरीहरूले परस्पर युद्ध हुँदा धेरै मानिसको अंग भंग भयो । कहिले द्रव्य शाहको फौज अगाडि बढ्ने कहिले खड्का राजाका फौजले अगाडि बढ्ने यसरी अगाडि पछाडि गर्दै दुवै तर्फ १५ दिनसम्म लडाइँ भयो (सञ्जयभक्त उपाध्याय, अन्तर्वार्ता, २०७९ माघ ११) । गोर्खालाई कब्जा गर्न नसकेपछि द्रव्य शाहका फौज फर्के । त्यसपछि पुनः नारायण दास अर्यालको परामर्शमा अर्को योजना तयार पारियो ।

पन्ध्र दिनको रातीमा नारायण दास अर्ज्याल, गणेश पाण्डे, भगिरथ पन्त, गंगाराम राना, मुरली खवास, सवेश्वर खनाल, गजानन भट्टराई, केशव बोहरा सहित द्रव्य शाहलाई लिई तल्लोकोट आए (वैद्य, २०३९) । तल्लोकोटमा आएर द्रव्य शाहलाई राखेर नारायण दास लगायत अन्य व्यक्तिहरू गोर्खाको पञ्च भलादमीहरूलाई खड्का राजालाई गएर वार्ताद्वारा सहमतिमा आउन भन्नु भने तर कुरा मिलेन र नारायण दास अर्ज्याल फर्की आए (अर्याल, २०६९) । नारायण दास अर्ज्यालले द्रव्य शाहलाई उचित प्रबन्ध मिलाई दिएपछि गोर्खाका मगर, आले, तागाधारी जाति समेत लिई दाह्र्यागौडाको बाटो हुँदै गोर्खा तर्फ अगाडि बढे । रातको समयमा द्रव्य शाहको फौजले गोरखा दरबारलाई घेऱ्यो । त्यो देखेर गोर्खाको फौजले पनि द्रव्य शाहको फौजमाथि आक्रमण गऱ्यो (अर्याल, २०४७) । फौजहरू एक आपसमा लडाइँ चलिरहँदा द्रव्य शाह दरबार र ढाल लिई दरबार भित्र पस्न लाग्दा खड्का राजाले पनि ढाल र तरबार लिई प्रतिवाद गरे । त्यसै बिचमा दुवैको हानाहान हुँदा खड्का राजा द्रव्य शाहको हातबाट काटिए । यसरी युद्ध समाप्त भएपछि नारायण दास अर्ज्यालले सबै प्रबन्ध जुटाई विविध महोत्सव गरी सबै गोर्खालीहरूलाई समेटेर शाके १४८१ (वि.सं. १६१६) भाद्र ८ रोहिणी नक्षत्र बुधबारको मध्य रात्रीमा सिंहासनमा राखी आफैले द्रव्य शाहको राज्याभिषेक गरिदिए (अर्याल, २०४७) । यसप्रकार गोरखामा खड्का मगरको शासन समाप्त भई शाह शासनको थालनी भयो ।

गोर्खा आफ्नो पक्षमा पारेपछि गोर्खा राज्यले उपल्लोकोटको घले राजासँग पनि आक्रमण गरी आ आफ्नो पक्षमा लिन सफल भयो । यसरी द्रव्य शाहले गोर्खा राज्यको राजा हुन सफल भएपछि लिग लिगदेखि उपल्लोकोटको क्षेत्र अधीनमा आयो । आफ्नो पराक्रमले योजना बनाएर आफूलाई राजा बनाउन अथक प्रयास, कुटनीतिक र अनेक चालबाजीका साथ कदम चाली महाराज बनाइदिएको हुनाले नारायण दास अर्ज्याललाई सर सामग्रीको साथमा १२ खेत समेत विर्ता दिई उनलाई धर्माधिकारी

बनाई उनैको सरसल्लाहमा राज्य सञ्चालन गरी बसे (पन्त, २०४१)। यसप्रकार गोरखा राज्य स्थापनामा अर्यालहरूको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट हुन्छ।

**सन्दर्भ सामग्रीहरू**

अर्याल, दण्डपाणी (२०६९). *अर्यालहरूको बृहत् वंशावली.* दण्डपाणी अर्याल स्मृति केन्द्र।

अर्याल, रामजीप्रसाद (२०४७). *नेपालको इतिहास र अर्याल परिवार.* श्रीमती विन्दु अर्याल।

काफ्ले, डोलराज र सापकोटा, ढाकाराम (२०८०). *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास.* हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स।

के.सी., सुरेन्द्र (२०५८). *प्राचीन तथा मध्यकालीन नेपाल.* पैरवी प्रकाशन।

गौतम, बद्रीनारायण (२०७६ श्रावण). प्राचीन नेपाली समाज : संरचना र विशेषताहरू. *हिष्ट्रोरिकल जर्नल.* ११/१. पृ. ९२-१०६।

गौतम, बद्रीनारायण (सन् २०१९). इमर्जेन्स अफ दि लिच्छविज इन नेपाल एण्ड सोसाइटल ट्रान्सफरमेशन. *जर्नल अफ नेशनल डेभलपमेन्ट.* ३२/२. पृ. ५१-६३।

नाथ, गोगी नरहरि (२००९). *गोरखा वंशावली.* नरहरि नाथ।

नेपाल, ज्ञानमणी (२०५४). *नेपालको पूर्व मध्यकालको इतिहास.* नेपाल रिसर्च सेन्टर।

नेपाल सरकार (२०८१). *नेपाल परिचय.* सूचना तथा प्रसारण विभाग।

पन्त, दिनेशराज (२०४१). *गोरखाको इतिहास.* भाग-१. सृजना प्रिन्टर्स।

प्रभात, विष्ण आदि (सम्पा. २०६३). *दण्डपाणी अर्ज्याल जन्म शताब्दी स्मृति ग्रन्थ.* दण्डपाणी अर्याल स्मृति केन्द्र।

व्रजाचार्य, धनवज्र र मल्ल, कमलप्रकाश (सन् १९८५). *गोपाल राज वंशावली.* नेपाल रिसर्च सेन्टर।

वैद्य, तुलसीराम (२०३९). *गोरखाको ऐतिहासिक सामग्री.* नेपाल अध्ययन संस्थान।

शर्मा, जनकलाल (२०३९). *हाम्रो समाज एक अध्ययन.* साझा प्रकाशन।

सुवेदी, राजाराम (२०६१). *नेपालको तथ्य इतिहास.* साझा प्रकाशन।

क्षत्री, गणेश र रायमाझी, रामचन्द्र (*नेपालको इतिहास.* एशिया पब्लिकेशन्स।

✦✦✦

# शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभाव



✍ रवीन्द्र रिजाल

**सार**

शीताटी द्रङ्ग नेपालको इतिहासमा प्राचीन कालखण्डदेखि नै गौरव र सौरभले वैभवशाली बन्न सक्षम स्थान हो। यहाँ भेटिएका शिलालेख, हिति, डवली, मूर्ति, आश्रम, पर्व, जात्रा, गुठी, मुद्रा, विहारलगायत प्रथम र द्धितीय तथ्य, प्रमाणहरूले शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभाव परेको पुष्टि सहजै गर्दछ। छेपु र नागवंशको साँस्कृतिक अवशेषका डोव, गोपाल, आभिर/महिषपाल र किराँत राजवंशको ऐतिहासिक राजधानीको रुपमा चित्रित शीताटी लिच्छवि राजवंशको महत्वपूर्ण कर्मथलो हो। २५ भन्दा बढी लिच्छविकालीन शिलालेख, मल्लकालिक र शाहकालिक दर्जनौ शिलालेख, ठ्यासफू, ग्रन्थहरूले वर्तमान चन्द्रागिरि भेक अर्थात शीताटी द्रङ्ग सजिएको पाइन्छ। यी विषयवस्तु यस क्षेत्रको ऐश्वर्य, शान, गरिमा र नीधि हुन अर्थात सम्पदा हुन्। साँस्कृतिक गतिशीलता, सामाजिक प्रणाली र राजनीतिक मेरुदण्ड शीताटी द्रङ्गको ज्ञान त्रिवेणीको आयाम हो। विद्वत्ता प्रभावको कारण क्रमशः ग्राम-तल-द्रङ्गको रुपमा शीताटी क्षेत्र उच्चतामा उक्लेको बोध लेख्य प्रमाणले दिलाउँदछ। ठीक १९९ वर्ष व्यतीत गरेर ग्राम तलको रुपमा अनि तल द्रङ्गको रुपमा विकसित भएको पाइन्छ। शीताटीका ग्राम, शीताटीका तल र शीताटीका द्रङ्ग यस भेकको जीवन्त इतिहास हो। आफूसँग भएको विद्वत् भाव वा विशेष ज्ञानलाई प्रदर्शन गर्ने रीतिलाई विद्वत्ता भनिन्छ। शीताटी भेकमा पाइएका लिच्छविकालीन शिलालेखहरूमा विद्वत् भाव प्रचुर मात्रामा झल्केको भेटिन्छ। यो ज्ञान परम्परा लिच्छविकालको सौन्दर्य हो। सत्य मीमांस, ज्ञान मीमांस र मूल्य मीमांस दर्शाउनु ज्ञानको मूल ध्येय हो। शीताटी भेक शैव सिद्धान्त, बौद्ध सिद्धान्त,

✍ *केन्द्रीय सदस्य, नेपाल इतिहास संघ*

तन्त्र सिद्धान्त र ज्ञान मीमांस सिद्धान्तले ओतप्रोत भएको भूमि हो। यस भेकमा प्राप्त श्रोतहरू यी सम्पूर्ण तथ्य दर्शाउँन साक्षीका रुपमा छन्। ऐतिहासिक सम्पदा, साँस्कृतिक सम्पदा र प्राकृतिक सम्पदाले सुन्दर गहनाको आलोकमा यस भेकलाई पुलकित गरिरहेका छन्। साँस्कृतिक गतिशीलता, तहगत संरचना, सामाजिक सेवा, मानवकल्याण, कर प्रणाली, स्वशासन, नारी स्वतन्त्रता आदि लिच्छविकालका प्रमुख दार्शनिक धरातल हुन्। शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभाव यिनै दार्शनिक पक्ष र सिद्धान्त वरपर घुमेको छ। लिच्छविकालीन विद्वत्ताको मुख्य अंश अर्थात श्रोतहरू गुरुकुल, सम्मेलन, परिषद्, सभा, विहार, गुम्वा, घ्याङ् आदि हुन्। तात्कालिक समाजले विकास गरेको सम्पदा र सम्पदाभित्र रहेको ज्ञान र ज्ञानले फिजाएको मूल्य मान्यतामा अन्तर्दृष्टि लगाउनु लेखको मूल मर्म हो। सम्पदाले बोकेको ऐतिहासिक धरातलमा विद्वत्ताको प्रभाव व्याख्यात्मक र विष्लेषणत्मक रुपमा प्रस्तुत गरी वर्तमान जन मानसमा ज्ञानको प्रसारण गर्ने ध्ययले अध्ययनको थालनी तथा शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभावको खोज गर्नु यस अध्ययनको उद्देश्य रहेको छ।

**शब्दकुञ्जि** : विद्वत्ता, तल, सनदपत्र, चैलकर, किचप्रिचिङ।

## परिचय

लिच्छविकालीन समयमा उपत्यका र उपत्यका बाहिर विभिन्न विशेषता बोकेका धेरै द्रङ्गहरू थिए। ती द्रङ्गमध्ये शीताटी द्रङ्ग पनि एक हो। शीताटीका द्रङ्ग लिच्छविकालको महत्वपूर्ण सम्पदाको स्थान हो। यसले वर्तमान काठमाडौं चन्द्रागिरि नगरपालिकाको क्षेत्रलाई समेटेको छ। थानकोट, बलम्बु, सतुङ्गल, किसिपिंडी, चौकीटार, मच्छेगाउँ, नगाचा, ल्होंखा, नैकाप, मातातीर्थ आदि ऐतिहासिक ग्रामहरू शीताटीअर्न्तगत पर्दछन्। जुन वर्तमानमा पनि यथावत छन्। "लिच्छविकालीन समयमा स्थानीयहरूले शीताटी भन्ने गरे तापनि सँस्कृत वाङ्मयभित्र नपरेको यो शब्द यस भेकका गुप्त, आभिर/महिषपाल र किराँतीहरू बसोबासको अघिदेखि नै भएकाले किराँत भाषाबाट पो यो नाम राखियो कि भन्ने बुझिन्छ। यसको शाब्दिक अर्थ र नामांकनको थप अध्ययन हुन जरुरी छ" (रिजाल, २०८० : ११०-१३५)। यो खोजको विषय अनुसन्धानको गर्भमा नै छ। शीताटी द्रङ्ग विभिन्न सम्पदाले भरिपूर्ण क्षेत्र हो। सम्पदामा विद्वत्ताको भावहरू प्रष्ट देख्न सकिन्छ। शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभाव बारे लिच्छविकालीन शिलालेख, हिति, मूर्ति, आश्रम, पर्व, जात्रा, गुठी, विहारलगायत प्रथम र द्वितीय तथ्य, प्रमाणहरूले जानकारी दिन्छ।

यस स्थानमा छेपु र नागवंशको साँस्कृतिक अवशेषका डोवहरू प्रशस्त पाइएका छन् । वि.सं. ६५४ (संवत् ५१९) सतुङ्गलको शिवदेव र अंशुवर्माको अभिलेखमा कादुङ्ग्राम भन्ने शव्द परेको छ। "**शिवदेवः कुशली कादुङ्ग्रामनिवासिनः प्रधानपुरस्य**..." (बज्राचार्य, २०३० : २६३)। यस भेकका विभिन्न स्थानमा नागाथान, नागापाटो, नागदेवता, नाग नागिनाको देवी मनसादेवीको थान, नागेश्वर आदि प्रशस्त छन्। कद्रुलाई नागको रुपमा लिने गरिएको पाइन्छ। "कद्रु (सर्प) गरुडको विरोधी जाति हो। सर्पलाई गरुडले लखेटे पनि बेबिलोनमा कद्रुलाई त्यागेनन्"(पोखरेल, २०७५ : ८२)। कद्रुलाई नागसित जोडिएको छ। कद्रु जातिका मानिसहरूको वासस्थान भएकोले यसलाई कादुङग्राम भनिएको अनुमान गरिएको छ। तर सिन्धु तथा नेपाली सभ्यता र संस्कृतिका निर्माताहरू नामक अनुसन्धानात्मक ग्रन्थका लेखक श्याम सुन्दर शेर्पाले काठको काम गर्ने जाति बस्ने भएकोले कादुङग्राम भनिएको हो भनी आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । वर्तमानमा यहाँ बसोबास गरी रहेका नेवार समुदायले गर्ने र मनाउने साँस्कृतिक क्रियाकलाप, टुँडाल र वरपरको वस्तुस्थितिले नागवंशकै संकेत दिन्छ ।

शीताटी भेक प्राचीन राजवंश गोपालवंश, महिषपालवंश र किराँतवंशको ऐतिहासिक राजधानीको रुपमा विभिन्न विद्वानूहरूले चित्रित गरेका छन् । नेपाल खाल्डोको रुपमा परिचित उपत्यका र त्यसको पश्चिम क्षेत्र वर्तमान चन्द्रागिरि पौराणिक समयदेखि नै स्वनामधन्य छ। यस भेकमा भेटिएका लिच्छविकालिन शिलालेखमा नेपाल शब्दको उल्लेख पाइन्छ। वि.सं. ७६२/७६३ (संवत १२ ९) द्वितीय शिवदेवको अभिलेखमा नेपालभुक्ति भन्ने शब्दले स्थान पाएको छ (बज्राचार्य, २०३० : ५३४)। नेपाललाई प्राचीन कालदेखि नै विभिन्न नामबाट चिनिदै आएको छ। "सत्ययुगमा सत्यवती, त्रेतामा तपोवन, द्वापारमा मुक्तिसोपान र कलिकालमा नैपालिका भएको भन्ने छ"(नेपाल, २०७४: १०)। "जयपल्लिका ग्राम (थानकोट आदिनारायण प्राङ्गण) निवासी आफ्नी बहिनी जयसुन्दरीलाई दाइजोस्वरुप बिर्ता सन्तान दर सन्तानले भोग गर्न पाउँन भन्ने हेतुले चाटभट पस्न नपाउने सबै काम जयसुन्दरीबाट नै गर्नु गराउनु भन्दै संवत् ४२८ (वि.सं. ५६३) मा राजा बसन्तदेवले राख्न लगाएका थिए"(बज्राचार्य, २०३० :९१)। यो सनद-पत्र नेपालको पहिलो सदनपत्र हो। यसलाई नेपालको प्रथम कानूनको रुपमा लिन सकिन्छ। यो सनदको कार्य एक महतवपूर्ण विद्वत् कार्य हो। यस सनदले वर्तमान समाजलाई नवीन ज्ञान दिनुको साथै प्राच्य विद्वत् प्रणालीको अवगत गराउँदछ। शीताटी द्रङ्गमा यी र यस्ता किसिमले जारी सनद-पत्र अन्य पनि छन्। जसमा प्रशासनिक अधिकार, राजनीतिक, सामाजिक, धार्मिकलगायत कुरा गरिएको छ।

"**चन्दनाशैलशिखरम्**" अर्थात् चन्दनको वन भएको पर्वत हुनाले महाभारत पर्वत श्रृङखला अर्न्तगत रहेको यस पर्वतलाई चन्दनागिरि अर्थात चन्द्रागिरि भनिएको पाइन्छ। चन्दनभराटेश्वर, गोलोकेश्वर चौंसठ्ठी ज्योर्तिलिङ्गमध्येको महत्वपूर्ण शिवलिङ्ग हुन्। यस शिवलिङ्गले किराँतकालको अवशेषको संकेत दिन्छ। यस प्रशंग हिमवत्खण्डमा उल्लेख छ।

**तस्मांल्लोकैश्च विख्यातश्चन्दनभराटेश्वरः**

**चन्दनघर्षणाच्चैवं चन्दनाद्धिरितिश्रुतः।** (**हि.ख.अ १४० श्लोक** १३ )

शीताटी भेकमा किराँतकालीन शिवलिङ्ग, गणेशका मूर्ति, भगवतीका मूर्तिहरू, लिच्छविकालीन सलम्बु राजवास क्षेत्रको बौद्धविहार, लक्ष्मीनारायणका मूर्तिहरूले शैव, बौद्ध र वैष्णव सम्प्रदायको समन्वयात्मक सँस्कृति झल्काउँछ। यसर्थ शीताटी द्रङ्गलाई समन्वयात्मक सँस्कृतिको केन्द्र मान्न सकिन्छ। ज्ञान प्रसारण, विद्वत्ताको प्रभाव र महत्वपूर्ण साँस्कृतिक सम्पदाले श्रृजित शीताटी द्रङ्ग नेपालको प्राचीन थाकथलो हो भन्ने कुरा यसले प्रमाणित गर्दछ। "बौद्ध जैन साहित्यमा बौद्ध भिक्षु जैनसाधु नेपालमा गएको प्रसङ्ग प्राप्त हुन्छ। बौद्ध ग्रन्थअनुसार बुद्धले उत्तर भारतमा धर्मोपदेश गर्दै रहेको जमानामा बौद्ध भिक्षुहरू भारतीय बेपारीका साथ नेपाल गएको वर्णन बडो चाखलाग्दो छ"(नेपाल, २०७४ : २)। सुन्दर ढङ्गबाट मूलसर्वास्तिवादविनयवस्तुमा यस बारेमा उल्लेख गरिएको छ। शीताटी भेकमा प्राचीन विहार भएकोले ती बौद्ध भिक्षुहरू पक्कै आए होला। यहाँ भएका बौद्ध दर्शनमा र बौद्ध तन्त्रमा आधारित गतिविधिले बिहारमा प्राचीन समयदेखि नै आवत जावत थियो भन्ने संकेत मिल्छ। यो ज्ञान प्रसारणको अभिन्न पक्ष हो।

संवत ४२८ (वि.स. ५६३) बसन्तदेवको अभिलेखमा शीताटी शब्दको प्रयोग पहिलो पटक भएको छ। त्यसपछि अन्य अभिलेखहरूमा पनि शीताटी शब्द प्रयोग भएको पाइन्छ। शीताटी द्रङ्गमा पाइएका अभिलेखहरूमध्ये वि.सं.५६३ को लिच्छविकालीन अभिलेख शीताटी द्रङ्गको हकमा सबैभन्दा पुरानो अभिलेख हो। यस अघिका अभिलेख प्राप्त हुन सकेको छैन। संवत ४२८ (वि.स. ५६३) को समयमा शीताटी गुल्म अन्तर्गत धेरै ग्रामहरू (गाउँ) थिए। 'ग्राम' विकसित हुँदै संवत ४८२ (वि.स. ६१८)सम्ममा 'तल' बनिसकेको छ। संवत १२९ (वि.स.७६२/६३) मा पुग्दा द्रङ्गको रुपमा शीताटी विकास भैसकेको पाइन्छ। १९९ वर्षको अन्तरालमा ग्राम तल हुँदै द्रङ्गको रुपमा विकास भएको देखिन्छ। यसरी हेर्दा वि.सं. ५६३ देखि वि.सं. ६१८ सम्म अर्थात ५५ वर्षको अन्तरालमा शीताटीकाग्राम शीताटीकातलको रुपमा उक्लन सफल भएको पाइन्छ। वि.सं. ६१८ देखि वि.सं. ७६२/७६३ सम्ममा अर्थात १४४ वर्षको अन्तरालमा शीताटीकातल शीताटीकाद्रङ्गको रुपमा विकास

भएको पाइन्छ। शीताटीकाग्रामबाट शीताटीकाद्रङ्ग बन्न १९९ वर्ष लागेको छ। यस ऐतिहासिक र तथ्यपरक विषयवस्तुले प्राचीन समयमा शहर(द्रङ्ग)को विकास हुने प्रणाली दर्शाउँदछ। यो शीताटी भेकको सम्पदा हो। यसले विद्वत्ताको प्रदर्शन सहजै गरेको बुझिन्छ।

गोपालराज वंशावली पत्र १९ मा **अथः सूर्यवम्सप्रभावात् नेपाले कि (रात) राजा निर्ज्जित्य। लिच्छवीवंस्स प्रवर्त्तते॥** अर्थात सूर्यवंशको प्रभावले नेपालमा किराँत राजालाई जितेर लिच्छवि वंश चल्यो भन्ने वाक्यांश उल्लेख छ। अयोध्याका सूर्यवंशी राजा दशरथका वंशको रुपमा लिच्छविलाई लिने गरिन्छ। दशरथका नातिहरूको आठौं पुस्तापछि सुपुष्प राजा भएको कुरा जयदेव द्वितीयको वि.स.७९० को पशुपतिको अभिलेखमा उल्लेख छ। "लिच्छविकालको भाषा, साहित्य, कला, लिपि, शासन पद्धति, गोष्ठी परम्परा, नारी स्वतन्त्रता, व्यापार व्यवसायको उन्नति, कर प्रणाली, कृषि प्रणाली, हिति प्रणाली, वैधानिक परम्परा आदिका माध्यमबाट राजनैतिक, सामाजिक, शैक्षिक, आर्थिक क्षेत्रमा गरेको उल्लेख्य उपलब्धिका कारण यस समयलाई स्वर्ण युगको रुपमा लिदै आइरहेको पाइन्छ" (रिजाल, २०८१ः २००)। "नेपालको इतिहासमा लिच्छवि शासनकालको गौरवपूर्ण स्थान रहेको छ। लिच्छविहरूको शासन पद्धति लोकहित र लोकसुखमा आधारित थियो। शान्ति, सुरक्षा, समृद्धि, विकास, विद्यासाधना, कलासाधना र साहित्यसाधनाका दृष्टिबाट लिच्छविकाल धेरै माथि उठेको थियो" (ढकाल, २०५९ : १)। यसर्थ लिच्छविकालीन समयलाई स्वर्ण युगको रुपमा लिने गरिन्छ। लिच्छवि राजवंश र जनस्तर गोष्ठी प्राणालीद्वारा प्रसारण गरिएका विज्ञताको खोज गर्नु नेपाली समाजको अपरिहार्यता हो। शीताटी भेक लिच्छवि राजवंशको महत्वपूर्ण कर्मथलो हो। २५ भन्दा वढी लिच्छविकालीन अभिलेखहरू प्राप्त यस भेकको ऐतिहासिक अध्ययन गरी तथ्य बाहिर ल्याउनु महत्वपूर्ण शर्त हो।

## अनुसन्धानको स्रोत र विधि

शीताटी द्रङ्गको सम्पदामा विद्वत् प्रभावमाथि अनुसन्धानात्मक कार्य गर्न प्राथमिक र द्वितीय स्रोत उपयोग गरिएको छ। कुनै पनि अनुसन्धानको काम गर्न श्रोत अनिवार्य हुन्छ। श्रोत बिना अनुसन्धान सम्भव हुदैन तसर्थ यस अनुसन्धानको लागि श्रोतहरूको सहारा लिइएको हो। जसमा प्राथमिक स्रोत अन्तर्गत लिच्छविकालीन शिलालेख, मूर्त अमूर्त सम्पदा, अभिलेख संकलित ग्रन्थहरू रहेका छन्। मूल स्रोतको रुपमा यसलाई उल्लेख गरिएको छ। द्वितीय स्रोतको रुपमा प्रकाशित अनुसन्धानात्मक पुस्तकहरू, लेखहरू रहेका छन्। यस अनुसन्धानलाई पूर्ण गर्न विभिन्न विधिहरूको प्रयोग गरिएको छ। स्थलगत रुपमा नै आवश्यक स्थानमा

पुगेर विषयवस्तुलाई अवलोकन विधिमार्फत अध्ययन गरिएको छ। पुस्तकालय विधिअन्तर्गत हिरादेवी रामभक्तको स्मृतिमा सञ्चालित आर्ष पुस्तकालय र राष्ट्रिय अभिलेखालयको पुस्तकालयको सहयोग लिइएको छ। अनुसन्धानात्मक लेख तयार पार्न गुणात्मक अनुसन्धान ढाँचा र आगमनात्मक दृष्टिकोण अपनाइएको छ। घट्नाहरूको बारेमा मानिसका भित्री सोच, भावना, इच्छा, चाहना, अनुभव, अन्तर्मनका कुरा विशेषत सामाजिक र साँस्कृतिक विषयवस्तुलाई वृहत्तर रुपमा दार्शनिक दृष्टिकोण र सैद्धान्तिक अवधारणामा व्याख्यात्मक तथा विश्लेषणात्मक पद्दतिद्वारा वर्णनात्मक रुपमा लेख पेश गरिएको छ।

**लिच्छविकालीन शीताटी द्रङ्ग**

शीताटी द्रङ्ग नेपालको प्राचीन र ऐतिहासिक द्रङ्ग हो। द्रङ्ग सामाजिक संघको रुपमा जागरुक एकाइ हो। ग्रामपाञ्चाली पनि सामाजिक एकाइ हो। ग्रामपाञ्चाली सानो एकाइ हो भने द्रङ्ग वृहत्तर एकाइ हो। मण्डली, परिषद, गण र संघ धार्मिक संघको रुपमा सक्रिय एकाइ हुन्। त्यसताका गोष्ठी प्रणाली धार्मिक, साँस्कृतिक क्रियाकलापका लागि सक्रिय थिए। शीताटी द्रङ्गमा पनि यी र यस्ता गतिविधि थियो भन्ने तथ्य यहाँको लिच्छविकालीन अभिलेखले दर्शाउँछ। शीताटीको ठोस अर्थ थाहा नभएता पनि तिनै तहको संरचना अर्थात ग्राम, तल र द्रङ्ग प्रमाणित रुपमा प्राप्त भएकोले यसको विशेष महत्व छ। वर्तमान चन्द्रागिरि नगरको क्षेत्र नै यसको प्राचीन स्वरुप हो। १९९ वर्षको अवधिमा शीताटी ग्रामबाट तल हुदै द्रङ्गको स्वरुपमा उक्लिएको छ। तात्कालिक उपत्यकामा विभिन्न द्रङ्गहरूमा शीताटी द्रङ्ग अव्वल रहेको पाइन्छ। यस भेकमा यस अघि प्राचीन राजवंशले शासन गरिसकेको प्रभावले अन्य द्रङ्गको तुलनामा यहाँको द्रङ्ग अव्वल हुन पुगेको अनुमान गर्न सकिन्छ। शीताटी भेक अर्थात यो सानो क्षेत्रमा हालसम्म २५ वटा लिच्छविकालीन शिलालेखहरू प्राप्त भैसकेका छन्। यस भेकमा भेटिएको लिच्छविकालीन हिति, मुद्रा, मूर्ति, डवली, भाषा, साहित्य, कला, लिपि, शासन पद्धति, गोष्ठी परम्परा, नारी स्वतन्त्रता, व्यापार व्यवसायको उन्नति, कर प्रणाली, कृषि प्रणाली, वैधानिक परम्परा यस द्रङ्गको विशेषता हुन्।

इतिहास प्रधान त्रैमासिक पत्रिका पूर्णिमा १८ को वर्ष ५ अङ्क २ मा शीताटीका द्रङ्गको बारेमा यसरी उल्लेख गरिएको छ।

> "चन्द्रागिरि र दहचोक डाँडोको बीच भागमा लिच्छविकालमा प्रशस्त वस्ती बसेका थिए। सतुङ्गल, किसिपिडी, थानकोट, भेल्वु, बलम्बु, पासिख्य, मालटार, चौकिटार, आदि ठाँउमा पाइएका लिच्छविकालका अभिलेखबाट यो कुरा बुझिन्छ। यो भेकका धेरै बस्ती शीताटीद्रङ्ग

अन्तर्गत थिए। आजकाल भेल्बु, पासिख्य, मालटार, चौकिटारमा कुनै बस्ती छैन। यी सबै बस्ती खेतका रुपमा परिणत भइसकेका छन्। तर उहिले यहाँ बस्ती थिए भनी दर्शाउने चिन्ह भने यहाँ प्रशस्त पाइन्छन्। उदाहरणार्थ अहिले खेतको फाँटको रुपमा रहेको भेल्वुलाई देखाउन सकिन्छ। यहाँ चार पाँच शय गजसम्मको गिर्दामा कान्ला कुलेसी गोरेटा, ढिस्का जतातत्तै राम्ररी पोलिएका ईंट झिगटी आदि भेटिन्छन्। यसै गरी अन्त पनि बस्तीका चिन्ह पाइन्छन्। यसबाट मालटारको अभिलेखमा उल्लिखित माग्वलग्राम चौकिटारको अभिलेखमा उल्लिखित तेग्वलग्राम आदि लिच्छविकालका बस्तीको अस्तित्वलोप भइसकेको छ"(बज्राचार्य,२०२५ : ८९)।

लिच्छविकालीन समयमा यी द्रङ्गहरू लामो अभ्यासबाट पारङ्गत भएर मात्र बन्दथे। द्रङ्गहरूलाई केन्द्रीय तहले हेर्ने गरिन्थ्यो। आवश्यकताअनुसार बाहेक चारभट आदि सरकारी कर्मचारीलाई द्रङ्गमा पस्न प्रतिवन्ध गरिएको हुन्थ्यो। "संवत ४२८ (वि.स. ५६३) बसन्तदेवको अभिलेखमा जय पल्लिका ग्राममा चारभट नपस्नु भनी राजा वसन्तदेवले थिति बाँधेका थिए"(बज्राचार्य, २०३० :९१)। इतिहास प्रधान त्रैमासिक पत्रिका पूर्णिमा १८ को वर्ष ५ अङ्क २ अनुसार "भक्तपुर सूर्यविनायकदेखि दक्षिणपट्टी ललितपुर लुभुदेखि पूर्वोत्तरमा अनन्तलिङ्गेश्वर स्थान जसलाई 'हंसगृह द्रङ्ग' भनिन्थ्यो। अनन्तलिङ्गेश्वरबाट दक्षिण-पश्चिम भेगमा लेले छ। यसलाई 'लेम्बटी द्रङ्ग' भनिन्थ्यो। सीतापाइलाबाट पश्चिमतिर शीताटी द्रङ्ग इन्द्रथानको पश्चिमपट्टि केबलपुरको भू-भाग 'नुप्पुन्न द्रङ्ग' कहलिएको थियो। उपत्यकाको उत्तरीभेक धर्मस्थली, टोखा, धापासी, धर्मपुर, चपली गाउँ, बुढानिलकण्ठ आदि स्थान 'थंतुंरी द्रङ्ग' भनिने गरिन्थ्यो। मङ्गलबजार र यसको आसपासका ठाउँलाई 'यूपग्राम द्रङ्ग' भनिन्थ्यो। टुंडिखेल, टेबहाल, गणबहाल, लगन, यङ्गाल, ब्रम्हटोल, हनुमानढोका, केलटोललाई 'दक्षिणकोलि द्रङ्ग' भनिन्थ्यो। भक्तपुरको क्षेत्रलाई 'माखोपृंद्रङ्ग' भनी बुझिन्थ्यो। उपत्यका बाहिर पनि विभिन्न द्रङ्गहरू थिए" (बज्राचार्य,२०२५ : ८७-१०१)।

कौटिल्य अर्थशास्त्रमा घटीमा १०० घर भएको बढीमा ५०० सम्म घर भएको, बढीमा एक दुई कोशको इलाका भएको परस्परमा रक्षाको प्रबन्ध रहेको छ भने त्यसलाई ग्रामको संज्ञा दिन सकिन्छ भनी उल्लेख भएको छ। सम्पा.पण्डितराज सोमराज शर्मा तथा केशवराज अर्यालद्वारा अनुवादित कौटिल्य अर्थशास्त्रमा गोप भनिने अधिकारीले १० गाउँको हेरचाह गर्नु, सिमाना, कर आदिको व्यवस्था गर्नु, करमाफीहरूको लगत र कर तिर्ने यति घर, नतिर्ने यति घर भन्ने लगत पनि बही

पुस्तकमा लेखाउनु, ग्रामको जनसंख्याको विवरणमाथि विचार गर्नु आदि विषय अध्याय ३५ प्रकरण ५४-५५ मा उल्लेख गरिएको छ। (पृ.२०५-२०६) "ग्राम शब्दको अर्थ हामी गाउँ भन्ने गर्छौं। बीस पच्चीस घर भएको बस्ती पनि गाउँ कहलाउँदछ। गाउँको यस परिभाषाले हामीले लिच्छविकालका ग्रामलाई हेर्‍यौं भने वस्तुस्थितिसंग मेल खाँदैन"(बज्राचार्य, २०३० : १०२)। वर्तमानमा बुझिएको भन्दा लिच्छविकालमा ग्रामहरू फरक थिए। "पाँच शयसम्म घर भएको बस्तीलाई ग्राम संज्ञा दिने चलन संस्कृत वाङमयमा प्रचलित थियो। यो कुरा कौटलीय अर्थशास्त्रको जनपदनिवेश प्रकरणमा उल्लेख छ" (बज्राचार्य, २०३० : १०)। शीताटी द्रङ्गमा धेरै ग्रामहरू थिए। जयपल्लिकाग्राम, थेन्चोग्राम, नवग्राम, टेग्वलग्राम, माग्वलग्राम, बु..ङ्ग्राम, किचप्रिचिङ्ग्राम, कादुङ्ग्राम, फेरङकोट्ट, हस्विमबिल्लीग्राम, जोल्प्रिङ्ग्राम, तैडोस्थल, नतिदुल्, फवद्रङ्ग्राम, गेप्रोदिङ्ग्राम, मणिदुङ्ग्राम, नुपुनग्राम, सत्वौमालम्बा, दावाकोट्ट, आदि ग्रामहरू शीताटी द्रङ्गमा थिए। कती ग्रामहरू उचित संरक्षणको अभावले लोप भैसकेको अवस्था छ। केही ग्रामहरू आजभोली पनि उही नामले र कुनै ग्रामलाई हाल खेतको नामले चिनिन्छ। शीताटी भेकमा लिच्छविकालीन विभिन्न ग्रामहरू भएको प्रष्ट छ। ग्रामहरूको समुच्च रुप नै कालन्तरमा शीताटी द्रङ्गको नाममा आएको यस भेकमा भेटिएका शिलालेखले वताउँदछ। यी तथ्यहरूले शीताटी द्रङ्गको जनघनत्व उच्च थियो भन्ने नै देखिन्छ।

तल ग्राम भन्दा ठूलो र द्रङ्ग भन्दा सानो हुने गर्दछ। तलको हेरचाह तलस्वामीबाट हुन्थ्यो। तलको रक्षा गर्न वा रेखदेख गर्न तल स्वामी नियुक्त गरिने परिपाटी थियो। तल स्वामीले आफ्नो इलाकाको शासन गर्न शासन सम्बन्धी अधिकार पाएका हुन्थे। हाल तल स्वामी तलसिङको रुपमा प्रचलित छ। व्यापारको रुपमा बढी विकसित भएपछि ग्रामले तल र तलले द्रङ्गको संज्ञा पाउँदथ्यो। "लिच्छविकालमा तल शब्द प्रशासनको दृष्टिले छुट्ट्याइएको एक थरी बस्तीलाई बुझाउने पारिभाषिक शब्द बनेको थियो। चन्द्रागिरि र दहचोक डाँडाको बीचको भागलाई शीताटीका-तल भनिएको छ। शीताटीका-तलभित्र अनेक ग्रामको उल्लेख परेको छ। किसिपिंडीको अभिलेखमा शीताटीका-तलभित्रको किचप्रिचिङ ग्राम उल्लेख छ"(बज्राचार्य, २०३० : १९५)। "तलपति शब्द लिच्छविकालको तलस्वामीकै पर्यायवाची हो भन्ने कुरामा शङ्का छैन"(बज्राचार्य, २०३० : १९७)। "एक तहका गाउँहरू जनसङ्ख्या वृद्धि र व्यापार वृद्धि आदिका कारणले बढ्न लाग्दा तिनलाई तलको प्रशासनिक स्तर दिने गरिएको देखिन्छ। यस्तो तल अन्तर्गत अनेक ग्राम रहन्थे उक्त तलको मध्यकालीन समानार्थी टोल भएको देखिन्छ। यस्तो तल क्षेत्रको प्रशासक तलस्वामिन् हुन्थ्यो"(रेग्मी, २०७७ : ३१)।

"व्यापारिक केन्द्रसमेत भएको पत्तनभन्दा ठूलो नगरभन्दा सानो शहर, मध्यम शहर, लिच्छवि-युगको एक बजारअड्डा, पुर, पुरी" (शर्मा, २०६१ : ६८९) । यस प्रशंगले द्रङ्गको विशेष उजगार गर्दछ । द्रङ्ग लिच्छविकालको एक महत्वपूर्ण व्यापारिक केन्द्र हो । अन्य द्रङ्ग जस्तै शीताटी द्रङ्ग पनि एक व्यापारिक केन्द्र थियो भन्न सकिन्छ। बरसातीको काम धान्ने दुई पाखी भिङ्गसी, अपसारकको वर्णन कौटिल्यको अर्थशास्त्रमा गरिएको छ, जुन नेपालमा बनेको हो । शीताटी भेकका वासिन्दालाई चैलकर मिनाहा गरिएको प्रसङ्ग शिलालेखहरूमा उल्लेख छ। चैलकर कपडामा लाग्ने कर हो। शीताटी द्रङ्गको शिलालेखमा कुथेर, शुल्ली, लीङ्वल, माप्चोक अधिकरणहरू, चैलकर, सींकर, गोयुद्धकर, मल्लकर, भाग-भोग-कर, वित्तां आदिका प्रसङ्गहरू उल्लेख छन् । शीताटी द्रङ्ग लिच्छविकालमा आर्थिक कोणबाट सशक्त थियो भन्ने सिद्ध हुन्छ । अन्य स्थान र मुलुकबाट उपत्यका प्रवेश गर्ने महत्वपूर्ण मार्ग त्यति बेलामा पनि यहाँ थियो। चन्द्रागिरि भञ्ज्याङ यसकै अवशेष हो, हाल पनि यहाँबाट आवत जावत गर्ने गरिन्छ । यसबाट शीताटी द्रङ्ग एक व्यापारिक केन्द्र थियो भन्ने पत्ता लाग्छ। व्यापार वृद्धि गर्न र आर्थिक रुपमा सक्षम हुन सिप र क्षमताको जरुरत पर्दछ । यो ज्ञानबाट प्राप्त सम्भव हुन्छ, तसर्थ लिच्छविकालीन शीताटी द्रङ्ग विद्वत्ताको पनि केन्द्र थियो भन्न सकिन्छ।

**शीताटी भेकको सम्पदा**

शीताटी भेक सम्पदाको दृष्टिकोणमा अव्वल छ। "सम्पदा - सम्पत्ति, ऐश्वर्य, प्राकृतिक सम्पत्ति वा साधन, प्राकृतिक देन" (शर्मा, २०६१ : १२८९) । ऐतिहासिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक वा अन्य महत्वपूर्ण सम्पत्ति नै सम्पदा हो । सम्पदा पुर्खाहरूबाट प्रसारित ज्ञान प्रणाली हो । मन्दिर, दरवार, किल्ला, मूर्ति, चित्रकला, हस्तकला, उत्खनन्बाट प्राप्त बस्तुहरू आदि मूर्त सम्पदा हुन् । भौतिकरुपमा छुन देख्न नसकिने भाषा, सँस्कृति, परम्परा, ज्ञान, कौशल आदि अमूर्त सम्पदा हुन् ।

प्राकृतिक सम्पदाको रुपमा चित्रित वन औषधीले भरिपूर्ण चन्द्रागिरि पर्वत, शक्रस्वपान पर्वत, यंकिदह पर्वत यहाँ रहेको छ। यंकिदह, मातातीर्थ कुण्ड, मच्छेनारायण कुण्ड, पुत्तीनदी, उत्थिम नदी, "स्ववर्णधारा नदी, शक्रदीप्ति नदी, नौवटा धारा भएको भस्मागंगा कुण्ड"(ढकाल,२०७५ : ९३९-९५१) । प्राकृतिक सम्पदाको रुपमा विभिन्न पोखरी, झरना, हस्तिमार्ग, हितिहरू, विभिन्न जातका वृक्षहरूको समेत उल्लेख शिलालेखमा छ ।

साँस्कृतिक सम्पदा शीताटी द्रङ्गको गहना हो। "मीनतीर्थ, मातृतीर्थ, भस्मतीर्थ, रुद्रतीर्थ, गोलोकेश्वर, चन्दनभराटेश्वर"(अनु.ढकाल, २०७५ : ९३९-९५१) । लिच्छविकालीन प्राचीनता बोकेको आदिनारायण, सातगाउँ जात्रा वा बखुँमलः

पर्वसित सम्बन्धित विष्णुदेवी, नेपालको एक मात्र आमाको मुख हेर्ने स्थान मातातीर्थ र मातातीर्थ मेला, मच्छेगाउँमा मलमासको समयमा एक महिनासम्म नुहाउने नेपालको एक मात्र स्थान मत्स्यनारायण स्थान तथा पुरुषोत्तममास मेला, एक महिनासम्म मेला लाग्ने आदिनारायण मेला, इन्द्रदह/ यंकिदह मेला, ब्वँछा वयेगु (परिकार चढाउने पर्व), सिद्धी कुमार यात्रा, पशुपतिमा सुन्दर छाता चढाउने यात्रा, भीमसेन जात्रा, शिकाली जात्रा, महालक्ष्मी जात्रा, भ्यागुतालाई भात खुवाउने पर्व, सिंन्दुर यात्रा, घोडेजात्राको भोलिपल्ट अर्थात सोम सिद्धान्तमा आधारित चन्द्रमासको संवत्सरको रात्रीमा मनाइने कालिका भैरव जात्रा, शान्ति र समृद्धि माग्ने गुँला धर्म आदि साँस्कृतिक सम्पदाका नीधि हुन् । स्थलगत तथ्यबाट यी विषयमा बुझ्न सकिन्छ । शैव, बौद्ध, वैष्णव, शाक्त, गाणपत्य, सौर्य, सोम आदि तन्त्रमा आधारित तन्त्रमय कार्यले शीताटी द्रङ्गलाई उचाइमा पुऱ्याएको छ ।

इस्वीको पहिलो दोस्रो शताब्दी ताकाको मच्छेगाउँको पञ्चमातृकाको मूर्ति, लिच्छविकालीन मूर्तिहरू (किसिपिडीमा रहेको महिषमर्दिनीको मूर्ति, ल्होंकोटमा रहेको चतुर्मुख शिवलिङ्ग, मच्छेगाउँको नन्दी र शिवलिङ्ग, तिनथाना विष्णुदेवीमा रहेको मातृका र उमामहेश्वर, सतुङ्गलको विष्णुको मूर्ति आदि) हितिहरू, बही चैत्य र मन्दिर, प्रस्तरकला, काष्ठकला, धातुकलाले सिंगारिएको शीताटी द्रङ्ग नेपालको गौरवपूर्ण स्थान हो ।

शीताटी द्रङ्ग वीरशैव सम्प्रदायका प्रवर्तक घण्टाकर्णको जन्म तथा कर्मभूमि समेत हो भन्ने कुरा गथाँमुगः पर्वको दिन घण्टाकर्णको सम्झनामा गरिने क्रियाकलापले पुष्टि गर्दछ । "(**गथाँमुंग : या काय् म्हाय बुल**)किसानका सन्तान हामी फेरी जन्मियौं, फेरी आयौं भन्दै नारा लगाउँदै बस्तीको ढोका बाहिरसम्म जुलुस गर्ने प्रचलन छ साथै बस्ती बाहिर नै चिराग थुपारिन्छ" (स्थलगत अध्ययन) । वास्तवमा गथाँ भनेको माली वा किसान र मुँग भनेको प्रमुख व्यक्ति हो । घण्टाकर्ण किसानका नेता थिए । छलबाट उनलाई तात्कालिक केन्द्रीय राज्यले मारेको मानिन्छ । गथाँमुंगको दिन घण्टाकर्णको थिती धान्दै जागत उठाउने प्रचलन वर्तमानमा समेत रहेको पाइन्छ ।

शीताटी द्रङ्गमा हालसम्म २५ वटा शिलालेख प्राप्त भएका छन् । ३० श्लोकमा लेखिएको संवत ४२८ (वि.स. ५६३) बसन्तदेवको थानकोट आदिनारायणको अभिलेख नेपालमा भेटिएको सनद-शिलापत्रहरूमध्येको प्रथम अभिलेख हो । "लिच्छविकालका अहिले पाइएका अभिलेखमा सनद-शिलापत्रको यो पहिलो अभिलेख हो"(बज्राचार्य, २०३० :९४) । किसिपिडीका बासिन्दालाई कुथेरआदि अधिकरणले गर्ने कामको अधिकार सुम्पेको संवत ४४९(वि.सं.५८५) वसन्तदेवको अभिलेखले देखाउँछ (बज्राचार्य, २०३० : १३६) । पासिंख्य र चौकिटारको संवत

४५४ (वि.सं.५९०)को वसन्तदेवको अभिलेखमा कुथेर र शोल्ल अधिकरण, यस्तै गणदेवको किसिपिडी, चौकिटार, बलम्बु, सतुङ्गल संवत ४८२ (वि.सं.६१८) को अभिलेखमा पनि प्रशासनसम्बन्धी अधिकार स्थानीय बासिन्दालाई सुम्पेको देखिन्छ। पासिंख्यको संवत ४५४ (वि.सं.५९०)को वसन्तदेवको अभिलेखमा लेख्यदानको विषय समेत उल्लेख हुनुले विद्वत्ताको भाव प्रस्ट्याउँदछ।

सतुङ्गलको गणदेव भौमगुप्तको संवत ४८२ (वि.सं.६१८)मा कुथेर, शुल्ली, लिङ्वल, माप्चोक चार अधिकरण यस भेकमा पस्न नपाउने र चारै अधिकरणले गर्ने कामको अधिकार स्थानीय बासिन्दालाई सुम्पेको कुरा परेको छ। सतुङ्गलको शिवदेव र अंशुवर्माको संवत ५१९(वि.स ६५४)को अभिलेखमा "दाउरा, घाँस, पात ल्याउन सबतिरको जङ्गलमा जाँदाखेरि र त्यो लिएर आउँदाखेरि पनि बाटोमा फेरङकोट्टका बासिन्दाहरू र अरु कसैले पनि हँसिया, कटारी, बञ्चरो र काट-पात नखोस्नू तथा तिमीहरूलाई छेक-थुन पनि नगर्नू" (बज्राचार्य, २०३० :२६४)।

अंशुवर्मा पाशुपत सम्प्रदायका अनुयायी थिए। किसिपिडीमा उनले राखेको अभिलेखमा किचप्रिचिङ्ग्रामको सीमा निर्धारण गरी स्थानीयलाई सुविधा दिइएको देखिन्छ। अनुमानित संवत ४८ (वि.सं.६८१) भेल्वुमा रहेको अभिलेखमा चन्द्रवर्मा गोमीको उल्लेख छ। गोमीले चान्द्रव्याकरण रचना गरेका थिए। ज्ञान उत्पादनको भूमि शीताटी द्रङ्ग महत्वपूर्ण सम्पदा हो। चन्द्रवर्मा गोमी लिच्छविकालको प्रसिद्ध  विद्वान् हुन्। ध्रुवदेव र जिष्णुगुप्तको मालटारको अभिलेख, भीमार्जुनदेव र जिष्णुगुप्तको बलम्बुको अभिलेख, भीमार्जुनदेव र जिष्णुगुप्तको थानकोटको अभिलेख, प्रणिधिपूर्ण महाविहार बलम्बुमा रहेको राजा नरेन्द्रदेवको अभिलेख, वि.सं. ७६२/७६३ (संवत १२९) शिवदेव द्धितीयको बलम्बुको अभिलेखमा गाईलाई खुवाउन सिंधे नुनको व्यवस्था गरिएको, सलम्बु राजवासकको उल्लेख, नेपालभुक्ति शब्दको प्रयोग आदि सटिकरुपमा उल्लेख गरिएको छ। यस्तै मच्छेगाउँ र मातातीर्थ कुण्डमा भेटिएको लिच्छविकालीन अभिलेखहरूले शीताटीको प्राचीनतालाई नवीन ढङ्गबाट उजागर गर्दछ। ग्राम तल हुँदै द्रङ्गसम्म उक्लिएको शीताटी भेक वर्तमान नजरमा एक ऐतिहासिक सम्पदाको रुपमा साक्षी छ।

**सम्पदामा विद्वत् प्रभाव**

प्रकृति प्रदत्त तथा मानव पुर्खाहरूले पुस्तान्तरणसँगै प्रसारित गरेको ज्ञान प्रणाली मानवजातिको अमूल्य सम्पदा हुन्। शीताटी भेकका मानवले विकास गरेको मन्दिर, सलम्बुको राजवासक दरबार, दावाकोट्ट, फेरङकोट्ट जस्ता किल्ला, विभिन्न मूर्ति, कला कौशल, जात्रा पर्व, अभिलेखमा जनिएको भाषा, संस्कृति, परम्परा, ज्ञान, आदि मूर्त अमूर्त शीताटी भेकको  सम्पदा हुन्।

नेपाली शब्दसागरले विद् भनेको जान्नु ज्ञयता भन्ने हुन्छ। विद्(त्) जान्ने, ज्ञाता, पण्डित, विज्ञ भन्ने अर्थ लगाउनुको साथै "विद्या भनेको अध्ययनद्वारा हासिल गरिने ज्ञान वा बुद्धि, विषयगत वर्णन विवेचना गरिएको शास्त्र, विज्ञान, जुनसुकै विषयका बारेमा गहिरिएर आद्योपान्त वर्णन आदि गरिएको शास्त्र, तन्त्रशास्त्र, ऐन्द्रिजालिक शास्त्र, वास्तुकला वा मूर्तिकलामा प्रयुक्त हुने पर्वन् वा रुद्राक्षि वा अग्नि वा गुण वा शूल वा तीन अंगुल बराबरको नापो, दुर्गा भवानी, उपासना, सरस्वती, ब्रम्हविद्या" भनि अर्थाएको छ (शर्मा, २०६१ : १२०५)। त्यस्तै विद्वता भनेको विद्वान् हुनाको भाव वा गुण, पाण्डित्य, विवेक, अक्कल, विशेष ज्ञान हो भनी बताएको छ (शर्मा, २०६१ : १२०६)।

शीताटी भेकमा लिच्छविकालदेखि नै ब्राह्मणलगायत अठार जात भएको वर्णन आदिनारायणमा रहेको संवत ४२८ (वि.स. ५६३) वसन्तदेवको अभिलेखमा उल्लेख छ। यो सनद-पत्र नेपालको प्रथम अभिलेख भएकोले यसको विद्वत् क्षेत्रमा विशेष महत्व देखिन्छ। सनद भनेको कानूनी विषय हो। कानूनको रुपमा ज्ञान प्रसारण यस अभिलेखले गरेको छ। तात्कालिक जयपल्लिका ग्राममा सरकारी चारभट नपस्नु, ग्रामको सबै कार्य बहिनी जयसुन्दरीबाट गर्नु गराउनु भनिएको छ। "आजसम्म प्रकाशित लिच्छविकालीन राजकीय अभिलेखमा बाहुनलगायत गाउँका मुखिया कुटुम्बीहरूलाई भलाकुसारी गरिएको अभिलेख थानकोटमा रहेको छ"(रेग्मी, २०७७ : ४१)। "वसन्तदेवको किसिपिडीको अभिलेखमा अधिकरणेन पीडाल्पा(न) करणीया अर्थात अधिकरणले अलिकति पनि दुःख नदिनू, वसन्तदेवको चौकिटारको अभिलेखमा कुथेर र लेख्यदान अधिकरण सम्बन्धी अधिकार सुम्पेको उल्लेख छ" (रेग्मी, २०७७ : ४७)। यस्तै अन्य अधिकरणहरूको पनि उल्लेख शीताटी भेकको अभिलेखमा परेको छ। यी र यस्ता विषयले लिच्छविकालीन विद्वत्ताको प्रभाव यस भेकमा थियो भन्न सकिन्छ।

"लिच्छविकालका शासकहरूले स्थानीय ग्रामपाञ्चालीहरूलाई स्वायत्तशासनसम्बन्धी अधिकार दिंदा लेख्यदान सम्बन्धी अधिकार पनि दिइएको पाइन्छ" (बज्राचार्य, २०३० : १५०)। बलम्बु पासिंख्यको अभिलेखमा लेख्यदानको कुरा परेको छ। "जग्गा किनवेच हुँदा त्यसको रजिस्ट्रेशनको लागि सरकारी कुथेर अधिकरणसम्म पुग्नुपर्दा स्थानीयलाई असुबिधा हुने भएकोले स्थानीय ग्रामपाञ्चालीले नै यी काम गर्न पाउने गरी लेख्यदानको सुबिधा दिइएको हो"(बज्राचार्य, २०३० : १५१)। यस प्रसंगबाट शीताटी भेक र केन्द्रीय राज्य बिचको सम्बन्ध ज्ञात हुन्छ र तत्कालीन कुटनीतिक चार्तुय यसमा झल्किन्छ। यो विद्वत् प्रभावको कारणले नै सम्भव भएको देखिन्छ भन्दा फरक नपर्ला।

विद्या वा शिक्षा वा शिल्प वा बुद्धि र कर्मसम्बन्धी योग्यता दिलाउने व्यक्तिलाई गुरु भनिन्छ। गुरुकुल ज्ञान प्रसारणको अभिन्न अंग हो। गुरुको आश्रम वा निवास स्थानलाई गुरुकुल भनिन्छ। शीताटी द्रङ्गमा गुरुकुल भएको तथ्य गौतम आश्रमले दिन्छ। "वि.सं. ७६२ को बलम्बु द्वितीय शिवदेवको अभिलेखमा **यावद् गौतमाश्रमसरित्सङ्गमस्तस्य** भनि गौतम आश्रमको उल्लेख गरिएको छ" (बज्राचार्य, २०३० : ५३२) । गोपाल राजवंशावली पत्र १७ 'क' मा *'हिमवन्त शैल्य मध्यवर्तणी महारन्यभूते भूमण्डले.... गौतमादिभि ऋषिग्नैस्तत्र प्रचरति :'* भनी उल्लेख छ। "यसबाट लिच्छविकालमा न्यायविद्या लोकप्रिय भएको कुरा सिद्ध हुन्छ। त्यसैगरी उक्त अभिलेखमा स्तुति, गुणवाद र अपूर्व जस्ता शव्द रहेकाले त्यसबेला पूर्वमीमांसा पनि अध्ययनीय विषयको रुपमा रहेको प्रमाणित हुन्छ"(ढकाल, २०५९ : ४६) । शीताटी द्रङ्गमा अवस्थित गौतम ऋषिको आश्रमले यो ज्ञान भूमि हो भनी सिद्ध गर्दछ। गौतम ऋषि न्याय दर्शनका प्रवर्तक हुन्। न्याय दर्शनको पाटोले शीताटी द्रङ्ग चित्रित भएको देखिन्छ। तात्कालिक समयमा दर्शनको प्रभाव यस भेकमा भेटिनुले विद्वत्ताको गतिलो प्रभाव परेको सिद्ध हुन्छ। "वेदज्ञाता वा जसले सुनेको भरमा जान्ने हुन्छ, यसलाई श्रोत्रज्ञ भनिन्छ"(शर्मा, २०६१ : १२६०) । तात्कालीक ज्ञान प्रसारणको प्रमुख श्रोत श्रोत्रज्ञ हो। यो प्रचलन लिच्छविकालसम्म नै थियो।

शीताटी भेकको शिलालेख तथा गतिविधिमा पाशुपत सम्प्रदाय र माहेश्वरदर्शनको आभास मिल्छ। "यहाँ पुत्तीनारायणको नैमित्तिक पूजा, देवमन्दिरको मरम्मत आदिबाट बचेको पैसााबाट प्रतिवर्ष पशुपतिनाथकहाँ सुन्दर छत्र चडाउनु, त्यसको उपलक्ष्यमा राम्ररी जात्रा पनि चलाउनू भन्ने कुरा वि.सं. ७६२ को बलम्बु द्वितीय शिवदेवको अभिलेखमा उल्लेख छ" (बज्राचार्य, २०३० : ५३५) । वर्तमानमा यो जात्रा हुने गरेको देखिन्न। नारायणको भेटीले पशुपतिनाथको छत्र चढाउने कुरो धार्मिक समन्वयको प्रतीक हो। यो लिच्छविकालको महत्वपूर्ण विद्वत्ताको नमूना हो।

"लिच्छविकालिक विभिन्न अभिलेखहरूमा नाट्यकला, सङ्गीतकला, चित्रकला, मूर्तिकला, वास्तुकला, मुद्राकला, कामकला, नृत्यकला, वस्त्राभूषणकला, शस्त्रकला र लेखनकलाको सांकेतिक उल्लेख भएबाट र प्रत्येक लिच्छवि अभिलेखका शिरोभागमा माङ्गलिक वस्तुहरूको खोपाइबाट पनि लिच्छविकाल कलाको विकासका दृष्टिबाट समुन्नत काल रहेको तथ्य सिद्ध भएको छ" (ढकाल, २०५९ :५०)। लिच्छविकालको बलम्बू खाद्यांको वसन्तदेवको अभिलेख, चौकिटारको वसन्तदेवको अभिलेख, पासिंख्यको वसन्तदेवको अभिलेख र अन्य शीताटी भेकका अभिलेखले यो प्रस्ट पार्दछ।

"नेपाल मन्दिर, गुरुकुल र गुरुगृहलाई सामाजिक विद्या साधनाको

स्थलका रुपमा मानिएको तथ्यलाई प्रमाणित गर्नुपर्दैन। विद्यासाधनाको त्यो परम्परा पनि लिचछविकालको विद्या विकासमा सहयोगी बन्यो। फलस्वरुप त्यस वेला कतिपय विद्याश्रम र विहारहरूको स्थापना भयो। जनस्तरबाट खुलेका गुठीहरूले पनि त्यसबेला विद्याविकासमा योगदान गरे, भारत र भोटको बीचमा नेपाल रहेकाले ती देशसँगको घनिष्ठ सम्पर्क पनि विद्या विकासमा आधार बन्यो। त्यस बेला भारतमा ख्यतिप्राप्त तक्षशिला, नालन्दा आदि विश्वविद्यालयको सम्पर्कले पनि नेपालमा धेरै विद्वान् जन्मायो"(ढकाल, २०५९ :५१-५२)।

"लिच्छविकालमा हीनयान सम्प्रदाय, महायान सम्प्रदाय, माध्यमिक सम्प्रदाय र वज्रयान सम्प्रदायका अनुयायीहरू आफ्नो सम्प्रदायअनुसारका आचार-विचारमा सक्रिय रहेको तथ्य प्रमाणित हुन्छ"(रेग्मी, २०३० :१२८-१४४)। लिच्छविकालमा बुद्ध र बोधसत्वहरूको चर्चा छ। गुँलाधर्म साउन शुक्ल परेवादेखि भाद्र कृष्ण औंसीसम्म मानिने बौद्धधर्मीको तीस दिने धार्मिक मेला हो, वर्तमानमा पनि यो मेला भर्ने प्रचलन छ। शीताटी द्रङ्गमा रहेको लिच्छवि अभिलेखका शिरोभागमा माङ्गलिक वस्तुहरूको खोपाइहरूमा बौद्ध दर्शनमा आधारित चिन्हहरू भेटिन्छन्। इरियापथ (उभिनु, हिँड्नु, बस्नु र सुत्नु)(पौड्याल,२०८० : २८६ ) को विशेष आचरणमा रहेर बौद्ध उपासकहरू शीताटी भेकमा सक्रिय रहेको ज्ञात हुन्छ। यस भेकमा भेटिएका चैत्य, शिलालेख र वर्तमान क्रियाकलापले यो सिद्ध गर्दछ। यसर्थ शीताटी द्रङ्ग बौद्ध दर्शन र सिद्धान्तबाट पनि ओतप्रोत ज्ञान भूमि हो, यसले विद्वत्ताको प्रदर्शन गर्दछ। बौद्ध दर्शन थेरवादी परम्परा अर्न्तगत परहितकारी शिक्षा जसलाई वर्तमानमा परम्परागत शिक्षा भनी बुझिन्छ। यो विद्या प्रसारण गोन्पा शिक्षा पद्दतिमा आधारित भएर गरिन्छ।

"साहित्यको अर्थ ज्ञान र सरस एंव तृप्तिदायक काव्य हुन्छ। काव्यशब्द कविताको मात्र वाचक हो भने साहित्यशब्द ज्ञानात्मक वाङ्मय र काव्य दुबैको वाचक हो" (ढकाल, २०५९ :१०)। लिच्छविकालको २५ वटा शिलालेखमा जनिएको साहित्य सन्दर्भले शीताटी क्षेत्र प्राचीन समयदेखि नै स्वनामधन्य देखिन्छ। प्राचीन समयदेखि नै परा विद्या र अपरा विद्याको रुपमा ज्ञान बाँडिने परम्परा समाजमा रहेको तथ्यहरूले देखाउँदछ। ज्ञान बाँडिएमा बढ्दछ भन्ने नेपाली उक्ति नै छ। 'तैत्तिरीयशाखागोष्ठी' 'भूमिच्छिद्र' नामक सरकारी जग्गा यसको ज्वलन्त उदाहरण हुन्। "विद्यारंभलाई अक्षरारम्भ गर्ने तथा शोडष संस्कारमध्येको एक संस्कारको रुपमा हिन्दुहरूले लिने गर्दछन्। "चिनियाँहरू विद्यालाई मिङ शब्दले अर्थाउने गर्दछन्" (वाशिष्ठ, २०७७ : ४)। "लिच्छविकालमा विद्वानहरू केही विद्या पनि

पढ्दथे। त्यस बेला विद्याको पठनपाठन पनि लुप्त भयो। जुन बेला विद्याको, विद्वान्को कदर हुन्छ विद्वान्हरू विद्या पढ्दछन्, त्यस बेला राष्ट्रमा पनि जागृति आउँछ, राष्ट्रले उत्थान गर्दछ। जुन बेला विद्या पढिदैन, विद्याको विद्वान्को कदर हुदैन। विद्वान्हरू भाट भएर दास बन्दछन्, विद्यामा अभ्यास गर्दैनन्, त्यस बेला राष्ट्र मोहनिद्रामा पर्दछ "(नेपाल, २०५५ : ३)।

लिच्छविकालका विद्यासाधकहरूमा शीताटी भेकका चन्द्रवर्मा गोमी पनि एक थिए। अनुमानित संवत ४८ (वि.सं.६८१) भेल्वुमा रहेको अभिलेखमा चन्द्रवर्मा गोमीको उल्लेख छ। गोमीले चान्द्रव्याकरण रचना गरेका थिए। "सामन्त चन्द्रवर्माले गरेको जाहेरीमुताबिक विद्वान्हरूलाई अग्रहार दिई यो अभिलेख गरिदिएको हो" (बज्राचार्य, २०३० : ३९६)। अंशुवर्माको बौद्धिक उन्नयनमा चन्द्रवर्मा गोमीको हात रहेको इतिहासकारहरू वताउँदछन्। शीताटी द्रङ्ग विद्वत्तामा अव्वल थियो भन्ने यो महत्वपूर्ण सााक्षी हो।

शीताटी द्रङ्गमा भेटिएका अभिलेखहरूमा हस्तिमार्गको उल्लेख छ। यसबाट शीताटी भेकमा हात्ती पालन हुने वा हात्तीको उपयोग गर्ने बुझिन्छ। "हस्तिसूत्र- हात्ती हाँक्ने सिप वा विद्यालाई हस्तिसूत्र भनिन्छ" (शर्मा, २०६१ : १३८५)। हात्तीपालकहरूले हस्तिसूत्र विद्या, गाईपालकहरू गाई पूज्ने विद्या, साहित्यिक तथा काव्यात्मक विद्या, सोम सिद्धान्त, बौद्ध सिद्धान्त, शैव सिद्धान्तमा आधारित विद्या, यस भेकमा हुने विभिन्न पर्व जात्राले शीताटी द्रङ्गको सम्पदामा विद्वत्ताको प्रभाव सहजै बुझ्न सकिन्छ। यसर्थ लिच्छविकालमा गौरव गर्न लायक स्थानको रुपमा शीताटी द्रङ्ग भएको प्रमाणित हुन्छ। विद्वत्ताको सुन्दर नमूना शीताटीले दर्शाएको छ।

**निष्कर्ष**

मानव समाजका विविध विषयवस्तुको अध्ययन गरी यथार्थ र प्रमाणित तथ्य वाहिर ल्याउनु अनुसन्धानकर्ताको महत्वपूर्ण पक्ष हो। लिच्छविकालीन समाजको अर्न्तवस्तुभित्र ज्ञान तथा विद्वत्ताको खोज गर्नु प्राचीन कालखण्डको विद्वत् भाव प्रकट गर्नु हो। तात्कालिक लिच्छविकालका विभिन्न द्रङ्गहरूमध्ये शीताटी द्रङ्ग सम्पदाले भरिपूर्ण र ज्ञान प्रसारित क्षेत्र थियो भन्ने तथ्य अभिलेख तथा मूर्त अमूर्त श्रोतहरूबाट देखिन्छ। लिच्छविकालको भाषा, लिपि, साहित्य, कला कौशल, शासन पद्धति, गोष्ठी परम्परा, हिति प्रणाली विद्वत्ताको अध्ययनका श्रोत हुन्। शीताटी द्रङ्गलाई तत्वमीमांस, ज्ञानमीमांस र मूल्यमीमांसको त्रिवेणीको रुपमा लिन सकिन्छ। सोम सिद्धान्त, बौद्ध सिद्धान्त, शैव सिद्धान्त, ज्ञानमीमांस सिद्धान्तबाट प्रभावित र प्रशारित विद्वत् भावले शीताटी द्रङ्गको सम्पदामा विद्वत्ताको प्रभाव परेको प्रमाणित हुन्छ। यस भेकमा भेटिएका अभिलेख तथा स्थान विशेष नामहरू,

प्राच्य राजवंशको राजधानी, विगतदेखि वर्तमानसम्मको व्यापारिक मार्गले ज्ञान प्रशारणको माध्यमलाई वढुवा दिएको छ। नेपालको इतिहासमा जनिएको अव्वल र उच्च द्रङ्ग शीताटी द्रङ्ग हो। यहाँको सम्पदामा भएको विद्वत्ताबाट पाठ सिक्न लायक छ। रैथाने ज्ञान विकासमा यसले ठूलो टेवा दिन्छ भन्ने अपेक्षा रहेको छ।

**सन्दर्भ सामग्री**


ढकाल, वेणीमाधव. (२०५९). *लिच्छविकालका अभिलेखहरूको साहित्यिक अनुशीलन.* काठमाडौं : प्रभालक्ष्मी राणा।

नेपाल, ज्ञानमणि.(२०५५ ). *नेपालनिरुपण.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

नेपाल, ज्ञानमणि.(दोस्रो सं. २०७४ ). *नेपाल निरुक्त.* ललितपुर : साझा प्रकाशन।

पोखरेल, बालकृष्ण. ( दोस्रो सं २०७५). *खस जातिको इतिहास.* काठमाडौंः फिनिक्स बुक्स।

पौड्याल, उमाकान्त. (२०८०). *बुद्धकालीन समाज पालि त्रिपिटकको साक्ष्यमा.* काठमाडौं : फाइनप्रिन्ट बुक्स प्रा. लि.।

बज्राचार्य, धनव्रज. (२०३०). *लिच्छविकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र।

बज्राचार्य, धनबज्र र मल्ल, कमलप्रकाश. (१९८५).*गोपालराज वंशावली.* काठमाडौं : नेपाल रिसर्च सेन्टर पब्लिकेशन।

बज्राचार्य, धनवज्र. (२०२५). "लिच्छविकालिक बस्ती". *पूर्णिमा. १८.* वर्ष ५, अङ्क २, काठमाडौं : संशोधन मण्डल, पृष्ठ ८७ - १०१ ।

योगी, सम्पा.नरहरिनाथ, ढकाल, वेणीमाधव. अनु.(२०७५). *हिमवत्खण्ड.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

रिजाल, रवीन्द्र. (२०८१). "लिच्छविकालीन विद्वत् परम्परा". *हिसान.* भोलुम १०, अङ्क १, कीर्तिपूर : नेपाल इतिहास संघ, (पृष्ठ१९८-२०७)। https://doi.org/10.3126/hisan.v10i1.74925

रेग्मी, जगदीशचन्द्र. (२०७७). *नेपालको वैधानिक परम्परा.* काठमाडौं : पैरवी बुक हाउस प्रा.लि.।

वाशिष्ठ, केदार. (२०७७). *नेपाल विद्या सिद्धान्त र प्रयोग.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, सोमनाथ. अर्याल, केशवराज. अनु. (२०७९). *कौटिल्यको अर्थशास्त्र.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, बसन्तकुमार. (२०६१). *नेपाली शब्दसागर (सोपपत्तिक कोश).* काठमाडौं : आभा पुस्तक भण्डार ।

शेर्पा, श्याम सुन्दर. (२०७३). *सिन्धु तथा नेपाली सभ्यता र संस्कृतिका निर्माताहरू.* काठमाडौंः दावा डिमा क्ष्योलिङ गुम्बा ।

श्रेष्ठ, तेजप्रकाश, श्रेष्ठ, भिमनारायण, रिजाल, रवीन्द्र. (सम्पा.) (२०८०). "लिच्छविकालिन शीताटी द्रङ्गका सांस्कृतिक अनुशीलन" *चन्द्रागिरि अनुशीलन (सांस्कृतिक पक्ष).* काठमाडौं : चन्द्रागिरि साहित्य समाज, पृ. १२१- १३६ ।

✦✦✦

# नेपाल एकीकरणको अपरिहार्यता



✍ प्रा. डा. राजाराम सुवेदी

**सार संक्षेप**

जुन जुन मानिससँग चेतना छ त्यस्ता मानिसले साधारण जीवन यापन गर्नेदेखि लिएर गहन जिम्मेवारी पाएपछि पनि प्रत्येक पाइलामा चेतनशील र सर्वसम्मत काम गर्छन्, जोसँग हिम्मत, योजना र योग्यता छैन त्यस्ताले कहिल्यै केही गर्न सक्दैनन् । यस कुराको उदाहरणको रूपमा श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह जस्ता सानो चौबीसी गोरखा राज्यका राजाले सिङ्गो नेपाल एकीकरण जस्तो गहन कार्य सम्पन्न गर्न सक्नुलाई ज्वलन्त उदाहरणका रुपमा लिन सकिन्छ । नेपाल देश १५०० वर्ष पूर्वकालबाटै एक स्वतन्त्र र सार्वभौम राष्ट्रको रुपमा उपस्थित हुँदा हुँदै पनि यसको अस्तित्व छँदै थिएन भने जस्तो प्रवृत्ति लिएर प्रायः विदेशी इतिहारकारहरूले कृतिहरू लेखन गरेको पाइन्छ। त्यति मात्र होइन, नेपालको इतिहासबारे कलम चलाउने त्यस्ता स्वनामधन्य विदेशी इतिहासकारहरूले नेपालीले लेखेका ठोस इतिहासका कृति र तथ्यहरू पनि आफ्ना कृतिमा उल्लेख नगरी विदेशीहरूले लेखेका कृतिहरूको मात्र उल्लेख गर्ने प्रवृत्ति राखेको पाइन्छ । यसबाट उनीहरूको आँखा कालो पट्टीले बाँधे झैँ पूर्वाग्रही वा भ्रमवश नेपाल राष्ट्रलाई कहिले भारत, कहिले तिब्बत र कहिले चीनको अधीनस्थ रहेको भनी हल्का किसिमबाट टिप्पणी गर्न पनि पछि परेका छैनन् । उदाहरणको निम्ति फ्राँसका महान इतिहास र संस्कृतज्ञ साल्भेट सिल्भ्याँ लेभीले नेपाल सम्वत् आरम्भको आधार नै विदेशीको अधीनताबाट बल्ल नेपाल मुक्त भएको हुनाले नयाँ सम्वत् स्थापना गरेको भन्नसम्म पछि परेका छैनन् । नेपालको प्रामाणिक गोपाल राज वंशावलीमा उल्लिखित यहाँ

---

✍ *प्राध्यापक, त्रिभुवन विश्वविद्यालय*

भोटान्तको शासन रहेको वाक्यमाथि दावा गर्दै आफ्नो कृति "ला नेपालमा" सो कुरा उनले उल्लेख गरेका छन् । त्यस्तै अङ्ग्रेजकालीन भारतीय मूर्धण्य पुरातत्वविद् भगवानलाल इन्द्राजीले नेपाल मौर्यकाल र गुप्तकालमा भारतको अधीनमा रहेको कुरा लेखेका छन् ।

अङ्ग्रेज कर्णेल कर्कप्याट्रिक, डाक्टर ह्यामिल्टन, डाक्टर डेनियल राइट, भाषाविद् एच. ए. ओल्डफिल्ड् र डाक्टर बि. एच. हडसनले पनि नेपाललाई पराधीन र ज्यादै पछिल्लो कालमा स्थापित देशको रुपमा चित्रण गरेका छन्, जो इतिहासका विद्वान नै थिएनन् । भारतीय लेखकहरले त नेपाल जहिलेसुकै भारतकै अधीमा रहेको देशको रुपमा पँहेलपुरे वर्णन प्रस्तुत गरी आएका छँदै छन् । हामी नेपालीहरूले हाम्रा प्राचीन पुराण इतिहास, रामायण, महाभारत, स्कन्दपुराण, बराहपुराण, र अथर्वपरिशिष्ट आदि जस्ता प्रामाीणक ऐतिहासिक स्रोतहरूमा उल्लेख गरेका कुरा लेख्दा पश्चिमाहरूले आफ्ना पाश्चात्य सभ्यताका कुरा र उनीहरूका अनुदित धर्मग्रन्थ मात्र प्रामाणिक, हाम्रा चाँही काल्पनिक (Myth, Mythology) भनी नकार्ने प्रवृत्ति राखेका राख्यै छन् ।

**परिचय**

प्राचीनकालबाटै स्वतन्त्र रही आएका विश्वका केही देशहरूमध्ये प्राचीन हिन्दू अधिराज्य नेपाल पनि मानिन्छ (लेभी) । मानव सभ्यताको आदिमकालदेखि यहाँका बासिन्दा दार्शनिक, धार्मिक, कवि, कलाकार, वास्तुविद् तथा वीरयोध्दा रहेका हुनाले यहाँ पटक-पटक वाह्य अतिक्रमण, आक्रमण, सभ्यतालाई नष्ट पार्ने कार्यहरू हुँदा पनि नेपालीहरूले आफ्नो मौलिक संस्कृति र सम्पदाको संरक्षण गरी हाम्रो साँस्कृतिक धरोहरलाई जीवन्त बनाई दिएका छन् । (स्टीलर्, १९७५ई., पृष्ठ, १५-१७) ।

प्रागैतिहासिक कालदेखि नेपालको धर्ति हिमवत्खण्डमा पर्ने हुनाले सिध्द ऋषि महर्षीहरूका अभ्यासस्थल, तपोस्थल, शाश्त्र सिर्जनास्थल, प्रशिक्षणस्थल, नीतिनिरर्माणस्थल, तथा सत्सङ्गस्थलनिर्माण गरेका दर्जनौं प्रमाणीक आधारहरू पाइएका छन् । त्यतिबेलाबाटै नेपाल विभिन्न शाश्त्राध्ययन तथा योगाभ्यासको केन्द्रस्थल रहेको कुरा त जनकपुरका राजा शिरध्वज जनक र विराटनगरका राजा विराटकालीन पौराणीक वर्णन तथा ऐतिहासिक अवशेषहरूको उपलब्धताका आधारबाट प्रमाणित भइसकेको छ। गोपालराज वंशावलीका आधारमा पनि नेपालमा सर्वप्रथम गोप या गोपाल, महिषपाल र किरात राजाहरूले राज्य स्थापना गरी सभ्यताको बिकास गरेको स्पष्ट आधार पाइन्छ । (बज्राचार्य, १९८४, २५-२६) ।

ऐतिहासिक कालमा आउँदा नेपाल देशको एकीकरण आरंभ राजा मानदेवबाट

भई राजा अशुवर्मा, राजा जीतारीमल्ल र राजा मुनिमुकुन्द सेनले क्रमशः आफ्नो राज्यको एकीकरण गर्दै गएका थिए तापनि आफूले एकीकृत गरेको मुलुक केही कालपछि जमिन्दारले आफ्ना सन्ततिहरूलाई जमिन अंशबण्डा गरी बिभाजन गरे झै एकीकृत राज्य पनि राजाका सबै सन्तात्मा विभाजित गरिदिने र पछि कुनै शक्तिशाली शासकका पालामा स-साना राज्यहरूलाई छत्रभङ्ग गरी या विजय गरी धेरै राज्यहरूमाथि अधिकार गर्ने प्रकृयाबाट एउटै राज्यभित्र विशाल भूभाग हुने क्रम चल्दै आएको देखिन्छ।

एकीकरणको कुराका प्रसङ्गमा आधुनिककालमा आएर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह पाचौँ नेपाल एकीकरणकर्ता मानिन्छन् किनभने प्राचीनकालीन लिच्छवि राजाहरूपछि पूर्वमध्यकालमा काठमाण्डौँ उपत्यकामा मल्लवंशी राजा, कर्णालीप्रदेशमा खसमल्ल राजा, पूर्वी नेपालमा सेनवंशी राजाहरूले बेग्लाबेग्लै राज्य गरेका हुनाले नेपाल त्री-शक्ति केन्द्रमा विभाजित रहेको पाइन्छ। आधुनिककालमा आएर सोह्रौँ-सत्रौँ शताब्दीको आरम्भमा त त्री-शक्ति केन्द्रीत राज्यहरू पनि अझ टुक्रिएर विभाजन भएर कर्णाली प्रदेशमा बाइसी, गण्डकी क्षेत्रमा चौबीसी, कौशिकी प्रदेशमा सेनवंशी राजाहरूले राज्य गर्दा नेपाल ६७ टुक्राभन्दा बढी संख्यामा बिभजित हुन गएको परिदृश्य पाइन्छ। त्यत्ति नै बेलामा नेपालको दक्षिणी छिमेकी भारतमा ब्यापार गर्ने बहानामा प्रवेश गरेका बेलायतबासी उपनिवेशबादी तथा साम्राज्यबादी अंग्रेजहरूले "विभाजन गर र राज्य गर" (Divide and Rule) को नीति लिएर भारतवर्षमा ब्यापारका साथै स्थानीय र क्षेत्रीय राजनीतिमा प्रवेश गरेर ई. १७५७ र १७७२, वि. सं. १८१४ र १८२९ मा लर्ड क्लाइभ र लर्ड हेस्टीङ्सको नीतिले (Imperialistic and Colonial policy of Lord Clive and Warren Hastings) भारतमा ठूलो राज्य आर्जन गर्न समर्थ भए। (स्टीलर , १०७५, पृष्ठ, १४)।

चौबीसी समूहभित्र पर्ने गोरखा राज्यका राजा श्री ५ पृथ्वीनारायण शाहमा आफ्नो र सारा नेपालका स-साना राज्यहरू तथा आर्य सनातनी वैदिक संस्कृति नै खतरामा पर्ने स्थिति देखेर नेपालका बिभाजित स-साना राज्यहरूबीच एकता हुनुपर्ने कुरा मनमा लागेको थियो। तत्कालीन भारतीय राजा, रजौटा र मुसलमान शासकहरू पतनोन्मुख अवस्थामा पुगेका स्थितिको अध्ययन गरी, भ्यागुताले झिंगा निले झैँ बेलायतीहरूले तत्कालीन भारतका कमजोर राज्यहरूलाई अनेक प्रपञ्चमा पारेर आफ्नो कब्जामा लिएको कुरा उनले बनारस भ्रमण गर्दा नै बुझिसकेका थिए। पृथ्वीनारायण शाहले पूर्वी प्रदेश एकीकरण गर्दासम्म सारा उत्तर भारत अङ्ग्रेज इष्ट इण्डिया कंपनी सरकारको नियन्त्रणमा पुसकेको थियो।

नेपालमा ल्हासाबाट ल्याइएको बुकीसुन प्रशोधन गरेको पाको जलेशी सुनबाट मठ, मन्दिर र गुम्बाहरूका गजूर र छानामा पोतिएको सुनको मोलम्बा देखेका यूरोपीय धर्मप्रचारक पादरी र अङ्ग्रेजहरूले यहाँ सुन खानी रहेको सोच, यहाँका खानीबाट निकालिएको रातो तामा, इश्पात जस्तो कडा फलाम, नेपाली चट्टानबाट बनाउन सकिने सिंघमर्मर, ग्रेनाइट, स्लेट, साल, सिसौ जस्ता लामो समयसंम टिकाउ हुने पानी-जहाज बनाउन सकिने कडाकाठ, सञ्जीवनी जस्ता जडीबूटी, नेपालको गोरखाली बहादुर सेना, हिमाल वारिपारि गरिने उत्तर दक्षिण (Trans–Himalayan Trade) ब्यापार मार्ग, नेपालको शितल हावापानी र यहाँका हिमालदेखि तराइसम्म पाइने वनस्पतिबाट बन्ने रसायन, वनस्पतिको खोटो, चट्टानबाट निस्कने शिलाजीत, माहूरी, बारुला, अरिङ्गालले पारेको मह र महिन, आदिबाट अङ्ग्रेजहरूले नेपालको महत्व उच्च रहेको यहाँको महत्व राम्ररी बुझेका थिए। नेपालको राजनीतिक तथा सामरिक महत्वका बारेमा त इसाई धर्म प्रचारक मिसनका फिरन्ते पादरीहरू तिब्बत र नेपाल गरिरहने ब्यक्तिहरू मार्फत परोक्षरुपमा भारतमा शासन हत्याई बसेका अङ्ग्रेजहरूलाई जानकारी नहुने कुरा पनि आएन, त्यसैले उनीहरूले कुन उपायले नेपाल लिने र यहाँको बाटो भएर ल्हासा छिचोल्ने र बेलायतलाई अझ सुनै सुनको बनाउने भन्ने दाउ हेरिरहेका थिए।

यता विभिाजित नेपालमा भने चौबीसी राज्य गोरखा र लमजुङ्बीच, मुसीकोट र इश्माबीच, बाइसीराज्यका डोटी र जुम्लाबीच, बझाङ्ग र बाजूराबीच, गजूल र खुम्रीबीच, दाङ्ग छिल्लीबीच, काठमाडौँ उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुरबीच, कौशिकीप्रदेशमा मकवानपुर, चौदण्डी र विजयपुरबीच सत् हत्याउने विवाद, सीमाना बिबाद, वन, धन बिबाद, खनिजस्रोत बिबाद, भारत र ल्हासासँग हुने व्यापार बिबाद आदि कारणले गर्दा राज्य-राज्यहरूबीच मन भाँडिएर आपसमा शत्रुता बढिरहेकोले युध्द चलिरहेको थियो। त्यस्ता कमजोर राज्यहरूको सङ्कीर्ण चिन्तन रहेका बखतमा कुनै पनि वाह्य शक्तिले यिनीहरूलाई सिलटिमुर खुवाएर आप्नो राज्यमा सहजै विस्तार गरेर आफ्नो वशमा पार्न सक्ने स्थिति थियो।

**(क) कूटनीतिक अपरिहार्यता**

आधुनिक नेपालको एकीकरणपूर्व र त्यसपछिको नेपालको भौगोलिक अवस्थिति, आकार र उत्तर र दक्षिणका शक्तिशाली राष्ट्र बीच जस्ताको तस्तै रहेको छ, यसमा कुनै फेरबदल भएको छैन, केवल स-साना टुक्रामा बिभाजित राज्यहरूका एकाइलाई गोरखा राज्यको एकछत्रमुनि पार्ने काम पृथ्वीनारायण शाहले गरेका हुन्। उनले त्यसरी ठूलै दुःख गरेर एकीकृत गरी बनाएको मुलुकको अस्तित्व रक्षा गर्न सकिने किसिमको कूटनीति राजा पथ्वी नारायण शाहलाई अपनाउन अपरिहार्य कुरा हुन्थ्यो

किनभने दक्षिणतिरको चतूर बृटिश शासित भारत, उत्तरतिर विशाल साम्राज्य चीन र उसकै छत्र छायाँमा रहेको तिब्बत जस्ता शक्तिशाली देशहरूसँग नेपालले कूटनीति र वाणिज्य सन्तुलित सम्बन्ध कायम गर्नु पर्ने नीति उनले अवलम्बन गरिआएका थिए। (पुरातत्व विभाग, २०५२, पृष्ठ, ७)।

नेपालको एकीकरण कार्यमा पृथ्वीनारायण शाहले आफ्ना भाइहरूलाई सहयोगीको रुपमा लिई नेपालको एकीकरण गर्ने कार्यमा सबै जनताको पनि सहमति जुटाउन सफल भएकाले त्यस कार्यमा उनलाई क्रमिक सफलता पनि मिल्दै गएको थियो। काठमाण्डौँ उपत्यका विजय गरिसक्दासम्म पृथ्वीनारायण शाहका भाइहरूले सो उद्देश्यका निम्ति सक्दो सहयोग गरेका थिए। त्यसैले भक्तपुरको विजय यात्रामा भाइहरूले धेरै जनधनको क्षति गराएका, शत्रुहरूको बिउ सिध्याएका कारणबाट र उनका भाइहरूबीचमा आँफूहरूले समेत गरेको प्रयासबाट  श्रृजित एकीकृत राज्य पुनः विभाजन गरी सबै भाइहरू शासक बन्ने सपना साँचेका थिए। त्यस विषयमा पृथ्वीनारायण शाहसामु भाइहरूले प्रस्ताव राख्दा राज्य विभाजन गर्ने कुरा मिलेन र सो नमिल्दा दाजु र भाइहरूबीच मतभिन्नता सिर्जना भएको थियो। (स्टीलर, १९७५, पृष्ठ, २७)।

नेपालले सिक्किममाथि अधिकार गरेपछि हुने आय भन्दा तिब्बतको ब्यापारबाट लाभ हुने ठानी उनले बख्सी अभिमान सिंह बस्न्यातलाई कडा पत्र पठाएका थिए। (स्टिलर)। त्यस्तै हरिद्वारका नागा बैरागीहरूले पटना र वरपरका क्षेत्रमा विद्रोह गर्दा त्यसलाई  रोक्न हेस्टिङ्सले गरेको अनुरोधलाई नेपालले भागीरथी नदीसम्म सीमा सुरक्षाको जिम्मा पाउने र त्यहाँ नेपालको अधिकार हुने वातावरण तयार पारेका र सो कुराको माग गरी पत्राचार पनि गरेका थिए। भक्तपुर विजय गरेको ६ वर्षपछि पृथ्वीनारायण शाहको शरीरमा रोगले प्रवेश गर्‍यो, तर उनको महत्वाकाँक्षा महान र ताजै थियो किनभने उनले जयस्थिति मल्ल, राम शाह, महिन्द्र मल्लका झैँ सामाजिक सुधार गर्न चाहेका थिए। जसबाट उनलाई नेपाली समाजमा धेरै सुधार गर्नु पर्ने कुरा महसुस भइरहेको थियो उनको परमायु ५३ वर्षको छोटो भएको चाल पाएर आफ्ना भाइ-भारदारहरूलाई जम्मा पारी दिब्य उपदेश प्रदान गरेका थिए, जो भावी नेपालको चौतर्फी मार्गचित्र सिध्द भएको कुरा स्पष्टसंग बुझ्न सकिन्छ। पृथ्वीनारायण शाहको देहान्त भएको २० वर्षपछि नेपालको छड्के गर्न आएका कर्कप्याट्रिकले बहादुर शाह र पृथ्वीनारायण शाहको शरनी गरेका छन् (कर्कप्याट्रीक, १८११, पृष्ठ, परिचय)  ।

**(ख) गोरखाले नेपालको एकीकरण गर्न सक्नुका आधारहरू**

गोरखाको भौगोलिक बनावट, साह्रै बिकट, भिरालो जमिन, नदीका टार र नदीले

बनाएका फाँट पनि त्यति उर्वर नरहेका हुनाले आफू र आफ्ना परिवारको भरणपोषण गर्न त्यहाँका बासिन्दाले प्रकृतिसंग भिडाँईं गर्नु पर्थ्यो। कडा परिश्रमका कारण गोरखालीहरू दौड्न, कूद्न, हरघडी दुःख गर्न सक्ने हुनाले युध्दमा पनि दक्ष भएका हुन्थे। पृथ्वीनारायण शाहले अपनाएको मरवट, लब्धप्रशमन र बात्सल्य भावको नीतिका कारण नेपाली सेना आफू र आफ्नो परिवारको सुरक्षाप्रति निश्चिन्त रहेर, विजयलाई ध्यान दिएर युध्दकालमा ज्यान दिन तयार भएको थियो। उनले सेना र मुलुकको सुरक्षालाई बढी महत्व दिएका थिए। उनलाई सबैभन्दा बढी त्राश दक्षिणको साम्राज्यवादी अङ्ग्रेज शक्तिबाट लाग्दथ्यो।

(ग) **नेपालको राजधानी किन काठमाण्डौं बनाइयो?**

जयप्रकाश मल्लको आर्यघाटमा जीवन अन्त्य हुने बेलामा पृथ्वीनारायण शाहले शिष्टाचारपूर्वक भेट गरी गतिला र घतिला धेरै पक्षका अर्ति, बुध्दी लिएका थिए, जसको परिणामस्वरुप नेपालको राजधानी गोरखा र नुवाकोटमा नबनाई काठमाण्डौं बनाएका थिए (योगी, २०४३)। काठमाण्डौं उपत्यकामा चलिरहेको राजनीतिक छेल, खेल र षडयन्त्रलाई उनी अन्त्य गर्न चाहन्थे। छिमेकी राज्यको कुरा जानकारी पाउन सक्ने उनको गुप्तचरी ब्यवस्था ज्यादै उत्कृष्ट किसिमको थियो। जङ्गी निजामती पदमा बहाली पगरी दिँदा मानिसको क्षमता हेरी पालै पालो दिने बन्दोवस्त मिलाएका थिए (रेग्मी, १९७६, पृष्ठ, १९७-२०३)।

(घ) **सामाजिक परिवेशजन्य दृष्टिकोण**

नेपालमा खस, मगर, किरात, हिमाली  र तराईका बासिन्दाको बाहुल्य रहेको हुनाले आ-आफ्नो जातीय क्षमताका आधारमा राज्यको समृध्दि गराउन उनीहरूको क्षमताको प्रयोग गरिन्थ्यो। उदाहरणको निम्ति प्लासीको युध्द भएको १० वर्षपछि सिन्धुली गढीमा अङ्ग्रेजहरूको आक्रमण हुँदा जनकपुर र वरपरका बासिन्दाले नेपाललाई (गोरखा) सहयोग पुऱ्याउन अङ्ग्रेजहरूलाई राशनपानी नदिनु भन्ने पृथ्वीनारायण शाहको गुप्त सन्देश अनुसार, गाउँका बासिन्दा जङ्गलमा लुक्न गएर असहयोग गरेका थिए। दहचोक गढीमा पण्डित हरिवंश उपाध्याय सुवेदी र पण्डित शिवलाल सिग्द्याललाई पृथ्वीनारायण शाहले उपत्यकाको हाल खबर बुझी सहयोग गर्ने काममा लगाएका थिए (आचार्य, संक्षिप्त वृत्तान्त २०२२, पृष्ठ, २९-३६ - (एकीकरण मार्ग परियोजनामा प्रस्तुत गोष्ठी पत्र)। नेपालको एकीकरण गर्ने सन्दर्भमा पृथ्वीनारायण शाहले तन्त्रको साधना र प्रयोग पनि गरेका थिए। (सुवेदी, २०७८, पृष्ठ, १८०)।

आफ्ना भाइ भारदारले गर्न नहुने काम, राष्ट्रविरोधी कृयाकलाप गरेमा वा ज्यान लिनु पर्ने कुनै किसिमको अपराध या कसूर गरेमा उनीहरूलाई राजाले सोझै नमारी

त्यसको सट्टामा उनीहरूलाई युध्दभूमिमा पठाउने र निजको क्षमताका कारण युद्ध जितेर आएमा मुलुकको इज्जत, हैसियत बढ्ने र निजलाई मान दिने युध्दमा मरेमा निजलाई दिनु पर्ने ज्यान सजायँ स्वतः पूरा हुने कुराको सन्देशमूलक दृष्टिकोण पृथ्वीनारायण शाहले आफ्नो दिव्यउपदेशमा सन्दर्भमा दिएका छन् ।

आफू राजा भएपछि राजकीय ठाँटबाँट र भोगविलाशमा मात्र मस्त रही बलिया छर-छिमेकी राज्यका राजाहरूको सङ्केत र इशारामा चलेर आयु गुमाउने परम्परालाई खण्डित गरी पृथ्वीनारायण शाह आफै वीरयोध्दा भएबाट उनले वीरयोध्दाहरूको कदरस्वरुप राज्यमा त्यस्तालई सहुलियत थप गरी बोलाएर वीरपूजा गर्ने, कलाकारहरूलाई अझ थप सुविधा प्रदान गरी कलाकारको पूजा गर्ने, बिभिन्न किसिमका शीप जानेका शिल्पीहरूको आह्वान गरी उनीहरूको क्षमता हेरी पूजा गर्ने, वाह्य राज्यका प्रकाण्ड विद्वानहरूलाई बढी विर्ता वितलब दिई आफ्नै राज्यमा बोलाएर शाश्त्राभ्यास गराई विद्वत्पूजा गर्ने, मानिसको योग्यता र ब्यक्तित्वको भूमिका हेरी सामाजिक प्रतिष्ठाका आधारमा निजहरूलाई पगरी तथा सहुलियत दिने परम्परा पृथ्वीनारायण शाहले बसालेका थिए ।

उनले जातीय पेशा र गुणअनुसारको क्षमतालाई राज्यनिर्माणमा संलग्न गराएका थिए, उदाहरणको निम्ति, दमाईलाई सिउने बहानामा शत्रु राज्यमा घूसाई त्यहाँको गुह्य कुरा पत्तो लगाउने, कामीलाई सन्नाशो दिई काम गराउने बहानामा त्यसै गराउने, सार्कीलाई छालाको काममा छिमेकीकहाँ पठाई त्यताको कुरा बुझ्ने, जोगी, सन्यासी, फक्कड, फकेडालाई हात लिएर शत्रुको छिद्र पत्तो लगाउने, ब्राह्मणलाई राजा भारदारकहाँ विशिष्ठ कर्मकाण्ड गराउने बहानामा वैरी मुलुकको कमजोरी, सामरिक केन्द्रको हालखबर बुझ्ने, नेवारलाई ब्यापारका सामान दिएर छिमेकीको ब्यापारका बारेमा बुझ्ने, मुसलमानलाई सामरिक उपकरंण बनाउन लगाई चूरा, पोते, सृङ्गारका सामानको माध्यमबाट वैरी राज्यको कमजोरी खोजी आफ्नोतर्फबाट कमजोरी हुनबाट बचाउने र भाटजातिलाई राजकीय सेवामा रहेका भारदार र राजपरिवारका सदस्यहरूको स्तूतिगान गराउँदै पठाउने, आदि नीति प्रयोग गरेका प्रशस्त उदाहरणहरू पाइएका छन् । शेष जब्बर, मुहम्मद ताकी, लाले ढोली, भेषाजंग कामी, मिझार सार्की, जलाहारी माझी, सुवानन्द दासभाट, स्वामी योगी भगवन्त नाथ, हरिनन्द उपाध्याय पोखरेल, ३२ कोठी, र २४ कोठी महाजन नेवारहरूलाई र बिभिन्न नाकानाका परेका ठाँउमा हटिया खोली आवश्यक सामग्रीको आपूर्ति गर्ने जस्ता काम उनले गरेका थिए (सुवेदी, २०७८, पृष्ठ, ८५) ।

न्याय निस्पक्षरुपले गरिदिने, कानूनी राज्यको अवधारणा लागू गर्ने, जनतालाई अन्याय हुन नदिने, अपराधीलाई गरेको आर्थिक दण्ड सजायँबाट राज्यको ढुकुटीमा

भएको आयस्तालाई दरबारमा राजपरिवारको सुविधामा प्रयोग नगराई दुःखी गरीबलाई दान दिने, परोपकारका काममा लगाउने, जोगी सिध्दहरूलाई दिने जस्ता उनको न्यायिक नीति रहेको पाइन्छ ।

(ङ) **राज्यको सुरक्षा प्रबन्ध मिलाउने**

सेना र जनतामा नै मुलुकको संरक्षण र सुरक्षाको जिम्मा भएको हुनाले पृथ्वीनारायण शाहले जनतालाई सुरक्षित गराउने, सिपाहीलाई घरपायक पर्ने ठाँउमा जागिरस्वरुप जग्गा दिने, निजका परिवार र मजदूरहरूलाई खेतमा काम गर्न लगाउने, खेतियोग्य जग्गा बाँझो राख्न नदिने, गरीबका छोराहरूलाई प्रोत्साहनस्वरुप सेनामा भर्ती गर्ने, सिपाहीलाई राज्यको जिम्मेवार ठानी विश्वासमा लिई सोहीअनुसार चल्ने बनाउने, योग्य सिपाहीहरूमध्येबाट एक जना हवल्दार छान्ने, जातजातिका कम्पनीको सैन्यसंगठन गर्ने, मगर, गुरुङ, किरात, खस र ठकुरीलाई पगरीकासाथै जङ्गी तालिम दिई सधै चनाखो र तीखो पारिराख्ने प्रबन्ध पथ्वीनारायण शाहले मिलाएका थिए (दिव्योपदेश, पृष्ठ, १७) ।

देशका महत्वपूर्ण सामरिक क्षेत्रहरूका साथै राजधानी काठमाण्डौंका वरपरका ठाउँ जस्तैः ककनी, शिवपुरी, फूल्चोकी, महादेवपोखरी, पालुङ, दाप्चा, दहचोक, चन्द्रागिरी जस्ता सामरिक महत्वका ठाउँ छानी चौकी स्थापना गरी १-१ तोप दाग्ने, बाटाका सन्धि परेका ठाउँमा आड, प्याड (साना गढी) बनाई उमरावको जिम्मामा तैनाथ राख्ने,  र मुलुकभरका सबै क्षेत्रको सुरक्षा गर्ने बन्दोबस्त उनले मिलाएका थिए ।

बेलायतदेखी भारतमा आई शासन हत्याएका अङ्ग्रेजलाई कुनै पनि हालतमा नेपालमा छिर्न नदिने कडा नीति पृथ्वीनारायण शाहको थियो । उनीहरू देशभित्र छिरेमा यहाँको कुनै बलियो समूहलाई घूसपैठ गरेर आफू विरुध्द उचालेर भाँडभैलो र विद्रोह गराउने, जात जारी, भाइ भाइ, छरछिमेकीको बीचमा बिभाजन र फाटो पार्ने काम गर्ने उनीहरूको आधारभूत नीति रहेको कुरा उनले राम्ररी बुझेका थिए ।

राज्यका बिभिन्न महत्वपूर्ण स्थानका गढी, किल्लामा सुरक्षाचौकी निर्माण गरी उमरावका अधीनमा २०-३० जनासम्म सिपाही तैनाथ गराउने, त्यहाँबाट राज्या । बागी र फिरङ्गी आउजाउ गर्नेहरूको चियो चर्चो गर्ने र खतरा आइलागेको अवस्थामा केन्द्रमा तत्कालै खबर गर्ने र आफैले पनि सुरक्षाको प्रबन्ध गर्ने बन्दोबस्त मिलाएका थिए । पृथ्वीनारायण शाहले राज्यका सिपाही र कर्मठ कृषकको महत्व राम्ररी बुझेका हुनाले उनको अवधिभर राज्यमा कुनै किसिमको विद्रोह हुनबाट पृथ्वीनारायण शाहले मुलुकलाई बचाएका थिए (रेग्मी) ।

(**च**) **मजबूत सैन्य संगठन**

पृथ्वीनारायण शाहले सैन्य सङ्गठनका क्षेत्रमा १ सुबेदार = १६ हवल्दार = १००

सिपाही सहितको एक कम्पनी बनाउने योजना तयार पारेर लागू गराएका थिए। यी बाहेक तरबार, खूँडा चलाउने, खूकुरी मच्चाउने, घूँएत्रो र धनुकाँड तिरन्दाज गर्नेहरूको अर्कै जबरजस्त खालको कम्पनी खडा गर्ने, युध्दमा मुहडामा या दलमुखको आक्रमण यही सेनाबाट शुरु गराएर सबैभन्दा पछि बन्दूक र तोपचीहरूको सेनाको लश्कर चलाउने योजना बनाएका थिए। युध्दकालका निम्ति सामरिक बन्दोबस्त मिलाउने, युध्दका सामग्री आदान प्रदान गर्ने, गढी, किल्लहरूको निर्माण गर्ने, सामरीक उपकरणहरू बनाउने र अरुलाई सो कलामत सिकाउनेहरूलाई पनि सेनाले पाउने सहुलियतसरह सुविधा प्रदान गर्ने नीति उनले लिएका थिए। सिपाहीलाई आफू सेनामा भएर पनि घरपरिवारबारे, व्यावहारिक समस्या र त्यसको चिन्ता नपर्ने गरी मानसिक र शारीरिक चिन्ता र तनाव मुक्त पार्न राज्यले त्यसको प्रबन्ध गरेर ढुक्क पार्ने नीति उनको रहेको थियो।

(छ) **आर्थिक कुरा (कृषि, पशुपालन, खनिज, उद्योग र ब्यापार)**

पृथ्वीनारायण शाहले दक्षिणतिरबाट हुने खतरा टार्न अङ्ग्रेजहरूलाई नियन्त्रण गर्न गढप्रसामा (पर्सागढी) ब्यापारिक केन्द्र बनाउने, उत्तरतिरको अतिक्रमणलाई रोक्न केरुङमा वाणिज्य केन्द्र बनाउने योजना तयार पारेका थिए, जसबाट मुलुकलाई चाहिने दैनिक उपभोग्य सामग्री उपलब्ध हुन सक्थ्यो, आवश्यक सामान आउँथ्यो, विदेशी मानिस नेपालभित्र आउँन पाउँदैन्थे र त्यसबाट सामानहरूको प्रयोग र भोग पनि गर्न पाइने र मुलुकको सुरक्षा पनि हुने नीति अपनाएका थिए।

नेपालमा सिपालूहरूले तयार पारेका तयारी वस्तु, काष्ठ र धातुका सामान र मोटा कपडाहरू मानिसका आफ्नै हातले बुनेका र बनाएका हुनाले टिकाउ र देशको पूँजी सुरक्षित हुन्थ्यो, विदेशी मेशिनले तयार पारेका सामग्रीको प्रतिस्पर्ध्दा गर्न नेपालका घरेलु सामानले समर्थ हुँदैनथे र ब्यापारमा नेपाललाई घाटा पर्थ्यो। त्यसैले उनले विदेशी तयारी वस्तु देशमा छिर्नै नदिँदने नीति अपनाएका थिए।

नेपाली जनतालाई पनि मनोरञ्जन गर्न इच्छा हुन्थ्यो। त्यसका निम्ति विदेशी चटकी र जादू टूनाला पातर खेलहरूलाई देशमा भित्र्याउनु भन्दा नेपालकै रैथाने नेवारका च्याकुलइयाँई धीमे बाजा, नौमती बाजा, खैँजडी मुजूरा, मिरली र रैथाने बाजाहरूसाथ नेपाली र अरु सबै जात जातिका गीत रागहरूबाट मनोरञ्जन लिन सकिने हुनाले विदेशी नट, नटी, बाजागाजा भित्र्याउन नदिने उनको नीति थियो। कुनै कारणबश त्यस्ता विदेशी बाजा, राग रागिनीहरू ल्याउनै परेमा ल्याइएको काम सकेपछि तुरुन्तै फिर्ता पठाइदिने नीति पृथ्वीनारायण शाहको रहेको थियो जसबाट मुलुकको आमदानी बाहिर सहजै जानबाट रोकिने र देशभित्रको आन्तरिक गुह्य कुरा बाहिरियाले थाहा पत्तो पाउन नसक्ने हुन्थ्यो (दिव्योपदेश, २०५२, पृष्ठ, १३)।

सीमानाका भन्सार र बिभिन्न चौकीहरूमा उठाइने चुङ्गी, पोता, मालपोत आदि कर र रकमहरू उठाउँदा भारतीय मुगल शासकहरूले ठेक्का प्रथामा दिने परम्परा बसालेका थिए। त्यसले गर्दा त्यहाँका (मुगलानका) जनतालाई बढी आर्थिक भार परेको बुझेर पृथ्वीनारायण शाहले नेपालमा सरकारी कारिन्दाहरूलाई सोझै जनता सामु खटाई जायज किसिमबाट मात्र कर उठाउने नीति लागू गराएका थिए।

तिब्बततिर हुने उत्तरी ब्यापारको र नेपालका बिभिन्न जिल्लाहरूमा ब्यापार सञ्चालनका निम्ति सकेसम्म नेवारजातिलाई सहुलियतसाथ दोबाटो र हटिया विकास हुने ठाउँमा घर बनाएर बस्न र ब्यापार गर्न सुविधा हुने गरी त्यता पठाइन्थ्यो। काठमाण्डौँका मल्ल राजाहरूका पालादेखि उठेको तिब्बतको बजारमा नेपाली टक्सार कारखानामा टकसाली गरिएका चोखा टकको समस्या सुल्झाउँदा तिब्बतसंग नेपालको खटपट चलेको थियो। गोरखालीहरू ब्यापारमा त्यति दक्ष थिएनन्, राजा राम शाहले त्यो कुरा बुझेका हुनाले राजा सिध्दिनरसिंह मल्लसंग सन्धि गरी ल्हासाको ब्यापारमा पोख्त २४ कोठी नेवार साहू, महाजन पाटनबाट गोरखा बजारमा लगी भोटको ब्यापार गराउन लगाएका थिए (शाह, १९६३ ई. पृष्ठ ५३०५९)।

(ज) **सामरिक नीति**

नेपाली सेना पहाडी भागमा युध्दकुशल हुनाले सकेसम्म तराइका भागमा गएर युध्द नगर्ने नीति हुन्थ्यो, बरु त्यताको मामलामा मिलेसम्म सन्धि सम्झौता गर्ने नीति उनले लिएका थिए। पृथ्वीनारायण शाहले पहिल्यैबाट सेनामा सुधारहरू गरेको बुझिन्छ तापनि वि . सं. १८१९ को मकवानपुरको युध्दपछि नेपाली सेनाको पुनर्गठन गरेर ५ बटा कम्पनीहरूको स्थापना गरेका थिए। तदनुसार वि. सं. १८१९ आश्विन ५ गते श्रीनाथ कम्पनी र कालीबख्स कम्पनी, १८१९ आश्विन ९ गते बर्दबहादुर कम्पनी, सबुज कम्पनी, १८१९ फाल्गुण १० गतेमा श्री गोरख कम्पनीको स्थापना गरेका थिए। यस्ता कम्पनीहरू नेपालका बाइसी, चौबीसी, सेन र काठमाण्डौँ उपत्यकाका राजाहरूले स्थापना गरेको सूचना आजसम्म पाइएको छैन। त्यसो भए उनमा त्यो बुध्दी र विचार कताबाट आयो भन्ने बारेमा स्पष्टसंग जानकारी नभए पनि केही सङ्केतहरू पाइएका छन् जस्तैः

उनले नेपालको दूत बनाएर गजराज मिश्रलाई (बाहिर कल्पवासी, भित्र नेपालको हीतार्थ गुप्तचरको काम गर्न खटाएका) लम्बरी पण्डितको भत्ता दिई वनारसमा पठाएका हुनाले उनले अङ्ग्रेज, मराठा, राजस्थान, मैसूर, पञ्जाब, बङ्गालका नबाब र राजाहरूले सिपाहीको कम्पनी खडा गरेको कुराबाट सिको गरेको बुझिन आउँछ (नेपाल सरकार पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयमा रहेका दस्तावेजहरूबाट)।

पाल्पाका सेन राजाहरू पृथ्वीनारायण शाहका  मावली भएका र उनकी ठूली आमा चन्द्रप्रभावती देवी सानैदेखि पाल्पाली फूपुकहाँ हुर्केकी हुनाले, पाल्पाली राजाले दिल्ली र अवधका नवाब र बादशाहहरूले सैनिक कम्पनी खडा गरेको थाहा पाएर त्यसो गरेको हुन सक्ने देखिन्छ।

मकवानपुरको युध्दमा र सिन्धुलीगढीको युध्दमा नेपालले मुसलमानी र अङ्गेजी हात हतियार प्रशस्त मात्रामा हात पारेको हुनाले सैनिक कम्पनी स्थापना गरी बन्दूक लिने सेना र शस्त्रधारी सेनाको बेग्ला बेग्लै कम्पनि निर्माण गर्नु पर्ने स्थिति देखिएकोले त्यसो गरेको हुन सक्छ।

भक्तपुरका राजा रणजीत मल्लकी ठकुरानी पट्टिका वैध सन्तान युवराज वीरनरसिंह मल्लको युवाकालमै मृत्यु भएको बेलामा कान्तिपुरका राजा जयप्रकाश मल्लले राजा रणजीत मल्लका भित्र्यानीतिरका मठ्यहा छोराहरू अजीतसिंह र अवधूतसिंहहरूलाई भक्तपुरको राजा बनाइदिने षडयन्त्रमूलक आश्वासन दिई उनीहरूलाई आफ्नो पक्षमा लिएका थिए। त्यो कुरा पृथ्वीनारायण शाहले राम्ररी बुझेका थिए (आचार्य, २०२२, पृष्ठ, ४२)।

(झ) **एकीकराणका विविध निर्णायक पक्षहरू**

पृथ्वीनारायण शाह आफ्ना छोराहरूलाई उपयुक्त राजकीय कूटनीतिक शिक्षा दीक्षा दिन चाहन्थे। जेठा प्रतापसिंह शाह युवराज भएकाले उपयुक्त राजकीय शिक्षा पाउन् भनी काठमाण्डौं राजधानीमा सत्सङ्गत गर्न पठाइएको थियो। आफ्ना साथमा पनि कान्छा छोरा फत्तेबहादुर शाहलाई नुवाकोटमा राखेर उचित शिक्षा र भारदारहरूसंगको ब्याबहारिक प्रशिक्षण गराएका थिए। परिणामस्वरुप बहादुर शाहले आफ्नो नायवीकालमा नेपाल एकीकरण गर्ने कार्य केही हदसम्म भए पनि दाजुको इच्छा पूरा गरेका थिए।

आफ्ना भाइहरूलाई शुरुका दिनहरूमा नेपाल एकीकरणमा संलग्न गराएपछि उनीहरूले आफू स्वतन्त्र राजा हुन पाउने सपना बोकेर बसेकामा त्यस्तो चुनौतिपूर्ण घडिमा मुलुक टुक्र्याएर जमिन्दारले आफ्नो जमिन्दारी बाँडफाँड गरे जस्तो, एकीकृत राज्य त्यसरी बाँडीखाने कुरा होइन भनी संझाएका थिए, तर आफूले पनि मद्दत गरी सिर्जना गरेको राज्य बिभाजन गरी आफूहरूलाई स्वतन्त्र राजा नबनाइदिँदा त्यस्तो सुविधा नपाएबाट उनीहरू नराम्ररी भड्केका थिए।

बिभिन्न युद्धमा कडा पराजय हुँदा गोरखा र नेपालका धेरै योग्य भारदार र सिपाहीहरूले समेत वीरगति पाई ठूलो क्षति भएको अवस्थामा पनि पृथ्वीनारायण शाहले धैर्य कहिल्यै गुमाएनन्। मौकामा धैर्य धारण गरेका र निराश नभएका हुनाले नेपालको एकीकरण सम्भव भएको कुरा स्पष्ट बुझिन्छ। यसबाट उनमा पराजयभित्र पनि

विजय संभव हुन्छ र पराजयभित्र विजय लुकेको हुन्छ भन्ने कुरा (Defeat into Victory) उनको षट्चेतनामा भरिएको पाइन्छ र उनले भावी योजना बनाउँदा पराजय हुनाका कारणहरू पत्ता लगाएर त्यसमा सुधार गरी अगाडि बढेको बुझिन्छ।

कीर्तिपुरको पहिलो युद्धमा काजी कालू पाँडेले वीरगति पाएका बेलामा उनी ज्यादै विस्मित भएर "आफ्नो दाहिने हात गुमेको" महसुस गरेका थिए तापनि पछि सर्दार रामकृष्ण कुँवरको युध्दकुशलताबाट सन्तुष्ट भएर पुरष्कार माग भन्दा, राजपरिवारबाट मात्र निर्माण गरिँदै आएको, श्री पशुपतिदेखि गुह्येश्वरीसम्म ढुँगाको सिँढी छाप्ने काम पाउँ भन्ने माग उनले गर्दा पृथ्वीनारायण शाहले स्वीकार गरेका थिए।

पृथ्वीनारायण शाहले आफै वीरयोध्दा भएबाट राज्य विस्तार र एकीकरण गर्नमा योग्य ब्यक्ति छनौट गरी सेनानायक बनाउने गर्दथे, सैनिक प्रशिक्षणमा उनी दक्ष हुनाले र योध्दालाई उत्प्रेरित गर्न र युध्दमा पीठ नफर्काउने बनाउन उनले आफ्नो सामर्थ्य सिध्दगरी देखाएका थिए।

पृथ्वीनारायण शाहभन्दा पहिले  र पछिका दिनमा पनि नेपाल राज्यमा चुस्त दुरुस्त किसिमबाट लेखा परीक्षण र आय ब्ययको विवरण राख्ने परम्पराको अभाव देखिन्छ। यदि पृथ्वीनारायण शाहलाई कुनै सबल शासकले उनले गरेको एकीकरण अभियानको ब्यय विवरण तत्कालै मागेका भए उनले पनि नराम्रो दूर्गति भेट्नु पर्ने हुनसक्थ्यो। तर उनको जीवनकालमा त्यस्तो वातावरण आई परेन तापनि त्यसको प्रभावस्वरुप नायव बहादुर शाहको मुख्तियारी समाप्तिपछि आफ्नै भतिजा राजा रणबहादुर शाहले उनीसंग नेपाल एकीकरणमा खर्च र लगानी भएको फिहिरिस्त माग्दा तत्कालै पेश गर्न असमर्थ भएबाट उनी आर्थिक घोटालामा फस्न गएकाले त्यही निहूँ पाएर नै उनको जीवन अन्त्यको कारक बन्न गयो र आकालमै ज्यान गुमाउनु पर्ने अवस्थासम्म आइपऱ्यो।

नेपालमा निर्माण गरिएका सामरिक महत्वका गढी, किल्ला, आड, प्याडहरूभित्र सुरुङ, तोपदाग्ने प्वाल,  तोप गुडाउने ठाउँ, गोली गट्ठा राख्ने ठाउँ हुँदाहुँदै पनि त्यहाँभित्र चबच्चा, इनार र जलसंग्रह गर्ने योजना र बन्दोबस्तीको आभाव रहेको हुनाले नेपाल-कम्पनी अङ्ग्रेज-नेपाल युध्दमा अङ्ग्रेजहरूले नेपाली किल्लामा पेय-जलको अभावबाट लाभ उठाएका र नेपालको पराजयमा त्यो पनि एक कारण बन्न गएको ऐतिहासिक पक्ष स्पष्ट हुन गएको छ।  योजनावध्द किसिमबाट काम गर्ने शैली पृथ्वीनारायण शाहको रहेकोले नेपालको एकीकरण सम्मभव भएको थियो। उनी सैनिक युध्दकासाथ मनोवैज्ञानिक युध्दमा पनि दक्ष हुनाले सैनिक युध्दपूर्व आधा युध्द पहिले नै जितिसकेका हुन्थे।

प्रत्येक क्षेत्रमा नेपाली सेनाको मनोबल बढाउनमा पृथ्वीनारायण शाह बराबर अन्य

राज्यका तत्कालीन राजाहरू समर्थ देखिएनन् । अरु त के कान्तिपुरका बाठा मानिने राजा जयप्रकाश मल्लले पनि आफ्नै भारदारहरूबाट पराजय भोग्नु पऱ्यो र राज्यमा परेका समस्या र चुनौतीहरूमा उनले आफ्ना आँतका भारदारहरूसंग गोप्य परामर्श गर्ने गरेका थिएनन् । तर राजा पृथ्वीनारायण शाहले आँतका भारदारहरूको मतो लिने गर्दथे, त्यसबाट भारदारमा अनुभवको आदाप्रदान हुन जानाले भविष्यमा पनि उनले प्रशिक्षण दिएका भारदारहरू परिपक्व भएर देखा परेका थिए जसबाट राज्य बढाउने विषयमा परिपक्व राजकीय निर्णय हुन जान्थ्यो र नेपालको एकीकरण सम्भव भएको थियो (ज्ञवाली २०३३, पृष्ठ, २६३-२७०) ।

पृथ्वीनारायण शाहको योग्यता र क्षमताको कारण नेपाली सेना विश्वमा गोरखाली इमान्दार वीर योध्दाका नामले प्रसिध्द हुन गएको कुरा निर्विवाद रहेको छ। नेपालीहरूले त्यही इमान्दारी र वीरयोध्दाको सम्मान (टोकन?) भँज्याएर विदेशी सेनामा भर्ति हुन जाने परम्परा अद्यापि कायमै रहेको छ।

**सन्दर्भ ग्रन्थ सूची**


आचार्य, बाबुराम, (२०२२) नेपालको संक्षिप्त वृत्तान्त, काठमाण्डौः प्रमोदविक्रम राणा, नीरविक्रम प्यासी ।

-----(२०२५) श्री ५ बडामहराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, काठमाण्डौः श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवलय, राजदरबार ।

बज्राचार्य, धनबज्र, मल्ल कमलप्रकाश, (१९८५) द गोपालराज वंशावली, बर्लिनः एफ. एस. भी. डब्ल्यू. जी. एम.वी. एच. ।

रेग्मी, जगदीशचन्द्र, (२०३५) नेपालको वैधानिक परम्परा, काठमाण्डौः त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

शाह, ऋषिकेश, (१९६३ ई.) हिरोज् याण्ड बिल्डर्स् अफ् नेपाल, लण्डनः अक्सफोर्ड यूनिभर्सिटी प्रेस ।

स्टीलर्, एल. एफ., (१९७५) पृथ्वीनारायण शाह इन् द लाइट अफ् दिव्योपदेश, काठमाण्डौः रत्न पुस्तक भण्डार ।

स्टीलर्, एल. एफ., (१९७५) द राइज अफ् द हाउस् अफ् गोर्खा, काठमाण्डौंः रत्न पुस्तक भण्डार ।

स्टीलर्, एल. एफ., ( १९९३) नेपाल ग्रोथ अफ् अ नेशन्, काठमाडौः काठमषणडौः ह्यूम्यान् रिसोर्सेस् डिब्लप्मेण्ट रिसर्च सेन्टर ।

सुवेदी, राजाराम, (२०७८)  नेपालको तथ्य इतिहास, काठमाण्डौः शिखा बुक्स ।
ज्ञवाली सूर्यविक्रम, (२०३३) पृथ्वीनारायण शाह, दार्जिलिङः   नेपाल साहित्य सम्मेलन ।

✦✦✦

# नेपालमा मधेस केन्द्रित दलहरूको इतिहास

## विसं २००७ देखि विसं २०६४ सम्म



✍ डा. विजयप्रसाद मिश्र

**सार**

विसं. २००७, विसं. २०४६ र विसं. २०६२/०६३ को आन्दोलनहरू सफल भएपछि लगतै मधेस केन्द्रित दलहरू खुलेको पाइन्छ। विसं. २००७ सालको परिवर्तनपछि क्रान्तिमा सहभागी मधेसी मूलका नेताहरूले प्रजातान्त्रिक युगमा तराईलाई प्रान्तीय ढाँचामा लैजानु पर्दछ भनेका थिए। जसलाई तत्कालीन कांग्रेसी नेतृत्वले अस्वीकार गरेपछि नेपाल तराई कांग्रेसको गठन भएको थियो। विसं.२०४१ मा खुलेको नेपाली सद्भावना परिषद् वि.स.२०४७ सालमा नेपाल सद्भावना पार्टीमा परिणत भएको थियो। विसं. २०५४ मा सामाजिक संस्थाको रुपमा खुलेको मधेसी जनअधिकार फोरमले पहिलो पटक एक्लैले र दोस्रो पटक तराई मधेस लोकतान्त्रिक पार्टी तथा नेपाल सद्भावना पार्टी (आर)सँग मिलेर संयुक्त मोर्चा बनाएर गरेको मधेस आन्दोलनले नेपाललाई संघीयतामा लाने र २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन गर्ने सहमति भएको थियो। मधेस केन्द्रित दलहरूको मागहरू हेर्दा सबैदलहरूका माग लगभग उस्तै छन्। मधेस केन्द्रित दलमा पद र गुटगत विवादले गर्दा कहिले फुट्ने र कहिले जुट्ने वा नयाँ पार्टी खोल्ने गरेको देखिन्छ। अधिकांश नेतृत्वकर्ताहरू पहिले कुनै न कुनै राष्ट्रिय राजनीतिक पार्टीमा आवद्ध भएकाहरूले नै मधेसीले आत्मसम्मान र अधिकार पाएनन् भनेर क्षेत्रीय राजनीतिक पार्टीहरू खोलेको देखिन्छ। राष्ट्रिय विषयमा सत्ता परिवर्तनका लागि मधेस केन्द्रित दलहरूले पनि राष्ट्रिय राजनीतिक पार्टीहरूलाई सहयोग गरेको पाइन्छ।

✍ *सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर।*

**परिचयः**

विसं. २००७, विसं. २०४६ र विसं. २०६२/ ०६३ को आन्दोलनहरू सफल भएपछि लगतै मधेस केन्द्रित दलहरू खुले। नेपालमा विसं. २००७ सालमा राणा शासनको अन्त्य भएपछि यता मधेसको मुद्दालाई लिएर मधेसमूलका मानिसहरूले पटक पटक राजनीतिक पार्टी खोल्दै आएका छन्। २००७ मा प्रजातन्त्र आएपछि विसं. २००८ मा नेपाल तराई कांग्रेस खोलिएको थियो। विसं. २०४६ को आन्दोलनपछि नेपालमा राजनीतिक पार्टीहरूको प्रतिवन्ध फुकुवा भएपछि विसं. २०४७ मा नेपाल सद्भावना पार्टी खोलिएको थियो। विसं. २०६२/०६३ को आन्दोलनपछि आएको लोकतन्त्रपछि मधेसी जनअधिकार फोरम र तराई मधेस लोकतान्त्रिक पार्टी खोलिएको थियो। त्यसअघि र पछि मधेसको मुद्दा उठाउने गरी धेरै राजनीतिक पार्टीहरू खुल्ने, फुट्ने र फेरी जुट्ने प्रक्रियाहरू चलिरहेका छन्। यस अनुसन्धानात्मक लेखमा विसं. २००८ देखि नेपालमा संविधानसभाको निर्वाचन हुनु अघिसम्म अर्थात विसं. २०६४ सम्म खुलेका मधेस केन्द्रित राजनीतिक पार्टीहरूको पार्टी खुल्ने कारणहरू, तिनका गतिविधि र सरकारसँग गरेको संझौताहरूको बारेमा गुणात्मक सूचनालाई विश्लेषणात्मक, बर्णनात्मक तथा व्याख्यात्मक विधि प्रयोग गरेर 'नेपालमा मधेस केन्द्रित दलहरूको इतिहास (विसं. २००७ देखि विसं. २०६४ सम्म)' शीर्षकमा यो अनुसन्धानात्मक लेख तयार गरिएको हो।

**शब्दकुञ्जी** : पहिचान, आत्मसम्मान, आत्मनिर्णय, स्वायत्त र आरक्षण।

**उद्देश्य** : विसं. २००८ देखि संविधानसभाको निर्वाचन हुनुअघि अर्थात विसं. २०६४ सम्म नेपालमा मधेसको मुद्दालाई उठाउने गरी खुलेका मधेस केन्द्रित दलहरूको गठन र यसका मूख्य लक्ष्यका बारेमा अनुसन्धानात्मक लेख लेख्ने उद्देश्य राखिएको छ।

**विधिः** मधेस आन्दोलनका बारेमा लेखिएका पुस्तक, जर्नल, लेखहरू, साथै विज्ञप्तीहरूका आधारमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी संकलन गरिएका सूचनाहरूलाई ऐतिहासिक आधारमा व्याख्यात्मक, बर्णनात्मक शैलीमा विश्लेषण गरेर यो लेख तयार गरिएको छ।

**विश्लेषण** :

विसं. २००७ को परिवर्तनपछि क्रान्तिमा सहभागी मधेसी मूलका नेताहरूले प्रजातान्त्रिक युगमा तराईलाई प्रान्तीय ढाँचामा लैजानु पर्दछ भन्न थालेका थिए। उनीहरूको कुरालाई काठमाडौंमा बसेर राजनीतिको नेतृत्व गरिरहेको कांग्रेसी नेतृत्वले अस्वीकार गरेको थियो। यसको परिणामस्वरुप कुलानन्द झा, रामजनम तिवारी, श्यामलाल मिश्र लगायतका नेताहरूको अगुवाइमा विसं. २००८ मा नेपाल

तराई कांग्रेसको स्थापना भएको हो। कुलानन्द झा विरामी परेपछि उनकै भाइ वेदानन्द झाले उक्त पार्टीको नेतृत्व गरेका थिए।

नेपाल तराई कांग्रेसको मुख्य तीनवटा उद्देश्यहरू थिए। पहिलोमा स्वायत्त तराई राज्यको स्थापना गर्ने भनिएको थियो। दोस्रोमा हिन्दीलाई राज्यको भाषको मान्यता दिलाउने र तेस्रोमा निजामती सेवामा पर्याप्त मात्रामा तराईका मानिसहरूको नियुक्ति गराउने भन्ने थियो (यादव, २०५४ : १४३)। सन् १९५१ भन्दा पहिले मधेसीहरू राष्ट्रको अंगको रुपमा स्वतन्त्र नागरिकको जस्तो नभई उपनिवेशको अन्तरगत रहने जनताको रुपमा व्यवहार गरिन्थ्यो (यादव, २०५४ : १२९)। यसले मधेसीहरूमा नेपालका शासकहरूप्रति कस्तो धारणा रहेछ भन्ने अनुमान लगाउन सकिन्छ। सन् १९५३ मईमा तराई कांग्रेसको नेता वेदानन्द झाले आफ्नो संगठनमा ६० हजार सदस्य भएको र प्रतावित सल्लाहकार परिषदमा तराईवासीको पनि उचित प्रतिनिधित्व हुनुपर्ने सवाल उठाए (यादव, २०५४ : १४३)। राष्ट्रिय राजनीतिक शक्तिमा मधेसीलाई जनसंख्याको आधारमा सहभागी गराएर मधेसीहरूलाई पनि नेपालको राजनीतिको मूलधारमा ल्याउनु पर्दछ भन्ने मागहरू उनीहरूले बारम्बार उठाइरहेको पाइन्छ।

विसं. २००७ मा नेपालमा प्रजातन्त्रको उदय भयो र नेपाली कांग्रेसका नेता बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक ढाँचामा चल्नेगरी अघि बढेको थियो। तर विसं. २००७ मा राणा विरोधी आन्दोलनमा लागेका मधेसी नागरिकहरूले आफूलाई नेपाली नागरिकका रुपमा पहिचान नदिएको अनुभूति भयो जसले गर्दा वेदानन्द झाले सन् १९५१ मा तराईका जनताको पहिचान र अधिकारको सुरक्षाका लागि नेपाल तराई कांग्रेस गठन गरेका थिए (Chaudhary, 2011 : 27)। तराईका केही सभ्रान्त परिवार जसले २००७ सालको राणा विरोधी आन्दोलनमा सहयोग गरेका थिए, उनीहरूलाई राष्ट्रिय राजनीतिमा नल्याएको महशुस गरी सन् १९५१ मा नेपाल तराई कांग्रेस गठन गरे (Madhema, 2011 : 5) .

सन् १९५९ को चुनावमा भागलिंदा तराई कांग्रेसले भाग लिए पनि कुनै पनि उम्मेदवारले चुनाव जितेनन् (यादव, २०५४ : १४३)। यसरी अभियान मधेसीकै हक हीतमा भए पनि निर्वाचनमा नेपाल तराई कांग्रेसका कसैले जित्न सकेका थिएनन्। तराई कांग्रेसले २१ निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवार उठाएकोमा उसले ३६ हजार १०७ मत अर्थात कूल मतको २.१ प्रतिशत मत पाएको थियो। तर एकजना उम्मेवारले पनि जित्न सकेनन्। यसको मूल कारण भनेको संगठनात्मक रुपमा तराई कांग्रेस आम जनताको बीचमा स्थापित भइसकेको थिएन (यादव, सन् २००३ : १०५)। नारा जतिसुकै राम्रो भए पनि त्यसको प्रचार प्रसार र जनताले पत्याएका मानिसहरू उम्मेदवार भएनन् भन्ने चुनाव हारिन्छ भन्ने उनीहरूले पाठ

सिकेको हुनुपर्दछ।

सन् १९६० मा नै वेदानन्द झाले आफ्नो व्यक्तिगत स्वार्थका लागि पार्टीलाई राजा महेन्द्र समक्ष सुपुर्द गरे (यादव, सन् २००३ : १०५)। तराई कांग्रेस राजासंग गएर मन्त्रिपरिषदमा सामेल भएर वेदानन्द झाले मन्त्री पद लिएका थिए। त्यसबाट फुटेर गएका मधेसी बामपन्थीहरूले 'मधेस मुक्ति मोर्चा' गठन गरे (यादव, सन् २००३ : १०६)। यिनीहरूले भूमिगत रुपमा काम गरिरहेका थिए। सरकारले यस मोर्चाका नेताहरूलाई हत्या गर्ने रणनीति अपनाएको थियो। नेपाल सरकारका अनुसार तराई मुक्ति मोर्चाका नेता रामजी मिश्र सन् १९६३ जुनमा नेपाल सरकारका पुलिसबाट मारिए भन्ने सन् १९६३ जुन १९ को गोरखापत्रमा छापिएको थियो (यादव, सन् २००३ : १०६)। मिश्रको हत्या के कारणले गरिएको भन्नेमा नेपालको पत्रपत्रिका र भारतको पत्रपत्रिकामा फरक-फरक समाचार आएका छन्। नेपाल सरकारले डकैत भनेर आरोप लगाएको छ भने भारतको पत्रपत्रिकामा मिश्रलाई राजनीतिक संगठन गरेर मधेसीको हक अधिकारमा लडिरहेको भनेर उल्लेख गरेको छ।

तराई मुक्ति मोर्चाका अध्यक्ष रघुनाथ रायलाई नेपाली सेनाले हत्या गरिदियो (यादव, सन् २००३ : १०६)। तराई मुक्ति मोर्चाको गठनको परिवेश हेर्ने हो भने नेपाली कांग्रेसको गतिविधिलाई पनि हेर्नु पर्ने हुन्छ। नेपाली कांग्रेसका विद्रोहीहरूले सन् १९६१/६२ मा भारत र नेपालको सीमा क्षेत्रमा सक्रियता देखाएको बेला नेपालमा बसोबास गरिरहेका मैदान (मधेस) का मानिसका माग पूरा गराउन तराई मुक्ति मोर्चाको गठन भएको थियो (गेज, सन् २०१३ : २०४)। गेजका अनुसार पनि नेपाल सरकारले मोर्चाका एक नेता रामजी मिश्रको सन् १९६३ जुनमा नेपाल प्रहरीद्वारा मारिएका थिए (गेज, २०१३ :२०४)। मधेसको आर्थिक शोषण, नागरिकताको समस्या, मधेसी सँस्कृतिले सम्मान नपाउनु जस्ता कारणले मधेसीहरूले कहिले खुला र कहिले सशस्त्र भूमिगत पार्टीहरू खोल्ने गरेका थिए।

नेपाली कांग्रेसमा रहेका मधेसीहरूलाई सुवर्ण शमशेरले पार्टीको नेतृत्व गरिरहँदा उनीहरूको पक्षमा आवाज उठाएर आफ्नो साथमा नै राख्न सफल भएका थिए। तर उनको मृत्युपछि नेपाली कांग्रेसको सभापति भएका बीपी कोइरालाले मधेसीहरूको समस्यामा कुनै ध्यान नदिएको आरोप लगाउँदै 'नेपाली कांग्रेस पूर्वाञ्चल' गठन गरेका थिए। यसमा गजेन्द्र नारायण सिंह, रामजनम तिवारी, रामचन्द्र मिश्र, बलराम नायक, गंगाधर झा, रास बिहारी राय जस्ता व्यक्तिहरू आवद्ध थिए (यादव, सन् २००३ : १११)। यसलाई पूर्वाञ्जल कांग्रेस समेत भन्ने गरिन्थ्यो।

पूर्वाञ्चल कांग्रेसका सदस्यहरूको सक्रियतामा नै विसं. २०४१ मा नेपाली सद्भावना परिषदको गठन भएको हो (यादव, सन् २००३ : १११)। सद्भावना परिषदले मधेस र मधेसीको हकहितका लागि विभिन्न कार्यक्रम गरेर पञ्चायती

सरकारसँग पनि मागहरू राखिराखेको थियो। यही कारणले विसं. २०४३ को आम चुनावमा सप्तरीबाट चुनाव जितेर गजेन्द्र नारायण सिंह राष्ट्रिय पञ्चायत सदस्य समेत भएका थिए (यादव, सन् २००३ : ११३)। सद्भावना परिषदमा रहे पनि गजेन्द्र नारायण सिंहले पञ्चायत रोजेको देखिन्छ। राष्ट्रिय पञ्चायतमा पनि सिंहले मधेसको मागहरू बेलाबेलामा राख्ने गरेका थिए।

सन् १९५६ मा रघुनाथ ठाकुरले तराईमा बसोबास गरिरहेका मधेसी नागरिकप्रति भइरहेको भेदभावको विरुद्धमा संगठित हुनका लागि 'मधेसी मुक्ति आन्दोलन' गठन गरेका थिए (Chaudhary , 2011 : 28)। यसवाट केही गतिविधि त्यसको लगतै ठाकुरले नै 'मधेसी जनक्रान्ति दल' गठन गरेका थिए (Chaudhary , 2011 : 28)। रघुनाथ ठाकुरले सन् १९६० पछि मधेसीको सुरक्षा र अधिकारका लागि भनेर गुरिल्ला युद्ध समेत गरेका थिए तर आन्तरिक र वाह्य वातावरणले गर्दा उनी आफ्नो अभियानमा सफल भएनन् र सन् १९८१ जुन २१ मा मारिए (Chaudhary, 2011 : 29)।

नेपालमा २०४६ सालको आन्दोलन पछि मधेसीहरूले गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सदभावना पार्टी गठन गरेका थिए (Mathema, 2011: 7)। यस अघि पञ्चायत कालमा राजनीतिक पार्टीहरू प्रतिवन्धित भएकाले सन् १९८३ मा नै गजेन्द्र नारायण सिंहले मधेसीको हक अधिकारका लागि नेपाल सद्भावना परिषद गठन गरेका थिए (Mathema , 2011 M 70)। विसं. २०४६ चैत २६ गते तत्कालीन राजा वीरेन्द्रबाट नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेपछि नेपाल सद्भावना परिषदका विसं. २०४७ वैशाख ३ गते काठमाडौंमा भएको वैठकले परिषद्लाई राजनीतिक पार्टीको रुप दिने निर्णय गरेको थियो। सोही दिन पार्टीको नाम नेपाल सद्भावना पार्टी राख्ने निर्णय गरिएको थियो (झा, सन् २०१० : ५८)। नेपाल सद्भावना पार्टीले मधेसको पक्षमा संघर्ष गर्नका लागि पाँच बुँदे मागहरू तय गरेको थियो। पहिलोमा नागरिकताको समस्याको सर्वकालिक समाधान, दोस्रोमा संघीय (प्रान्तीय) व्यवस्था, तेस्रोमा नोकरीमा मधेसी समुदायकाा लागि ५० प्रतिशत र पहाडी जनजातिका लागि ३० प्रतिशत आरक्षणको व्यवस्था गर्नुपर्ने थियो। त्यसैगरी चौथोमा समान जनसङ्ख्या, भौगोलिक एवं साँस्कृतिक एकरुपताका आधारमा निर्वाचन क्षेत्रको निर्धारण गर्ने पर्ने र पाँचौमा हिन्दीलाई राष्ट्रिय भाषाको दर्जा दिनुपर्ने भनिएको थियो। नेपाल सद्भावना पार्टीले आफ्ना पाँच बुँदे माग पुरा गर्नका लागि कहिले प्रदर्शनी गर्ने, कहिले अनशन बस्ने र कहिले सिंहदरवार घेराऊ कार्यक्रमहरू गर्ने गरेका थिए।

नेपाल सद्भावना परिषदको कार्यकर्ता र मधेसका बुद्धिजिविहरूको काठमाडौंमा सन् १९९० अप्रिल १५-१६ मा बसेको वैठकले नेपाली सद्भावना परिषदलाई

नेपाल सद्भावना पार्टीमा परिणत गर्ने निर्णय गरेका थिए (यादव, सन् २००३ : ११३)। सोही भेलाले जनकपुरमा कार्यक्रम गर्ने तय गरेको थियो। विसं. २०४७ असार १५ गते जनकपुरमा नेपाल सद्भावना पार्टीको स्थापना महाधिवेशन भयो। महाधिवेशनमा गजेन्द्र नारायण सिंह सर्वसम्मतिबाट पार्टीको अध्यक्षमा चुनिएका थिए (यादव, सन् २००३ : ११४)। यो पार्टी गठनको उद्देश्य सबै मधेसीलाई नागरिकताको परिचयपत्र दिलाउनु, हिन्दीलाई दोस्रो राष्ट्रभाषाको मान्यता दिलाउनु र यसलाई सरकारी कामकाजको भाषा बनाउनु थियो। साथै निजामति, सैनिक सेवामा मधेसीलाई आरक्षणको व्यवस्था र नेपाललाई संघात्मक राज्य प्रणालीमा लाग्ने मुख्य उद्देश्य राखेको थियो। यसले मधेसीको पहिचानलाई राष्ट्रिय मूलधारमा मान्यता दिन पहल गर्ने तथा जनसंख्याको आधारमा संसदमा प्रतिनिधित्वको सवाललाई उठाउने लक्ष्य लिएको थियो।

नेपाल सद्भावना पार्टीमा खटपट शुरु भएर गजेन्द्र नारायण सिंहले हृद्यश त्रिपाठीलाई कारवाही गरेकाले उनले अन्य साथीहरूको सहयोगमा 'नेपाल समाजवादी जनता दल' खोलेका थिए (झा, सन् : ७०)। विसं. २०५१ मा भएको मध्यावधि निर्वाचनपछि कसैको पनि स्पष्ट बहुमत नपुगेकोले नेपाल सद्भावना पार्टीलाई आफ्नो पक्षमा पार्न नेपाली कांग्रेस र एमाले लागेको थियो। गजेन्द्र नारायण सिंह नेपाली कांग्रेससँग मिलेर आर्थिक समितिको सभापति हुने पक्का भइसकेको अवस्थामा हृद्यश त्रिपाठीले एमालेसँग मिलेर सार्वजनिक लेखा समितिको सभापति लिएकाले विवाद चुलिएको थियो।

नेपाल समाजवादी जनता दलले विसं. २०५३ जेठ ३ गते तत्कालीन प्रधानमन्त्रीलाई ११ सूत्रीय मागपत्र बुझाएर उच्च स्तरीय नागरिकता आयोगको प्रतिवेदन अनुसार विसं. २०५३ जेठ मसान्तसम्म नागरिकता वितरण गर्न टोली गाउँ-गाउँ पठाइयोस् भनी माग राखेका थिए।

अर्कोतर्फ नेपाल सद्भावना पार्टी समेत टुक्रिएर नेपाल सद्भावना पार्टी (आर) बनेको थियो। उनीहरूको सप्तरी जिल्ला कार्यसमितिले विसं. २०५३ आश्विन १० गते जारी गरेको पर्चामा सङ्घात्मक शासन व्यवस्था, राजनीतिक, सरकारी, गैरसकारी सबै नियुक्तिमा मधेसी जनताको लागि ५० प्रतिशत दिनुपर्ने माग गरेका थिए। विसं. २०५४ मा नेपाल समाजवादी जनता दल फेरी पुरानो पार्टी नेपाल सद्भावना पार्टीमा विलय भएको थियो। गजेन्द्र नारायण सिंहको विसं. २०५८ माघ १० गते मृत्यु भएपछि उक्त पार्टीको अध्यक्षमा उनकी श्रीमती आनन्दीदेवी सिंह भएकी थिइन्।

विसं. २०५४ असार ३१ मा मधेसीको हक अधिकारका लागि भनेर भूमिगत रुपमा मधेस मुक्ति टाइगर्सको गठन गरिएको थियो भने विसं. २०६१ साउन ११ गते सप्तरी

जिल्लाका जयकृष्ण गोइतले जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरेका थिए (मिश्र, २०७२ : १४३-१४३) )। उक्त पार्टी फुटाएर सिरहा जिल्लाका नागेन्द्र कुमार पासवान (ज्वाला सिंह)ले विसं. २०६३ फागुणमा नयाँ पार्टी जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरेको देखिन्छ (मिश्र, २०७२ : १४४)।

नेपालका मधेसी समुदायको एक वैठक राखी विसं. २०५७ भाद्र २५ मा मधेसी राष्ट्रिय मुक्ति मोर्चा गठन गरिएको थियो जसको अध्यक्ष महेन्द्र पासमवान र सचिबमा सत्यनारायण भगत थिए। मधेसीमा जागरण ल्याउनका लागि सन् १९९८ मा उपेन्द्र यादवको संयोजकत्वमा मधेसी जनअधिकार फोरम नेपालको गठन गरियो। मधेसी जनअधिकार फोरमको मान्यता 'सम्पूर्ण मानव अधिकार सबैलाई भन्ने उक्ति प्रत्याभूति नभएसम्म प्रजातन्त्रको कुनै अर्थ हुँदैन भन्ने थियो।

नेपाल सद्भावना पार्टीले संविधानसभाको निर्वाचन हुनुअघि नै नागरिकताको समस्या समाधान गर्न सरकारसँग माग गर्दै विसं. २०६३ जेठ १० गते प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापन पत्र बुझाएको थियो। विसं. २०६२ पुस १४ गते सातदलका नेताहरूले निरङ्कुश राजतन्त्रको अन्त्य गरौ, नगर निर्वाचन बहिष्कार गरौं भन्ने शीर्षकको पर्चामा नेपाल सद्भावना पार्टी आनन्दीदेवीका राष्ट्रिय उपाध्यक्ष, भरत विमल यादवले पनि हस्ताक्षर गरेको पाइन्छ। यसले राष्ट्रिय विषयमा सत्ता परिवर्तनका लागि मधेस केन्द्रित दलहरूले पनि राष्ट्रिय राजनीतिक पार्टीहरूलाई सहयोग गरेको पाइन्छ।

नेपालमा सन् २००७ जनवरी १५ मा अन्तरिम संविधान २०६३ जारी गर्दा संघीयतालाई सम्बोधन नगरेकोले नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र अन्य मधेसी संगठनहरूले तत्काल त्यसको विरोध गरेका थिए (Mathema, 2011 : 10)। आन्दोलन मधेसको हितमा काम गर्दछु भन्ने सबै खाले संघसंगठन, राजनीतिक पार्टी, विद्यार्थी, बुद्धिजीवीहरूले गर्न थालेका थिए। यसैबिच मधेसमा मधेसी अधिकारका लागि खुलेको सामाजिक संस्था 'मधेसी जनअधिकार फोरम-नेपाल' ले सन् २००७ जनवरी १६ मा काठमाडौंमा अन्तरिम सम्बिधानको विरुद्ध आन्दोलन गरेको थियो (Mathema, 2011 : 10)।

मधेसी जनअधिकार फोरमले तराई क्षेत्रमा जनसंख्याको आधारमा तोकिएको सांसदहरूको संख्या र निर्वाचन प्रणाली अनुसार प्रतिनिधित्व गर्ने भनेर लेखिएको विषयमा आपत्ति जनाउँदै सडक आन्दोलनको घोषणा गरेको थियो। मधेसी जनअधिकार फोरमका तत्कालीन अध्यक्ष उपेन्द्र यादवलगायत मधेसका अभियानकर्ताहरूले सन् २००७ जनवरी १६ मा काठमाडौंको माइतिघरमा अन्तरिम संविधान, २०६३ जलाएर विरोध गरेका थिए (Chaudhary, 2011 : 36)। उपेन्द्र यादवलगायतका आन्दोलनकारीहरूलाई सरकारले पक्राऊ गरी मुद्दा चलाएपछि

मधेसभरी त्यसको विरोध शुरु भएको थियो।

विसं. २०६३ माघ २ गते ११ बुँदे मागहरू राख्दै मधेसी जनअधिकार फोरमले काठमाडौंको माइतिघरमा संविधानको खाका जलायो। त्यसपछि फोरमका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवसहित २८ जनालाई सरकारले गिरफ्तार गरेको थियो। तीमध्ये धेरैलाई भोलिपल्टै छाडियो भने उपेन्द्र यादव लगायत अन्य १४ जनालाई सार्वजनिक अपराध ऐन अन्तर्गत १० दिने हिरासतमा राख्ने पुर्जी थमाइयो (चौधरी, २०७१ : २)। उनीहरूको रिहाइको माग गर्दै मधेसभरी आन्दोलन र प्रदर्शनहरू भए।

विसं. २०६३ माघ ५ गते लहानमा मधेसी जनअधिकार फोरमले यातायात बन्द गरेर आन्दोलन गरी रहेको बखत माओवादीका हतियारधारीहरूले गोली चलाउँदा एकजना स्कूले विद्यार्थी रमेश महतोको घटना स्थल मै मृत्यु भएको थियो (Chaudhary, 2011 : 36)। पहिलो मधेस आन्दोलन जनवरी १६ देखि फरवरी ८ सम्म चल्यो र सरकारसंग बार्ता भएर समाधान भयो। तर फेरी एक बर्षपछि मधेसी जनअधिकार फोरम- नेपाल, तराई मधेस लोकतानित्रक पार्टी र सद्भावना पार्टी (आर) मिलेर संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा घोषणा गरेर त्यसको माध्यमबाट सन् २००८ फरवरी ८ मा सरकारको विरुद्धमा आन्दोलन शुरु गरेको थियो (Mathema, 2011 : 11)। सन् २००७ को जनवरी ३१ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पहिलो सम्बोधन गरेका थिए। त्यसमा मधेस शब्द नपरेकोले आन्दोलन उग्र भयो र सन् २००७ फेब्रुअरी ७ मा दोस्रो सम्बोधन गरेपछि मधेसी जनअधिकार फोरम र सरकार बीच सन् २००७ अगस्त ३० मा २२ बुँदे संझौता भएको थियो (Chaudhary, 2011 : 37)। उक्त संझौतामा चित्त नबुझेर छुट्टै पार्टी समेत गठन गरेका थिए। त्यहीबाट मधेसी जनअधिकार फोरम पार्टीमा पनि फुटको राजनीति शुरु भएको थियो।

तराई मधेस लोकतान्त्रिक पार्टीले विसं.२०६४ पुष १३ मा आफ्नो पार्टीको अवधारणा जारी गर्दै आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेस प्रदेशको स्थापना गरी शोषित, पीडित र उपेक्षित तराई मधेसलाई विकसित, समृद्ध र शान्त बनाउने भनेको थियो। तीनवटा मधेस केन्द्रित दलहरू मिलेर बनाएको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले विसं. २०६४ माघ २५ गते विभिन्न मागहरू राख्दै आन्दोलन गरेको थियो। २२ बुँदे सम्झौता कार्यान्ववयन नभएको भन्दै तराई मधेस लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको नेपाल सद्भावना पार्टी र मधेसी जनअधिकार फोरम सम्मिलित संयुक्त मधेसी मोर्चा गठन गरी सन् २००८ को फ्रेबुअरीदेखि दोस्रो मधेस आन्दोलनको घोषणा गरेको थियो (चौधरी, २०७१ : ६) जसलाई दोस्रो मधेस आन्दोलनको रुपमा चिनिन्छ। सन् २००८ फेब्रुअरी २८ मा नेपाल सरकार र मधेसी मोर्चाबीच आठ बुँदे संझौता भएपछि मधेस आन्दोलन

रोकिएको थियो (Chaudhary, 2011 : 38)। यस सहमतिले गुमिसकेको संघीयतालाई अन्तरिम संविधानमा समावेश गराउन सफल भयो र संघीय गणतन्त्र शब्दावली संवैधानिक रुपमा राखियो (चौधरी, २०७१ : ६) । सन् २००८ फेब्रुअरी २८ मा ८ बुँदे संझौता भएर संविधान सभाको निर्वाचन सम्भव भएको थियो। संझौतामा विसं. २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन गर्ने सहमति भएको थियो। सोही सहमति अनुसार नेपालमा संविधानसभाको निर्वाचन भएको थियो। त्यसैले मधेस आन्दोलनकारीहरूले आफ्नो उपलब्धिका रुपमा संघीयतालाई अन्तरिम संविधानमा राखिएको र संविधानसभाको निर्वाचन गरिएकोमा गौरव गर्ने गर्दछन् ।

विसं. २०६४ मा संविधानसभाको निर्वाचन हुनु अघि मधेसी जनअधिकार फोरम राजनीतिक पार्टीका रुपमा निर्वाचन आयोगमा दर्ता भएको थियो। त्यसपछि लगतै २०६४ चैत २८ मा संविधानसभाको निर्वाचन भयो। २०६२/६३ सालको लाकतान्त्रिक आन्दोलनको पूरकको रुपमा रहेको मधेस आन्दोलन वि. सं. २०६३ र विसं. २०६४ सालको एउटा मुख्य एजेण्डा सङ्घीय राज्यव्यवस्था थियो। २०६३ को अन्तरिम संविधानले नेपाल सङ्घीय राज्य हुने कुरा उल्लेख गरेको छ (बराल, २०७३ : ३६) । इतिहासका पानामा नेपाल तराई काङ्ग्रेस बाहेक मधेस जनक्रान्तिकारी दल, नेपाल सद्भावना पार्टी आदि मधेसी दल पनि दर्ज छन् । यद्यपि, राष्ट्रिय राजनीतिमा मधेसी दलको बलियो उपस्थिति २०६२/०६३ सालको जनआन्दोलनपछि भएको हो (गौतम, २०८० : ६७) । वि. सं. २०६२/०६३ को जनआन्दोलनमा समाजमा हेपिएका, दविएका, सीमान्तकृत समुदायहरू पनि हक अधिकारको आवाजसहित सल्बलाउन थाले। त्यही क्रममा मुलुकको मूलप्रवाहबाट पिछडिदै आएको मधेस जाग्यो (गौतम, २०८०: ६८) । विसं. २०६३ माघ १ गते जारी अन्तरिम संविधानले सङ्घीयताको प्रत्याभूति नगरेपछि मधेसमा विद्रोह भयो। त्यही मधेस आन्दोलनले नयाँ पार्टी मधेसी जनअधिकार फोरम- नेपाललाई स्थापित गरायो (गौतम, २०८० : ६८) । यस वाहेक तराई मधेस लोकतान्त्रिक पार्टी समेत मधेसमा स्थापित भयो। यी पार्टीहरूको गतिविधिबाट रुष्ट भएका नेता र मधेसमूलका नेपाली नागरिकहरू मधेसमा खुलेका नयाँ राजनीतिक पार्टीमा वा राष्ट्रिय राजनीति गर्ने पार्टीहरूमा समेत पार्टी परिवर्तन गरेर जाने गरेको पाइन्छ।

**निष्कर्ष**

नेपालमा मधेसीको हक अधिकारका लागि विसं. २००८ सालदेखि राजनीतिक पार्टीहरू खुलेको भएपनि सबै राष्ट्रिय आन्दोलनहरूपछि कुनै न कुनै मधेस केन्द्रित राजनीतिक पार्टीहरू खुलेकै पाउँछौं। विसं. २००८ मा नेपाल तराई कांग्रेस होस अथवा विसं. २०४७ मा नेपाल सद्भावना पार्टी होस वा विसं. २०५४ मा मधेसीको

हकअधिकारका लागि सामाजिक संगठनका रुपमा खुलेको मधेसी जनअधिकार फोरम होस सबैले कुनै न कुनै आन्दोलनपछि राजनीतिक पार्टीका रुपमा उदाएका छन्। मधेसी जनअधिकार फोरम समेत विसं. २०६२/०६३ को आन्दोलनपछि राजनीतिक पार्टीमा परिणत भएको हो। त्यस बाहेक पहिलो मधेस आन्दोलन २०६३ पछि खुलेको तराई मधेस लोकतान्त्रिक पार्टी नै किन नहोस, सबै मधेस केन्द्रित दलहरूका मागहरू लगभग उस्तै छन्। तर मधेस केन्द्रित दलले नेपाललाई संघीयतातर्फ जान बाध्य पारेको उनीहरूसँग सरकारले गरेको संझौताहरूबाट देखिन्छ।

मधेस केन्द्रित दलमा पदका कारणले वा गुटगत विवादले गर्दा कहिले फुट्ने र कहिले जुट्ने वा नयाँ पार्टी खोल्ने पनि देखिएको छ। मधेस केन्द्रित दलको नेतृत्व गर्नेहरूमध्ये अधिकांश पहिले राष्ट्रिय राजनीतिक पार्टीमै आवद्ध भएका देखिए पनि आफू आवद्ध पार्टीमा आत्मसम्मान नभएको र अवसर नपाएर मधेसीको हक अधिकारका लागि नयाँ राजनीतिक पार्टी नै खुल्ने प्रचलन देखिएको छ। मधेस केन्द्रित दलहरू जति खुले पनि मधेसी नागरिकहरू भने अहिले पनि आफ्ना मागहरू पुरा नभएको भन्दै नयाँ नयाँ पार्टीमा जाने क्रम चलिरहेको छ।

**सन्दर्भग्रन्थ सूची:**


गेज, फ्रेडरिक एच. (सन् २०१३), *नेपालमा क्षेत्रीयता र राष्ट्रियता,* काठमाडौं : सोसल साइन्स बहाः, हिमाल किताब प्रा.लि., नेपाल मधेश फाउण्डेशन।

गौतम, राजाराम (२०८०), *तराई मधेशका दलहरूको उकालो- ओरालो यात्रा,* राजेन्द्र महर्जन, तुलानारायण साह, कृष्णकुमार साह( सम्पा.), मधेश अध्ययन, बर्ष ९, अङ्क ९, ललितपुर : नेपाल मधेश फाउण्डेशन।

चौधरी, दीपक (२०७१), *रुपान्तरण (मधेश जनविद्रहसँगै राष्ट्रियता र तराई मधेशमा देखिएको बदलाबको सन्दर्भमा),* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

झा, अनिलकमार र कौशलेन्द्र मिश्र (सन् २०१०) *सपूत मातृभूमि के .... गजेन्द्र नारायण सिंह (१९२९-२००२),* गाजियावाद : अंतिका प्रकाशन।

मिश्र, विजयप्रसाद (२०७४), *नेपालमा मधेस आन्दोलन (विसं. २०५४ देखि राजतन्त्रको अन्त्यसम्म),* त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत इतिहास विषयमा विद्यावारिधि (पिएच. डी.) उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध।

बराल, सीताराम र कृष्णकुमार साह (२०७३), *राजनीतिक दलका घोषणापत्रमा*

*मधेश र मधेशका मुद्दाको सम्बोधन,* पृ ३५देखि ६३), राजेन्द्र महर्जन, तुलानारायण साह र कृष्णकुमार साह( सम्पा.), मधेश अन्ययन, बर्ष ४, अङ्क ४, ललितपुर : नेपाल मधेस फाउण्डेशन ।

यादव, उपेन्द्र (२०५४), *नेपालको मधेशी समुदाय एक विवेचना,* विराटनगर : आदिवासी -जनजाति विकास तथा अनुसन्धान केन्द्र, नेपाल ।

यादव, उपेन्द्र (सन् २००३), *नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सवाल,* विराटनगर : मधेसी पीपुल्स राइट फोरम, नेपाल ।

Chaudhary, Deepak (2011), *Tarai/Madhesh of Nepal,* Kathmandu: Ratna Pustak Bhandar.

Mathema, Kalyan Bhakta (2011), *Madhesi Uprising The resurgence of ethnicity,* Kathmandu : Mandala Book Point.

# बुटवलका प्रमुख सम्पदा र त्यसका ऐतिहासिक आधारहरू



✍ **युबराज कंडेल**

**परिचय**

चुरेको काख अनि तिनाउ नदीको किनारमा रहेको बुटवल पश्चिम नेपालको प्रमुख आर्थिक र सास्कृतिक केन्द्र हो । सेनकालीन पाल्पा राज्यको शीतकालीन राजधानी समेत रहेको बुटवल सहरले पंचायतकालमा अञ्चल सदरमुकामको केन्द्र बन्न पाएको थियो भने देश संघीय गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि आधा दशक प्रदेश नम्बर ५ (हालको लुम्बिनी प्रदेश)को राजधानी बन्ने अवसर पनि पाएको थियो। तराई र पहाडको सङ्गममा बसेको यस सहरले भूगोललाई मात्र जोडेको छैन, फरकफरक सभ्यतालाई समेत जोडेको छ। बिभिन्न राजनैतिक उतारचढाव, सभ्यताहरूको आदानप्रदान र सहरको विकासक्रममा बुटवलमा अनेकौ सम्पदाहरू निर्माण भएका छन्। यस लेखमा बुटवलका यिनै सम्पदाहरूको बारेमा चर्चा गरिएको छ।

पुर्खाले घ्यूसँग नून साट्ने बजारको रुपमा बिसौं शताब्दिभर  पहिचान बनाएको बुटवलमा मानव सभ्यताको शुरुवात कहिलेदेखि भयो भन्ने ठोस प्रमाणहरू भेटिदैनन्। तर, रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका नजिक पर्ने तिनाउ खोलाको पहरामा भेटिएको एक करोड १० लाख वर्षअघिको मानिएको रामापिथेकसको नामले प्रसिद्ध नरवानरको बंगाराको प्राप्त जीवाष्मले मानव उद्विकासको शृंखलामा यो क्षेत्र महत्वपूर्ण स्थल रहेको थियो भन्ने प्रमाणित गरेको छ (प्रधान,२०४५) । बौद्धकालमा यो क्षेत्र गौतम बुद्धको विचरणको क्षेत्र रहेको थियो भन्ने योगी नरहरिनाथको भनाइ रहेको छ। पाल्पामा सेन राज्यको उदय र

✍ *प्राध्यापक, पिएचडी शोधार्थी, लुम्बिनी बौद्ध विस्वविद्यालय*

विस्तारसंगै बुटवलले भारतीय साम्राज्य र पहाडी राज्यलाई जोड्ने केन्द्रको रुपमा विकसित हुन पाएको थियो। पाल्पा राज्य र अवध राज्य विचको सम्बन्धले पनि बुटवललाई दुई फरक भूगोल र सस्कृतिको केन्द्र बन्ने अवसर प्रदान गरेको थियो। प्रसिद्ध धार्मिक स्थलहरू रिडी र मुक्तिनाथ अनि भारतको बनारस जाने प्रमुख मार्ग भएकोले बौद्ध र हिन्दु तिर्थयात्रीहरूले बुटवललाई केन्द्र बनाएको उन्नाइसौ शताब्दीका केही यात्रीहरूको यात्रा वृतान्तबाट जानकारी पाइन्छ। बुटवललाई लिएर नेपाल र अंग्रेज विचमा युद्ध भएकोबाट पनि बुटवलको महत्व कत्तिको थियो भन्ने थाहा हुन्छ। सुगौली सन्धिपछि बुटवलले नेपालमा पृथक पहिचान बनाएको छ। फरकफरक संस्कृतिका मानिसहरू विभिन्न कालखण्डमा बुटवलमा बसोबास गरेको र यो शहरले अनेकौ राजनैतिक, आर्थिक उतारचढाव भोगेकोले यहाँ अनेकौ सम्पदाहरू निर्माण भएका छन्। प्रस्तुत लेखले बुटवललाई चिनाउने मुख्य सम्पदा र ती सम्पदा निर्माणका ऐतिहासिक आधारहरूको चर्चा गर्नेछ। प्रत्यक्ष अवलोकन र अध्ययनबाट देखेका कुराहरू र विभिन्न समयमा प्रकाशित पुस्तक, पत्रपत्रिका र दस्तावेजको आधारमा यो लेख तयार गरिएको छ।

**सम्पदा र यसका किसिमहरू**

शाब्दिक अर्थमा सम्पदाले सम्पत्ति भन्ने बुझिन्छ। प्रज्ञा नेपाली वृहत शब्दकोशले 'सम्पदा'लाई सम्पत्ति, वैभव वा धन भनी उल्लेख गरेको छ (उप्रेती, २०७९)। कुनै ऐतिहासिक वा सास्कृतिक तथ्य, अभ्यास, सभ्यतामा आधारित भौतिक संरचना, कलाकृति, संस्कृति, परम्परा, विस्वास सम्पदा हुन्। सम्पदा देखिने (मूर्त) र नदेखिने तर महसुस गर्न सकिने (अमूर्त) दुवै किसिमका हुन्छन् (Cowell, 2008). यसैगरी मिलर (१९८९)ले सम्पदालाई परिभाषित गर्न भनेका छन् "Heritage is about a special sense of belongings and of continuity but visits are recalled for many reasons other than the sense of history alone" (Miller, S 1989).

'सम्पदा' शब्दले सामान्यतः सम्पत्तिलाई नै बुझाउँछ तर यस्ता सम्पत्ति अन्तर्गत सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक निधिहरू पर्दछन् जुन विगतका पुस्ताहरूबाट विरासतका रुपमा प्राप्त भएका र भावी पुस्तामा समेत हस्तान्तरण गरिन्छन्। यी स्रोतहरूमा ऐतिहासिक भवनहरू, कलाकृतिहरू, परिदृश्यहरू, परम्पराहरू र सांस्कृतिक अभ्यासहरू समाविष्ट हुन्छन्। 'सम्पदा' शब्दले यी स्रोतहरूसँग सम्बन्धित ज्ञान, सीप र अभ्यासहरू पनि आफूभित्र समावेश गर्न सक्छ (सुवेदी, २०२२)। ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरू इतिहाससँग राष्ट्रको अतीत जोडिएको हुने र यस्ता सम्पदाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने र

तिनमा जनताको भावनात्मक सम्बन्ध पनि गाँसिएको हुन्छ (ने.का.प., २०७९) ।

सम्पदाअन्तर्गत भौतिक कलात्मक वस्तुहरू, अमूर्त/अभौतिक अभ्यासहरू, परम्परागत रुपमा प्रचलित चालचलनहरू आदि पर्दछन् तथापि सम्पदालाई प्राकृतिक र सांस्कृतिक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ। प्राकृतिक श्रोतहरू, भूबनोट, भौगर्भिक अवस्था जस्ता कुराहरू प्राकृतिक सम्पदा अन्तर्गत पर्छन भने सांस्कृतिक सम्पदा भन्नाले समूह वा समाजभित्र पुस्तादेखि पुस्तामा हस्तान्तरण गरिएका साझा परम्परा, रीतिरिवाज, विश्वास, मूल्यमान्यता र अभ्यासहरूलाई जनाउँछ। यसमा भाषा र साहित्य, कला र वास्तुकला, खाना र चाडपर्व, रीतिरिवाज र अनुष्ठानसम्म सबै समावेश छ। सांस्कृतिक सम्पदाले समूह वा समाजलाई परिभाषित गर्न मद्दत गर्दछ र यसलाई पहिचान र सम्बन्धको भावना दिन्छ।

सांस्कृतिक सम्पदा मूर्त वा अमूर्त दुवै किसिमका हुन्छन् । विभिन्न कालखण्डमा मानिसहरूले निर्माण गरेका वा मानिसहका गतिविधि हुँदा सहायक रुपमा सिर्जना गरेका वस्तु तथा संरचनाहरू मूर्त सम्पदाहरू हुन् भने विस्वास, मौखिक परम्परा तथा ऐतिहासिक र सांस्कृतिक अभ्यासहरू अमूर्त सम्पदाहरू हुन् । अमूर्त सम्पदाहरूलाई छुन, देख्न नसकिए पनि महसुस गर्न सकिन्छ र अमूर्त सम्पदाहरू कुनै न कुनै रुपमा मूर्त सम्पदासँग जोडिएका हुन्छन् । बुटवल यस्तै मूर्त र अमूर्त सम्पदाहरूको सहरको रुपमा विकास भैरहेको छ।

**खस्यौली, बटौली र बुटवल**

आधा शताब्दी अघिसम्म बुटवललाई बटौली बजार भनेर चिन्ने गरिन्थ्यो। तर बिभिन्न समयमा बुटवलको नाम फरकफरक लेखेको पाइन्छ। नेपालको बारेमा पहिलो विस्तृत इतिहास लेखिएको कर्कप्याट्रिकले लेखेको र सन् १८११ मा प्रकाशित पुस्तक एन एकाउन्ट अफ किङ्डम अफ नेपाल मा बुटवललाई BOOTOUL or BOOTWAL भनि लेखेका छन् । सन् १८१९ मा प्रकाशित बुचानल हेमिल्टनको एन एकाउन्ट अफ द किंगडम अफ नेपाल मा Butaul लेखिएको छ। सन् १८३८ मा प्रकाशित हिस्टोरिकल डकुमेन्ट्स अफ इस्टर्न इन्डिया मा Bataul उल्लेख छ। सन् १८८० मा प्रकासित स्केचेच फ्रम नेपाल मा Betul उल्लेख गरिएको छ। सन् १८१६ को जावा गभर्मेन्ट गजेटमा बुटवल खासबा बुटवल टाउन भनिएको छ। नेपालमा बुटवलको नाम उल्लेख गरेका प्राचीन लिखतहरू कमै भेटिएका छन्। विसं. १७७५ चैत्रमा लेखिएको गन्धर्भ सेनको एक पत्रमा 'मुकाम बटावली' भन्ने उल्लेख गरेको पाइएको छ। विसं. १८६८ फाल्गुन सुदी १२ मा अमरसिंह थापाले भिमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा मुकाम बुटवल उल्लेख छ भने विसं. १८७० बैशाख वदी १२ मा उनी अमरसिंह थापाले श्री ५ गिर्वाणयुद्ध विक्रम

शाहलाई लेखेको अर्जिपत्रमा जिल्लै बुटवल उल्लेख गरिएको छ। सन् १८५८-५९ मा बुटवल आईपुगेका भारतीय सिपाही बिद्रोहीहरूले जंगबहादुरलाई लेखेका पत्रमा बुटवल उल्लेख गरिएको छ। वीर शमसेरले खडा गरेका गोस्वाराहरू मध्ये एक बुटोल टप्पा उल्लेख गरिएको थियो (श्रेष्ठ, २०५८)। राणाकालमा बुटोल नाम उल्लेख गरेपनि त्यसयता बोलीचालीमा बटौली र लेखाइमा बुटवल नै प्रचलित रहेको देखिन्छ।

**बुटवल शीतकालीन राजधानीदेखि अंग्रेजसंगको युद्धको कारणसम्म**

नेपाल एकीकरणको पूर्वसन्ध्यामा पाल्पा चौवीसे क्षेत्र अन्तर्गतको एउटा छुट्टै राज्य थियो। विक्रमको सोह्रौं शताब्दीको उत्तरार्द्धतिरदेखि यहाँ सेनवंशी राजाले शासन गर्न थालेका थिए। यस वंशका दोश्रा राजा मुकुन्द सेन 'प्रथम' ले विसं. १५७५ देखि १६१० सम्म शासन गरेका थिए। यसै समयमा उनले पाल्पा राज्यलाई विस्तार गरी पूर्वमा दूधकोशीसम्म पुऱ्याएका हुन्। तर उनले विजय गरेको यो विशाल क्षेत्रलाई उनका छोराहरूले विभाजन गरेको देखिन्छ। उनको मृत्युपछि जेठा छोरा विनायक सेनले वुटवल, माहिला मणिक्य सेनले पाल्पा, साहिंला भृङ्गी सेनले तनहुँ र कान्छा लोहाङ्ग सेनले मकवानपुरलाई स्वतन्त्र राज्यका रुपमा शासन गर्न लागे। विनायक सेनले वुटवललाई आफ्नै नामबाट विनायकपुर् घोषणा गरी शासन गरे। राजधानी विनायकपुरमा भगवती, गणेश, शिवका मन्दिरहरू निर्माण गरी मूर्तिहरूको स्थापना गरे (सेन, २०५९)। यिनी पछि यिनका सन्तानमा क्रमशः जशुसेन, दामोदर सेन, बलभद्र भए। यिनको विसं. १६९९ मा मृत्यु भएपछि उनका छोरा अम्बर सेन राजा भए। उता पाल्पाका राजा माणिक्य सेन र उनीपछि सन्तानमा क्रमशः पिरोज सेन, पृथ्वी सेन, त्रिलोक सेन राजा भएका थिए। अम्बर सेनका समयमा पाल्पामा त्रिलोक सेन राजा थिए। यिनको विसं. १७१० मा मृत्यु भयो। त्रिलोक सेन  निसन्तान हुनाले राज्यको उत्तराधिकारी भएन। फलस्वरूप पाल्पा राज्य विनायकपुरमा (बुटवल) गाभियो। सोही सालमा राजा अम्बर सेनले पैतृक पृष्ठभूमिका कारणले वुटवल (विनायकपुर) बाट राजधानी पाल्पा सारी राज्यको शासन गर्न थाले। वुटवल (विनायकपुर) को राजधानी हिउँदे राजधानीका रूपमा मात्र रह्यो (सेन, २०७४)।

राजा अम्बर सेनको विसं. १७५० मा मृत्यु भएपछि गन्धर्व सेन पाल्पाका राजा भए। गन्धर्व सेनलाई पाल्पाली राजाहरूमा कुशल राजा मानिन्छ। यिनले अवधसंग सुमधुर सम्बन्ध राखेर बुटवल दक्षिणको तराईको भूभागलाई पाल्पाको अघीनमा राखेका थिए। गन्धर्व सेनले आफ्नी छोरी कौशिल्यावतीको विवाह गोरखाका राजा नरभुपाल शाहसंग गरिदिएका थिए। कौशिल्यावतीको गर्भबाट नेपाल एकीकरणका

नायक पृथ्वीनारायण शाहको जन्म भएको थियो। गन्धर्व सेनका छोरा युवराज उद्योत सेनबाट पृथ्वी नारायण शाहले सरसल्लाह लिने गरेको कुरा दिब्योपदेशमा समेत उल्लेख छ। उद्योत सेनको युवराज अवस्थामै मृत्यु भएकोले उनको छोरा मुकुन्द सेन द्वितीय पाल्पाका राजा भएका थिए। उनले बुटवलका मन्दिरमा घण्ट थपेका थिए (सेन, २०५९)। विसं. १८३९ मा महादत्त सेन पाल्पाका राजा भएका थिए। यिनी धार्मिक स्वभावका थिए। यिनैको पालामा प्रभू स्वामीनारायण भनिने निलकण्ठ वर्ती बुटवलस्थित उनको दरबारमा आएर ५ महिना बसेर सत्सङ्ग गराएका थिए (शास्त्री, १९७४)। राजा महादत्त सेनको सिमावर्ती भारतीय राज्य अवधसंग राम्रो सम्बन्ध थियो। त्यसैकारण अवधका नवाव आसफुद्दौलाले मधेसको ठूलो भूभाग कम तिरो तिर्ने गरी महादत्त सेनलाई जागिरका रुपमा दिएका थिए (पंगेनी, २०६३)। विसं. १८५० मा महादत्त सेनको मृत्युपछि पृथ्वीपाल सेन पाल्पाका राजा भएका थिए। विसं. १८६३ बैशाख १५ गते काठमाण्डौमा उनको षडयन्त्रपूर्वक हत्या गरेपछि पाल्पा राज्य नेपालमा गाभिन पुग्यो।

पाल्पा राज्य नेपालमा गाभिनु अघि नै सन् १८०१ मा अवधका नवाव सआदत अलिले एक सन्धि गरी गोरखपुर जिल्ला इष्ट इन्डिया कम्पनीलाई सुम्पेएका थिए। कम्पनीले बुटवलको तराईको स्वामित्व आफुमा आएको भनेपछि गोरखपुरका कलेक्टर र पाल्पाली राजा पृथ्विपाल सेनका प्रतिनिधि बसी वार्षिक ३२००० रुपियाँ तिर्ने सहमति गरी पाल्पालाई बुटवल तराईको भूभाग भोग गर्न दिने सहमति भएको थियो। पाल्पा राज्य नेपालमा गाभिएपछि बुटवल तराईको भूभागको वार्षिक भाडा नेपालले अंग्रेजलाई दिएन र उनीहरूले भाडा भन्दा पनि भूभागमा अधिकार जमाउन खोज्दा नेपाल र अंग्रेजविचमा युद्धको विजारोपण भयो (बस्न्यात, २०८०)। जनरल सुलेभान उडको नेतृत्वमा विसं. १८७१ पौष १५ गते पहिलो पटक इष्ट इन्डिया कम्पनीको फौजले पहिलोपटक जितगढ़ीमा आक्रमण गर्न आएको थियो। उक्त दिन भएको युद्धमा हार खाएपछि फर्केको कम्पनीको सेनाले विसं. १८७२ बैशाख ७ गते बुटवलमा आक्रमण गर्न आएको थियो। दोश्रो युद्धमा समेत कम्पनीका सेनाको लज्जास्पद हार भएपछि बुटवल क्षेत्रबाट अंग्रेज फौज पछि हटेको थियो। सेन राजाको शासनदेखि युद्धको अन्त्यसम्ममा बुटवलमा धेरै संरचनाहरू तयार भएका थिए। यिनै संरचनाहरू नै बुटवलका प्रमुख सम्पदाहरू हुन्।

**प्रमुख सम्पदाहरू**

हाल बुटवल बजारको तिनाउ नदी पश्चिमतर्फको क्षेत्र नै पुरानो बटौली हो। सिद्धार्थ राजमार्ग बनेपछि बुटवल बजार तिनाउ पुर्वको खस्यौलीको रुपमा सर्न शुरु गरको थियो। अहिले बुटवलको मुख्य बजार तिनाउ नदीको पूर्वमा सिद्धार्थ राजमार्गको

छेउछाउ नै फैलिएको छ। पुरानो बटौली अहिले सुनसान शहरको रुपमा रहेको छ। बसोबास र ब्यापार व्यवसाय नभए पनि पुरानो बटौली बजारले ऐतिहासिकता भने जोगाएर राखेको छ। बुटवल चिनाउने मुख्य सम्पदाहरू पुरानो बटौलीमा नै रहेका छन्। यस लेखमा बटौलीका मुख्य तिन सम्पदाहरूको चर्चा गरिएको छ।

**क. सेनकालीन दरबार**

बुटवल उपमहानगरपालिकाको वाडा २ मा मणिमुकुन्द पार्क (बोलीचालीमा बुटवल फुलबारी) रहेको छ। यो पार्कको करिब मध्यभागमा एउटा दरबारको भग्नावशेष रहेको देखिन्छ। भग्नावशेषमा दरबारको एउटा भित्ता भने ठडिएको छ। यसलाई पाल्पाली सेन राजाहरूको शीतकालीन दरबार मानिन्छ (श्रेष्ठ, २०८०)। यो दरबार मणि मुकुन्द सेनको पालामा बनेको हुनसक्ने संस्कृतिविद गीति गिरीको अनुमान छ (गिरि, २०५९)। यो दरबार बुटवल बजारतर्फ फर्किएको छ। इट्टा ढुंगा र काठको संयोजनबाट बनाइएको यस दरबारको बाँकी रहेका भित्तामा दुईवटा झ्यालहरू रहेका छन् भने मुगल शैलीका खोपाहरू पनि देखिन्छन्। सामान्य आवासीय शैलीमा बनाइएको यस दरबारको उत्तर खण्डमा २ वटा, दक्षिण खण्डमा २ वटा र विचको खण्डमा २ वटा कोठाहरू रहेका छन्। विचको कोठाहरूको आकार ठुलो भएकोले यो बैठक कोठाको रुपमा प्रयोग भएको हुन् सक्छ (गिरि, २०५९)। महादत्त सेन पाल्पाको राजा भएको समयमा स्वामी नारायण भनिने निलकण्ठ वर्ति आएर ५ महिनासम्म बसेर गृहस्थी जीवनको बारेमा मार्गदर्शन गर्नुभएको थियो। निलकन्ठ वर्तिबाट प्रभावित भएर महादत्त सेनले आफ्नी बहिनी र राज्यको केही भुभाग सुम्पन्ने प्रस्ताब समेत गरेका थिए (DAVE,1913). पृथ्वीनारायण शाह वनारस हुँदै बुटवल आउदा दरबारको नजिकै बास बसेका थिए र त्यो बेलामा दरबारमा पाल्पाका राजा रहेका थिए (थापा,२०२९)। नेपाल अंग्रेज युद्धको समयमा विसं. १८७२ बैशाख ७ गते अंग्रेज फौजले अठार पाउण्डको गोला प्रहार गरी त्यो दरबारलाई छिन्नभिन्न गरिदिएका थिए (श्रेष्ठ, २०७९)। दरबार भत्किएपछि त्यसपछिका शासकहरूले त्यसको पुनर्निर्माण, संरक्षण गरेको देखिदैन। विसं. २०५१/ ५२ मा पुरातत्व विभागले दरबारको बाँकी संरचनालाई बज्रलेपन गर्ने र बाँकी रहेको पर्खाललाई जोगाउने काम गरेको थियो। हाल मणिमुकुन्द सेन उद्यानभित्र वरिपरी पर्खाल लगाएर राखिएको यस दरबारको भग्नावशेष अहिले फूलबारी घुम्न आउनेहरूले अवलोकन गर्ने स्थान बनेको छ।

**ख. श्री ७ मननारायण मन्दिर**

बुटवल पुरानो बजारमा तिनाउ नदीदेखि नजिक नारायण मन्दिर रहेको छ। यो मन्दिरको स्थापना विसं. १८६४ सालमा मनिराज मास्के (अंग्रेजहरूले उनलाई

फौजदार मनीराज भनी उल्लेख गरेको पाइन्छ) । मनीराज मास्केको नाम नेपाल अंग्रेज युद्धमा एक प्रमुख पात्रको रुपमा आउछ। अंग्रेजले बुटवलका ३ ठाउँमा स्थापना गरेको अंग्रेजका चौकीलाई मनिराजको नेतृत्वमा आक्रमण गरी विसं. '१८७१ जेठ १८ गते हटाइएको थियो। उक्त आक्रमणमा अंग्रेजका १८ जना सिपाहीहरूको हत्या भएको र ४ जना भाग्न सफल भएका थिए (मैनाली, २०८०)। यहि घटनापछि क्रुद्ध बनेको अंग्रेजले मनिराजलाई सुपुर्दगी गर्न माग गरेको थियो र नेपालले वेवास्ता गरेपछि अंग्रेजले नेपालसंग युद्धको सुरुवात गरेको थियो। मनिराजले बुटवलमा तैनाथ नेपाली सेनालाई रसदपानीको व्यवस्था गर्दथे। यी घटनाहरू हेर्दा मनिराज सामाजिक तथा ऐतिहासिक व्यक्तिको रुपमा देखिएको र उनले आफ्नो सामाजिक प्रतिष्ठा अनुरुप नारायण मन्दिरको स्थापना गरेको देखिन्छ (गिरि, २०५९) ।

पूर्व तर्फ फर्किएको यो मन्दिर तीन तहको आधारपेटिकामा बनाइएको छ। प्यागोडा शैलीको यो मन्दिर दुई तले छ। काठ, ढुंगा र ईट्टाको प्रयोग गरी बनाइएको यो मन्दिरको छानो धातुको छ। छानोलाई काठको टुँडालले अड्याएको छ। पहिलो तलामा गरुडासन नारायणको मुर्ति रहेको छ। मन्दिरको सामुन्नेमा प्रस्तरको गरुडको मुर्ति नमस्कार मुद्रामा घुँडा टेकेर बसेको अवस्थामा छ। यस मन्दिरको सञ्चालनको लागि मनिराजले १६२ बिगाहा ३ कठ्ठा २ धुर जग्गा गुठी राखेको पाइन्छ। यसैगरी गुठियारको संरक्षणमा मन्दिरको २८ तोला सुनका सामान, ७३८ तोला चांदी र २ ९ धार्नी ७ पाउ अन्य धातुका सामाग्रीहरू भएको बताइन्छ। मन्दिरको दक्षिणको धर्मशालालाई पुजारी आवास बनाइएको छ। पश्चिमतर्फ सत्तल रहेको छ, जिर्ण अवस्थामा रहेको यो सत्तलमा भजनकिर्तन हुने गरेको छ। मन्दिरको उत्तरतर्फको धर्मशाला जिर्ण भएर भत्किएको छ। मन्दिरको सामुन्नेमा मन्दिर संचालनको लागि गरिएको व्यवस्था उल्लेख गरी शिलालेख राखिएको छ। मन्दिरमा नित्यपूजा हुनुको साथै कृष्णाष्टमी, चैत्र रामनवमी र कार्तिक पूर्णिमामा विशेष पुजाआजा हुने गरेको छ। कृष्णाष्टमीको दिनमा यस मन्दिरबाट श्रीकृष्णको रथयात्रा निकालेर बजार परिक्रमा गराइन्छ। श्रीमन नारायण मन्दिर जिर्ण भएको भन्दै भत्काई २०७९/८० मा पुरातत्व विभागबाट पहिलो चरणका पुनःनिर्माणकार्य सम्पन्न गरेकोछ। पहिलो तला तयार भए पनि मन्दिर पुरा निर्माण भएको छैन। मन्दिरको गुठी जग्गा मासिएको र गहनाहरू समेत फेला नपरेको स्थानीयहरू बताउँछन्।

**ग. जितगढी**

बुटवलको प्रमुख ऐतिहासिक सम्पदा जितगढी किल्ला हो। तिनाउ नदीको किनारमा रहेको यस किल्लालाई पूर्वपस्चिन राजमार्गले छोएर गएको छ। यो

किल्लाको निर्माण सम्बन्धमा कुनै ठोस ऐतिहासिक प्रमाण नभेटिए पनि नेपाल अंग्रेज युद्धमा यहि किल्लाबाट नै नेपाली फौजले अंग्रेज विरुद्ध लडेर अंग्रेजलाई परास्त गरेको थियो। यस किल्लालाई पहिले बुटवल गढी भनिए पनि अंग्रेजलाई हराएपछि यसको नाम जितगढी भन्न थालिएको हो (बस्न्यात, २००५)। बुटवल हमला गर्न आउनुपूर्व र हमला गर्न आएको बेलामा अंग्रेजले गरेको पत्राचारमा 'जितगढ' उल्लेख गरिएको आधारले यस सस्थालाई जितगढी नामाकरण पहिले नै भएको देखिन्छ (मैनाली, २०८०)। नेपाल अंग्रेज युद्धकालीन दस्तावेजमा यस गढीको निर्माण भएको नभेटिएकोले यसको निर्माण सेनकालमा नै भएको हुनुपर्छ (श्रेष्ठ, २०७९)। यस गढीको पूर्वपश्चिम लम्बाई २०५ फुट र चौडाइ करिब ५५ फुट रहेको छ। इट्टा र सुर्खिको प्रयोग गरी बनाइएका गढीका भित्ताको मोटाई ८ फुट ४ इन्च छ। गढीमा अर्धगोलाकार बुर्जहरू बनाइएको छ। गारोमा धेरै प्वालहरू रहेका छन्। ती प्वालहरू भित्रतर्फ सानो र बाहिरतर्फ ठुलो आकारका छन्। गढीका भित्ताका प्वालहरू शत्रुलाई हेर्न र गोली हान्न सजिलो हुने किसिमले बनाएको देखिन्छ। विसं. २०५२ सालमा पुरातत्व विभागले जितगढीको उत्खनन गर्ने क्रममा उत्तरतर्फको पर्खालको पेटी र पेटिको दायाबाया सिंढी समेत देखिएको थियो। यो सिंढीलाई सुरुंग प्रवेश गर्ने सिंढी भएको हुनसक्ने बताईएको थियो। यो गढीको भित्रतर्फ सुरुंग रहेको र त्यो सुरुङ्ग नुवाकोट गढी र फूलबारीमा रहेको सेन दरबारसम्म रहेको स्थानीयहरू विश्वास गर्छन् (ज्ञवाली, २०८०)। गढीको पूर्वी भागमा तिनाउ नदी रहेको छ। उत्तरबाट राजमार्ग गएको छ भने दक्षिण तथा पश्चिमको भागमा वस्ती छ। वस्तीले नै धेरै भाग ओगटेकोले विगतमा किल्लाको स्वरूप कस्तो थियो भन्ने अनुमान गर्न सकिदैन। गढ़ीमाथी पैदल यात्रीलाई हिडडुल गर्नको लागि केही वर्ष पहिले फलामको र्याम्प बनाइएको छ। गढीको दक्षिण क्षेत्रमा पार्क जस्तो संरचना बनाएर युद्धमा ज्यान गुमाएका योद्धाहरूको शालिक राखिएको छ। यसले गढीको वास्तविक सौन्दर्यलाई घटाएको भए पनि गढी अवलोकन गर्न चाहनेहरूलाई सहज बनाएको छ। गढीको उत्तरी भागमा युद्ध संग्राहलय बनाईएको छ। यसभित्र युद्धको अवस्था र जितगढीको महत्व दर्शाउने विभिन्न तस्विरहरू राखिएको छ। बुटवल उपमहानगरपालिकाले जितगढी किल्लामा अग्लो टावर बनाएर त्यसमा नेपालको राष्ट्रिय झण्डा फहराएको छ। अहिले यो गढी बुटवलको प्रमुख पर्यटकीय सम्पदा बनेको छ र बुटवल भ्रमणमा आउनेहरूले एकपटक पुगेरै छोड्ने स्थान बनेको छ।

**निष्कर्ष**

बुटवल शहर पश्चिम नेपालको प्रमुख आर्थिक केन्द्रको रुपमा फैलिरहेको छ। घ्युसंग

नून साट्ने शहरको रुपमा लामो समयसम्म पहिचान बनाएको बुटवलले विकासको लामो कालखण्ड पार गरिसकेको छ। बुटवल नजिक रहेको चुरे पहाडमा भेटिएको आदिमानव रामापिथेकसको बङ्गाराको अवशेषले यो स्थान प्रागऐतिहासिक मानवहरूको विचरणस्थल भएको देखिन्छ। पाल्पामा सेन राजाहरूले शासन गरेपछि बुटवलले पाल्पा राज्यमा विशेष स्थान पाएको कुरा सेन शासनकालका ऐतिहासिक दस्तावेजमा राजाहरूले बुटवललाई मुकाम उल्लेख गरेकोबाट पनि थाहा हुन्छ। भारतको अवध क्षेत्रसंग गाँसिएको बुटवलले नेपाल एकीकरणपूर्व नै भारत र नेपालका राज्यहरूलाई जोड्ने काम गरेको देखिन्छ। सेनकालमै व्यापारिक केन्द्रको रुपमा उदाएको बुटवललाई अंग्रेजले समेत आँखा लगाएका थिए र नेपालले बुटवल छोड्न नचाहनु नेपाल-अंग्रेज युद्धको मुख्य कारण मध्येको एक थियो।

अहिलेको बुटवलमा तिनाउ पश्चिम रहेको पुरानो बुटवल अर्थात बटौलीले व्यापारिक केन्द्रको हैसियत गुमाएको भए पनि थुप्रै ऐतिहासिक सम्पदाहरूलाई समेटेको छ। बटौलीमा थुप्रै मठमन्दिर, पाटिपौवा, सत्तल, चौपारी, मजार लगायतका ऐतिहासिक-धार्मिक संरचनाहरू रहेका छन्। यी संरचनाले बुटवललाई सम्पदा शहर बनाएको छ। बुटवलका मुख्य सम्पदाहरू सेन राजाहरूको दरबार, नारायण मन्दिर र जितगढी हुन्। यिनीहरूको निर्माणमा सेन शासन पद्दति र नेपाल अंग्रेज युद्द जस्ता कुराहरूले प्रमुख भूमिका खेलेका छन्। यी सम्पदाहरू बुटवलका प्रमुख पर्यटकीय गन्तब्य बनेका छन्। तर बुटवललाई चिनाउने यस्ता सम्पदाहरूको संरक्षणमा लामो समयसम्म नागरिक र राज्यले चासो नदिदा भत्किदै मासिदै गएका छन्। जितगढी र सेनराजाको दरबारको उत्खनन गर्न अझै बाँकी नै छ भने पुनर्निर्माणको नाममा भत्काइएको नारायण मन्दिरको पुनर्निर्माण अधुरै छ। नारायण मन्दिरको गुठि र अन्य सम्पत्ति हिनामिना भएको छ भने जितगढीको क्षेत्र अतिक्रमित अवस्थामा छ। यस्ता ऐतिहासिक र धार्मिक सम्पदाहरूलाई समयमै उत्खनन, संरक्षण, पुनर्निर्माण र प्रचारप्रसार गर्न सकेमा मात्र बुटवलको ऐतिहासिकता जोगाउन सकिनेछ।

**सन्दर्भ सामग्री**

उप्रेती, गङ्गाप्रसाद (सम्पा.) (विसं. २०७९), प्रज्ञा नेपाली वृहत शब्दकोश, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

गिरि, डा. गीतु (२०५९): लुम्बिनी अन्चलका सास्कृतिक पर्यटकीय स्थलहरू, सिद्धार्थनगर : लुम्बिनी युवा ग्रामीण विकास समाज।

थापा, रमेशजंग ( सम्पा.) ( २०२९): . प्राचिन नेपाल, संख्या २९, काठमाडौं :

पुरातत्व विभाग ।

नेपाल कानून पत्रिका (२०७९)ः सर्वोच्च अदालतको निर्णय नम्बर १०८८९, नेपाल कानून पत्रिका भाग ६४, अंक ६ ।

पंगेनी, डा. भविस्वर (२०६३ )ः *पाल्पाका रणदल पाण्डे र भारतीय डाका गिरफ्तारी सन्दर्भ.* प्राचिन नेपाल संख्या १६० , काठमान्डौः पुरातत्व विभाग ।

प्रधान, केदारनाथ (२०४५ )ः नेपालको १.१ करोड वर्ष अघिको रामनरमानव नेपिथेकसको सन्दर्भमा आदि मानवको उद्गम र उद्गमस्थल. प्राचिन नेपाल संख्या १०६ ।

बस्न्यात, डा. प्रेमसिंह (२०८०)ः *नेपाल अंग्रेज युद्धमा बुटवलको लडाइ.* उजिर संदेश-उजिरसिंह स्मृतिग्रन्थ, उजिरसिंह माबी, बुटवल ।

मैनाली, मोहन (२०८०)ः *उजिरसिंहः ठुलो जिम्मेवारीका कान्छा कमान्डर.* उजिर संदेश-उजिरसिंह स्मृतिग्रन्थ, उजिरसिंह माबी, बुटवल ।

सेन, सुर्यबहादुर (२०५९)ः पालपाली सेनः पाल्पादेखि पुर्कोटसम्म. काठमाडौं : खडक सेन ।

सेन, सुब (२०७४) : सेनबंशको संक्षिप्त ईतिहास. काठमाडौं : गुल्मेली समाज ।

सुबेदी, अवतार (२०२२). संपदा संरक्षण र विकास . *Patan Prospective Journal,* 2(2), 276–284. https://doi.org/10.3126/ppj.v2i2.53137

शास्त्री, श्री गोपालाचन्द्रदास(१९७४). श्रीहरि वन विचारण काब्य. मुली भारत : स्वामीनारायण मन्दिर ।

श्रेष्ठ, निर्मल (२०५८)ः *बुद्धबाल बुतबाल बुटवल.* जनसंघर्ष राष्ट्रिय दैनिक, वर्ष १२ अंक २१९, बुटवल ।

श्रेष्ठ, निर्मल (२०७९)ः समर सौन्दर्यका नायक कर्णेल उजिरसिंह थापा, नेपाल अंग्रेज युद्ध र महिषासुरमर्दिनी श्री ७ रणउजिस्वरी भगवती जात्रा. तानसेन : रेखा काकी ।

श्रेष्ठ, निर्मल (२०८०)ः *अबको बाटो.* मणिमुकुन्द दर्पण. बुटवल : मणिमुकुन्द सेन उद्यान संरक्षण समिति ।

श्रेष्ठ, निर्मल (२०८०)ः *समर सौन्दर्यका नायकः कर्णेल उजिरसिंह थापा.* उजिर संदेश-उजिरसिंह स्मृतिग्रन्थ, बुटवल : उजिरसिंह माबी ।

ज्ञवाली, भास्कर (२०८०)ः *पुरातात्विक सम्पदाः जितगढी किल्ला.* उजिर संदेश-उजिरसिंह स्मृतिग्रन्थ, बुटवल : उजिरसिंह माबी ।

Basnyat, Prem Sing (2005): Nepalese Fort and the Royal Nepalese Army in Fort battles. Kathmandu : Sajha Prakashan.

Dave, H. T. (1913). *Nilkanth Varni: The epic pilgrimage of a child-yogi*. Swaminarayan Aksharpith.

Miller, S. (1998). Heritage management for heritage tourism. *Journal of Tourism Management, 10*(1),

✦✦✦

जि.प्र.का. काठमाडौं  दर्ता नं. १४३/०५७/५८

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
काठमाडौं, फोनः ०१–५९१९८९२
www.doib.gov.np

मुद्रणः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं